# अर्थशास्त्र

## कक्षा ९


लेखकहरू

खुबिराम आचार्य
सञ्जय ज्ञवाली



नेपाल सरकार
शिक्षा मन्त्रालय
पाठ्यक्रम विकास केन्द्र

प्रकाशक : **नेपाल सरकार**

**शिक्षा मन्त्रालय**

**पाठ्यक्रम विकास केन्द्र**

सानोठिमी, भक्तपुर

© प्रकाशकमा

प्रथम संस्करण : वि. स. २०७४

मुद्रक : **जनक शिक्षा सामग्री केन्द्र लिमिटेड**

सानोठिमी, भक्तपुर

मूल्य : रु.

पाठ्यक्रम विकास केन्द्रको लिखित स्वीकृतिबिना व्यापारिक प्रयोजनका लागि यसको पुरै वा आंशिक भाग हुबहु प्रकाशन गर्न, परिवर्तन गरेर प्रकाशन गर्न, कुनै विद्युतीय साधन वा अन्य प्रविधिबाट अभिलेखबद्ध गर्न र प्रतिलिपि निकाल्न पाइने छैन ।

# हाम्रो भनाइ

शिक्षालाई उद्देश्यमूलक, व्यावहारिक, समसामयिक र रोजगारमूलक बनाउन विभिन्न समयमा पाठ्यक्रम, पाठ्यपुस्तक विकास तथा परिमार्जन गर्ने कार्यलाई निरन्तरता दिइँदै आएको छ । विद्यार्थीहरूमा राष्ट्र, राष्ट्रिय एकता र लोकतान्त्रिक संस्कारको भावना पैदा गराई नैतिकवान् अनुशासित र स्वावलम्बी, सिर्जनशील, चिन्तनशील भई समावेशी समाज निर्माणमा योगदान दिन सक्ने, भाषिक तथा गणितीय सिपका साथै विज्ञान, सूचना तथा सञ्चार प्रविधि, वातावरण, स्वास्थ्य र जनसङ्ख्या सम्बन्धी ज्ञान र जीवनोपयोगी सिपको विकास गराउनु जरुरी छ । उनीहरूमा कला र सौन्दर्य, मानवीय मूल्य मान्यता, आदर्श र वैशिष्ट्यहरूको संरक्षण, संवर्धनप्रतिको भाव जगाउन आवश्यक छ । समतामूलक समाजको निर्माणमा सहयोग पुऱ्याउन उनीहरूमा विभिन्न जातजाति, लिङ्ग, अपाङ्गता, भाषा, धर्म, संस्कृति र क्षेत्रप्रति समभाव जगाउनु र मानव अधिकार तथा सामाजिक मूल्य मान्यताप्रति सचेत भई जिम्मेवारीपूर्ण आचरण विकास गराउनु पनि आजको आवश्यकता बनेको छ । विद्यार्थीको विशेष क्षमता उजागर गर्न ऐच्छिक विषयहरूको पनि व्यवस्था गरिनुपर्छ । यही आवश्यकता पूर्तिका लागि माध्यमिक शिक्षा (कक्षा ९-१०) को ऐच्छिक अर्थशास्त्र विषयको पाठ्यक्रम, २०७३, शिक्षा सम्बन्धी विभिन्न आयोगका सुझाव, शिक्षक, विद्यार्थी तथा अभिभावकलगायत शिक्षासँग सम्बद्ध विभिन्न व्यक्ति सम्मिलित गोष्ठी र अन्तरक्रियाका निष्कर्षका साथै विभिन्न पृष्ठपोषणसमेतलाई आधार मानी यो पाठ्यपुस्तक तयार पारिएको हो ।

पाठ्यपुस्तकलाई यस स्वरूपमा ल्याउने कार्यमा केन्द्रका कार्यकारी निर्देशक कृष्णप्रसाद काप्री, प्रा. डा. जीवनाथ धिताल, प्रा. डा. रामप्रसाद ज्ञवाली, उपनिर्देशक खुबिराम अधिकारीलगायतको विशेष योगदान रहेको छ । यस पाठ्यपुस्तकको विषयवस्तु सम्पादन विष्णुमाया सापकोटा, भाषा सम्पादन टुकराज अधिकारी र चिनाकुमारी निरौला तथा चित्राङ्कन, लेआउट डिजाइन, आवरण पृष्ठ नवीन्द्रमान राजभण्डारीबाट भएको हो । यस पाठ्यपुस्तकको विकास तथा परिमार्जन कार्यमा संलग्न सबैप्रति पाठ्यक्रम विकास केन्द्र धन्यवाद प्रकट गर्दछ ।

पाठ्यपुस्तकलाई शिक्षण सिकाइको महत्त्वपूर्ण साधनका रूपमा लिइन्छ । यसबाट विद्यार्थीले पाठ्यक्रमद्वारा लक्षित सक्षमता हासिल गर्न मदत पुग्ने अपेक्षा गरिएको छ । यस पाठ्यपुस्तकलाई सकेसम्म क्रियाकलापमुखी, रुचिकर र सिकारु केन्द्रित बनाउने प्रयत्न गरिएको छ । पाठ्यपुस्तकलाई अझै परिस्कृत पार्नका लागि शिक्षक, विद्यार्थी, अभिभावक, बुद्धिजीवी एवम् सम्पूर्ण पाठकहरूको समेत महत्त्वपूर्ण भूमिका रहने हुँदा सम्बद्ध सबै को रचनात्मक सुझावका लागि पाठ्यक्रम विकास केन्द्र हार्दिक अनुरोध गर्दछ ।

वि. स. २०७४ पाठ्यक्रम विकास केन्द्र

# विषयसूची


| क्र. स. | शीर्षक | पृष्ठ सङ्ख्या |
|---|---|---|
| एकाइ १ | अर्थशास्त्रको परिचय | १ |
| एकाइ २ | उपयोगिता विश्लेषण | २१ |
| एकाइ ३ | माग, पूर्ति र सन्तुलन | ३९ |
| एकाइ ४ | उत्पादनको सिद्धान्त | ५४ |
| एकाइ ५ | उत्पादनका साधनहरू | ६६ |
| एकाइ ६ | राष्ट्रिय आय | ९५ |
| एकाइ ७ | नेपालका आर्थिक स्रोत साधनहरू | १०४ |
| एकाइ ८ | नेपालमा कृषि, सहकारिता र उद्योग | १२२ |
| एकाइ ९ | घरायसी अर्थशास्त्र | १४९ |
| एकाइ १० | समसामायिक आर्थिक मुद्दाहरू | १६४ |

# एकाइ १ : अर्थशास्त्रको परिचय

## १.१ परिचय

समाजमा विभिन्न किसिमका पेसा व्यवसाय गर्ने मानिसहरू, जस्तै : किसान, मजदुर, शिक्षक, वकिल, सिकर्मी, डकर्मी आदि बसोवास गर्छन् । सबैले आआफ्नो मजदुरी गरेर घरपरिवार चलाइरहेका हुन्छन् । सिकर्मीले आफ्नो सिपको प्रयोग गरेर कुर्सी, टेबल, दराज, पलङ आदि बनाउँछन् । यिनको बिक्रीबाट आयआर्जन गर्छन् । डकर्मीले घर, गोठ, भवन आदि निर्माण गरी आयआर्जन गर्छन् । घरपरिवार चलाउनका लागि गृहिणीले विभिन्न बन्दोबस्त मिलाउने, आयमूलक काममा सहभागी हुने तथा साधन र स्रोतलाई व्यवस्थापन गरी परिवारको आवश्यकता पूरा गर्छन् । अतः मानिसले समाजमा बसेर विभिन्न आर्थिक क्रियाकलापमार्फत आयआर्जन गरिरहेका हुन्छन् । समाजमा हुने यस प्रकारका आर्थिक क्रियाकलापहरूको अध्ययन गर्ने शास्त्रलाई अर्थशास्त्र भनिन्छ ।

अर्थशास्त्रका सम्बन्धमा विभिन्न अर्थशास्त्रीहरूले विभिन्न समयमा विभिन्न किसिमका परिभाषा प्रस्तुत गरेका छन् । यस सन्दर्भमा यहाँ प्रमुख अर्थशास्त्रीहरूका परिभाषा चर्चा गरिएको छ । यसका अतिरिक्त यस एकाइमा अर्थशास्त्रका क्षेत्र, महत्त्व, पारिभाषिक शब्दहरूका साथै व्यष्टि अर्थशास्त्र र समष्टि अर्थशास्त्रका परिभाषा र भिन्नताहरू समावेश गरिएको छ ।

### १.१.१ अर्थशास्त्रको परिभाषा

कुनै पनि विषयवस्तु वा तिनीहरूका सिद्धान्तहरूलाई सरल रूपमा प्रस्तुत गरी छोटकरीमा उल्लेख गर्नुलाई परिभाषा भनिन्छ । अर्थशास्त्रलाई अर्थशास्त्रीहरूले विभिन्न ढङ्गबाट परिभाषित गरेको पाइन्छ । यसरी परिभाषित गर्ने प्रमुख अर्थशास्त्रीहरूमा आडम स्मिथ, अल्फ्रेड मार्सल र लियोनियल रबिन्स रहेका छन् । अर्थशास्त्रका सम्बन्धमा यिनीहरूले व्यक्त गरेका परिभाषाहरूलाई निम्नाअनुसार उल्लेख गरिएको छ :

(**क**) **आडम स्मिथको अर्थशास्त्रको परिभाषा** : सर्वप्रथम अर्थशास्त्रलाई एउटा छुट्टै विषयवस्तुका रूपमा प्रस्तुत गर्ने व्यक्ति आडम स्मिथ हुन् । उनले सन् १७७६ मा आफ्नो प्रसिद्ध पुस्तक 'एन इन्क्वायरी इन्टु दि नेचर एन्ड कजेज अफ वेल्थ अफ नेसन्स्' (An Inquiry into the Nature and Causes of Wealth of Nations) प्रकाशन गरेका थिए । यसलाई छोटकरीमा 'वेल्थ अफ नेसन्स्' (Wealth of Nations) पनि भनिन्छ । यस पुस्तकमा उनले अर्थशास्त्रलाई यसरी परिभाषित गरेका छन् – अर्थशास्त्र धनको विज्ञान हो (Economics is a science of wealth) । अर्थशास्त्रलाई सर्वप्रथम व्यवस्थित र वैज्ञानिक ढङ्गबाट प्रस्तुत गरी परिभाषित गरेका हुनाले आडम स्मिथलाई 'अर्थशास्त्रका पिता' (Father of Economics) पनि भनिन्छ । उनको परिभाषा मानवीय आवश्यकता धनद्वारा मात्र पूरा गर्न सकिन्छ भन्ने कुरामा केन्द्रित छ । त्यसैले आडम स्मिथको परिभाषाले अर्थशास्त्रको अध्ययनको केन्द्र बिन्दु धनलाई मानेको छ । यो परिभाषाअनुसार मानवीय आवश्यकता परिपूर्तिको एकमात्र साधन

धन नै हो । आडम स्मिथले मानवलाई आर्थिक र गैरआर्थिक मानवका रूपमा विभाजन गरेका छन् । आर्थिक मानवको जीवनको एकमात्र उद्देश्य धन कमाउनु हो र उसले सम्पूर्ण साधन तथा स्रोतको परिपूर्ति गर्ने माध्यम धन मात्र हो भन्ने मान्छ । गैरआर्थिक मानवले धनलाई गौण रूपमा लिने गरेको हुन्छ । आडम स्मिथका अनुसार राज्यको धनको मात्रा श्रमको उत्पादकत्व र प्रयोग गरिएको श्रमको मात्रामा भर पर्छ । उनका अनुसार श्रमको उत्पादकत्वको वृद्धि गर्नका लागि श्रम विभाजनको भूमिका प्रमुख हुन्छ ।

आडम स्मिथको धन सम्बन्धी परिभाषालाई जे. एस्. मिल (J. S. Mill), जे. बि. से (J. B. Say), टि. आर. माल्थस् (T. R. Malthus) जस्ता विद्वान्हरूले समर्थन गर्दै अर्थशास्त्रले धनको अध्ययन गर्ने कुरामा जोड दिएका छन् । अर्थशात्री जे. एस्. मिलका अनुसार – अर्थशास्त्र मानिसहरूसँग सम्बन्धित धनको विज्ञान हो (Economics is the science of wealth related to human.) । जे. बि. सेका अनुसार – अर्थशास्त्र त्यो ज्ञान हो जसले धनसँग सम्बन्ध राख्छ (Economics is the body of knowledge which relates to wealth.) ।

आडम स्मिथको धन सम्बन्धी अर्थशास्त्रको परिभाषाका मुख्य विषेशताहरूलाई निम्नानुसार प्रस्तुत गरिएको छ :

१. **धनको अध्ययन** : आडम स्मिथको परिभाषाअनुसार अर्थशास्त्रले मुख्यतः धनको मात्र अध्ययन गर्छ । यसले कसरी धन आर्जन, उपयोग, विनिमय र वितरण गर्न सकिन्छ भन्ने सम्बन्धमा अध्ययन गर्छ ।

२. **धन कमाउनु मानवको प्रमुख उद्देश्य** : आडम स्मिथको परिभाषाअनुसार मानवको प्रमुख उद्देश्य भनेको धन कमाउनु हो । यसबाट के प्रस्ट हुन्छ भने आडम स्मिथले धनको अध्ययनलाई पहिलो प्राथमिकतामा र मानवको अध्ययनलाई दोस्रो प्राथमिकतामा राखेका छन् ।

३. **आर्थिक मानवको अध्ययन** : स्मिथको परिभाषामा आर्थिक मानवको स्थान महत्त्वपूर्ण छ । उनका अनुसार अर्थशास्त्रले आर्थिक क्रियाकलापमा संलग्न मानवको मात्र अध्ययन गर्छ ।

४. **रोजगारमूलक श्रम धनको मुख्य स्रोत** : यस परिभाषाअनुसार धन प्राप्तिको मुख्य स्रोत रोजगारमूलक श्रम हो । श्रम विभाजनबाट श्रमको विशिष्टीकरण हुन गई उत्पादकत्वमा वृद्धि हुन्छ र यसबाट राष्ट्रको धनमा वृद्धि हुन्छ ।

**आलोचना** : आडम स्मिथको अर्थशास्त्रको परिभाषाले धनलाई बढ्ता जोड दिएको हुनाले उनको परिभाषालाई १९ औँ शताब्दीका चर्चित विद्वान्हरू कार्लाइल (Carlyle), रस्किन (Ruskin), मारिस (Marris) आदिले कटु आलोचना गर्दै 'रोटी र नौनीको विज्ञान' (Science of Bread and Butter), 'निकृष्ट विज्ञान' (Dismal Science) जस्ता नाम दिएका छन् । आडम स्मिथको अर्थशास्त्रको परिभाषाका मुख्य आलोचनालाई निम्नानुसार उल्लेख गर्न सकिन्छ :

१. **धनलाई आवश्यकताभन्दा बढी जोड** : आडम स्मिथको परिभाषामा मानवलाई भन्दा धनलाई बढी जोड दिइनु उनको कमजोरी हो । मानवभन्दा धन कहिल्यै ठुलो हुन सक्दैन किनकि धन कमाउने र यसको प्रयोग गर्ने मानिस नै हो । धन मानवको सुख सन्तुष्टिका लागि हो, धनका लागि मानव होइन ।

२. **आर्थिक मानवमा जोड** : उनको परिभाषाको अर्को कमजोरी आर्थिक मानवमा जोड दिनु हो । मानिस सधैँ धनको पछाडि मात्र लाग्दैन, उसमा अरूप्रतिको सहानुभूति, दया, माया, परोपकार जस्ता भावना पनि हुन्छन् ।

३. **अर्थशास्त्रको सङ्कुचित क्षेत्र** : आडम स्मिथले अर्थशास्त्रको विषयवस्तुलाई धन र धन आर्जनमा मात्र सीमित राखेर अर्थशास्त्रको क्षेत्रलाई सङ्कुचित बनाएका छन् । तर आलोचकहरूका अनुसार अर्थशास्त्रको क्षेत्रअन्तर्गत मानव कल्याण, सीमित साधनस्रोत, असीमित आवश्यकता, उत्पादन, विनिमय, वितरण, आर्थिक विकास र वृद्धि, गरिबी असमानता आदि समावेश हुनुपर्छ ।

४. **धनको सङ्कुचित अर्थ** : एडम स्मिथले आफ्नो परिभाषामा अभौतिक वस्तुहरूलाई मात्र धन मानेका छन् । तर भौतिक वस्तुका अतिरिक्त अभौतिक वस्तु पनि धन हुन् किनकि यिनबाट पनि मानवीय आवश्यकता पूरा हुन्छ ।

५. **धनको एकमात्र स्रोतको गलत अवधारणा** : आडम स्मिथले रोजगारमूलक श्रमलाई धन आर्जन गर्ने एकमात्र स्रोत मानेका छन् । तर आलोचकहरूका अनुसार प्राकृतिक साधनस्रोत, पुँजी, प्रविधि आदिबाट पनि धन प्राप्त हुन्छ । त्यसैले श्रमलाई धनको एकमात्र स्रोत भन्ने आडम स्मिथको अवधारणा गलत छ ।

(ख) **अल्फ्रेड मार्सलको परिभाषा** : उन्नाइसौँ शताब्दीको अन्त्यतिर आडम स्मिथको अर्थशास्त्रको धन सम्बन्धी परिभाषा सर्वत्र आलोचित बनेपछि सन् १८९० मा नवशास्त्रीय बेलायती अर्थशास्त्री अल्फ्रेड मार्सलले 'प्रिन्सिपल्स अफ इकोनोमिक्स' (Principles of Economics) नामक पुस्तक प्रकाशन गरेर अर्थशास्त्रलाई भौतिक कल्याणको रूपमा व्याख्या गरे । उनको विचारलाई ए. सी. पिगु (A. C. Pigou), एडविन क्यानोन (Adwin Cannon) आदिले समर्थन गरे । फलस्वरूप अर्थशास्त्रको धन केन्द्रित परिभाषा भौतिक कल्याणमा केन्द्रित हुन पुग्यो । मार्सलका अनुसार धन आवश्यकता परिपूर्तिको माध्यम मात्र हो भने साध्यचाहिँ मानव कल्याण हो ।

मार्सलले आफ्नो पुस्तकमा अर्थशास्त्रको परिभाषा यसरी दिएका छन् – जीवनको साधारण व्यवसायको सम्बन्धमा मानव जातिको अध्ययन गर्ने राजनीतिक अर्थ व्यवस्था वा अर्थशास्त्र हो, यसले भौतिक कल्याणका साधनहरूको प्राप्ति र उपयोगसँग सम्बन्ध भएका व्यक्तिगत तथा सामाजिक प्रयत्नहरूको छानबिन गर्छ (Political economics or economics is the study of mankind in the ordinary business of life, its examines that part of individual and social action which is most closely connected with attainment and with the use of material requisites of well beings.) । ए. सी. पिगुका अनुसार – अर्थशास्त्रले

सामाजिक अध्ययनको त्यो भागको अध्ययन गर्छ जुन भागलाई प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा मुद्राको मापदण्डको सम्बन्धका रूपमा ल्याउन सकिन्छ (Economics deals with that part of social welfare that can be brought directly or indirectly into relation with the measuring rod of money.) ।

मार्सलको अर्थशास्त्रको भौतिक कल्याण सम्बन्धी परिभाषाका मुख्य विषेशताहरू निम्नानुसार छन् :

१. **अर्थशास्त्रको प्रमुख विषयवस्तु मानव** : मार्सलको परिभाषाअनुसार अर्थशास्त्रको प्रमुख विषयवस्तु मानव हो । धन मानिसको सुख सुविधाका लागि मात्र हो ।

२. **भौतिक कल्याणको अध्ययन** : मार्सलको परिभाषामा भौतिक कल्याणको परिकल्पना गरिएको छ । उनका अनुसार मानिसले भौतिक वस्तुहरूबाट सन्तुष्टि प्राप्त गर्न सक्छ ।

३. **सामान्य तथा सामाजिक मानिसको अध्ययन** : मार्सलको परिभाषाअनुसार अर्थशास्त्रमा समाजमा बसोवास गर्ने सामान्य वा सामाजिक मानिसको मात्र अध्ययन गरिन्छ । समाजभन्दा अलग रहेका साधु, सन्तहरूको अध्ययन यसमा गरिँदैन ।

४. **सामाजिक विज्ञान** : अर्थशास्त्रमा समाजमा बस्ने मानिसहरूको आर्थिक गतिविधिहरूको अध्ययन गरिने भएकाले मार्सलले यसलाई सामाजिक विज्ञानका रूपमा मानेका छन् ।

५. **आदर्श विज्ञान** : आदर्श विज्ञानले के ठिक र के बेठिक भन्ने छुट्याउँछ अर्थात् समस्या समाधानमा सहयोग गर्छ । त्यस्तै मार्सलको परिभाषामा भौतिक कल्याणमा वृद्धि गर्न के गर्नु हुन्छ र के गर्नु हुँदैन भन्ने कुरा अध्ययन गरिने भएकाले यसलाई आदर्श विज्ञानका रूपमा लिन सकिन्छ ।

**आलोचना** : मार्सलको परिभाषा आडम स्मिथले दिएको परिभाषाभन्दा राम्रो भए तापनि यो परिभाषा आलोचनामुक्त भने छैन । यसलाई निम्न लिखित आधारमा आलोचना गरिएको छ :

१. **भौतिक कल्याण र अभौतिक कल्याण छुट्याउन कठिन** : मार्सलले मानव क्रियाकलापलाई आर्थिक र गैर आर्थिक तथा कल्याणलाई भौतिक कल्याण र अभौतिक कल्याणमा विभाजन गरेका छन् । तर यिनीहरूबिच भिन्नता छुट्याउन कठिन छ । उदाहरणका लागि मानुसीले सेवाभावले एक जना असहायलाई निःशुल्क रूपमा आफ्नो ट्याक्सीमा राखेर अस्पतालसम्म पुऱ्याइन् भने उनको कार्य गैरआर्थिक र अभौतिक कल्याण हुन्छ । तर त्यही काम पैसा लिएर गरियो भने आर्थिक र भौतिक कल्याण हुन जान्छ ।

.२. **अर्थशास्त्र र कल्याणबिचको सम्बन्ध** : मार्सलले अर्थशास्त्रको क्षेत्रलाई अनावश्यक

रूपमा सीमित राखेका छन् । उनका अनुसार कल्याण अभिवृद्धि गराउने साधनहरू र तिनको उपयोगका सम्बन्धमा अर्थशास्त्रले अध्ययन गर्छ । त्यसैले अर्थशास्त्र र कल्याणबिचको सम्बन्धमा फरक रहेको छ ।

३. **सङ्कुचित परिभाषा** : मार्सलका अनुसार अर्थशास्त्र मानिसको जीवनका लागि अपरिहार्य छ । उनले अर्थशास्त्रले भौतिक कल्याणको कल्पना गर्छ भनेका छन् । मानिसले सधैँभरि भौतिक सुख सुविधा मात्र खोज्दैन उसले धर्म संस्कृति, माया, प्रेम, परोपकार, दया, सहयोग जस्ता कुराहरूमा पनि भावना सङ्गठित गरेको हुन्छ ।

४. **कल्याणलाई परिमाणात्मक रूपमा नाप्न सकिँदैन** : मार्सलले आफ्नो परिभाषामा कल्याणलाई परिमाणात्मक रूपमा मापन गर्न सकिन्छ भनेका छन् तर कल्याण भनेको मानवीय भावना, अनुभव एवम् मनोविज्ञानसँग सम्बन्धित कुरा हो जसलाई परिमाणात्मक रूपमा मापन गर्न सकिँदैन । त्यसैले कल्याण व्यक्ति, समय र स्थानअनुसार फरक फरक हुने गर्छ ।

(ग) **रबिन्सको अर्थशास्त्रको परिभाषा** : मार्सलले दिएको अर्थशास्त्रको परिभाषाका त्रुटिहरू औंल्याउँदै लियोनेल रबिन्स (Lionel Robbins) ले सन् १९३२ मा 'नेचर एन्ड सिग्निफिकेसन अफ इकोनोमिक साइन्स' (Nature and Signification of Economic Science) नामक पुस्तक प्रकाशन गरेका थिए । सो पुस्तकमा उनल अर्थशास्त्रलाई यसरी परिभाषित गरेका छन् – अर्थशास्त्र एउटा विज्ञान हो, जसले वैकल्पिक प्रयोग हुन सक्ने दुर्लभ साधन र साध्यबिचको सम्बन्धका रूपमा मानव व्यवहारको अध्ययन गर्छ (Economics is the science which studies human behavior as a relationship between ends and scarce means which have alternative uses.) । मानवीय आवश्यकताहरू असीमित हुन्छन् ती आवश्यकता पूरा गर्ने स्रोत र साधनहरू दुर्लभ हुन्छन् र त्यस्ता साधनहरूको वैकल्पिक प्रयोगमार्फत ती आवश्यकताहरूको परिपूर्ति गर्नुपर्छ । मानिसहरू स्वभावैले आफूसँग भएको भन्दा धेरै र असल वस्तु प्राप्त गर्न चाहन्छन् । उनीहरू मिठो र सन्तुलित खाना, राम्रो कपडा, मोटरसाइकल, कार बस्नका लागि राम्रो आवास प्राप्त गर्न चाहन्छन् । मानिसको जन्मसँगै आवश्यकताको सुरुआत हुने गर्छ र क्रमशः उमेर बढ्दै जाँदा ती थोरै आवश्यकताहरू असीमित आवश्यकतामा परिणत हुन्छन् । एकातिर मानिसका आवश्यकता असीमित हुने र अर्कोतिर साधन र स्रोत दुर्लभ हुने कारण मानिसले सोचे जस्तो र चाहे जस्तो प्राप्त नहुन पनि सक्छ । आवश्यकता पनि समय र स्थानअनुसार फरक पर्न सक्छन् । संसारमा प्रायः सूर्यको किरण र हावालाई असीमित रूपमा प्राप्त हुने साधनका रूपमा लिने गरिन्छ । कच्चा पदार्थ, यन्त्र उपकरण श्रम, र भूमिलाई दुर्लभ साधनहरू मानिन्छ । यसरी अर्थशास्त्र साधनको दुर्लभता र आवश्यकताका असीमितताबिचको सम्बन्धको अध्ययन गर्ने विज्ञान हो ।

रबिन्सको अर्थशास्त्रको परिभाषाका मुख्य विशेषताहरू निम्नानुसार प्रस्तुत गर्न सकिन्छ :

१. **मानिसका आवश्यकताहरू असीमित हुन्छन्** : मानिसका आवश्यकताहरू असीमित हुन्छन् । एउटा आवश्यकता पूरा गर्नासाथ अर्को आवश्यकताको जन्म हुन्छ । सबै

आवश्यकता एकै पटक पूरा गर्न सकिँदैन । मानिसले पहिलो प्राथमिकतामा रहेको अनिवार्य आवश्यकतालाई पहिले पूरा गर्छ । त्यसपछि क्रमशः विस्तारै अन्य आवश्यकता पूरा गर्छ ।

२. **साधनहरू सीमित वा दुर्लभ हुन्छन्** : मानिसका असिमित आवश्यकताहरू पूरा गर्न नसकिने कारण भनेको साधनहरू सिमित हुनु हो । मानवीय आवश्यकता पूरा गर्ने स्रोतसाधनहरू दुर्लभ छन् । साधनहरूको दुर्लभताका कारणले गर्दा मानिसले महत्त्वपूर्ण आवश्यकतालाई पहिले प्राथमिकतामा राखेर पूरा गर्नुपर्ने बाध्यता भएको हो । साधनको दुर्लभता भन्नाले मागको तुलनामा आपूर्ति कम भएको साधन हो । जुन वस्तुको आवश्यकता बढी पर्छ त्यसको उत्पादन कम हुनाले गर्दा साधनको सीमितता भएको हो ।

३. **साधनहरूको वैकल्पिक प्रयोग हुन सक्छ** : वैकल्पिक प्रयोग भनेको बहु प्रयोग हो । सीमित आर्थिक स्रोतसाधनहरू विभिन्न अवसरहरूमा प्रयोग हुन्छन् , उदाहरणका लागि एउटा विद्यार्थीसँग रु. ५०० छ, त्यसलाई उसले किताब किन्न वा खाजा खान वा सिनेमा हेर्न वा कुनै अन्य काममा खर्च गर्न सक्छ ।

४. **सबै आवश्यकता समान महत्त्वका हुँदैनन्** : मानिसका आवश्यकताहरू असीमित हुन्छन् तर सबै आवश्यकता समान महत्त्वका हुँदैनन् । मानिसले आवश्यकताको प्राथमिकताका आधारमा साधनको उपयोग गर्छन् । त्यसैले अर्थशास्त्र छनोटको विज्ञान पनि हो ।

**आलोचना** : रबिन्सले दिएको अर्थशास्त्रको परिभाषा मार्सलले दिएको परिभाषाभन्दा तुलनात्मक रूपमा उत्कृष्ट भए तापनि यो परिभाषा पनि आलोचनामुक्त भने छैन । यसलाई निम्न लिखित आधारमा आलोचना गरिएको छ :

१. **आदर्श र नैतिक अवधारणाको बेवास्ता** : रबिन्सको परिभाषा वैज्ञानिक भए तापनि उत्साहहीन, अवैयक्तिक र तटस्थ रहेको कुरा अध्ययनमा देखिन्छ । यदि अर्थशास्त्रले मेसिनले जस्तै मानव भलाइका लागि काम गर्ने हो भने यसले नैतिक वा आदर्शको महत्त्वको रूपमा काम गर्न सक्दैन ।

२. **आर्थिक समस्या दुर्लभताबाट मात्र सिर्जना हुन्छ भन्ने छैन** : आर्थिक समस्या साधनको अपर्याप्तता र बेरोजगारी आदिका कारणबाट उत्पन्न हुन्छ भन्ने तर्क पर्याप्त छैन, किनभने सन् १९३० को आर्थिक महामन्दी अर्थ व्यवस्थामा वस्तुहरू बढी उत्पादन भएर पनि सिर्जना भएको थियो ।

३. **भौतिक कल्याण सम्बन्धी अवधारणासँग मिल्दोजुल्दो** : मानिसले सीमित साधन उपयोग गरेर अधिकतम सन्तुष्टि प्राप्त गरिरहेका हुन्छन् । यहाँ अधिकतम सन्तुष्टि र कल्याण भन्नु एउटै कुरा हो । अतः रबिन्सले मार्सलको परिभाषाको आलोचना गरे तापनि अप्रत्यक्ष रूपमा मार्सलका धारणालाई आफ्नो परिभाषा समावेश गराएका छन् ।

४. **आफैँमा अस्पष्ट परिभाषा** : यस परिभाषाले एकातिर अर्थशास्त्रलाई लक्ष्यहरूप्रति तटस्थ मान्छ भने अर्कोतर्फ दुर्लभ साधनहरूको उचित छनोटबाट अधिकतम सन्तुष्टि प्राप्त गर्न सकिन्छ भन्ने तर्क गर्छ । यसरी रबिन्सको परिभाषा आफैँमा अस्पष्ट देखिन्छ ।

५. **अपूर्ण परिभाषा** : आधुनिक अर्थशास्त्रका महत्त्वपूर्ण तथा समसामयिक विषयवस्तुहरू, जस्तै : आर्थिक विकास, राष्ट्रिय आम्दानी, मूल्यस्तर आदिका बारेमा यो परिभाषामा स्पष्ट रूपमा उल्लेख गरिएको पाइँदैन । त्यसैले रबिन्सको यो परिभाषा अपूर्ण छ ।


## १.१.२ अर्थशास्त्रको क्षेत्र

अर्थशास्त्रको क्षेत्रभित्र यसले समेटेका कुराहरूको अध्ययन गरिन्छ । अर्थशास्त्रको अध्ययनको क्षेत्र फराकिलो र व्यापक छ । यसले धनआर्जनसँग सम्बन्धित मानवीय आवश्यकता, चाहना र प्रयत्नबारे अध्ययन गर्छ । यसले आर्थिक घटनाहरूको विश्लेषण र व्याख्या मात्रै गर्दैन, समाधानका उपायहरूसमेत बनाउने गर्छ । अर्थशास्त्रको क्षेत्रअन्तर्गत यसका विषयवस्तु, प्रकृति र सीमाहरूबारे बुझ्नु आवश्यक छ ।

## १.१.३ अर्थशास्त्रका विषयवस्तु

विभिन्न अर्थशास्त्रीहरूले अर्थशास्त्रका सम्बन्धमा दिइएका परिभाषाहरूबाट यसका विषयवस्तु के के हुन सक्छन् भन्ने अनुमान हामी सजिलै लगाउन सक्छौँ । आडम स्मिथका अनुसार अर्थशास्त्रमा मानिसको धन सम्बन्धी क्रियाकलापको अध्ययन गरिन्छ । त्यसैले स्मिथका अनुसार अर्थशास्त्रको विषयवस्तु धन हो । मार्सलले सामाजिक विज्ञानका रूपमा मानिसको भौतिक कल्याणको अध्ययनलाई अर्थशास्त्रको विषयवस्तु मानेका छन् । रबिन्सले यसलाई विशुद्ध मानव विज्ञान मानेका छन् । त्यसैले उनका अनुसार मानिसहरूले असीमित आवश्यकताहरूलाई सीमित साधनहरूद्वारा परिपूर्ति गर्ने वैकल्पिक प्रयोगको अध्ययनलाई नै यसको विषयवस्तु मानिन्छ ।

मानवीय आवश्यकताहरू असीमित हुन्छन् र सधैँ ती आवश्यकताहरू पूरा गर्न मानिस प्रयत्नशील रहने गर्छ । यसरी आवश्यकताको परिपूर्ति गर्दा सन्तुष्टि प्राप्त गर्छ तर यही क्रममा फेरि अर्को आवश्यकताको सिर्जना वा जन्म हुन जान्छ । यो क्रम मानिस बाँचुन्जेलसम्म चलिरहन्छ । अतः अर्थशास्त्रको विषयवस्तुले यिनै पक्षलाई केन्द्रबिन्दु मानेको छ । यसलाई निम्न लिखित चित्रद्वारा प्रस्ट पार्न सकिन्छ :



अर्थशास्त्रका विषयवस्तुलाई परम्परागत र आधुनिक अवधारणा गरी दुई भागमा विभाजन गर्न सकिन्छ :

(**क**) **परम्परागत अवधारणा** : परम्परागत अवधारणाअनुसार आर्थिक क्रियाकलापमा संलग्न भएका आर्थिक तत्त्वहरू उत्पादन, उपभोग, विनिमय, वितरण र सार्वजनिक वित्त नै अर्थशास्त्रका विषयवस्तु हुन् । जसको व्याख्या निम्नानुसार गरिएको छ :

१. **उपभोग** : उपभोगअन्तर्गत हामी उपभोक्ताको व्यवहारसँग सम्बन्धित नियम र सिद्धान्तहरूका बारेमा अध्ययन गर्छौं । उपभोक्ताले वस्तुको उपभोगबाट कसरी अधिकतम उपयोगिता प्राप्त गर्न सक्छ, वस्तुको माग र यसको लचकता, उपभोक्ताको बचत आदिको अध्ययन यसअन्तर्गत पर्छन् ।

२. **उत्पादन** : उत्पादनअन्तर्गत हामी उत्पादनका साधनहरू भूमि, पुँजी, श्रम, सङ्गठन आदिको अर्थ, विशेषता, किसिम र उत्पादनमा तिनीहरूको योगदानका बारेमा अध्ययन गर्छौं । यसमा परिवर्तनशील उत्पादनका नियम, स्तरको प्रतिफल नियम आदि पर्छन् ।

३. **विनिमय** : विनिमयअन्तर्गत वस्तु खरिद बिक्रीको प्रक्रियाका बारेमा अध्ययन गरिन्छ । यसमा बजारको बनावट, मूल्य निर्धारण प्रक्रिया आदि पर्छन् ।

४. **वितरण** : वितरणअन्तर्गत उत्पादनका साधनहरू भूमि, पुँजी, श्रम र सङ्गठनलाई तिरिने मूल्य क्रमशः लगानी, ज्याला, ब्याज र नाफाको अर्थ र तिनीहरूको निर्धारण प्रक्रियाबारे अध्ययन गरिन्छ ।

५. **सार्वजनिक वित्त** : सार्वजनिक वित्तअन्तर्गत सरकारले विभिन्न क्रियाकलापहरूमा गर्ने खर्च र ती खर्चका लागि आम्दानी अर्थात् राजस्व कहाँ कहाँबाट र कुन कुन स्रोतबाट प्राप्त गर्छ भन्नेबारे अध्ययन गरिन्छ ।

(**ख**) **आधुनिक अवधारणा** : आधुनिक अवधारणाअनुसार अर्थशास्त्रका सम्पूर्ण विषयवस्तुलाई सूक्ष्म र बृहत् अर्थशास्त्र गरी दुई भागमा विभाजन गरी विश्लेषण गरिन्छ । सूक्ष्म अर्थशास्त्रले अर्थतन्त्रका छुट्टाछुट्टै व्यक्तिगत एकाइका आर्थिक क्रियाकलापबारे अध्ययन एवम् विश्लेषण गर्छ भने बृहत् अर्थशास्त्रले समग्र आर्थिक चरहरूको एकसाथ सामूहिक अध्ययन गर्छ ।

## १.१.४ अर्थशास्त्रको प्रकृति

अर्थशास्त्रको प्रकृतिअन्तर्गत हामीले अर्थशास्त्र विज्ञान हो वा कला हो भन्ने कुराको अध्ययन गर्छौं । अर्थशास्त्रीहरूबिच अर्थशास्त्र विज्ञान हो वा कला हो भन्ने सम्बन्धमा एकमत छैन । केही अर्थशास्त्रीहरू अर्थशास्त्रलाई विज्ञानका रूपमा लिन्छन् भने केहीले कलाका रूपमा लिन्छन् । यसलाई यहाँ निम्नानुसार विश्लेषण गरिएको छ :

(**क**) **विज्ञानका रूपमा अर्थशास्त्र** : अर्थशास्त्र विज्ञान हो वा होइन भन्ने कुराको निष्कर्षमा पुग्नका लागि सर्वप्रथम विज्ञानको अर्थबारे स्पष्ट हुनु जरुरी छ । विज्ञान कुनै पनि विषयको क्रमबद्ध

ज्ञान हो । यसले कारण तथा परिणामबिचको पारस्परिक सम्बन्धको व्याख्या गर्छ । साथै विज्ञानका नियमहरू सर्वमान्य र परीक्षणमा आधारित हुन्छन् ।

अर्थशास्त्रअन्तर्गत आर्थिक तथ्यहरूलाई क्रमबद्ध रूपमा सङ्कलन गरिनुका साथै र तिनको विश्लेषण र वर्गीकरण पनि गरिएको हुन्छ । यसले धनको उत्पादन, उपभोग, विनिमय र वितरणको क्रमबद्ध अध्ययन गर्छ । यसका नियमहरूले पनि कारण र परिणामबिचको सम्बन्धलाई व्यक्त गर्छन् । उदाहरणका लागि, अर्थशास्त्रमा मागको नियमले मूल्यमा भएको परिवर्तनले मागमा परिवर्तन आउँछ भन्ने तर्क पेस गर्छ । यहाँ मूल्यमा भएको परिवर्तन कारण हो भने मागमा भएको परिवर्तन परिणाम हो ।

विभिन्न आर्थिक अवधारणाहरू, जस्तै : उपयोगिता ह्रास नियम, मुद्रास्फीति, व्यापार चक्र आदि सर्वमान्य अवधारणाहरू हुन् । त्यसैगरी अर्थशास्त्रका नियमहरूलाई पूँजीवादी, समाजवादी र मिश्रित अर्थव्यवस्थाअन्तर्गत विभिन्न आर्थिक समस्याहरूको निराकरण गर्ने काममा ल्याइन्छ । यी नियमहरूको परीक्षण गरिएको हुन्छ । यहाँ प्रयोगशाला कुनै एउटा निश्चित कोठा नभएर सम्पूर्ण अर्थतन्त्र हुन्छ । त्यसैले अर्थशास्त्र विज्ञान हो ।

(ख) **कलाका रूपमा अर्थशास्त्र** : सिद्धान्तहरूलाई व्यवहारमा उतार्न सिकाउने ज्ञानको अङ्ग कला हो । अर्को शब्दमा, यसले कसरी व्यावहारिक समस्याहरूको समाधान गरिन्छ भन्ने कुरा सिकाउँछ । अर्थशास्त्रले देशको गरिबी, बेरोजगारी, न्यून जीवनस्तर, मुद्रास्फीति आदि जस्ता समस्याहरूको निवारणमा सहयोग गर्छ । साथै यसले आर्थिक दृष्टिले पछाडि परेका मुलुकमा आर्थिक विकास कसरी गर्न सकिन्छ भन्ने कुरा सिकाउँछ । यसर्थ अर्थशास्त्र एउटा कला हो ।

निष्कर्षमा अर्थशास्त्र विज्ञान र कला दुवै हो । यसले विभिन्न आर्थिक समस्याहरूको अध्ययन गरी त्यस्ता समस्याहरूको समाधानका उपायहरू दिन्छ ।

### १.१.५ अर्थशास्त्रका सीमाहरू

अर्थशास्त्रको क्षेत्रलाई स्पष्टसँग बुझ्नका लागि यसका सीमाहरूको अध्ययन गर्नु जरुरी हुन्छ । अर्थशास्त्रको सीमा भन्नाले अर्थशास्त्रको अध्ययन गर्न नसक्ने कुराहरू बुझिन्छ । अर्थशास्त्रका सीमाहरू निम्नानुसार छन् :

(क) **धनसँग सम्बन्धित क्रियाकलापहरूको मात्र अध्ययन** : मानिसले धार्मिक, सांस्कृतिक, सामाजिक, राजनीतिक र आर्थिक क्रियाकलापहरू गर्नुपर्छ । तर अर्थशास्त्रको सम्बन्ध धनसँग सम्बन्धित आर्थिक क्रियाकलापहरूसँग मात्र छ । अन्य गैरआर्थिक क्रियाकलापहरू अर्थशास्त्रको क्षेत्रभित्र पर्दैनन् ।

(ख) **सामाजिक मानवको अध्ययन** : मार्सलको परिभाषाअनुसार अर्थशास्त्रले समाजमा बसोवास गर्ने मानिसको मात्र अध्ययन गर्छ । यसले समाजबाट टाढा रहेका मानिसहरूको अध्ययन गर्दैन । तर रबिन्सको परिभाषाअनुसार अर्थशास्त्रले समाजमा बसेका हुन् वा समाजदेखि

टाढा दुर्लभताको समस्याको सामना गर्नुपर्ने सम्पूर्ण मानिसहरूको अध्ययन गर्छ । त्यसैले यो मानव विज्ञान हो । तर अधिकांश अर्थशास्त्रीहरू मार्सलको परिभाषाको पक्षमा छन् ।

(ग) **सामान्य मानिसको अध्ययन** : अर्थशास्त्रले सामान्य मानिसको स्वाभाविक व्यवहारबारे अध्ययन गर्छ । यसले जड्याहा, कन्जुस र पागलहरूको अस्वाभाविक व्यवहारहरूको अध्ययन गर्दैन ।

(घ) **दुर्लभ वस्तुहरूको अध्ययन** : अर्थशास्त्रले दुर्लभ वस्तुहरूको मात्र अध्ययन गर्छ । त्यस्ता वस्तुहरूको आपूर्ति सीमित हुन्छ । निःशुल्क वस्तुका बारेमा अर्थशास्त्रले अध्ययन गर्दैन । त्यसैले त्यस्ता वस्तुहरू अर्थशास्त्रको अध्ययन क्षेत्रभित्र पर्दैनन् ।

(ङ) **अन्य कुराहरू यथावत् रहेमा** : प्रत्येक आर्थिक नियमहरूसँग अन्य कुराहरू यथावत् रहेमा भन्ने वाक्यांश जोडिएर आएको हुन्छ । किनकि अर्थशास्त्र मानव क्रियाकलापहरूको अध्ययन हो र मानवीय क्रियाकलापहरू विभिन्न कुराहरूबाट प्रभावित हुन्छन् । त्यसैले सम्पूर्ण आर्थिक नियमहरू सर्वमान्य र सँधै लागु नहुन सक्छन् । अतः आर्थिक नियमहरूले अन्य कुराहरू यथावत् रहेमा भन्ने वाक्यांशलाई बोकेको हुन्छ ।

## १.१.६ अर्थशास्त्रको महत्त्व

आधुनिक युगमा अर्थशास्त्रको महत्त्व बढ्दै गएको छ । आधुनिक युगलाई आर्थिक विकासको युग पनि भनिन्छ । समाजमा बस्ने विभिन्न वर्ग, पेसा, व्यवसाय अंगालेका मानिसहरूले चाहेर वा नचाहेर पनि अर्थशास्त्रका नियम पालना गरिरहेका हुन्छन् । अर्थशास्त्रका सिद्धान्त र नियमको पूर्णपालना गरेर नै आर्थिक विकासको गति प्राप्त गर्न सकिन्छ । अतः अर्थशास्त्रको महत्त्वलाई निम्नानुसार उल्लेख गर्न सकिन्छ :

(क) **उत्पादकका लागि उपयोगी** : अर्थशास्त्र उत्पादनका लागि धेरै उपयोगी रहेको पाइन्छ । अर्थशास्त्रका माध्यमबाट उत्पादकले उत्पादका साधनहरू भूमि, पुँजी, श्रम र सङ्गठनलाई कसरी मिलाएर न्यूनतम लागतमा अधिकतम उत्पादन गर्न सकिन्छ भन्ने कुराको जानकारी गराउँछ । कुन वस्तुको माग धेरै छ त्यस्ता वस्तुको उत्पादन बढाएर उत्पादकले नाफा कमाउन सक्छ ।

(ख) **उपभोक्ताका लागि उपयोगी** : अर्थशास्त्रका सिद्धान्तहरूको ज्ञान भएमा उपभोक्ताले वस्तु तथा सेवामा गर्ने खर्चलाई मितव्ययी वा कम खर्चिलो बनाउन सक्छन् । उपभोक्ताले आफ्नो सीमित आम्दानीलाई प्रतिस्थापनको नियमअन्तर्गत रहेर खर्चको व्यवस्थापन गरी सन्तुष्टि प्राप्त गर्न सक्छन् ।

(ग) **गरिबी र विकास** : अल्प विकसित मुलुकहरूमा व्याप्त रहेको गरिबी र बेरोजगारी समस्या, उच्च जनसङ्ख्या वृद्धि, न्यून आम्दानी र न्यून उत्पादनको अवस्थालाई सुधार गरी आर्थिक विकास गर्न उपयोगी छ । अर्थशास्त्रका माध्यमबाट यिनै समस्याहरूको समाधान गर्न सकिन्छ । त्यसैले अर्थशास्त्रलाई गरिबी न्यूनीकरण गर्न र आर्थिक विकासको स्रोतका रूपमा उपयोगी मानिन्छ ।

(घ) **राष्ट्रिय आम्दानीको वितरणमा उपयोगी** : अर्थशास्त्रले उत्पादनका साधनहरू भूमि, श्रम, पुँजी र सङ्गठनमा कसरी राष्ट्रिय आम्दानीको वितरण भइरहेको छ भन्ने स्पष्ट पार्छ। राष्ट्रिय आयले कुनै एउटा पक्षलाई मात्र अगाडि सारेर देशको आर्थिक विकास सम्भव हुन सक्दैन। यसका लागि देशको आम्दानीलाई समान रूपमा उत्पादनका साधनहरूमा वितरण गर्न सक्नुपर्छ।

(ङ) **साधनहरूको अधिकतम उपयोग** : विकासोन्मुख राष्ट्रहरूमा प्रचुर मात्रामा साधनहरू उपयोग नभई खेर गइरहेका छन्। यी साधनहरूको उपयोगमार्फत राष्ट्रिय आम्दानी वृद्धि गर्न सकिन्छ। अर्थशास्त्रले यस्ता साधनहरूको उपयोग किन, कसरी र कसका लागि गर्ने भन्ने सिकाउँछ।

(च) **अन्तर्राष्ट्रिय व्यापारका लागि उपयोगी** : अर्थशास्त्र अन्तर्राष्ट्रिय व्यापारका लागि अत्यन्त उपयोगी रहेको छ। यसले आयात र निर्यातकर्ता दुवैलाई नाफा आर्जन गर्न सहयोग पुऱ्याउँछ। व्यापारीहरूलाई सजिलै अन्य देशहरूका व्यापार नीतिहरू बुझ्न मद्दत गर्छ।

(छ) **आर्थिक समस्या समाधान गर्न** : अर्थशास्त्रका नियमहरू मार्फत देशहरूले भोगिरहेका आर्थिक समस्याहरूलाई समाधान गर्न मद्दत पुऱ्याउँछ। विकसित मुलुकहरूले ती देशहरूका आर्थिक स्थायित्व, पूर्ण रोजगारी र मूल्य वृद्धि नियन्त्रण गरी आर्थिक समस्याहरू समाधान गरिरहेका छन्।

(ज) **श्रमिकका लागि महत्त्व** : अर्थशास्त्रले श्रमिकहरूलाई रोजगारदाताहरूबाट कसरी बढीभन्दा बढी ज्याला लिन सकिन्छ भन्ने ज्ञान दिलाउँछ। यसले ट्रेड युनियन, सामूहिक सौदाबाजी र काम गर्ने समयका बारेमा श्रमिकहरूलाई पूर्ण ज्ञान दिन्छ। अतः अर्थशास्त्र श्रमिकका लागि महत्त्वपूर्ण विषय रहेको छ।

(झ) **आर्थिक योजना** : वर्तमान समयमा आर्थिक योजनालाई निषेध गरेर अगाडि बढ्न सजिलो छैन। आर्थिक योजनाका माध्यमबाट प्राकृतिक स्रोत साधनहरूको उपयोग गरेर देशलाई समुन्नत बनाउन सजिलो हुने गर्छ। पूर्वाधारको विकासका लागि पनि आर्थिक योजनाको महत्त्व त्यत्तिकै रहेको छ।

(ञ) **सामान्य मानिसहरूका लागि महत्त्व** : प्रत्येक नागरिकहरूले अर्थशास्त्रका नीति नियमहरूको सामान्य जानकारी राख्दा पनि उनीहरूलाई बजारको ज्ञान, मूल्य, उत्पादन र बिक्री वितरणका विषयमा उपयोगी हुन्छ। सरकारलाई पनि सामान्य मानिसहरूका बारेमा चासोको विषय बन्न पुग्छ।

## १.१.७ अर्थशास्त्रका पारिभाषिक शब्दहरू

अर्थशास्त्रमा केही आधारभूत शब्दहरूको प्रयोग गरिएको हुन्छ। ती शब्दहरूको अर्थ बोलीचालीका भाषामा र अर्थशास्त्रको भाषामा फरक फरक हुने गर्छ। त्यसैले यस्ता शब्दहरूको अर्थसँग परिचित हुन आवश्यक देखिन्छ। अतः अर्थशास्त्रमा प्रयोग हुने केही महत्त्वपूर्ण शब्दहरूको परिभाषा तल प्रस्तुत गरिएको छ :

(क) **वस्तु तथा सेवा** : साधारण बोलीचालीको भाषामा छुन र देख्न सकिने भौतिक सामग्रीहरू , जस्तै : टेबुल, कुर्सी, कपी, दराज, पलङ आदिलाई वस्तु भनिन्छ । तर अर्थशास्त्रमा मानिसका आवश्यकता पूरा गर्नका लागि प्रयोग हुने, छुन र देख्न सकिने भौतिक पदार्थ र छुन र देख्न नसकिने अभौतिक सेवा दुवैलाई वस्तुअन्तर्गत समावेश गरिन्छ । यसअन्तर्गत ठोस वस्तुहरू मात्र नपरेर अनुभूत गर्न सकिने र मानवीय आवश्यकता पूरा गर्न सक्ने गुण भएका कुनै पनि सेवा पनि पर्छन् । शिक्षक, डाक्टर, वकिल आदिले दिने सेवा सबै वस्तुअन्तर्गत पर्छन् । अतः अर्थशास्त्रमा मानवीय आवश्यकता पूरा गर्न सक्ने वा उपयोगिता हुने जुनसुकै भौतिक पदार्थ वा अभौतिक सेवालाई वस्तु भनिन्छ ।

(ख) **वस्तुका प्रकार** : अर्थशास्त्रमा वस्तुहरू विभिन्न प्रकारका हुन्छन् । यिनका प्रकारलाई निम्नानुसार प्रस्तुत गर्न सकिन्छ :

१. **आर्थिक र निःशुल्क वस्तु**

**आर्थिक वस्तु** : प्रकृतिमा सीमित रूपमा रहेका तथा माग र आपूर्तिका आधारमा उत्पादन हुने वस्तुहरू आर्थिक वस्तुभित्र पर्छन् । यस्ता वस्तुहरूमा विशेषगरी मागको तुलनामा पूर्ति कम हुने गर्छ, उदाहरणका लागि कलम, दाल, चामल, मोबाइल, कम्प्युटर, टेलिभिजन आदि ।

**निःशुल्क वस्तु** : प्राकृतिक रूपमा बिना परिश्रम र साधनस्रोत खर्च नगरिकन प्राप्त हुने वस्तुलाई निःशुल्क वस्तु भनिन्छ । यस्ता वस्तुहरू प्रकृतिमा असीमित रूपमा रहेका हुन्छन्, उदाहरणका लागि सूर्यको किरण, नदीनालामा बगिरहेको पानी, हावा आदि प्राकृतिक वस्तुहरू हुन् ।

२. **भौतिक तथा अभौतिक वस्तु**

**भौतिक वस्तु** : जुन वस्तुलाई देख्न, छुन सकिन्छ र जुन वस्तुको आकार तथा वजन हुन्छ, त्यसलाई भौतिक वस्तु भनिन्छ, उदाहरणका लागि घर, गोठ, काठ, कापी, किताब आदि ।

**अभौतिक वस्तु** : कुनै पनि वस्तुको निश्चित आकार, तौल नभएका र छुन वा देख्न नसकिने वस्तुलाई अभौतिक वस्तु भनिन्छ । उदाहरणका लागि, शिक्षक तथा प्राध्यापकको अध्यापन सेवा, डाक्टरको सेवा, गायक गायिकाको गला, पानी, हावा, सूर्यको किरण आदि अभौतिक वस्तुहरू हुन् ।

३. **उपभोग्य र उत्पादक वस्तु**

**उपभोग्य वस्तु** : प्रत्यक्ष रूपमा उपभोग गर्न सकिने वस्तुलाई उपभोग्य वस्तु भनिन्छ । यी वस्तुहरू सन्तुष्टि प्राप्त गर्नका लागि खरिद गरिन्छ, जस्तै : दाल, चामल, कलम, कापी, मोबाइल, घडी, रेडियो आदि वस्तुहरू सिधैँ उपभोग गर्न सकिन्छ ।

**उत्पादक वस्तु** : प्रत्यक्ष रूपमा उपभोग नगरिकन उत्पादन कार्यमा प्रयोग गरिने वस्तुलाई उत्पादक वस्तु भनिन्छ । यी वस्तुहरू आयआर्जन वा अन्य वस्तु उत्पादन

गर्ने उद्देश्यले खरिद गरिन्छ । उदाहरणका लागि ट्र्याक्टर, कपडा सिलाउने मेसिन, रोटी बनाउनका लागि पिठो आदि उत्पादक वस्तु हुन् ।

४. **हस्तान्तरणीय र अहस्तान्तरणीय वस्तु**

**हस्तान्रणीय वस्तु** : एउटा व्यक्ति वा समूहबाट अर्को एउटा व्यक्ति वा समूहमा स्वामित्व सार्न सकिने जुनसुकै वस्तुलाई हस्तान्तरणीय वस्तु भनिन्छ, उदाहरणका लागि घर जग्गा, मोटर, मेसिन औजार आदि ।

**अहस्तान्तरणीय वस्तु** : जुन वस्तुको स्वामित्व एक व्यक्ति वा समूहबाट अर्को व्यक्ति वा समूहमा सार्न सकिँदैन त्यस्ता वस्तुलाई अहस्तान्तरणीय वस्तु भनिन्छ, उदाहरणका लागि डाक्टरको विशेषज्ञता, गायक गायिकाको गायनकला र गला, शिक्षकको अध्यापन सिप आदि ।

५. **निजी र सार्वजनिक वस्तु**

**निजी वस्तु** : व्यक्तिगत स्वामित्व वा अधिकारमा रहेका वस्तुलाई निजी वस्तु भनिन्छ । घर, मोटरसाइकल, कार आदि यसका उदाहरण हुन् ।

**सार्वजनिक वस्तु** : व्यक्तिको अधिकार नभइ सम्पूर्ण समाज वा राष्ट्रको अधिकार रहेको वस्तुलाई सार्वजनिक वस्तु भनिन्छ । उदाहरणका लागि, पाटी, पौवा, बाटो, पुल आदि ।

६. **नाशवान् र टिकाउ वस्तु**

**नाशवान् वस्तु** : सामान्यतयाः एकपटक मात्र उपयोग गर्न सकिने र तुरुन्तै बिग्रिने वस्तुहरूलाई नाशवान् वस्तु भनिन्छ, उदाहरणका लागि तरकारी, फलफूल आदि ।

**टिकाउ वस्तु** : लामो समयसम्म टिकाउ हुने र धेरैपटकसम्म उपयोग गर्न सकिने वस्तुहरूलाई टिकाउ वस्तु भनिन्छ, उदाहरणका लागि लत्ताकपडा, फर्निचर, घर, यन्त्र आदि ।

७. **सामान्य, कमसल र विलासी वस्तु**

**सामान्य वस्तु** : सामान्यतया उपभोक्ताको आम्दानी बढ्दा कुनै वस्तुको माग बढ्छ र आम्दानी घट्दा माग घट्छ भने त्यस्ता वस्तुलाई सामान्य वस्तु भनिन्छ, जस्तै : बासमती चामल, मासु, फलफूल आदि ।

**कमसल वस्तु** : सामान्यतया उपभोक्ताको आम्दानी घट्दा कुनै वस्तुको माग बढ्छ र आम्दानी बढ्दा माग घट्छ भने त्यस्ता वस्तुलाई कमसल वस्तु भनिन्छ, जस्तै : गुन्द्रुक, खुला ठाउँमा बिक्रीका लागि राखिएका खाने कुरा, मोटा चामल आदि ।

**विलासी वस्तु** : जीवन धान्नका लागि आवश्यक नभएका वस्तुहरू जुन मानिसका लागि इज्जत र प्रतिष्ठासँग जोडिएका हुन्छन्, त्यस्ता वस्तुलाई विलासी वस्तु भनिन्छ, जस्तै : हिरा, सुन र चाँदीका गहना आदि ।

८. **प्रतिस्थापक वस्तु, पूरक वस्तु र गिफन वस्तु**

**प्रतिस्थापक वस्तु** : कुनै एक वस्तुको सट्टामा अर्को वस्तु प्रयोग गर्न सकिन्छ भने ती वस्तुलाई एकअर्काका प्रतिस्थापक वस्तु भनिन्छ, उदाहरणका लागि चिया र कफीलाई लिन सकिन्छ ।

**पूरक वस्तु** : कुनै एक वस्तुको उपभोग अर्को वस्तुको उपभोगबिना असम्भव हुन्छ भने त्यस्ता वस्तुहरूलाई एकअर्काका पूरक वस्तु भनिन्छ, जस्तै : कलम र मसी यसका उदाहरण हुन् ।

**गिफन वस्तु** : न्यून आय भएका उपभोक्ताको दैनिकीसँग सम्बन्धित निम्नकोटीका वस्तुलाई गिफन वस्तु भनिन्छ । यस्ता वस्तुको मूल्य र मागका बिचमा धनात्मक सम्बन्ध हुन्छ । सर्वप्रथम ब्रिटिस अर्थशास्त्री सर रर्बट गिफन (Sir Robert Giffen) ले गिफन वस्तुको अवधारणा ल्याएका हुन् ।

## १.२ आवश्यकता

सामान्यतया आवश्यकता भन्नाले कुनै पनि इच्छा वा चाहनालाई बुझाउँछ तर अर्थशास्त्रमा सबै प्रकारका चाहना वा इच्छालाई आवश्यकता भन्न सकिँदैन । अर्थशास्त्रमा त्यस्ता इच्छा वा चाहानालाई आवश्यकता भनिन्छ जसलाई पूरा गर्न मानिससँग क्षमता र तत्परता हुन्छ । यीमध्ये कुनै पनि एउटाको अभावमा आवश्यकता पूरा हुन सक्दैन । उदाहरणका लागि, भरतले कार किन्ने इच्छा राखेको छ यसका लागि ऊ तत्पर पनि छ तर कार खरिद गर्नका लागि ऊसँग क्षमता वा साधनस्रोत छैन भने भरतको इच्छा आवश्यकता हुन सक्दैन । यदि भरतसँग कार किन्नका लागि चाहिने इच्छा, तत्परता र क्षमता सबै छन् भने त्यो इच्छा वा चाहना पूरा हुन सक्छ र त्यसलाई आवश्यकता भन्न सकिन्छ । अतः आवश्यकता हुनका लागि निम्न लिखित कुराहरू हुनु जरुरी हुन्छ :

(क) कुनै पनि वस्तु प्राप्त गर्ने इच्छा हुनु

(ख) इच्छा पूरा गर्ने योग्यता वा क्षमता

(ग) तत्परता

उपर्युक्त तत्त्वमध्ये कुनै पनि तत्त्वको अभाव भएमा त्यसलाई अर्थशास्त्रमा आवश्यकता भन्न सकिँदैन ।

१.२.१ **आवश्यकताका विशेषताहरू** : आवश्यकताका विशेषताहरूलाई निम्नानुसार उल्लेख गर्न सकिन्छ :

(**क**) **मानवीय आवश्यकताहरू असीमित हुन्छन्** : मानिसका आवश्यकताहरू कहिल्यै पूरा हुँदैनन् । एउटा आवश्यकता पूरा हुनासाथ अर्को आवश्यकताले जन्म लिन्छ । फेरि त्यो आवश्यकता पनि पूरा भएमा अझ अर्को आवश्यकता देखापर्छ । त्यसैले मानवीय आवश्यकताहरू असीमित हुन्छन् ।

(**ख**) **केही आवश्यकता पूरा हुन सक्छन्** : मानवीय आवश्यकता असीमित हुने भए तापनि केही आवश्यकता पूरा हुन सक्छन् । मानिसले आफूसँग भएको सीमित साधन र स्रोतबाट केही आवश्यकता पूरा गर्न सक्छन् ।

(ग) **आवश्यकता एकअर्काका परिपूरक हुन्छन्** : कुनै पनि आवश्यकता पूरा गर्नका लागि त्यो वस्तुसँग अर्को पनि वस्तुको संलग्नता हुन्छ, उदाहरणका लागि कलमले लेख्नका लागि मसीको आवश्यकता पर्छ । त्यस्तै तरकारीका लागि नुन, पानी आदिको आवश्यकता पर्छ । कार, मोटरसाइकलका लागि पेट्रोलको आवश्यकता पर्छ । त्यसैले आवश्यकता परिपूरक हुन्छन् ।

(घ) **आवश्कयताहरू प्रतिस्पर्धी हुन्छन्** : आवश्यकताहरू एकअर्काका परिपूरक मात्र नभएर एकअर्कामा प्रतिस्पर्धी पनि हुन्छन् । सीमित आम्दानीका कारण सबै आवश्यकता एकै पटकमा परिपूर्ति गर्न सकिँदैन । एउटा आवश्यकता पूरा गर्दा अर्को आवश्यकता त्याग गर्नुपर्ने हुन्छ । उदाहरणका लागि एउटा विद्यार्थीसँग रु. १० मात्र छ । उसलाई प्रति एकाइ रु. १० पर्ने एउटा पेन्सिल, एउटा कापी र एउटा समोसाको आवश्यकता छ । यी तिन ओटा वस्तुमध्ये एउटा वस्तुको आवश्यकता पूरा गर्दा बाकीँ दुई ओटा आवश्यकता त्याग गर्नुपर्ने हुन्छ ।

(ङ) **आवश्यकताहरू वैकल्पिक हुन्छन्** : कुनै एउटा आवश्यकतालाई विभिन्न तरिकाबाट पूरा गर्न सकिन्छ भने त्यस अवस्थामा उक्त आवश्यकतालाई वैकल्पिक मानिन्छ । उदाहरणका लागि भोकाएको मानिसले भोक मेटाउन रोटी, भात, मम, चाउमिनमध्ये कुनै एउटा विकल्पको प्रयोग वा छनोट गरी आफ्नो भोक मेटाउन सक्छ । कुन विकल्प छनोट गर्ने भन्ने कुरा मुख्यतः वस्तुको मूल्य र उपभोक्ताको आम्दानीमा भर पर्छ ।

(च) **आवश्यकताहरू स्थान, समय र व्यक्तिअनुसार फरक हुन्छन्** : प्रत्येक मानिसका आवश्यकता एउटै हुन्छन् भन्ने छैन । आवश्यकता स्थान, समय र व्यक्तिअनुसार फरक फरक हुन्छन् । चिसो ठाउँमा बस्नेलाई बाक्ला र न्याना कपडाको आवश्यकता बढी हुन्छ भने गर्मी ठाउँमा बस्नेलाई पातलो सुती कपडाको आवश्यकता बढी हुन्छ । त्यस्तै मानिसको व्यक्तिगत स्वभाव र रुचिअनुसार पनि आवश्यकता फरक हुन्छन् ।

(छ) **आवश्यकताहरू बानीमा परिवर्तन हुन्छन्** : कुनै निश्चित आवश्यकता नियमित रूपमा सन्तुष्ट वा पूरा हुदैँ जान्छ भने त्यो बानीमा परिणत हुन्छ, उदाहरणका लागि कुनै युवकले नियमित रूपमा चुरोट सेवन गर्ने इच्छा राख्छ र उसको इच्छा पूरा हुदैँ जान्छ भने उसको चुरोट सेवनको आवश्यकता बानीमा परिणत हुन्छ ।

(ज) **आवश्यकताहरू विज्ञापन, फेसन र बानीबाट पनि सिर्जित हुन्छन्** : कतिपय मानवीय आवश्यकता विज्ञापन, फेसन र बानीबाट पनि सिर्जना भएका हुन्छन्, उदारणका लागि फेयर एन्ड लब्ली क्रिमको विज्ञापनका कारणले कतिपय युवतीहरू यो क्रिम आफूलाई आवश्यक ठान्छन् र क्रिम उनीहरूको आवश्यकता बन्छ । क्रिमको प्रयोग फेसन र बानीका रूपमा पनि स्थापित हुन सक्छ ।

(झ) **वर्तमानका आवश्यकताहरू भविष्यको भन्दा महत्त्वपूर्ण हुन्छन्** : भोलिको आवश्यकताभन्दा आजको आवश्यकतालाई महत्त्व दिने मानवीय स्वभाव हुन्छ । आजको जीवन गुजारा गर्न धौ धौ भएको अवस्थामा भोलिका लागि बचत गर्नुपर्छ भन्ने कुरा राम्रो होइन । भविष्य अनिश्चित र भविष्यवाणी गर्न नसकिने हुन्छ । त्यसैले आजको आवश्यकता भोलिको आवश्यकताभन्दा महत्त्वपूर्ण हुन्छ ।

### १.२.२ आवश्यकताको वर्गीकरण

आवश्यकताहरू समान हुँदैनन् । यिनीहरूको महत्त्व मानवीय आवश्यकताका आधारमा हुने गर्छ । यस आधारमा आवश्यकतालाई तिन भागमा वर्गीकरण गरिएको छ :

(**क**) **अनिवार्य आवश्यकता** : दैनिक जीवनमा अनिवार्य रूपले उपभोग गर्ने वस्तुहरूको आवश्यकतालाई अनिवार्य आवश्यकता मानिन्छ । यसको अभावमा दैनिक जीवन चलाउन पनि धौ धौ परेको हुन्छ उदाहरणका लागि गाँस, बास, कपास, शिक्षा, स्वास्थ्य, सुरक्षा आदि यसभित्र पर्छन् । अनिवार्य आवश्यकतालाई पनि तिन भागमा विभाजन गरिएको पाइन्छ :

१. **जीवनरक्षा सम्बन्धी आवश्यकता** : दैनिक जीवन चलाउनका लागि नभई नहुने वस्तुहरूलाई जीवनरक्षा सम्बन्धी आवश्यकता भनिन्छ, उदाहरणका लागि खाना, कपडा, औषधी तथा आवास आदि ।

२. **कार्यदक्षता सम्बन्धी आवश्यकता** : कार्यदक्षता बढाउनका लागि नभई नहुने वस्तुहरू जसले मानिसका पेसालाई थप मजबुत बनाउन मद्दत गर्छ । उदाहरणका लागि शिक्षकका लागि मार्कर, डस्टर, डाक्टरका लागि शल्यक्रियासँग सम्बन्धित उपकरणहरू आदि । त्यसैगरी मानिसहरू सामान्य खानाबाट बाँच्न त सक्छन् तर तिनीहरू कुशलतापूर्वक काम गर्नका लागि सन्तुलित भोजन, जस्तै : दुध, दही, माछा, मासु, फलफूल आदिको आवश्यकता पर्छ ।

३. **प्रतिष्ठा बढाउने सम्बन्धी आवश्यकता** : मानिस सामाजिक प्राणी भएका हुनाले रीतिरिवाजहरू पालना गर्नुपर्छ । तिनको पालना गर्नु सामाजिक प्रतिष्ठा बन्न जान्छ । उदाहरणका लागि विवाह, चाडपर्व आदि व्यवहार चलाउन चाहिने वस्तुका आवश्यकतालाई यसभित्र राख्न सकिन्छ ।

(**ख**) **आरामदायी आवश्यकता** : जीवन धान्नका लागि खासै आवश्यक नहुने तर आराम, सुख, सुविधा बढाउने खालका वस्तुलाई आरामदायी आवश्यकता भनिन्छ । उदाहरणका लागि जाडो महिनामा हिटर, गर्मीमा पङ्खा, कार, मोटरसाइकल आदि । यी वस्तुका आवश्यकताले कहिलेकाहीँ मानिसहरूको कार्यदक्षतामा वृद्धि गर्छन् । एउटा शिक्षकलाई मोटरसाइकल बिलासीभन्दा पनि दक्षता अभिवृद्धिको आवश्यकता पनि हुन जान्छ ।

(**ग**) **विलासी आवश्यकता** : जुन वस्तुको प्रयोगबाट मानिसले अत्याधिक सुख र सुविधाको आनन्द अनुभव गर्छ । त्यस्तो वस्तुको आवश्यकतालाई विलासी आवश्यकता मानिन्छ । उदाहरणका लागि, फ्रिज, सुन र हिराका गहना, महँगा गाडी आदि । आवश्यकताले मानिसहरूको कार्यदक्षतामा वृद्धि गर्नुको सट्टा ह्रास ल्याउने काम गर्छ वा अल्छी बनाउँछ । यस्ता वस्तुहरूको आवश्यकताले मानिसलाई भोग विलासतिर डोऱ्याउँछ । ती वस्तुको आवश्यकता पूरा गर्न धेरै खर्च गर्नुपर्ने हुनाले सामाजिक कल्याणका दृष्टिकोणबाट तिनलाई अवाञ्छनीय मानिन्छ ।

## १.३ उपभोग

साधारण अर्थमा उपभोग भन्नाले कुनै वस्तुको उपयोग गर्ने कुरा बुझिन्छ तर अर्थशास्त्रमा वस्तु तथा सेवा खरिद गरेर मानिसले आफ्ना आवश्यकता सन्तुष्ट गर्ने कार्यलाई उपभोग भनिन्छ । उदाहरणका लागि मानिसले भोक लागेका बेलामा रोटी खाँदै जाँदा भोक मेटिँदै जान्छ र सन्तुष्टि वा उपयोगिता प्राप्त गर्छ । उपभोगको क्रममा एकातिर वस्तुमा रहेको सन्तुष्टि वा उपयोगिता नष्ट हुन्छ भने अर्कोतिर यसबाट सन्तुष्टि प्राप्त हुन्छ । त्यसैले उपभोगलाई वस्तुमा भएको उपयोगिता नष्ट गर्ने कार्यका रूपमा पनि बुझ्न सकिन्छ । अतः उपभोग भनेको उपयोगिताको विनाश हो तर उपयोगिता विनाश हुँदा मानिसले त्यसबाट सन्तुष्टि प्राप्त गरेकै हुनुपर्छ । उपभोगको अर्थ निम्न लिखित बुँदाबाट प्रस्ट हुन्छ :

(क) उपभोगको क्रममा वस्तुमा भएको उपयोगिता नष्ट हुनुपर्छ ।

(ख) मानवीय आवश्यकता प्रत्यक्ष रूपमा सन्तुष्ट हुनुपर्छ ।

## १.४ धन

सामान्य बोलीचालीको भाषामा रुपियाँ, पैसा, सुन, चाँदीलाई धन भनिए तापनि अर्थशास्त्रमा यसको विशेष अर्थ हुन्छ । अर्थशास्त्रमा कुनै वस्तु धन हुनका लागि उपयोगिता (utility), दुलर्भता (scarcity) र हस्तान्तरणीयता (transferability) जस्ता गुण हुनुपर्छ । यदि यीमध्ये कुनै एउटा गुण भएन भने त्यसलाई धन भन्न मिल्दैन । अर्थशास्त्रमा मानिसहरूका लागि उपयोगिता प्रदान गर्ने सबै आर्थिक वस्तुहरू (economic goods) लाई धन भनिन्छ । उदाहरणका लागि, कार, घर, गरगहना, मेसिन आदि धन हुन् किनभने धनमा हुनुपर्ने सबै गुणहरू यी वस्तुहरूमा रहेका छन् । यी वस्तुहरू उत्पादनमा मानिसको योगदन रहन्छ, त्यसलाई किनबेच गर्न सकिन्छ र यी वस्तुहरू प्राप्त गर्न मूल्य तिर्नपर्ने हुन्छ । यस्ता वस्तुहरू दुर्लभ हुन्छन् वा हामीले चाहेजति पाउँदैनौँ ।

## १.५ मूल्य

हामीले पसलमा कुनै पनि वस्तु खरिद गर्दा यसको मूल्य (price) कति हो भनेर सोध्ने गर्छौँ । पसलेले पनि प्रति के. जी. वा प्रतिलिटर वा प्रतिगोटा यति रुपियाँ भनेर मूल्य बताउँछ । कुनै पनि वस्तु वा साधनको मूल्यले उक्त वस्तु प्राप्त गर्नका लागि के कति कुरा त्याग गर्नुपर्छ भन्ने कुरा देखाउँछ । सामान्यतया वस्तु तथा सेवाको मूल्यलाई मौद्रिक एकाइ (रुपियाँ वा पैसा) मा मापन गरिन्छ । उदाहरणका लागि एउटा छात्राले एउटा कलमका लागि पसले दाइलाई रु. ५० तिर्नुपर्छ भने यहाँ प्रति कलमको मूल्य रु. ५० भएको मानिन्छ । अतः कुनै पनि वस्तु प्राप्त गर्नका लागि हामी जति रकम तिर्ने गर्छौँ, त्यो नै वस्तुको मूल्य हो ।

## १.६ व्यष्टि र समष्टि अर्थशास्त्र

आधुनिक आर्थिक विश्लेषणअनुसार अर्थशास्त्रका विषयवस्तुलाई मुख्य दुई भागमा विभाजन गरिएको छ । ती हुन्, व्यष्टि अर्थशास्त्र र समष्टि अर्थशास्त्र । यिनका बारेमा तल चर्चा गरिएको छ :

### १.६.१ व्यष्टि अर्थशास्त्र

'व्यष्टि' शब्द अग्रेजी शब्द 'माइक्रो' (micro) को नेपाली रूपान्तरण हो । अङ्ग्रेजी शब्द 'माइक्रो' (micro) ग्रिक शब्द 'माइक्रोज' (mikros) बाट व्युत्पत्ति भएको हो। यसको अर्थ सानो भन्ने हुन्छ। त्यसैले व्यष्टि अर्थशास्त्रलाई साना अथवा व्यक्तिगत आर्थिक एकाइ वा क्षेत्रको अध्ययन गर्ने अर्थशास्त्रको शाखाका रूपमा परिभाषित गर्न सकिन्छ। यसलाई 'सूक्ष्म अर्थशास्त्र' पनि भनिन्छ। तसर्थ व्यष्टि अर्थशास्त्रमा व्यक्तिगत वा विशिष्ट वस्तु तथा विशिष्ट साधनको अध्ययन गरिन्छ। यसमा कुनै एक बजार वा एक उपभोक्ता वा एक उद्योगको अध्ययन मात्र गरिन्छ । यसैले व्यष्टि अर्थशास्त्रले आर्थिक जगत्मा ससाना क्रियाकलाप वा एकाइको अध्ययन गर्छ । प्रोफेसर केनेथ इवार्ट बोल्डिङका अनुसार – व्यष्टि अर्थशास्त्रले खास एउटा परिवार, व्यक्तिगत मूल्यहरू, ज्याला, व्यक्तिगत आम्दानी तथा उद्योगहरू र निर्दिष्ट वस्तुहरूको अध्ययन गर्छ (The study of particular household, individual prices, wages, incomes, individual industries, particular commodities)। व्यष्टि अर्थशास्त्रको मुख्य विषयवस्तु बजारमा वस्तु तथा सेवाको मूल्य निर्धारण कसरी हुन्छ भन्ने हो। ती मूल्यबाट प्रभावित माग र पूर्तिको अध्ययन पनि यसका मुख्य विषयवस्तु हुन् । त्यसैले यसलाई 'मूल्य सिद्धान्त' पनि भनिन्छ। प्रोफेसर सुल्जका अनुसार – मूल्य सिद्धान्त व्यष्टि अर्थशास्त्रको मुख्य औजार हो। (Price theory is the main tool of micro economics.)

### १.६.२ समष्टि अर्थशास्त्र

'समष्टि' शब्द अङ्ग्रेजी शब्द 'म्याक्रो' (macro) को नेपाली रूपान्तरण हो। अङ्ग्रेजी शब्द 'म्याक्रो' ग्रिक शब्द 'म्याक्रोज' (makros) बाट व्युत्पत्ति भएको हो जसको अर्थ ठुलो भन्ने हुन्छ । त्यसैले समष्टि अर्थशास्त्रलाई ठुला अथवा समग्र आर्थिक एकाइ वा क्षेत्रको अध्ययन गर्ने अर्थशास्त्रको शाखाका रूपमा परिभाषित गर्न सकिन्छ । यसलाई बृहत् अर्थशास्त्र पनि भनिन्छ। बृहत अर्थशास्त्रमा अर्थव्यवस्थाको समग्र रूपको अध्ययन गरिन्छ । समष्टि अर्थशास्त्रमा सम्पूर्ण अर्थव्यवस्था वा त्यससँग सम्बन्धित कुल तथा औसत मानको अध्ययन गरिन्छ। यसर्थ समष्टि अर्थशास्त्रमा कुल राष्ट्रिय आम्दानी, कुल बचत, कुल रोजगारी र कुल उपभोग आदिको अध्ययन गरिन्छ । त्यसैले व्यापक अर्थशास्त्रअन्तर्गत हामी अर्थ व्यवस्थाको समष्टिगत रूपमा अध्ययन गर्छौं । उदाहरणका लागि एउटा परिवारको आम्दानी, एउटा फर्मको उत्पादनको अध्ययन व्यष्टि अर्थशास्त्रभित्र पर्छ भने राष्ट्रको कुल आम्दानी, सम्पूर्ण उद्योगको उत्पादनको अध्ययन व्यापक अर्थशास्त्रभित्र पर्छ। प्रो. केनेथ इवार्ट बोल्डिङ (Kenneth Ewart Boulding) ले व्यापक अर्थशास्त्रलाई यसरी परिभाषित गरेका छन् - व्यापक अर्थशास्त्रले त्यस्तो कुल परिमाणसित व्यवहार गर्छ, जुन व्यक्तिगत आम्दानीसँग होइन कि राष्ट्रिय आम्दानीसँग व्यक्तिगत मूल्यसँग होइन कि सामान्य मूल्य स्तरसँग, व्यक्तिगत उत्पादनसँग होइन कि राष्ट्रिय उत्पादनसँग सम्बन्धित हुन्छ। (Macro Economics deals with aggregates of these quantities, not with individual incomes but with the national incomes, not with individual prices but with price levels, not with individual output but with the national output.) समष्टि

अर्थशास्त्रले सम्पूर्ण अर्थव्यवस्थाको आम्दानी, रोजगार तथा उत्पादनको अध्ययन गर्ने भएकाले यसलाई 'आय उत्पादन तथा रोजगारको सिद्धान्त' (Theory of Income, Output and Employment) पनि भनिन्छ ।

### १.६.३ व्यष्टि अर्थशास्त्र र समष्टि अर्थशास्त्रबिचका भिन्नताहरू

व्यष्टि अर्थशास्त्र र समष्टि अर्थशास्त्र एकआपसमा अन्तरसम्बन्धित भए तापनि यी दुईबिच केही भिन्नताहरू रहेका छन् । तिनलाई तल उल्लेख गरिएको छ :

(क) 'व्यष्टि' शब्द अङ्ग्रेजी शब्द 'माइक्रो' (micro) को नेपाली रूपान्तरण हो । अङ्ग्रेजी शब्द 'माइक्रो' ग्रिक शब्द 'माइक्रोज' (mikros) बाट व्युत्पत्ति भएको हो । यसको अर्थ सानो भन्ने हुन्छ । त्यसैले व्यष्टि अर्थशास्त्रले साना अथवा व्यक्तिगत आर्थिक एकाइको अध्ययन गर्छ । अर्कोतर्फ समष्टि शब्द अङ्ग्रेजी शब्द 'म्याक्रो' (macro) को नेपाली रूपान्तरण हो । अङ्ग्रेजी शब्द 'म्याक्रो' ग्रिक शब्द 'म्याक्रोज' (makros) बाट व्युत्पत्ति भएको हो । यसको अर्थ ठुलो भन्ने हुन्छ । त्यसैले समष्टि अर्थशास्त्रले ठुला अथवा समग्र आर्थिक चरहरूको अध्ययन गर्छ ।

(ख) व्यक्तिगत आर्थिक एकाइहरूको अध्ययन गर्ने अर्थशास्त्रको शाखालाई व्यष्टि (सूक्ष्म) अर्थशास्त्र भनिन्छ भने समग्र अर्थतन्त्रको अध्ययन गर्ने अर्थशास्त्रको शाखालाई समष्टि (बृहत्) अर्थशास्त्र भनिन्छ ।

(ग) व्यष्टि अर्थशास्त्रका विषयवस्तु एउटा परिवार, एउटा वस्तुको मूल्य, एउटा श्रमिकको ज्याला, एउटा मानिसको आम्दानी, एउटा फर्म वा उद्योगको उत्पादन आदि हुन् भने समष्टि अर्थशास्त्रका विषयवस्तु राष्ट्रिय आम्दानी, कुल राष्ट्रिय उत्पादन, प्रतिव्यक्ति आम्दानी, कुल बचत, कुल रोजगारी र कुल उपभोग आदि हुन् ।

(घ) व्यष्टि अर्थशास्त्रमा वस्तु वा साधनको मूल्य निर्धारण कसरी हुन्छ भन्ने सम्बन्धमा अध्ययन गरिने हुनाले यसलाई मूल्य निर्धारणको सिद्धान्त पनि भनिन्छ । समष्टि अर्थशास्त्रमा सम्पूर्ण अर्थव्यवस्थाको आम्दानी, रोजगारी तथा उत्पादनको अध्ययन गरिने भएकाले यसलाई आय तथा रोजगारीको सिद्धान्त पनि भनिन्छ, उदाहरणका लागि, एउटा परिवारको एक वर्षको आम्दानी र खर्चको अध्ययन व्यष्टि अर्थशास्त्रमा गरिन्छ भने देशका सम्पूर्ण घर परिवारको आम्दानी र खर्चको अध्ययन समष्टि अर्थशास्त्रमा गरिन्छ ।

## अभ्यास

१. **तलका प्रश्नको अति छोटो उत्तर दिनुहोस् :**

(क) अर्थशास्त्र भनेको के हो ?

(ख) 'अर्थशास्त्रका पिता' भनेर कसलाई चिनिन्छ ?

(ग) आडम स्मिथको अर्थशास्त्रको परिभाषा दिनुहोस् ।

(घ) आर्थिक मानव भनेको के हो ?

(ङ) अर्थशास्त्रलाई कल्याणका रूपमा परिभाषित गर्ने अर्थशास्त्री को हुन् ?

(च) दुर्लभता र छनोट सम्बन्धी परिभाषा कुन अर्थशास्त्रीसँग सम्बन्धित छ ?

(छ) वस्तु तथा सेवा भनेको के हो ?

(ज) अर्थशास्त्रमा आवश्यकता भनेको के हो ?

(झ) मूल्य भनेको के हो ?

(ञ) कुनै वस्तु धन हुनका लागि आवश्यक तत्त्वहरू के के हुन् ?

२. **तलका प्रश्नको छोटो उत्तर दिनुहोस् :**

(क) आडम स्मिथको अर्थशास्त्रको परिभाषाका विशेषताहरू लेख्नुहोस् ।

(ख) मार्सलले दिएको अर्थशास्त्रको परिभाषाका मुख्य विचार उल्लेख गर्नुहोस् ।

(ग) रबिन्सको अर्थशास्त्रको दुर्लभता सम्बन्धी परिभाषाका विशेषताहरूको सूची बनाउनुहोस् ।

(घ) उपभोग्य र उत्पादक वस्तुबिच फरक छुट्याउनुहोस् ?

(ङ) प्रतिस्थापक वस्तुको उदाहरणसहित परिभाषा दिनुहोस् ।

(च) धनका विशेषताहरू उल्लेख गर्नुहोस् ।

(छ) समष्टि र व्यष्टि अर्थशास्त्रबिचका भिन्नताहरू लेख्नुहोस् ।

३. **तलका प्रश्नको लामो उत्तर दिनुहोस् :**

(क) मार्सलको अर्थशास्त्रको परिभाषा आलोचनात्मक रूपमा व्याख्या गर्नुहोस् ।

(ख) रबिन्सको अर्थशास्त्रको परिभाषा आलोचनात्मक रूपमा व्याख्या गर्नुहोस् ।

(ग) रबिन्सको परिभाषाका कमजोरीहरूको वर्णन गर्नुहोस् ।

(घ) अर्थशास्त्रका विषयवस्तुहरूको वर्णन गर्नुहोस् ।

(ङ) आवश्यकताका विशेषताहरूको व्याख्या गर्नुहोस् ।

# एकाइ २ : उपयोगिता विश्लेषण

## २.१ उपयोगिता, सीमान्त उपयोगिता र कुल उपयोगिताको अवधारणा

### २.१.१ उपयोगिता

कुनै पनि वस्तु वा सेवामा रहेको मानवीय आवश्यकता पूरा गर्न सक्ने गुणलाई अर्थशास्त्रमा उपयोगिता भनिन्छ । उपभोक्ताले वस्तु वा सेवाको उपभोग गर्दा त्यसबाट उपयोगिता वा सन्तुष्टि प्राप्त गर्छ । उपभोक्ताले वस्तु वा सेवाको उपभोग गर्दा प्राप्त हुने सन्तुष्टिको मात्रालाई उपयोगिता भनिन्छ । यो मनोवैज्ञानिक र वैयक्तिक अवधारणा हो । सामान्यतया उपयोगितालाई सङ्ख्यात्मक रूपमा मापन गर्न सकिन्छ । उपयोगिता मापन गर्ने एकाइलाई युटिल्स भनिन्छ । अर्थशास्त्री अल्फ्रेड मार्सलले उपयोगितालाई मौद्रिक एकाइका आधारमा मापन गर्न सकिने कुरा बताएका छन् । उपयोगितालाई यसका निम्न लिखित विशेषताका आधारमा थप प्रस्ट पार्न सकिन्छ :

(क) उपयोगिता वस्तुको आवश्यकताको तीव्रतामा भर पर्छ । वस्तुको आवश्यकताको तीव्रता बढी हुँदा उक्त वस्तुबाट प्राप्त हुने उपयोगिता पनि बढी हुन्छ भने आवश्यकताको तीव्रता कम हुँदा उपयोगिता पनि कम हुन्छ, उदाहरणका लागि कुनै विद्यार्थीले परीक्षाका बेला कलमबाट पाउने उपयोगिता उसको परीक्षा समाप्त भइसकेपछि उक्त कलमबाट पाउने उपयोगिताभन्दा बढी हुन्छ ।

(ख) उपयोगिता सापेक्षित हुन्छ अर्थात् एउटै वस्तुबाट प्राप्त हुने उपयोगिता पनि व्यक्ति, समय र ठाउँअनुसार फरक फरक हुन्छ, उदाहरणका लागि कुनै व्यक्तिलाई धेरै तिर्खा लागेका बेला एक गिलास पानी पिउँदा प्राप्त हुने उपयोगिता उसलाई तिर्खा नलागेको बेला पानी पिउँदा प्राप्त हुने उपयोगिताभन्दा बढी हुन्छ । त्यसैगरी त्यही एक गिलास पानी अर्को व्यक्तिले पिउँदा प्राप्त हुने उपयोगिता फरक हुन सक्छ ।

(ग) उपयोगिता मापनयोग्य हुन्छ अर्थात् उपभोक्ताले कुनै वस्तुको उपभोगबाट कति उपयोगिता प्राप्त भयो भन्ने कुरा बताउन सक्छ ।

(घ) उपयोगिता लाभदायक हुनैपर्छ भन्ने जरुरी हुँदैन, उदाहरणका लागि कुनै उपभोक्ताको चुरोट सेवन गर्ने बानी छ भने चुरोटको सेवन वा उपभोगबाट उसले उपयोगिता त प्राप्त गर्छ तर चुरोटको सेवन वा उपभोग उसको स्वास्थ्यका लागि लाभदायक हुँदैन ।

(ङ) कुनै वस्तुबाट प्राप्त कुल उपयोगिता उक्त वस्तुको उपभोग गरिएको जम्मा एकाइमा भर पर्छ ।

### २.१.२ सीमान्त उपयोगिता

एउटा उपभोक्ताले कुनै एउटा वस्तुको थप एक एकाइ उपभोग गर्दा उक्त थप एकाइबाट मात्र प्राप्त हुने उपयोगितालाई त्यस एकाइको सीमान्त उपयोगिता भनिन्छ । अर्को शब्दमा वस्तुको एउटा अतिरिक्त एकाइ उपभोग गर्दा कुल उपयोगितामा हुन जाने परिवर्तन नै सीमान्त उपयोगिता हो ।

सीमान्त उपयोगिता निम्न लिखित तरिकाले पत्ता लगाउन सकिन्छ :

$$MU = \frac{\Delta TU}{\Delta Q}$$

जहाँ, MU = सीमान्त उपयोगिता (marginal utility)

$\Delta TU$ = कुल उपयोगितामा परिवर्तन (change in total utility)

$\Delta Q$ = वस्तुको उपभोग परिमाणमा परिवर्तन (change in quantity consumed)

$\Delta$ ले परिवर्तन जनाउँछ ।

### २.१.३ कुल उपयोगिता

एउटा उपभोक्ताले निश्चित समयावधिमा उपभोग गरेका कुनै वस्तुको निश्चित एकाइबाट प्राप्त उपयोगिताको जोड कुल उपयोगिता हो । एउटा उपभोक्ताले निश्चित समयावधिमा कुनै एउटा वस्तुको निश्चित एकाइ उपभोग गर्छ भने त्यस अवस्थामा उपभोक्ताले प्राप्त गर्ने कुल उपयोगितालाई उक्त वस्तुका हरेक एकाइको सीमान्त उपयोगिताको जोडको रूपमा पनि लिन सकिन्छ । यस अवस्थामा,

$TU = MU_1 + MU_2 + MU_3 + \ldots\ldots + MU_n$

जहाँ, $MU_1$, $MU_2$, $MU_3$ र $MU_n$ ले वस्तुको क्रमशः पहिलो, दोस्रो, तेस्रो र n एकाइबाट प्राप्त सीमान्त उपयोगितालाई जनाउँछ ।

TU = कुल उपयोगितामा (total utility)

**उदाहरण** : कुनै एउटा उपभोक्ताले निश्चित समयावधिमा ६ ओटा लड्डु उपभोग गर्छ र उसले लड्डुको पहिलो, दोस्रो, तेस्रो, चौथो, पाँचौं र छैटौं एकाइबाट क्रमशः ४, ३, २, १, ० र -१ बराबरको सीमान्त उपयोगिता प्राप्त गर्छ भने उसले लड्डुको क्रमशः १, २, ३, ४, ५ र ६ एकाइ उपभोग गर्दा प्राप्त गर्ने कुल उयोगिता गणना गर्नुहोस् । कुल र सीमान्त उपयोगितालाई तालिकामा देखाउनुहोस् । तालिकाका आधारमा कुल उपयोगिता वक्ररेखा र सीमान्त उपयोगिता वक्ररेखा निर्माण गरी रेखा चित्रमा पनि देखाउनुहोस् ।

**समाधान** : उपभोक्ताले लड्डुको पहिलो, दोस्रो, तेस्रो, चौथो, पाँचौं र छैटौं एकाइबाट प्राप्त गर्ने कुल उपयोगिता निम्नानुसार गणना गर्न सकिन्छ :

– लड्डुको पहिलो एकाइबाट प्राप्त कुल उपयोगिता

  = ४

- लड्डुको पहिलो र दोस्रो एकाइबाट प्राप्त कुल उपयोगिता

  = ४ + ३ = ७

- लड्डुको पहिलो, दोस्रो र तेस्रो एकाइबाट प्राप्त कुल उपयोगिता

  = ४ + ३ + २ = ९

- लड्डुको पहिलो, दोस्रो, तेस्रो र चौथो एकाइबाट प्राप्त कुल उपयोगिता

  = ४ + ३ + २ + १ = १०

- लड्डुको पहिलो, दोस्रो, तेस्रो, चौथो र पाँचौँ एकाइबाट प्राप्त कुल उपयोगिता

  = ४ + ३ + २ + १ + ० = १०

- लड्डुको पहिलो, दोस्रो, तेस्रो, चौथो, पाँचौँ र छैटौँ एकाइबाट प्राप्त कुल उपयोगिता

  = ४ + ३ + २ + १ + ० + (-१) = ९


उपभोक्ताले लड्डुको पहिलो, दोस्रो, तेस्रो, चौथो, पाँचौँ र छैटौँ एकाइबाट प्राप्त सीमान्त उपयोगिता र कुल उपयोगितालाई तालिकामा निम्नानुसार देखाउन सकिन्छ :

### कुल र सीमान्त उपयोगिताको तालिका

| लड्डुका एकाइ | सीमान्त उपयोगिता | कुल उपयोगिता |
|---|---|---|
| पहिलो | ४ | ४ |
| दोस्रो | ३ | ४+३=७ |
| तेस्रो | २ | ४+३+२=९ |
| चौथो | १ | ४+३+२+१=१० |
| पाँचौँ | ० | ४+३+२+१+०=१० |
| छैटौँ | -१ | ४+३+२+१+०-१=९ |

माथिको तालिकाको आधारमा उपभोक्ताले लड्डुको पहिलो, दोस्रो, तेस्रो, चौथो, पाँचौँ र छैटौँ एकाइबाट प्राप्त गरेको सीमान्त उपयोगितालाई सीमान्त उपयोगिता वक्रद्वारा र कुल उपयोगितालाई कुल उपयोगिता वक्रद्वारा तल रेखा चित्रमा देखाइएको छ :

### कुल र सीमान्त उपयोगिता वक्ररेखा




रेखा चित्र (क) : कुल उपयोगिता वक्र रेखा




रेखा चित्र (ख) : सीमान्त उपयोगिताको वक्र रेखा

## २.२ सीमान्त उपयोगिता ह्रास नियम

सीमान्त उपयोगिता ह्रास नियमको व्याख्या सबैभन्दा पहिले सन् १८५४ मा जर्मन अर्थशास्त्री हर्मन हाइनरिख गोसेन (Herman Heinrich Gossen) ले गरेका हुन् । त्यसैले यस नियमलाई 'गोसेनको पहिलो नियम' (First Law of Gossen) पनि भनिन्छ । पछि नवशास्त्रीय अर्थशास्त्री अल्फ्रेड मार्सल (Alfred Marshall) ले यसलाई परिष्कृत गरी लोकप्रिय बनाए ।

यस नियमअनुसार यदि कुनै एउटा उपभोक्ताले निश्चित समयावधिमा एउटै वस्तुको थप एकाइ निरन्तर रूपमा उपभोग गर्दै जान्छ भने उसले वस्तुको पछिल्ला एकाइबाट प्राप्त गर्ने उपयोगिता (सीमान्त उपयोगिता) क्रमशः घट्दै जान्छ ।

यस नियमलाई परिभाषित गर्दै अर्थशास्त्री अल्फ्रेड मार्सल भन्छन् – अन्य कुराहरू यथावत् रहेका अवस्थामा कुनै एउटा व्यक्तिसँग भएको एउटा वस्तुको मौज्दातमा जतिजति वृद्धि हुँदै जान्छ उसले वस्तुको मौज्दातमा भएको हरेक वृद्धिबाट प्राप्त गर्ने उपयोगिता पनि त्यति त्यति घट्दै जान्छ। (The additional benefit which a person derives from an increase of his stock of a thing diminishes, other things being equal,with every increase in the stock that he already has.)

अतः सीमान्त उपयोगिता ह्रास नियमअनुसार उपभोक्ताले कुनै वस्तुको एकाइ क्रमिक रूपमा उपभोग गर्दै जाँदा उक्त वस्तुको पछिल्लो एकाइबाट प्राप्त सीमान्त उपयोगिता क्रमशः घट्दै गई शून्यमा पुग्छ र त्यसपछि पनि वस्तुको थप एकाइ उपभोग गर्छ भने त्यसबाट उसले ऋणात्मक उपयोगिता प्राप्त गर्छ।

**सीमान्त उपयोगिता ह्रास नियमका मान्यताहरू**

(क) उपभोक्ता विवेकशील हुनुपर्छ साथै उपभोग अवधिमा उपभोक्ताको मानसिक अवस्थामा परिवर्तन हुनु हुँदैन।

(ख) उपभोग गरिने वस्तुका एकाइ समरूपी हुनुपर्छ।

(ग) उपभोग गरिने वस्तुका एकाइ उपयुक्त, स्तरीय र परिभाषित हुनुपर्छ।

(घ) वस्तुका एकाइको उपभोगमा नियमितता हुनुपर्छ अर्थात् एउटा एकाइ र अर्को एकाइको उपभोगमा लामो समयको अन्तराल हुनु हुँदैन।

(ङ) उपभोग प्रक्रिया अवधिमा उपभोक्ताको बानी, रुचि, स्वाद, प्राथमिकतामा कुनै परिवर्तन हुनु हुँदैन।

(च) उपभोग गरिने वस्तु र उक्त वस्तुको प्रतिस्थापक वस्तुको मूल्यमा कुनै परिवर्तन हुनु हुँदैन।

(छ) उपभोक्ताको आम्दानीमा कुनै परिवर्तन हुँदैन।

(ज) वस्तुका एकाइको उपभोगबाट प्राप्त उपयोगिता सङ्ख्यात्मक रूपमा मापन गर्न सकिन्छ।

सीमान्त उपयोगिता ह्रास नियमअनुसार उपभोक्ताले वस्तुका थप एकाइ उपभोग गर्दै जाँदा उपभोग गरिएका पछिल्ला एकाइहरूबाट प्राप्त हुने उपयोगिता क्रमशः घट्दै गई शून्यमा पुग्छ। यस अवस्थालाई सन्तुष्टिको बिन्दु (saturation point) पनि भनिन्छ। यस अवस्थामा कुल उपयोगिता अधिकतम हुन्छ। यदि यसपछि पनि उपभोक्ताले वस्तुका एकाइको उपभोग बढाउँछ भने ती बढाइएका एकाइबाट प्राप्त हुने सीमान्त उपयोगिता ऋणाात्मक हुन्छ अथवा उपभोक्ताले उपयोगिताको सट्टा अनुपयोगिता (disutility) प्राप्त गर्छ।


उदाहरणका लागि, एक जना भोकाएको उपभोक्ताले समोसाका छ ओटा समरूपी एकाइ उपभोग गर्छ भन्ने मानौँ, यहाँ सीमान्त उपयोगिता ह्रास नियमअनुसार उपभोक्ताले समोसाको पहिलो एकाइबाट प्राप्त गरेको उपयोगिताभन्दा समोसाको दोस्रो एकाइबाट प्राप्त गरेको उपयोगिता कम हुन्छ। त्यस्तै समोसाको तेस्रो, चौथो  पाँचौँ र छैटौँ एकाइबाट प्राप्त गरेको उपयोगिता क्रमशः घट्दै जान्छ। यस कुरालाई तल तालिकामा देखाइएको छ :

## सीमान्त उपयोगिता ह्रास नियमको तालिका

| समोसाको एकाइ | कुल उपयोगिता | सीमान्त उपयोगिता |
|---|---|---|
| पहिलो | ४ | ४ |
| दोस्रो | ७ | ३ |
| तेस्रो | ९ | २ |
| चौथो | १० | १ |
| पाँचौँ | १० | ० शून्य उपयोगिता |
| छैटौँ | ९ | -१ ऋणात्मक उपयोगिता |

तालिकामा उपभोक्ताले समोसाको पहिलो एकाइ उपभोग गर्दा ४ युटिल्स बराबरको उपयोगिता प्राप्त गरको देखाइएको छ । उसले दोस्रो एकाइ समोसा उपभोग गर्दा पहिलोबाट भन्दा कम अर्थात् ३ युटिल्स बराबरको उपयोगिता प्राप्त गरेको छ । उपभोक्ताले तेस्रो एकाइ समोसा उपभोग गर्दा पहिलो र दोस्रो एकाइ समोसाबाट भन्दा पनि कम अर्थात् २ युटिल्स बराबरको उपयोगिता प्राप्त गर्छ । त्यस्तै चौथो एकाइ समोसाबाट तेस्रोबाट भन्दा कम अर्थात् १ युटिल्स बराबरको उपयोगिता प्राप्त गर्छ । यहाँ चौथो एकाइ समोसा उपभोग गर्दासम्म उपभोक्ताले प्राप्त गरेको उपयोगिता धनात्मक (positive) छ । तर पाँचौँ एकाइ समोसा उपभोग गर्दा सीमान्त उपयोगिता घटेर शून्यमा पुगेको छ अर्थात् पाँचौँ एकाइ समोसाबाट शून्य उपयोगिता प्राप्त भएको छ । यो अवस्था भनेको उपभोक्ताको पूर्ण सन्तुष्टि अर्थात् अघाएको अवस्था हो । यदि उपभोक्ताले यसपछि पनि समोसाको थप एकाइ अर्थात् छैटौँ एकाइ उपभोग गर्छ भने त्यसबाट उसले उपयोगिताको सट्टा अनुपयोगिता (disutility) अथवा ऋणात्मक उपयोगिता प्राप्त गर्छ । यहाँ समोसाको छैटौँ एकाइ उपभोग गर्दा उपभोक्ताले -१ युटिल्स उपयोगिता प्राप्त गरेको देखिन्छ । सीमान्त उपयोगिता ह्रास नियमलाई रेखा चित्रको सहायताले तल व्याख्या गरिएको छ :

## सीमान्त उपयोगिता ह्रास नियमको रेखा चित्र



माथि दिइएको रेखा चित्रको X– अक्षमा समोसाका एकाइ र Y– अक्षमा समोसाबाट प्राप्त सीमान्त उपयोगिता मापन गरिएको छ । यहाँ उपभोक्ताले समोसाको पहिलो एकाइ उपभोग गर्दा सबभन्दा बढी अर्थात् ४ सीमान्त उपयोगिता प्राप्त गरेको छ । त्यस्तै दोस्रो एकाइ उपभोग गर्दा पहिलोबाट भन्दा कम अर्थात् ३ सीमान्त उपयोगिता प्राप्त गरेको छ । यसैगरी समोसाका तेस्रो र चौथो एकाइ उपभोग गर्दा गर्दा सीमान्त उपयोगिता  घटेर क्रमशः २ र १ भएको छ । यसपछि समोसाको पाँचौँ एकाइ उपभोग गर्दा  सीमान्त उपयोगिता घटेर ० (शून्य) हुन पुगेको छ । यस कुरालाई X – अक्षमा रहेको बिन्दु E ले देखाउँछ । सीमान्त उपयोगिता शून्य भएको यस बिन्दुलाई पूर्ण सन्तुष्टिको बिन्दु भनिन्छ । यस बिन्दुमा कुल उपयोगिता अधिकतम हुन्छ । उपभोक्ताले यसपछि पनि समोसाका थप एकाइ अर्थात् छैटौँ एकाइ उपभोग गर्छ भने सीमान्त उपयोगिता घटेर ऋणात्मक अर्थात् –१ हुन जान्छ । यस कुरालाई X – अक्षभन्दा तल रहेको बिन्दु F ले देखाउँछ । यदि हामीले समोसाका एकाइ र ती एकाइबाट प्राप्त सीमान्त उपयोगिता देखाउने विभिन्न संयोग वा बिन्दुहरू A, B, C, D, E र F लाई क्रमशः जोड्यौँ भने बायाँबाट दायाँतिर झुकेको अर्थात् ऋणात्मक झुकावको सीमान्त उपयोगिता रेखा बन्छ । यो सीमान्त उपयोगिता रेखाले उपभोक्ताले कुनै वस्तुका एकाइ क्रमिक रूपमा उपभोग गर्दै जाँदा पछिल्ला एकाइबाट प्राप्त सीमान्त उपयोगिता क्रमशः घट्दै जाने कुरालाई देखाउँछ । अर्थात् ऋणात्मक झुकावको सीमान्त उपयोगिता रेखा AF ले सीमान्त उपयोगिता ह्रास नियमलाई देखाउँछ ।

## सीमान्त उपयोगिता ह्रास नियमका सीमाहरू

अर्थशास्त्रका नियम वा सिद्धान्तहरू उल्लेख गर्दा 'अन्य कुरा यथावत् रहेमा' भन्ने वाक्यांश प्रयोग गरिएको हुन्छ । यसको अर्थ नियम लागु हुनका लागि केही आवश्यक सर्तहरू पूरा हुनुपर्छ भन्ने हो । यी सर्तलाई नै उक्त नियम वा सिद्धान्तका मान्यताहरू भनिन्छ । अर्थशास्त्रका अन्य नियम वा सिद्धान्तहरू जस्तै सीमान्त उपयोगिता ह्रास नियम पनि निश्चित मान्यताहरूमा आधीरत छ । यी मान्यताहरू क्रियाशील नभएको अवस्थामा यो नियम लागु हुँदैन । सीमान्त उपयोगिता ह्रास नियम लागु नहुने अवस्थाहरूलाई नै सीमान्त उपयोगिता ह्रास नियमका सीमा अथवा अपवाद भनिन्छ । तल सीमान्त उपयोगिता ह्रास नियमका केही सीमा अथवा अपवादहरू प्रस्तुत गरिएको छ :

(क) **उपभोक्ता विवेकशील नभएमा** : उपभोक्ता विवेकशील नभएमा अर्थात् वस्तुको उपभोग गर्ने क्रममा उसको मानसिक स्थिति परिवर्तन भएमा यो नियम लागु हुँदैन, उदाहरणका लागि वस्तुको उपभोग गर्ने क्रममा उपभोक्ताले नशालु पदार्थ सेवन गरेमा उसले नसाको सुरमा वस्तुका पछिल्ला एकाइको उपभोगबाट पहिलाभन्दा झन् बढी उपयोगिता प्राप्त गर्न सक्छ ।

(ख) **उपभोग गरिने वस्तुका एकाइ समरूपी नभएमा** : उपभोग गरिने वस्तुका हरेक एकाइको स्वाद, गुणस्तर, रङ, आकार समान नभएमा सीमान्त उपयोगिता ह्रास नियम लागु हुन सक्दैन । उदाहरणका लागि, उपभोग गरिने वस्तुको पहिलो एकाइ स्वाद विहीन छ र दोस्रो एकाइ गुलियो छ भने उपभोक्ताले वस्तुको पहिलो एकाइबाट भन्दा दोस्रो एकाइबाट बढी उपयोगिता प्राप्त गर्छ  । यो कुरा सीमान्त उपयोगिता ह्रास नियम विपरीत हुन जान्छ ।

(ग) **उपभोग गरिने वस्तुका एकाइ उपयुक्त, स्तरीय र परिभाषित नभएमा** : उपभोग गरिने वस्तुका एकाइ उपयुक्त र परिभाषित नभएमा सीमान्त उपयोगिता ह्रास नियम क्रियाशील हुँदैन, उदाहरणका लागि तिर्खा लागेको मानिसलाई सुरुमा एक चम्चा पानी दिइन्छ। त्यसको लगत्तै उसलाई एक गिलास पानी दिइन्छ भने पहिलो एकाइ एक चम्चा पानीबाट भन्दा दोस्रो एकाइ एक गिलास पानीबाट उसले बढी उपयोगिता प्राप्त गर्छ । तसर्थ सीमान्त उपयोगिता ह्रास नियमको प्रयोग वा परीक्षण अवधिमा उपभोग गरिने वस्तुका एकाइ उपयुक्त हुनुपर्छ । त्यस्तै उपभोग गरिने वस्तुका एकाइ स्तरीय अर्थात् सबैलाई मान्य हुने वा सबैले मानी आएका एकाइ हुनुपर्छ । उदाहरणका लागि, दुधको गिलास, चियाको कप, खानाको प्लेट, जुत्ताका जोर आदि स्तरीय एकाइ हुन सक्छन् । त्यस्तै वस्तु कुन एकाइमा उपभोग गरिएको हो भन्ने कुरा परिभाषित हुनुपर्छ । उदाहरणका लागि, उपभोग गरिने वस्तु, जस्तै : पानीको एकाइ कप वा गिलास वा बोतल के हो, प्रस्ट हुनुपर्छ ।

(घ) **वस्तुका एकाइको उपभोगमा नियमितता नभएमा** : वस्तुका एकाइको उपभोग एउटा निश्चित समयावधि भित्रमा नभएमा साथै वस्तुका एकाइको उपभोग लगातार नभएमा अर्थात् वस्तुको एउटा एकाइ र अर्को एकाइको उपभोगको बिचमा लामो अन्तराल भएमा सीमान्त उपयोगिता ह्रास नियमले काम गर्दैन । वस्तुको एउटा एकाइ र अर्को एकाइको उपभोगको बिचमा लामो अन्तराल भएमा वस्तुको पहिलो एकाइले भन्दा दोस्रो एकाइले बढी उपयोगिता दिन सक्छ। यस्तो हुन गएमा यो सीमान्त उपयोगिता ह्रास नियम विपरीत हुन्छ।

(ङ) **उपभोग प्रक्रिया अवधिमा उपभोक्ताको बानी, रुचि, स्वाद, फेसन, प्राथमिकतामा परिवर्तन भएमा** : उपभोग प्रक्रिया अवधिमा उपभोक्ताको बानी, रुचि, स्वाद, प्राथमिकतामा परिवर्तन भएमा सीमान्त उपयोगिता ह्रास नियम लागु हुँदैन, उदाहरणका लागि रक्सी पिउने बानी नहुने मानिसले सुरुमा रक्सी पिउँदा शून्य उपयोगिता प्राप्त गर्छ। तर पछि उसमा रक्सी पिउने बानी बस्न जान्छ भने उसले रक्सीबाट उपयोगिता प्राप्त गर्छ। त्यस्तै कुनै एउटा उपभोक्ताले कुनै कम्पनीको फेसनमा नआएको एउटै किसिमका जुत्ता प्रयोग गर्छ भने उसलाई पहिलो जोर जुत्ताले भन्दा दोस्रो जोर जुत्ताले कम उपयोगिता दिन्छ । तर बजारमा उक्त जुत्ता सबैले प्रयोग गर्न थाले अर्थात् उक्त जुत्ताको फेसन बढ्दै गयो भने उक्त उपभोक्ताले पछिल्ला जोर जुत्ताबाट बढी उपयोगिता प्राप्त गर्छ । यसैगरी एउटा अशिक्षित व्यक्तिका लागि पुस्तक प्राथमिकतामा नपर्दा उसले उक्त पुस्तकबाट कुनै उपयोगिता प्राप्त गर्दैन । तर ऊ शिक्षित बन्न चाहन्छ र पढ्न थाल्छ भने पुस्तक प्राथमिकतामा पर्छ। फलस्वरूप उसले पुस्तकबाट उपयोगिता प्राप्त गर्छ।

(च) **उपभोग गरिने वस्तु र उक्त वस्तुको प्रतिस्थापक वस्तुको मूल्यमा परिवर्तन भएमा** : उपभोक्ताले उपभोग गर्ने वस्तु खरिद गर्दा उसले वस्तुबाट प्राप्त उपयोगिा र वस्तुको मूल्य तिर्दा मुद्रामार्फत त्याग गरेको उपयोगिता तुलना गर्छ । वस्तुको मूल्य घट्दा उपभोक्ताको वस्तु खरिद गर्ने इच्छा तीव्र हुन जान्छ अर्थात् वस्तुको उपयोगिता पनि बढ्छ । त्यसैगरी उपभोक्ताले उपभोग गर्ने वस्तुको मूल्य यथावत् रहेको अवस्थामा उक्त वस्तुको सट्टामा

प्रयोग गर्न सकिने अन्य वस्तु अर्थात् प्रतिस्थापक वस्तुको मूल्य बढेमा पनि उपभोक्ताले मूल्य यथावत् रहेको वस्तुको खरिद बढाउने चाहना राख्छ अर्थात् मूल्य यथावत् रहेको वस्तुको उपयोगिता बढ्छ । तसर्थ उपभोग गरिने वस्तु र उक्त वस्तुको प्रतिस्थापक वस्तुको मूल्यमा परिवर्तन भएमा सीमान्त उपयोगिता ह्रास नियम लागु हुँदैन ।

त्यसैगरी उपभोक्ताको आम्दानीमा परिवर्तन भएमा र वस्तुका एकाइको उपभोगबाट प्राप्त उपयोगिता सङ्ख्यात्मक रूपमा मापन गर्न नसकिने अवस्थामा पनि सीमान्त उपयोगिता ह्रास नियम लागु हुँदैन ।

**सीमान्त उपयोगिता ह्रास नियमको महत्त्व** : उपभोक्ताको सामान्य व्यवहारका आधारमा सीमान्त उपयोगिता ह्रास नियम बनेकाले यसकै आधारमा विभिन्न आर्थिक नीति र क्रियाकलाप निर्देशित हुन्छन् । उपयोगिता ह्रास नियमले सरकारलाई करद्वारा समाजमा धन सम्पत्तिको समान वितरण कायम गर्न, उत्पादक र बिक्रेतालाई बजारमा वस्तु तथा सेवाहरूको मूल्य निर्धारण र माग पूर्वानुमान गर्न तथा उपभोक्तालाई वस्तु उपभोगको क्रममा आफूले खर्च गरेको रकम र वस्तुबाट प्राप्त सन्तुष्टि तुलना गरी सन्तुष्टि अधिकतम बनाउन साथै उपभोक्ताको बचत निर्धारण गर्न सहयोग गर्छ ।

## २.३ समसीमान्त उपयोगिताको नियम

समसीमान्त उपयोगिताको नियमको प्रतिपादन जर्मन अर्थशास्त्री हर्मन हाइनरिख गोसेन (Herman Heinrich Gossen) ले गरेका हुन् । त्यसैले यस नियमलाई 'गोसेनको दोस्रो नियम' (Second law of Gossen) पनि भनिन्छ । यस नियमअनुसार उपभोक्ताले आफ्नो सीमित साधनलाई दुई वा दुईभन्दा बढी वस्तुमा खर्च गर्दा अधिकतम उपयोगिता वा सन्तुष्टि प्राप्त हुनेगरी खर्च गर्ने भएकाले यस नियमलाई 'अधिकतम सन्तुष्टिको नियम' (Law of maximum satisfaction) पनि भनिन्छ । उपभोगक्तासँग वस्तुहरूमा खर्च गर्नका लागि साधन सीमित हुन्छ । उपभोक्ताले वस्तुको उपभोग गर्दै जाँदा त्यसबाट प्राप्त उपयोगिता घट्दै जान्छ । त्यसैले यस नियमअनुसार उपभोक्ताले वस्तुहरूको उपभोगबाट प्राप्त सन्तुष्टि अधिकतम बनाउनका लागि उसले कम उपयोगिता दिने वस्तुका एकाइको सट्टामा बढी उपयोगिता दिने वस्तुका एकाइ प्रतिस्थापन गर्दै उपभोग अघि बढाउने भएकाले यो नियमलाई 'प्रतिस्थापनको नियम' (Law of substitution) पनि भनिन्छ । यो नियम उपभोक्ताले एउटा मात्र वस्तु वा सेवा उपभोग नगरी दुई वा दुईभन्दा बढी वस्तु वा सेवाहरू उपभोग गर्छ भन्ने मान्यतामा आधारित छ ।

अर्थशास्त्री अल्फ्रेड मार्सलका अनुसार – यदि कुनै व्यक्तिसँग विभिन्न प्रयोगमा ल्याउन सकिने कुनै साधन छ भने उसले उक्त साधनलाई विभिन्न प्रयोगहरूका बिच समान सीमान्त उपयोगिता प्राप्त गर्ने किसिमले वितरण गर्छ । यसका लागि उसले दोस्रो प्रयोगबाट भन्दा पहिलो प्रयोगबाट बढी सीमान्त उपयोगिता प्राप्त हुन्छ भने उसले दोस्रो प्रयोगबाट केही साधनलाई झिकेर पहिलो उपयोगमा थप गर्छ र अधिकतम लाभ प्राप्त गर्छ । (If a person has a thing which he can put to several uses, he will distribute it between these uses in such a way that it has the same marginal utility in all. For, if it has a greater marginal utility in one use than in another, he would be gain by taking some of it from the second use and applying it to the first.)

यसरी उपभोक्ताले कम सीमान्त उपयोगिता प्राप्त हुने वस्तुबाट केही साधन झिकेर त्यसलाई बढी सीमान्त उपयोगिता प्राप्त हुने वस्तुमा प्रयोग गर्दै जान्छ र अन्त्यमा सबै वस्तुहरूबाट प्राप्त सीमान्त उपयोगितालाई एकआपसमा बराबर बनाउँछ । यस अवस्थामा उपभोक्ताले प्राप्त गरेको उपयोगिता अधिकतम हुन्छ ।

## समसीमान्त उपयोगिता नियमका मान्यताहरू

(क) उपभोक्ता विवेकशील हुन्छ अर्थात् उसले आफ्नो सीमित आम्दानीलाई वस्तुहरूमा खर्च गर्दा अधिकतम सन्तुष्टि प्राप्त हुनेगरी खर्च गर्छ ।

(ख) उपभोक्ताले दुई वस्तु (स्याउ र सुन्तला) मात्र उपभोग गर्छ ।

(ग) उपभोग गरिने हरेक वस्तुका एकाइ समरूपी हुन्छन् ।

(घ) उपभोग गरिने वस्तुका एकाइ उपयुक्त, स्तरीय र परिभाषित हुन्छन् तथा वस्तु उपभोगको समयावधि निश्चित हुन्छ ।

(ङ) उपभोग प्रक्रिया अवधिमा उपभोक्ताको बानी, रुचि, स्वाद, प्राथमिकतामा कुनै परिवर्तन हुनु हुँदैन ।

(च) उपभोग गरिने वस्तुहरूको मूल्य र उपभोक्ताको आम्दानी दिइएको अर्थात् निश्चित हुन्छ ।

(छ) वस्तुका एकाइको उपभोगबाट प्राप्त उपयोगिता सङ्ख्यात्मक रूपमा मापन गर्न सकिन्छ ।

(ज) वस्तुहरूको उपभोगका क्रममा सीमान्त उपयोगिता ह्रास नियम लागु हुन्छ ।

माथि उल्लिखित मान्यताहरूका आधारमा समसीमान्त उपयोगिता ह्रास नियमलाई तल तालिकाद्वारा प्रस्ट पारिएको छ ।

मानौँ, एउटा उपभोक्तासँग साधन वा आम्दानी रु. ५ छ । उसले उक्त रु. ५ दुई वस्तुहरू मानौँ, स्याउ र सुन्तलामा खर्च गर्छ । स्याउ र सुन्तलाको प्रति एकाइ मूल्य रु. १ अर्थात् समान छ । समसीमान्त उपयोगिता ह्रास नियमअनुसार उपभोक्ताले आफूसँग भएको रकम रु. ५ वस्तुहरूमा खर्च गर्दा त्यस किसिमले गर्छ, जसबाट उसलाई प्राप्त कुल उपयोगिता वा सन्तुष्टि अधिकतम हुन्छ । उपभोक्ताको कुल उपयोगिता वा सन्तुष्टि अधिकतम त्यतिबेला मात्र हुन्छ जतिबेला उसले आफ्नो सम्पूर्ण रकम दुई वस्तुहरू अर्थात् स्याउ र सुन्तलामा खर्च गर्दा हरेक वस्तुका अन्तिम एकाइबाट प्राप्त सीमान्त उपयोगिता बराबर हुन्छ ।

## समसीमान्त उपयोगिता ह्रास नियमको तालिका

| वस्तुका एकाइ | स्याउका एकाइको सीमान्त उपयोगिता | सुन्तलाका एकाइको सीमान्त उपयोगिता |
|---|---|---|
| पहिलो | १२ (पहिलो रुपियाँ) | ९ (तेस्रो रुपियाँ) |
| दोस्रो | १०(दोस्रो रुपियाँ) | ८ (चौथो रुपियाँ) |
| तेस्रो | ८ (पाँचौँ रुपियाँ) | ७ |
| चौथो | ६ | ६ |
| पाँचौँ | ४ | ५ |
| जम्मा | ४० | ३५ |

उपभोक्ताले तालिकामा दिइएका दुई वस्तुका विभिन्न एकाइबाट प्राप्त हुने सीमान्त उपयोगिता तुलना गर्छ । उसले पहिलो रुपियाँ स्याउको पहिलो एकाइको खरिदमा खर्च गर्छ कि( नभने यसबाट उसलाई सबैभन्दा बढी १२ युटिल्स बराबर उपयोगिता अथवा सीमान्त उपयोगिता प्राप्त हुन्छ । अब उसले दोस्रो रुपियाँ पनि स्याउको दोस्रो एकाइको खरिदमा लगाउँछ किनभने स्याउको दोस्रो एकाइले १० युटिल्स बराबरको उपयोगिता अथवा सीमान्त उपयो गिता दिन्छ । तर उपभोक्ताले अब तेस्रो रुपियाँ स्याउमा खर्च नगरी सुन्तलामा खर्च गर्छ कि( नभने उसलाई सुन्तलाको पहिलो एकाइबाट ९ युटिल्स बराबर उपयोगिता अथवा सीमान्त उपयोगिता प्राप्त हुन्छ । त्यस्तै उसले चौथो रुपियाँ पुनः सुन्तलाको दोस्रो एकाइमा खर्च गर्छ जसबाट उसले ८ युटिल्स बराबर उपयोगिता अथवा सीमान्त उपयोगिता प्राप्त गर्छ । अब उपभोक्ताले पाँचौँ रुपियाँ सुन्तलामा खर्च नगरी स्याउमा खर्च गर्छ किनभने उसलाई सुन्तलाको तेस्रो एकाइबाट भन्दा स्याउको तेस्रो एकाइबाट बढी सीमान्त उपयोगिता प्राप्त हुन्छ ।

अतः उपभोक्ताको मौद्रिक आम्दानी रु. ५ र दुवै वस्तुका प्रति एकाइ मूल्य रु. १ अर्थात् समान भएको अवस्थामा उसले स्याउका ३ एकाइ र सुन्तलाका २ एकाइ उपभोग गर्दा अधिकतम सन्तुष्टि प्राप्त गर्छ, अथवा १२ + १० + ९+ ८ + ८ = ४७ युटिल्स बराबर कुल उपयोगिता प्राप्त गर्छ । यो नै उसको अधिकतम कुल उपयोगिता प्राप्त गरको अथवा सन्तुलनको अवस्था हो । यस अवस्थामा उपभोक्ताले आफूसँग भएको सबै रकम दुई वस्तुको उपभोगमा खर्च गरेको हुन्छ । साथै दुवै वस्तुका अन्तिम एकाइबाट प्राप्त उपयोगिता अथवा सीमान्त उपयोगिता बराबर हुन्छ । यो अवस्थाबाहेक अन्य कुनै पनि अवस्था उसको अधिकतम सन्तुष्टिको अवस्था हुन सक्दैन ।

यहाँ यदि उपभोक्ताले आफूसँग भएको सबै रकम रु. ५ स्याउको खरिदमा लगाएमा उसले स्याउका ५ एकाइ खरिद गर्न सक्छ जसबाट उसले कुल उपयोगिता ४० युटिल्स बराबर मात्र प्राप्त गर्छ । त्यसैगरी उसले सबै रकम रु. ५ सुन्तलाको खरिदमा लगाएमा उसले सुन्तलाका ५ एकाइ खरिद गर्न सक्छ जसबाट उसले कुल उपयोगिता ३५ युटिल्स बराबर मात्र प्राप्त गर्छ । यदि उपभोक्ताले आफूसँग भएको रु. ५ ले स्याउका ३ एकाइ र सुन्त( लाका २ एकाइको सट्टा स्याउका २ एकाइ र सुन्तलाका ३ एकाइ खरिद गरी उपभोग गरेमा उसले जम्मा १२ + १० + ९ + ८ + ७ = ४६ युटिल्स बराबर मात्र कुल उपयोगिता प्राप्त गर्छ । तसर्थ उपभोक्ताले अधिकतम सन्तुष्टि प्राप्त गर्ने एउटै मात्र विकल्प भनेको स्याउका ३ एकाइ र सुन्तलाका २ एकाइको उपभोग हो । योभन्दा बाहेकका अन्य कुनै पनि विकल्पले उसलाई अधिकतम सन्तुष्टि अथवा अधिकतम कुल उपयोगिता दिन सक्दैनन् ।

## समसीमान्त उपयोगिता नियमका सीमा अथवा अपवादहरू

समसीमान्त उपयोगिताको नियम लागु नहुने अथवा क्रियाशील नहुने अवस्थाहरू नै यस नियमका सीमा अथवा अपवादहरू हुन् । यी सीमा अथवा अपवादहरू निम्न लिखित छन् :

(**क**) **उपभोक्ता विवेकशील नभएमा** : कुनै उपभोक्ताले सीमित साधन वस्तुहरूको खरिदमा खर्च गर्दा अधिकतम सन्तुष्टि प्राप्त हुनेगरी खर्च गर्छ भने त्यस्तो उपभोक्तालाई विवेकशील भनिन्छ । उपभोक्ता विवेकशील नभएमा यो नियम लागु हुँदैन ।

(ख) **सीमान्त उपयोगिता ह्रास नियम लागु नभएमा** : समसीमान्त उपयोगिताको नियम सीमान्त उपयोगिता ह्रास नियममा आधारित छ । त्यसैले सीमान्त उपभोगिता ह्रास नियम लागु नहुने अवस्थामा यो नियम लागु हुँदैन ।

(ग) **मुद्राको सीमान्त उपयोगिता स्थिर नभएमा** : यो नियम वस्तुको उपभोगबाट प्राप्त उपयोगिता सङ्ख्यात्मक रूपमा मुद्राद्वारा वा काल्पनिक एकाइ युटिल्समा मापन गर्न सकिन्छ भन्ने मान्यतामा आधारित छ । त्यसैले यस नियमले मुद्राको सीमान्त उपयोगिता स्थिर मान्छ । तर मुद्राको सीमान्त उपयोगिता स्थिर नभई परिवर्तनशील भएमा अथवा उपयोगिता सङ्ख्यात्मक रूपमा मापन गर्न नसकिने अवस्थामा यो नियम क्रियाशील हुँदैन ।

(घ) **उपभोग अवधिमा उपभोक्ताको आय र वस्तुहरूको मूल्यमा परिवर्तन भएमा** : यदि उपभोग अवधिमा उपभोक्ताको आय वा वस्तुको मूल्यमा परिवर्तन भएमा उक्त वस्तुबाट प्राप्त उपयोगितामा परिवर्तन हुन गई उपभोक्ताको सन्तुलन अवस्थामा पनि परिवर्तन हुन्छ अर्थात् समसीमान्त उपयोगिताको नियम लागु हुँदैन ।

(ङ) **उपभोक्ताको बानी, रुचि, प्राथमिकता, फेसन आदि परिवर्तन भएमा** : यदि उपभोग अवधिमा उपभोक्ताको बानी, रुचि, प्राथमिकता, फेसन आदि परिवर्तन भएमा यस अवस्थामा समसीमान्त उपयोगिता नियम लागु हुँदैन अर्थात् उपभोक्ताको सन्तुलन अवस्था परिवर्तन हुन जान्छ ।

## २.४ उपभोक्ताको बचतको अवधारणा

उपभोक्ताको वचत सम्बन्धी विचार सर्वप्रथम सन् १८४४ मा फ्रान्सेली इन्जिनियर एवम् अर्थशास्त्री जुल्स डुप्यु (Jules Dupuit) ले व्यक्त गरेका थिए तर यसलाई क्रमबद्ध र वैज्ञानिक ढङ्गबाट व्याख्या गर्ने काम अर्थशास्त्री अल्फ्रेड मार्सलले सन् १९२० मा गरेका हुन् । प्रोफेसर के. ई. बउल्डिङ (K. E. Boulding) ले उपभोक्ताको बचतलाई 'क्रेताको बचत' (Buyer's Surplus) भनी नामाकरण गरेका छन् ।

उपभोक्ताले कुनै एउटा वस्तुलाई कति तिर्न चाहन्छ भन्ने कुरा उसले उक्त वस्तुबाट प्राप्त गर्ने उपयोगितामा भर पर्छ । उपभोक्ताले वस्तुका लागि तिर्न चाहेको मूल्य र वस्तुको बजार मूल्य एउटै नहुन सक्छ । उपभोक्ताले तिर्न चाहेको मूल्य भन्दा बजार मूल्य बढी अथवा कम हुन सक्छ । यदि उपभोक्ताले वस्तुलाई तिर्न चाहेको मूल्यभन्दा वस्तुको बजार मूल्य कम हुन्छ भने उसले केही मुद्रा बचत गर्छ । यसलाई अर्थशास्त्रमा उपभोक्ताको बचत भनिन्छ ।

अतः उपभोक्ताले कुनै एउटा वस्तुलाई तिर्न चाहेको तथा तिर्ने सामर्थ्य भएको मूल्य र उसले उक्त वस्तुलाई वास्तवमा तिरेको मूल्यबिचको अन्तरलाई उपभोक्ताको बचत भनिन्छ, उदाहरणका लागि बजारमा कुनै एउटा वस्तु मानौँ नुन छ । एउटा उपभोक्तालाई एक पाकेट नुन आवश्यक छ । त्यसैले उपभोक्ताले उक्त एक पाकेट नुन किन्न चाहन्छ । साथै बजारमा नुनको सट्टामा प्रयोग गर्न सकिने अन्य कुनै वैकल्पिक वस्तुहरू छैनन् । उक्त एक पाकेट नुनको मूल्यको सन्दर्भमा उपभोक्ताले

यसलाई रु. ५० तिर्न चाहन्छ किनभने उसले यसमा रु. ५० बराबरको कुल उपयोगिता भएको ठान्छ । तर उपभोक्ताले बजारमा एक पाकेट नुनको मूल्य बुझ्दा मूल्य रु. २० मात्र रहेछ । यस अवस्थामा वस्तुका लागि तिर्न चाहेको तथा तिर्ने सामर्थ्य भएको मूल्य र वास्तवमा तिरेको मूल्य बिचको अन्तर रु. ५० - ३० = २० लाई उपभोक्ताको बचत भनिन्छ । यसर्थ उपभोक्ताले धेरै उपयोगी र कम मूल्य भएका वस्तुबाट उपभोक्ताको बचत प्राप्त सक्छन् ।

अर्थशास्त्री अल्फ्रेड मार्सलले उपभोक्ताको बचतलाई परिभाषित गर्दै भनेका छन् – कुनै वस्तुको उपभोगबाट वञ्चित रहनुको सट्टा उक्त वस्तु प्राप्तिका निम्ति उपभोक्ताले जुन मूल्य तिर्न तयार हुन्छ र वास्तवमा उसले जुन मूल्य तिर्छ त्यसको अन्तर नै बचत सन्तुष्टिको आर्थिक माप हो । यसलाई नै उपभोक्ताको बचत भनिन्छ । (The excess of the price which a consumer would be willing to pay rather than go without the thing, over that which he actually does pay, is the economic measure of this surplus satisfaction. It may be called the consumer's surplus.)

मार्सलको मागको सिद्धान्तअनुसार उपभोक्ताले वस्तुको एक एकाइका लागि तिर्न चाहेको मूल्यले त्यस वस्तुबाट अपेक्षित उपयोगिताको मौद्रिक माप दिन्छ भने उपभोक्ताले उक्त वस्तुका लागि वास्तवमा तिरेको मूल्यले वस्तुबाट अपेक्षित उपयोगिताको मौद्रिक लागतको माप दिन्छ । मार्सलका अनुसार यी दुई मानको अन्तर नै उपभोक्ताको बचत हो, अत :

उपभोक्ताको बचत = उपभोक्ताले तिर्न तत्पर मूल्य - उपभोक्ताले तिरेको मूल्य

उपभोक्ताको बचतको अवधारणलाई उपयोगिता (अथवा सन्तुष्टि) का आधारमा पनि व्यक्त गर्न सकिन्छ । मार्सलले मुद्राको सीमान्त उपयोगिता स्थिर मानेका छन् । यस अवस्थामा उपभोक्ताले एउटा वस्तुलाई तिर्न चाहेको मूल्यले उपभोक्ताले त्यस वस्तुबाट अपेक्षा गरेको उपयोगितालाई जनाउँछ भने उसले वास्तवमा तिरेको मूल्यले मुद्रामार्फत त्याग गरेको उपयोगिता अथवा उपयोगिताको नोक्सानलाई जनाउँछ । वस्तु प्राप्त गर्दा त्यसबाट प्राप्त हुने उपयोगिता र गुमाउने उपयोगिताबिचको अन्तर उपभोक्ताको 'बचत सन्तुष्टि' (Surplus Satisfaction) हो । यसलाई मार्सलले उपभोक्ताको बचत मानेका छन् ।

## उपभोक्ताको बचतको अवधारणा/सिद्धान्तका मान्यताहरू

(क) वस्तुका एकाइको उपभोगबाट प्राप्त उपयोगिता सङ्ख्यात्मक रूपमा मापन गर्न सकिन्छ ।

(ख) मुद्राको सीमान्त उपयोगिता स्थिर रहन्छ । यसको अर्थ उपभोक्तासँग भएको मुद्राको मौज्दातमा वृद्धि वा कमी हुँदा मुद्राको सीमान्त उपयोगितामा कुनै परिवर्तन हुँदैन । मुद्रालाई उपयोगिता मापन गर्ने अनिवार्य सर्तका रूपमा लिइएकाले यो मान्यता आवश्यक छ ।

(ग) विश्लेषण अवधिमा उपभोक्ताको आम्दानी र वस्तुको बजार मूल्यमा परिवर्तन हुँदैन ।

(घ) विश्लेषण अवधिमा उपभोक्ताको स्वाद, प्राथमिकता र फेसन आदिमा परिवर्तन हुँदैन ।

(ङ) विश्लेषणमा प्रयुक्त वस्तुको प्रतिस्थापक वस्तु हुँदैन ।

(च) सीमान्त उपयोगिता ह्रास नियम लागु हुन्छ।

(छ) विश्लेषणमा प्रयुक्त वस्तुको उपभोगबाट प्राप्त सीमान्त उपयोगितालाई अन्य वस्तुको उपभोगबाट प्राप्त उपयोगिताले प्रभाव पार्दैन।

### उपभोक्ताको बचतको मापन

उपभोक्ताको बचतको गणना गर्ने विभिन्न विशिष्टिकृत तरिकाहरू भए तापनि मार्सलको तरिका अझै उपयोगी मानिन्छ । यो तरिका सीमान्त उपयोगिता ह्रास नियममा आधारित छ।

मार्सलका अनुसार

उपभोक्ताको बचत = कुल उपयोगिता – कुल खर्च

### उपभोक्ताको बचत तालिका

| **आँपको एकाइ** | **सीमान्त उपयोगिता** | **आँपको मूल्य** | **उपभोक्ताको बचत** |
|---|---|---|---|
| पहिलो | २५ | १० | २५ - १० = १५ |
| दोस्रो | २० | १० | २० - १० = १० |
| तेस्रो | १५ | १० | १५ - १० = ५ |
| चौथो | १० | १० | १० - १० = ० |
| कुल परिमाण = ४ एकाइ | कुल उपयोगिता सीमान्त उपयोगिताको जोड = रु.७० | कुल खर्च = रु.४० | उपभोक्ताको बचत = रु.७०-४० = ३० |

उपभोक्ताको बचत = कुल उपयोगिता - कुल खर्च = रु.७० - रु.४० = रु.३०


तालिकामा उपभोक्ताले आँपका थप एकाइ उपभोग गर्दै जाँदा पछिल्ला एकाइबाट प्राप्त सीमान्त उपयोगिता घट्दै गएकाले उसले पछिल्ला एकाइका लागि तिर्न चाहेको मूल्य पनि क्रमशः घट्दै गएको छ। आँपको पहिलो एकाइलाई उपभोक्ताले रु. २५ तिर्न चाहेको छ भने यसबाट प्राप्त सीमान्त उपयोगिता पनि रु. २५ बराबर नै छ। आँपका थप एकाइ उपभोग गर्दै जाँदा सीमान्त उपयोगिता क्रमशः घट्दै जाने भएकाले उसले अन्तिम अर्थात् चौथौ एकाइलाई रु. १० मात्र तिर्न चाहेको छ किनभने त्यसबाट प्राप्त हुने सीमान्त उपयोगिता पनि रु. १० बराबर छ। यहाँ उपभोक्ताले आँपका ४ ओटा एकाइको उपभोगबाट प्राप्त कुल उपयोगिता भनेको आँपका पहिलो, दोस्रो, तेस्रो र चौथो एकाइको सीमान्त उपयोगिताको जोड हो। तसर्थ तालिकाअनुसार उपभोक्ताले आँपका ४ ओटा एकाइबाट प्राप्त गरेको कुल उपयोगिता रु. ७० बराबर छ र उसले आँपका ४ ओटा एकाइका लागि वास्तवमा तिरेको कुल मूल्य रु. ४० छ।

त्यसैले, उपभोक्ताको बचत = कुल उपयोगिता – वास्तवमा तिरेको कुल मूल्य

= रु. ७० – ४० = रु. ३०

यहाँ रु. ३० उपभोक्ताको बचत हो। उपभोक्ताको बचतको अवधारणालाई तलको रेखा चित्रबाट पनि प्रस्ट पार्न सकिन्छ :

## उपभोक्ताको बचतको रेखा चित्र




रेखा चित्रको X - अक्षमा उपभोग गरिको वस्तु आँपका एकाइ र Y - अक्षमा आँपका एकाइबाट प्राप्त सीमान्त उपयोगितालाई देखाइएको छ । रेखा चित्रमा छाया पारिएको र छाया नपारिएको दुवै भागको जोडले उपभोक्ताले तिर्न चाहेको कुल मूल्य वा कुल उपयोगितालाई जनाउँछ भने छाया नपारिएको भागले उपभोक्ताले वास्तवमा तिरेको कुल मूल्यलाई जनाउँछ। उपभोक्ताले तिर्न चाहेको कुल मूल्य वा कुल उपयोगिताको भागबाट उपभोक्ताले वास्तवमा तिरेको कुल मूल्यको भाग घटाउँदा बाँकी हुने छाया पारिएको भाग उपभोक्ताको बचत हो ।

## उपभोक्ताको बचतको अवधारणाको महत्त्व

उपभोक्ताको बचतको अवधारणा/सिद्धान्त व्यावहारिक र सैद्धान्तिक दुवै दृष्टिकोणले महत्त्वपूर्ण मानिन्छ । उपभोक्ताको बचतको अवधारणा/सिद्धान्तको महत्त्वलाई निम्न लिखित बुँदामा व्याख्या गर्न सकिन्छ :

(क) **प्रयोग मूल्य र विनिमय मूल्यबिच फरक छुट्याउन** : उपभोक्ताको बचतको अवधारणा वस्तुको प्रयोग मूल्य र विनिमय मूल्यबिच फरक छुट्याउनु उपयोगी हुन्छ । प्रयोग मूल्यले उपभोक्ताले वस्तुका लागि तिर्न चाहेको सम्भावित मूल्यलाई जनाउँछ भने विनिमय मूल्यले वस्तुको वास्तविक मूल्यलाई जनाउँछ । कुनै एउटा वस्तुको उपयोगिता प्रयोग मूल्यमा भर पर्छ भने वस्तुको मूल्य विनिमय मूल्यमा भर पर्छ । अतः उपभोक्ताको बचतको अवधारणा अगाडि ल्याउँदा प्रयोग मूल्य विनिमय मूल्यबिच फरक देखिन्छ ।

(ख) **विभिन्न देशबिच र एउटै देशभित्र विभिन्न समूहबिच आर्थिक अवस्था तुलना गर्न** : उपभोक्ता बचतको अवधारणाको सहायताले विभिन्न देशहरूबिच र एउटै देशभित्र विभिन्न समूहबिच आर्थिक अवस्था तुलना गर्न सकिन्छ। विकसित देशका जनताको उपभोक्ताको बचत बढी हुन्छ

किनभने यी देशका जनताले विभिन्न सरकारी सुविधाका साथै सस्तो मूल्यमा वस्तु प्राप्त गर्छन् । तर विकासोन्मुख देशका जनताको उपभोक्ताको बचत कम हुन्छ किनभने यी देशका जनताले महँगो मूल्यमा वस्तु प्राप्त गर्छन् । त्यस्तै एउटै देशभित्र कुनै एउटा समूहमा उपभोक्ताको बचत बढी हुनुको अर्थ वस्तु प्राप्तिका लागि उक्त समूहका मानिस बढी मूल्य तिर्न तत्पर हुनु हो । यसले समूहको उच्च आर्थिक अवस्थालाई इङ्गित गर्छ । त्यसैगरी समूहमा उपभोक्ताको वचत कम हुनुको अर्थ वस्तु प्राप्तिका लागि उक्त समूहका मानिस कम मूल्य तिर्न तत्पर हुनु हो । यसले समूहको न्यून आर्थिक अवस्थालाई इङ्गित गर्छ ।

(ग) **सरकारलाई कर नीति निर्धारण गर्न** : सरकारले उपभोक्ता बचतको अवधारणाका आधारमा कर नीति निर्धारण गर्छ । उपभोक्ताको बचत बढी हुने वस्तुबाट बढी कर असुल गर्दा उपभोक्ताको बचतमा कमी आउँछ तर उपभोक्ता वा करदातालाई करको बढी बोझ महसुस हुँदैन । यसको विपरीत उपभोक्ता बचत कम हुने वस्तुबाट बढी कर असुल गर्दा उपभोक्ताको बचत हुँदैन । वस्तुको मूल्य बढ्न गई वस्तु पनि बिक्री नहुने र कर पनि नउठ्ने साथै उपभोक्ताले करलाई बोझका रूपमा लिने अवस्था आउन सक्छ । त्यसैले सरकारलाई कर निर्धारण गर्न उपभोक्ता बचतको अवधारणा उपयोगी मानिन्छ ।

(घ) **एकाधिकारीलाई मूल्य निर्धारण गर्न** : कुनै वस्तुको उत्पादक वा बिक्रेता एउटा मात्र छ र उसले उत्पादन वा बिक्री गर्ने वस्तुको निकट प्रतिस्थापक वस्तु बजारमा उपलब्ध छैन भने त्यस्तो उत्पादक वा बिक्रेतालाई एकाधिकारी भनिन्छ । एकाधिकारीले उपभोक्ता बचतका आधारमा आफ्नो वस्तुको मूल्य निर्धारण गर्छ । उसले मूल्य निर्धारण गर्दा उपभोक्ता बचत बढी हुने वस्तु भए बढी मूल्य र उपभोक्ता बचत कम हुने वस्तु भए कम मूल्य निर्धारण गर्छ । त्यसैले एउटा एकाधिकारी उत्पादक वा विक्रेताले उपभोक्ता बचत बढी हुने वस्तु बढी उत्पादन गरेर बढी मूल्यमा बिक्री गरी नाफा अधिकतम गर्न सक्छ ।

(ङ) **अन्तर्राष्ट्रिय व्यापारको क्षेत्रमा** : अन्तर्राष्ट्रिय व्यापारका लागि पनि उपभोक्ता बचतको अवधारणाले आधार प्रदान गर्छ । यदि आफ्नो देशमा उत्पादित वस्तुमा भन्दा विदेशबाट आयात गरिने वस्तुमा उपभोक्ता बचत बढी हुन्छ भने त्यस्ता वस्तु आयात गर्नु राम्रो मानिन्छ । त्यसैगरी यदि आफ्नो देशमा उत्पादित वस्तुमा उपभोक्ताको बचत आफ्नो देशमा भन्दा विदेशमा बढी छ भने त्यस्ता वस्तु निर्यात गर्नु राम्रो मानिन्छ । यसरी उपभोक्ता बचतका आधारमा अन्तर्राष्ट्रिय व्यापारमा सहभागी भई अथवा आयात र निर्यात गरी देशले फाइदा लिन सक्छन् ।

## अभ्यास

१. **अति सङ्क्षिप्त उत्तरात्मक प्रश्नहरू**

(क) उपयोगिताको अर्थ लेख्नुहोस् ।

(ख) कुल उपयोगिता भनेको के हो ?

(ग) उपयोगिता मापन गर्ने एकाइलाई के भनिन्छ ?

(घ) सीमान्त उपयोगिताको नियमका प्रतिपादक को हुन् ?

(ङ) सीमान्त उपयोगिता ह्रास नियम लेख्नुहोस् ।

(च) सीमान्त उपयोगिता ह्रास नियमका कुनै दुई ओटा मान्यताहरू लेख्नुहोस् ।

(छ) तल तालिकामा दिइएको कुल उपयोगिताबाट सीमान्त उपयोगिता निकालेर तालिका पूरा गर्नुहोस् :

| **उपभोग गरिएका वस्तुका एकाइ** | **पहिलो** | **दोस्रो** | **तेस्रो** | **चौथो** | **पाँचौं** | **छैटौं** |
|---|---|---|---|---|---|---|
| कुल उपयोगिता | ८ | १४ | १८ | २० | २० | १८ |
| सीमान्त उपयोगिता | | | | | | |

(ज) कुल उपयोगिता अधिकतम हुँदा सीमान्त उपयोगिताको मान कति हुन्छ ?

(झ) सीमान्त उपयोगिता ह्रास नियमका कुनै दुई ओटा सीमा/अपवादहरू लेख्नुहोस् ।

(ञ) गोसेनको पहिलो नियम र दोस्रो नियम भनेर कुन कुन नियमलाई चिनिन्छ ?

(ट) समसीमान्त उपयोगिता ह्रास नियम लेख्नुहोस् ।

(ठ) समसीमान्त उपयोगिता ह्रास नियमका कुनै दुई ओटा मान्यताहरू लेख्नुहोस् ।

(ड) समसीमान्त उपयोगिता ह्रास नियमका कुनै दुई ओटा सीमा/अपवादहरू उल्लेख गर्नुहोस् ।

(ढ) उपभोक्ताको बचत भनेको के हो ?

(ण) कक्षा १० मा अध्यनरत मनमायालाई एउटा कलम आवश्यक थियो । त्यसका लागि उनी मूल्य रु. ४० तिर्न तयार थिइन् । तर बजारमा उनी कलम किन्न जाँदा उक्त कलमको मूल्य रु. ३५ मात्र रहेछ । त्यसैले उनले रु. ३५ मा एउटा कलम किनेर ल्याइन भने यस अवस्थामा उपभोक्ताको बचत कति हुन्छ, पत्ता लगाउनुहोस् ।

(त) उपभोक्ताको बचत अवधारणका कुनै दुई ओटा महत्त्व लेख्नुहोस् ।

२. **सङ्क्षिप्त उत्तरात्मक प्रश्नहरू**

(क) तालिकामा दिइएको कुल उपयोगिताबाट सीमान्त उपयोगिता निकाल्नुहोस् र त्यसका आधारमा सीमान्त उपयोगिता वक्र रचना गरी देखाउनुहोस् :

| उपभोग गरिएका स्याउको एकाइ | स्याउका विभिन्न एकाइको उपभोगबाट प्राप्त कुल उपयोगिता | सीमान्त उपयोगिता |
|---|---|---|
| पहिलो | १० | |
| दोस्रो | १८ | |
| तेस्रो | २४ | |
| चौथो | २८ | |
| पाँचौँ | ३० | |
| छैटौँ | ३० | |
| सातौँ | २८ | |

(ख) सीमान्त उपयोगिता ह्रास नियमलाई तालिका वा रेखा चित्रद्वारा व्याख्या गर्नुहोस् ।

(ग) सीमान्त उपयोगिता ह्रास नियम उल्लेख गरी यसका अपवाद/सीमाहरूको चर्चा गर्नुहोस् ।

(घ) समसीमान्त उपयोगिता नियम उल्लेख गरी यसका अपवाद/सीमाहरूको चर्चा गर्नुहोस् ।

(ङ) उपभोक्ताको बचतको अवधारणा तालिका वा रेखा चित्रद्वारा व्याख्या गर्नुहोस् ।

३. **लामो उत्तरात्मक प्रश्नहरू**

(क) सीमान्त उपयोगिताको ह्रास नियम भनेको के हो ? यसलाई तालिका तथा रेखा चित्रद्वारा व्याख्या गरी यस नियमका अपवाद/सीमाहरू उल्लेख गर्नुहोस् ।

(ख) समसीमान्त उपयोगिता नियम तालिकाद्वारा व्याख्या गर्नुहोस् ।

(ग) उपभोक्ता बचतको अवधारणालाई रेखा चित्रद्वारा उदाहरणसहित प्रस्ट पार्दै यसको व्यावहारिक महत्त्व उल्लेख गर्नुहोस् ।

# एकाइ ३ : माग, पूर्ति र सन्तुलन

## ३.१ माग

### ३.१.१ मागको अर्थ

सामान्य अर्थमा माग भन्नाले कुनै वस्तु तथा सेवा प्राप्त गर्ने इच्छा वा चाहनालाई जनाउँछ तर अर्थशास्त्रमा सम्पूर्ण इच्छा वा चाहनालाई माग मान्न सकिँदैन । अर्थशास्त्रमा त्यस्तो इच्छालाई माग भनिन्छ जसमा मूल्य तिर्न सक्ने क्षमता र मूल्य तिर्ने तत्परता दुवै कुरा समावेश भएको हुन्छ ।

यदि कुनै व्यक्तिले एउटा वस्तु प्राप्त गर्ने इच्छा गर्छ तर ऊसँग त्यस वस्तुका लागि मूल्य तिर्ने क्षमता छैन भने त्यस इच्छालाई माग मान्न सकिँदैन । त्यसैगरी उसले चाहना गरेको वस्तु प्राप्त गर्ने क्ष( मता भए तापनि मूल्य तिर्ने तत्परता छैन भने उक्त चाहनालाई माग मान्न सकिँदैन । तसर्थ, अर्थशास्त्रमा कुनै पनि इच्छा माग हुनका लागि मूल्य तिर्न सक्ने क्षमता र तिर्ने तत्परता दुवै हुन आवश्यक छ ।

### ३.१.२ मागको नियम

उपभोक्ताले वस्तु वा सेवाको माग गर्छन् । वस्तु वा सेवाको मूल्य घट्दा उनीहरूले वस्तु वा सेवाको बढी परिमाण माग गर्छन् भने मूल्य बढ्दा कम परिमाण माग गर्छन् । वस्तु वा सेवाको मूल्य र उक्त वस्तु वा सेवाको माग परिणामबिचको सम्बन्धलाई मागको नियमले व्याख्या गर्छ । मागको नियमका प्रतिपादक अर्थशास्त्री अल्फ्रेड मार्सल हुन् । मागको नियमले अन्य कुराहरू यथावत् रहेको अवस्थामा कुनै एउटा वस्तुको मूल्य र माग परिमाणबिच उल्टो अथवा विपरीत सम्बन्ध हुन्छ भनी बताउँछ । अर्थात् अन्य कुराहरू यथावत् रहेको अवस्थामा वस्तुको मूल्य घट्दा माग परिमाण बढ्छ र मूल्य बढेमा माग परिमाण घट्छ भन्ने कुरा मागको नियमले बताउँछ ।

अर्थशास्त्री अल्फ्रेड मार्सलले मागको नियमलाई परिभाषित गर्दै भनेका छन् – अन्य कुराहरू यथावत् रहेको अवस्थामा मूल्यमा कमी हुँदा मागमा वृद्धि हुन्छ र मूल्यमा वृद्धि हुँदा मागमा ह्रास आउँछ । (Other things remaining the same, the amount demanded increases with a fall in price, and diminishes with a rise in price.)

अतः मागको नियमले अन्य कुराहरू यथावत् रहेको अवस्थामा वस्तुको मूल्यमा हुने परिवर्तनले उक्त वस्तुको माग परिमाणमा विपरीत दिशामा परिवर्तन ल्याउँछ भन्ने कुरा बताउँछ ।

मागको नियम उल्लेख गर्दा 'अन्य कुराहरू यथावत् रहेको अवस्थामा' भन्ने वाक्यांश प्रयोग गरिएको हुन्छ । यहाँ अन्य कुराहरू भन्नाले उपभोक्ताको आम्दानी, रुचि तथा व्यवहार, प्रतिस्थापक वा पूरक वस्तुको मूल्य आदिलाई बुझिन्छ । जुन यथावत् अथवा अपरिवर्ति हुन्छन् भन्ने मानिन्छ । यी अवस्था नै मागको नियमका मान्यताहरू हुन् । मागको नियम निम्न लिखित मान्यताहरूमा आधारित छ :

(क) उपभोक्ताको आम्दानी यथावत् रहेको हुन्छ ।

(ख) उपभोक्ताले उपभोग गर्ने वस्तुको गुणस्तरमा परिवर्तन हुँदैन ।

(ग) प्रतिस्थापन वा पूरक वस्तुको मूल्य यथावत् रहेको हुन्छ ।

(घ) उपभोक्ताको बानी, स्वभाव, फेसन, रुचि तथा प्राथमिकतामा परिवर्तन हुनुहुँदैन ।

(ङ) जनसङ्ख्याको आकार र बनावटमा परिवर्तन हुनुहुँदैन ।

(च) वस्तुको भविष्यको मूल्य प्रति उपभोक्ताको अपेक्षा परिवर्तन हुँदैन ।

मागको नियमलाई निम्न लिखित तालिका (माग सूची) का सहायताले व्याख्या गर्न सकिन्छ :


**माग तालिका (माग सूची)**

| **आँपको मूल्य (रु.प्रति के. जी)** | **आँपको माग प्रतिहप्ता (के. जी.)** |
|---|---|
| २० | ५ |
| ४० | ४ |
| ६० | ३ |
| ८० | २ |
| १०० | १ |

माथिको माग तालिका (माग सूची) ले एक हप्तामा कुनै एउटा वस्तु (आँप) का विभिन्न मूल्यमा माग गरिएको उक्त वस्तुको परिमाणलाई देखाउँछ । सुरुमा आँपको मूल्य रु. २० प्रति के. जी. हुँदा आँपको माग परिमाण ५ के. जी. प्रतिहप्ता देखिन्छ । आँपको मूल्य रु. २० बाट बढेर रु. ४० हुँदा आँपको माग परिमाण ५ के. जी. बाट घटेर ४ के. जी. प्रतिहप्ता पुगेको छ । त्यसैगरी आँपको मूल्य क्रमशः बढेर रु. ६०, रु. ८० र रु. १०० प्रति के. जी. हुँदा आँपको माग परिमाण घटेर क्रमशः ३, २ र १ के. जी प्रतिहप्ता पुगेको छ । यहाँ आँपको मूल्य बढ्दै जाँदा आँपको माग परिमाण घट्दै गएको छ अर्थात् वस्तुको मूल्य र माग परिमाणबिच उल्टो अथवा विपरीत सम्बन्ध देखिन्छ । त्यसैले माथि दिइएको माग तालिका (माग सूची) ले मागको नियमलाई व्यक्त गर्छ ।

मागको नियमलाई माथिको तालिका (माग सूची) का आधारमा रचना गरिएको रेखा चित्रद्वारा तल व्याख्या गरिएको छ :

## मागको नियमको रेखा चित्र




रेखा चित्रको X– अक्षमा आँपको माग परिमाण (के.जी.मा) र Y– अक्षमा आँपको मूल्य (रु. प्रति के.जी.) मापन गरिएको छ । यहाँ सुरुमा आँपको मूल्य रु. २० प्रति के. जी. हुँदा त्यसको माग परिमाण ५ के. जी. प्रतिहप्ता भएको कुरा बिन्दु E ले देखाउँछ । फेरि आँपको मूल्य बढेर रु. ४० प्रति के.जी. हुँदा स्वाभाविक रूपमा माग घटेर ४ के. जी. प्रतिहप्ता भएको कुरा बिन्दु D ले देखाउँछ । त्यसैगरी आँपको मूल्य बढेर रु. ६० प्रति के. जी. हुँदा आँपको माग घटेर ३ के.जी. प्रति हप्ता हुन गएको छ जसलाई C बिन्दुले देखाउँछ भने मूल्य बढेर रु. ८० प्रति के. जी. हुँदा माग घटेर २ के. जी. प्रति हप्ता भएको कुरालाई B बिन्दुले देखाउँछ । आँपको मूल्य अझै बढेर रु. १०० प्रति के. जी. भयो भने त्यसको माग घटेर १ के. जी. प्रतिहप्ता हुन्छ जसलाई A बिन्दुले देखाउँछ । यसबाट के प्रस्ट हुन्छ भने आँपको मूल्य बढ्दै जाँदा त्यसको माग परिमाण घट्दै जाँदो रहेछ । यदि हामीले बिन्दुहरू A, B, C, D र E लाई क्रमशः जोडिदियौँ भने रेखा AE बन्न जान्छ जसलाई माग रेखा भनिन्छ । यो माग रेखा बायाँ माथिबाट दायाँ तलतिर ओर्लेको अथवा ऋणात्मक झुकावको छ । त्यसैले यसले वस्तुको मूल्य र माग परिमाणबिच उल्टो अथवा विपरीत सम्बन्धलाई देखाउँछ । त्यसैले AE माग रेखाले मागको नियमलाई व्यक्त गर्छ ।

यस प्रकार मागको नियमले कुनै पनि वस्तुको मूल्य र उक्त वस्तुको माग परिमाणबिचको विपरीत सम्बन्धलाई व्यक्त गर्छ ।

## मागको नियमका सीमा वा अपवादहरू

मागको नियम लागु नहुने अवस्थालाई मागको नियमका सीमा वा अपवाद भनिन्छ । मागको नियमका प्रमुख सीमा वा अपवादहरू तल उल्लेख गरिएको छ :

(क) **उपभोक्ताको आम्दानी परिवर्तन भएमा** : उपभोक्ताको आम्दानी घटबढ हुनासाथ वस्तुको प्रकृतिअनुसार उक्त वस्तुको माग पनि घटबढ हुन जान्छ, उदाहरणका लागि उपभोक्ताको

आम्दानी बढेमा सामान्य वस्तुको मूल्य यथावत् रहेको अवस्थामा पनि उक्त वस्तुको माग बढ्छ भने कमसल वस्तुको माग घट्छ । त्यस्तै उपभोक्ताको आम्दानी घटेमा सामान्य वस्तुको मूल्य यथावत् रहेको अवस्थामा पनि उक्त वस्तुको माग घट्छ भने कमसल वस्तुको माग बढ्छ । यस प्रकार उपभोक्ताको आम्दानीमा घटबढ भएको अवस्थामा मागको नियम लागु नहुन सक्छ ।

(ख) **उपभोक्ताले उपभोग गर्ने वस्तुको गुणस्तरमा परिवर्तन भएमा** : उपभोक्ताले उपभोग गर्ने वस्तुको गुणस्तरमा ह्रास आएमा उपभोक्ताले वस्तुको मूल्य घटेको अवस्थामा पनि माग नबढाउन सक्छ । वस्तुको गुणस्तरमा वृद्धि भएमा उपभोक्ताले वस्तुको मूल्य बढेको अवस्थामा पनि माग बढाउन सक्छ । त्यसैले उपभोक्ताले उपभोग गर्ने वस्तुको गुणस्तर परिवर्तन भएको अवस्थामा मागको नियम लागु नहुन सक्छ ।

(ग) **प्रतिस्थापक वा पूरक वस्तुको मूल्य परिवर्तन भएमा** : कुनै एउटा वस्तु w को प्रतिस्थापक वस्तुले उक्त वस्तु w को सट्टामा उपभोग वा प्रयोग गर्न सकिने अर्को वस्तु x लाई जनाउँछ । उदाहरणका लागि, चियाको मूल्य यथावत् रहेको अवस्थामा पनि कफीको मूल्य बढ्नाले चियाको माग बढ्न जान्छ भने कफीको मूल्य घट्नाले चियाको माग घट्न जान्छ ।

यदि दुई वस्तुहरू y र z एकआपसमा सम्बन्धित छन् र एउटा वस्तु x को प्रयोग वृद्धि गर्दा z वस्तुको पनि प्रयोगमा वृद्धि आवश्यक हुन्छ भने ती दुई वस्तुहरू y र z एकआपसमा पूरक वस्तु हुन्छन्, उदाहरणका लागि चियाका लागि दुध, कलमका लागि मसी र मोटरसाइकलका लागि पेट्रोल पूरक वस्तु मानिन्छ, जस्तै : पेट्रोलको मूल्य यथावत् रहेको अवस्थामा पनि त्यसको पूरक वस्तु मोटरसाइकलको मूल्य बढ्नाले पेट्रोलको माग घट्न जान्छ । त्यस्तै मोटरसाइकलको मूल्य घट्नाले पेट्रोलको माग बढ्न जान्छ । तसर्थ कुनै वस्तुको प्रतिस्थापक वा पूरक वस्तुको मूल्यमा घटबढ भएको अवस्थामा पनि मागको नियम लागु हुँदैन ।

(घ) **उपभोक्ताको बानी, स्वभाव, फेसन, रुचि तथा प्राथमिकतामा परिवर्तन भएमा** : उपभोक्ताको बानी, स्वभाव, फेसन, रुचि तथा प्राथमिकतामा परिवर्तन भएमा मागको नियम लागु हुँदैन । उदाहरणका लागि, छालाको ज्याकेटको फेसन बढेको बेला यसको मूल्य बढ्दा पनि माग बढ्न सक्छ भने ज्याकेट फेसनमा नरहेको बेला मूल्य घट्दा पनि माग बढ्दैन । यसरी फेसनलगायत उपभोक्ताको बानी, स्वभाव, रुचि तथा प्राथमिकतामा परिवर्तन भएको अवस्थामा मागको नियम लागु हुँदैन ।

(ङ) **जनसङ्ख्यामा परिवर्तन भएमा** : जनसङ्ख्यामा वृद्धि भई वस्तु किन्ने मानिस वा उपभोग गर्ने उपभोक्ताहरूको सङ्ख्या बढेमा वस्तुको मूल्य वृद्धि भए पनि उक्त वस्तुको माग नघट्न सक्छ । त्यस्तै जनसङ्ख्यामा कमी आएमा वस्तुको मूल्य कम भए पनि उक्त वस्तुको माग नबढ्न सक्छ । अतः यी अवस्थाहरूमा मागको नियम क्रियाशील नहुने सम्भावना हुन्छ ।

(च) **वस्तुको भविष्यको मूल्य प्रति उपभोक्ताको अपेक्षामा परिवर्तन भएमा** : वस्तुको भविष्यको मूल्यप्रति उपभोक्ताको अपेक्षामा परिवर्तन भएमा मागको नियम लागु हुँदैन, उदाहरणका लागि, उपभोक्ताले वस्तुको मूल्य निकट भविष्यमा निकै बढ्ने आशङ्का गरेमा मूल्य नघटे पनि वर्तमान मूल्यमा वस्तुको बढी परिमाण जम्मा गरिराख्ने प्रवृत्ति भएमा यो नियम लागु नहुन सक्छ ।

## ३.२ पूर्ति

### ३.२.१ पूर्तिको अर्थ

पूर्ति भन्नाले कुनै निश्चित समय र मूल्यमा उत्पादक वा विक्रेताले बिक्री गर्नका लागि तयार पारिएका वस्तु तथा सेवाको परिमाणलाई बुझाउँछ । जसरी माग हुनका लागि मूल्य तिने इच्छा र सामर्थ्य दुवै हुनुपर्छ, त्यसै गरी पूर्ति हुनको लागि पनि वस्तु बिक्री गर्ने इच्छा र सामर्थ्य दुवै हुनुपर्छ । उत्पादक वस्तु बिक्री गर्न सामर्थ्य छ तर इच्छुक छैन भने त्यसलाई पूर्ति मान्न सकिँदैन । त्यसै गरी उत्पादक बिक्री गर्न इच्छुक छ तर सामर्थ्य छैन भने त्यसलाई पनि पूर्ति मान्न सकिँदैन । त्यसैले वस्तु बिक्री गर्ने सामर्थ्य र इच्छा दुवैको सङ्गम भए मात्र पूर्तिको सिर्जना हुन्छ । यसर्थ एउटा निश्चित समय र मूल्यमा बिक्रेता वा उत्पादकले बिक्रीका लागि तयार पारेको कुनै पनि वस्तुको परिमाणलाई पूर्ति भनिन्छ ।

पूर्तिलाई मूल्यबाहेक अन्य तत्त्वहरूले पनि प्रभाव पार्छन् । त्यसैले यहाँ मूल्यबाहेक अन्य तत्वहरूलाई यथावत् मानिएको छ । यस अवस्थामा पूर्ति मूल्यको फलन हुन्छ अर्थात् मूल्य बढेमा पूर्ति पनि बढ्छ किनकि मूल्य बढ्दा नाफा धेरै हुन्छ । तर मूल्य घट्दा पूर्ति परिमाण पनि घट्छ किनकि मूल्य घट्दा नाफा कम हुन्छ । त्यसैले मूल्य र पूर्ति परिमाणबिच धनात्मक सम्बन्ध हुन्छ ।

### ३.२.२ पूर्तिको नियम

उत्पादक वा पूर्तिकर्ता वा विक्रेताले कुनै पनि वस्तु वा सेवा बजारमा पूर्ति गर्छन् । बजारमा वस्तु वा सेवाको मूल्य बढ्दा उनीहरू वस्तु वा सेवाको बढी परिमाण पूर्ति गर्न चाहन्छन् भने मूल्य कम हुँदा कम परिमाण पूर्ति गर्न चाहन्छन् । पूर्तिको नियमले अन्य कुराहरू यथावत् रहेको अवस्थामा कुनै एउटा वस्तुको मूल्य र पूर्ति परिमाणबिच सुल्टो अथवा प्रत्यक्ष सम्बन्ध हुन्छ भनी बताउँछ । अर्थात् अन्य कुराहरू यथावत् रहेको अवस्थामा वस्तुको मूल्य बढेमा पूर्ति परिमाण पनि बढ्छ र मूल्य घटेमा पूर्ति पनि घट्छ ।

पूर्तिको नियम निम्न लिखित मान्यताहरूमा आधारित छ :

(क) उत्पादन प्रविधिको अवस्था स्थिर हुन्छ ।

(ख) उत्पादन लागत अथवा उत्पादनमा प्रयोग गरिने साधनहरूको मूल्यमा कुनै परिवर्तन हुँदैन ।

(ग) मौसम र हावा पानीको अवस्थामा परिवर्तन हुँदैन ।

(घ) सरकारी नीतिमा कुनै परिवर्तन हुँदैन ।

(ङ) वस्तुको भविष्यको मूल्यप्रति उत्पादकको अपेक्षा परिवर्तन हुँदैन ।

(च) अन्य वस्तुको मूल्य परिवर्तन हुँदैन ।

(छ) उत्पादकको उद्देश्यमा कुनै परिवर्तन हुँदैन ।


माथि उल्लेख गरिएका मान्यताहरूमा आधारित भई पूर्तिको नियमलाई तल दिइएको पूर्ति तालिका (पूर्ति सूची) का सहायताले व्याख्या गर्न सकिन्छ :

## पूर्ति तालिका (पूर्ति सूची )

| आँपको मूल्य (रु. प्रति के. जी.) | आँपको पूर्ति (के. जी. प्रतिहप्ता) |
|---|---|
| २० | १ |
| ४० | २ |
| ६० | ३ |
| ८० | ४ |
| १०० | ५ |

माथिको पूर्ति तालिका (पूर्ति सूची) ले एक हप्तामा कुनै एउटा वस्तु (आँप) को विभिन्न मूल्यमा पूर्ति गरिएको उक्त वस्तु (आँप) को परिमाणलाई देखाउँछ । सुरुमा आँपको मूल्य रु. २० प्रति के. जी. हुँदा उक्त आँपको पूर्ति १ के. जी. प्रतिहप्ता छ । आँपको मूल्य रु. ४० प्रति के. जी. बाट बढेर रु. ६०, रु. ८० र रु. १०० प्रति के. जी. हुँदा आँपको पूर्ति पनि १ के. जी. बाट बढेर क्रमशः २ के. जी., ३ के. जी., ४ के. जी. र ५ के. जी. हुन गएको छ । तालिकामा वस्तुको मूल्य बढ्दै जाँदा उक्त वस्तुको पूर्ति परिमाण पनि बढ्दै गएको देखिन्छ। तालिकाले पूर्तिको नियमलाई देखाउँछ। पूर्तिको नियमलाई रेखा चित्र अथवा पूर्ति वक्र रेखाका सहायताले तल व्याख्या गरिएको छ :

## पूर्तिको नियम देखाउने रेखा चित्र




माथिको रेखा चित्रको X– अक्षमा आँपको पूर्ति र Y– अक्षमा आँपको मूल्य देखाइएको छ। रेखा चित्रमा सुरुमा आँपको मूल्य रु. २० प्रति के. जी. हुँदा उक्त आँपको पूर्ति १ के.जी. प्रतिहप्ता छ। आँपको मूल्य रु. २० प्रति के. जी. बाट बढेर रु. ४०, रु. ६०, रु. ८० र रु. १०० प्रति के.जी.

हुँदा आँपको पूर्ति पनि १ के. जी. बाट बढेर क्रमशः २ के. जी., ३ के. जी., ४ के.जी. र ५ के. जी. हुन गएको कुरालाई पूर्ति रेखा SS ले देखाएको छ । यहाँ वस्तुको मूल्य बढ्दै जाँदा पूर्ति परिमाण पनि बढ्दै गएको छ । त्यसैले बायाँ तलबाट दायाँ माथितिर उकालो लागेको अथवा धनात्मक झुकावको पूर्ति रेखाले वस्तुको मूल्य र पूर्ति परिमाणबिचको सुल्टो सम्बन्ध अथवा पूर्तिको नियमलाई देखाउँछ ।

## पूर्तिको नियमका सीमा वा अपवादहरू

पूर्तिको नियमलाई व्याख्या गर्ने क्रममा अन्य कुरा यथावत् रहेमा भन्ने वाक्यांशको प्रयोग गरिएको छ । यस वाक्यांशले नै पूर्तिको नियमका सीमालाई व्यक्त गर्छ । पूर्तिको नियम लागु नहुने अवस्थाहरू नै यस नियमका  सीमा अथवा अपवादहरू हुन् । पूर्तिको नियमका केही सीमा अथवा अपवादहरू निम्न लिखित छन् ।

(क) **वस्तुको भविष्यको मूल्य प्रति उत्पादकको अपेक्षा** : यदि उत्पादकले भविष्यमा वस्तुको मूल्यमा भारी मात्राले गिरावट हुने सम्भावना देखेमा पूर्तिको नियम लागु हुँदैन । यस अवस्थामा उसले वर्तमान मूल्य वा घट्दो मूल्यमा पनि वस्तुको बढी परिमाण पूर्ति गर्न वा बेच्न तत्पर हुन्छ किनभने वस्तुको मूल्य झन बढी घटेमा उसले अझ बढी  नोक्सान बेहोर्नुपर्ने हुन्छ । त्यसैगरी उत्पादकले भविष्यमा वस्तुको मूल्य भारी मात्राले  बढ्ने अपेक्षा गरेमा उसले पछि मूल्य बढेका बेला वस्तुको पूर्ति वा बिक्री बढाउन वर्तमान मूल्य वा केही मात्रामा बढेको मूल्यमा पनि वस्तुको पूर्ति घटाउँछ ।

(ख) **उत्पादकलाई आर्थिक सङ्कट वा तत्कालै बढी मुद्राको आवश्यकता परेमा** : यदि उत्पादक वा विक्रेतालाई तत्कालै बढी मुद्राको आवश्यकता पर्‍यो भने ऊ वस्तुको मूल्य घटेका बेलामा पनि आफ्नो वस्तु बेचेर मुद्राको आवश्यकता पूरा गर्छ । यस अवस्थामा पूर्तिको नियम लागु हुँदैन ।

(ग) **दुर्लभ वस्तुको सन्दर्भमा** : दुर्लभ र कलात्मक वस्तुको सन्दर्भमा पूर्तिको नियम लागु हुँदैन किनभने यस्ता वस्तुको मूल्य वृद्धि भए पनि पूर्ति बढाउन सकिँदैन ।


(घ) **नाशवान् वस्तुको सन्दर्भमा** : उत्पादकले नाशवान् वस्तुहरू जस्तै : तरकारी, फलफूल आदि चाँडै सड्ने, कुहिने र पछिसम्म नरहने हुँदा केही वर्तमान वा कम मूल्यमा पनि बढी वस्तु बेच्नुपर्ने स्थिति आउँछ । त्यसैले नाशवान् वस्तुहरूको सन्दर्भमा पूर्तिको नियम लागु हुँदैन ।

माथि उल्लिखित सीमा अथवा अपवादका अतिरिक्त म्याद गुज्रिन लागेका, चलनचल्तीबाट मुक्त हुन लागेका र पुरानो मौज्दातका रूपमा रहेका वस्तुको सन्दर्भमा उत्पादकले कम मूल्यमा पनि बढी परिमाण बिक्री गर्छ अर्थात् पूर्तिको नियम लागु हुँदैन । त्यसैगरी मौसम र हावा पानीको अवस्थामा परिवर्तन भएमा, सरकारी नीतिमा कुनै परिवर्तन भएमा र अन्य वस्तुको मूल्यमा परिवर्तन भएमा पनि पूर्तिको नियम लागु हुँदैन ।

## ३.३ बजार माग र पूर्तिबिच अन्तर्क्रिया : सन्तुलित मूल्य र परिमाण निर्धारण

सामान्य अर्थमा सन्तुलन भन्नाले दुई विपरीत शक्तिबिचको समानतालाई बुझिन्छ तर बजार विश्लेषणका दृष्टिकोणबाट सन्तुलन भन्नाले त्यस्तो अवस्थालाई जनाउँछ जुन अवस्थामा वस्तुको माग र पूर्ति बराबर हुन्छ । जुन बिन्दुमा वस्तुको माग र पूर्ति बराबर हुन्छ, त्यस बिन्दुमा सन्तुलित मूल्य पनि निर्धारण हुन्छ । यसको अर्थ के हो भने सन्तुलित मूल्यमा वस्तुको माग र पूर्ति परिमाण बराबर हुन्छ ।

**सन्तुलनको अवस्था (सन्तुलित मूल्य र परिमाणको निर्धारण)**




रेखा चित्रात्मक रूपमा सन्तुलन बिन्दु भनेको त्यो बिन्दु हो, जहाँ माग वक्र र पूर्ति वक्र रेखा एकआपसमा काटिएका हुन्छन् । रेखा चित्रमा वस्तुको माग तथा पूर्ति परिमाणलाई X– अक्षमा र वस्तुको मूल्य Y– अक्षमा मापन गरिएको छ । वस्तुको बजार माग वक्र DD र पूर्ति वक्र SS एकआपसमा बिन्दु E मा काटिएका छन् । यो बिन्दुलाई सन्तुलित बिन्दु वा साम्य बिन्दु भनिन्छ । उक्त सन्तुलनको अवस्थामा वस्तुको सन्तुलित मूल्य OP र सन्तुलित परिमाण OQ निर्धारण भएका छन् । यसबाट के निष्कर्ष निकाल्न सकिन्छ भने सन्तुलित मूल्य भनेको त्यो मूल्य हो जसले वस्तुको माग परिमाण र पूर्ति परिमाणलाई बराबर बनाउँछ ।

यस प्रकार दिइएको माग तथा पूर्ति फलन/समीकरणका आधारमा एउटा वस्तुको बजार सन्तुलनको अवस्थालाई निम्नानुसार प्रस्तुत गर्न सकिन्छ :

$Qd = Qs$

जहाँ,

$Qd$ = माग फलन वा समीकरण

$Qs$ = पूर्ति फलन वा समीकरण

**उदाहरण १ :** यदि कुनै एउटा वस्तुको माग समीकरण Qd = 80 – 2P र पूर्ति समीकरण Qs = –20+3P छन् भने सन्तुलित मूल्य र परिमाण निम्न लिखित तरिकाले पत्ता लगाउन सकिन्छ :

**समाधान** : यहाँ, Qd = 80 – 2P ... (i)

Qs = -20+3P ... (ii)

हामीलाई थाहा छ, बजार सन्तुलनका लागि आवश्यक सर्त :

Qd = Qs ... (iii)

समीकरणहरू (i), (ii) / (iii) बाट

80– 2P = –20+3P

अथवा, –2P–3P = –20–80

अथवा, –5P = –100

अथवा, 5P = 100

∴ P = 100/5 = 20

p को मान दिइएका माग फलन वा पूर्ति फलनमध्ये कुनै एकमा राख्दा,

Qd = 80–2P

= 80–2X20

= 80–40

= 40

Qs = –20+3P

= –20+3X20

= –20+60

= 40

सन्तुलित मूल्य, P = Rs. 2 र सन्तुलित परिमाण, Qd = Qs = 40

**उदाहरण २ :** यदि कुनै एउटा वस्तुको माग समीकरण Qd =195 — 3P र पूर्ति समीकरण Qs = –15+4P छ भने सन्तुलित मूल्य र परिमाण निम्न लिखित तरिकाले पत्ता लगाउन सकिन्छ :

**समाधान** : यहाँ, Qd = 195 – 3P ... (i)

Qs = – 15 + 4P ... (ii)

सन्तुलनका लागि आवश्यक सर्त :

Qd = Qs … (iii)

समीकरणहरू (i), (ii) र (iii) बाट

195 – 3P = –15 + 4P

अथवा, – 3P – 4P = –15 – 195

अथवा, – 7P = –210

$\therefore P = \frac{210}{7} = 30$

अब P को मान समीकरण (ii) मा राख्दा,

Qs = –15 + 4P = –15 + 4 × 30 = 105

फेरि P को मान समीकरण (i) मा राख्दा,

Qd = –19s - 3P = 195 - 3P = 19s - 3 x 30 = 150

∴ सन्तुलित मूल्य, P = Rs. 30 र सन्तुलित परिमाण, Qd = Qs = 105

## ३.४ माग र पूर्तिको लोच

### ३.४.१ मागको लोच

**मागको लोचको अर्थ** : कुनै एउटा रबरको टुक्रालाई बाह्य बल लगाएर तन्काउन र खुम्च्याउन सकिन्छ त्यसैले रबर लोचदार (elastic) हुन्छ । त्यस्तै कुनै वस्तुको माग परिमाणलाई पनि त्यसका निर्धारक तत्त्वहरूले बढाउन र घटाउन सक्छन् । त्यसैले वस्तुको माग पनि लोचदार हुन्छ । वस्तुको मागका निर्धारक तत्त्वहरू विभिन्न छन् । यी तत्त्वमध्ये सङ्ख्यात्मक मान दिन सकिने तत्त्वहरू जति छन् मागका लोचका प्रकार पनि त्यति नै हुन्छन् । यहाँ कुनै एउटा वस्तुको मागका निर्धारक तत्त्वहरूमध्ये उक्त वस्तुको मूल्य, उक्त वस्तुको उपभोग गर्ने उपभोक्ताको आम्दानी र उक्त वस्तुसँग सम्बन्धित वस्तु (पूरक वस्तु वा प्रतिस्थापक वस्तु) को मूल्यलाई प्रमुख तत्त्वका रूपमा लिएर यी तत्त्वका आधारमा माग लोचको चर्चा गरिएको छ ।

अतः माग निर्धारित गर्ने तत्त्वहरू, जस्तै : वस्तुको मूल्य (price), उपभोक्ताको आम्दानी (income) तथा सम्बन्धित वस्तुको मूल्य (Price of related goods) मध्ये कुनै एउटा तत्त्वको मानमा भएको परिवर्तनबाट मागमा जुन परिवर्तन हुन्छ, त्यसलाई मागको लोच भन्न सकिन्छ ।

**मागको लोचका किसिम** : मागलाई निर्धारित गर्ने तत्त्वकै आधारमा मागको लोचलाई मागको मूल्यलोच (price elasticity of demand), मागको आयलोच (income elasticity of demand) र मागको छड्केलोच (cross elasticity of demand) गरी तिन भागमा विभाजन गरिएको छ । जसको व्याख्या तल प्रस्तुत गरिएको छ :

(**क**) **मागको मूल्य लोच** : मागको नियमले अन्य कुरा यथावत् रहेमा कुनै वस्तुको मूल्य घट्दा माग बढ्छ र मूल्य बढ्दा माग घट्छ भन्ने कुरा बताउँछ तर मागको नियमले मूल्य कति मात्रा वा दरले घट्दाबढ्दा मागको मात्रामा वा दरमा कति वृद्धि र घटी हुन्छ भन्ने कुरा बताउँदैन। यसका लागि मागको मूल्य लोचको आवश्यक हुन्छ।

अतः कुनै एउटा वस्तुको मूल्यमा एक प्रतिशतले परिवर्तन हुँदा त्यसको कारणले उक्त वस्तुको मागमा जे जति प्रतिशतले परिवर्तन हुन्छ, त्यसलाई नै मागको मूल्य लोच भनिन्छ। अर्को शब्दमा कुनै एउटा वस्तुको मूल्यमा एउटा निश्चित प्रतिशतले परिवर्तन हुँदा त्यसको कारणले उक्त वस्तुको मागमा हुन जाने प्रतिशत परिवर्तन नै मागको मूल्य लोच हो । मागको मूल्य लोचको बारेमा चर्चा गर्दा अन्य कुराहरू, जस्तै : उपभोक्ताको आम्दानी, बानी, रुचि, प्राथमिकता तथा अन्य सम्बधित वस्तुको मूल्य आदिमा कुनै परिवर्तन हुँदैन अर्थात् यी तत्त्वहरू यथावत् रहन्छन् भन्ने मानिन्छ।

अतःकुनै वस्तुको मागमा भएको प्रतिशत परिवर्तनलाई उक्त वस्तुको मूल्यमा भएको प्रतिशत परिवर्तनले भाग गर्दा मागको मूल्य लोचको गुणाङ्क प्राप्त हुन्छ। यसलाई निम्नानुसार गणना गर्न सकिन्छ :

$$\text{मागको मूल्य लोचको गुणाङ्क} = \frac{\text{वस्तुको मागमा भएको प्रतिशत परिवर्तन}}{\text{वस्तुको मूल्यमा भएको प्रतिशत परिवर्तन}}$$

**उदाहरण** : मानौँ कुनै वस्तुको मूल्यमा ५० प्रतिशतले परिवर्तन हुँदा त्यसको मागमा ७५ ले प्रतिशतले परिवर्तन हुन्छ भने उक्त वस्तुको मागको मूल्य लोचको गुणाङ्क निम्नानुसार प्राप्त गर्न सकिन्छ :

$$\text{मागको मूल्य लोचको गुणाङ्क} = \frac{\text{वस्तुको मागमा भएको प्रतिशत परिवर्तन}}{\text{वस्तुको मूल्यमा भएको प्रतिशत परिवर्तन}}$$

$$\text{मागको मूल्य लोचको गुणाङ्क} = \frac{७५\%}{५०\%} = १.५\%$$

यहाँ मागको मूल्य लोचको गुणाङ्क = १.५ छ । यसले कुनै एउटा वस्तुको मूल्यमा १ प्रतिशतले परिवर्तन हुँदा उक्त वस्तुको मागमा १.५ प्रशितले परिवर्तन हुने कुरा बताउँछ।

(**ख**) **मागको आय लोच** : कुनै वस्तुको मागलाई उक्त वस्तुको मूल्यले मात्र होइन वा उपभोक्ताको आम्दानीले पनि प्रभावित गर्छ। उपभोक्ताको आयमा एक प्रतिशतले परिवर्तन हुँदा त्यसको कारणले उपभोक्ताले माग वा उपभोग गर्ने वस्तुको मागमा जे जति प्रतिशतले परिवर्तन हुन्छ, त्यसलाई नै मागको आय लोच भनिन्छ । अर्को शब्दमा, उपभोक्ताको आम्दानीमा एउटा निश्चित प्रतिशतले परिवर्तन हुँदा त्यसका कारणले वस्तुको मागमा हुन जाने प्रतिशत परिवर्तन नै मागको आय लोच हो। मागको आय लोचका बारेमा चर्चा गर्दा अन्य कुरा, जस्तै : उपभोक्ताले माग गर्ने वस्तुको मूल्यका साथै उक्त वस्तुका अन्य सम्बधित वस्तुको मूल्य तथा उपभोक्ताको बानी, रुचि, प्राथमिकता आदिमा कुनै परिवर्तन हुदैन अर्थात् यी तत्त्वहरू यथावत् रहन्छन् भन्ने मानिन्छ।

अतः कुनै वस्तुको मागमा भएको प्रतिशत परिवर्तनलाई उपभोक्ताको आम्दानीमा भएको प्रतिशत परिवर्तनले भाग गर्दा मागको आय लोचको गुणाङ्क प्राप्त हुन्छ । यसलाई निम्नानुसार गणना गर्न सकिन्छ :

$$\text{मागको आय लोच} = \frac{\text{मागमा भएको प्रतिशत परिवर्तन}}{\text{आम्दानीमा भएको प्रतिशत परिवर्तन}}$$

**उदाहरण** : मानौँ, कुनै उपभोक्ताको आयमा ३० प्रतिशतले परिवर्तन हुँदा उसले उपभोग गर्ने वस्तुको मागमा ५० प्रतिशतले परिवर्तन हुन्छ भने मागको आय लोचको गुणाङ्क निम्नानुसार प्राप्त गर्न सकिन्छ :

$$\text{मागको आय लोचको गुणाङ्क} = \frac{\text{मागमा भएको प्रतिशत परिवर्तन}}{\text{आम्दानीमा भएको प्रतिशत परिवर्तन}}$$

$$\text{मागको आय लोचको गुणाङ्क} = \frac{\text{५०\%}}{\text{३०\%}} = \text{१.६७}$$

यहाँ मागको आय लोचको गुणाङ्क = १.६७ छ । यसले उपभोक्ताको आयमा १ प्रतिशतले परिवर्तन हुँदा उक्त वस्तुको मागमा १.६७ प्रशितले परिवर्तन हुने कुरा बताउँछ ।

(ग) **मागको छड्के लोच** : कुनै वस्तुको मागलाई उपभोक्ताको आम्दानी र उक्त वस्तुको मूल्यले मात्र होइन कि उक्त वस्तुसँग सम्बन्धित वस्तुको मूल्यले पनि प्रभावित गर्छ । कुनै एउटा वस्तुको सम्बन्धित वस्तु भन्नाले उक्त वस्तुको प्रतिस्थापक वस्तु वा पूरक वस्तुलाई जनाउँछ । एकअर्काका सट्टामा प्रयोग गर्न सकिने वस्तुहरू जस्तै : कफी र चिया, चिनी र मिस्री एकअर्काका प्रतिस्थापक वस्तु हुन सक्छन् । त्यस्तै एकअर्को सँगसँगै उपभोग वा प्रयोग हुने वस्तुहरू, जस्तै : चिया र चिनी, कलम र मसी, मोटरसाइकल र पेट्रोल एकअर्काका पूरक वस्तु हुन सक्छन् । यस्ता दुई प्रतिस्थापक वस्तुहरूमध्ये कुनै एउटा वस्तुको मूल्यमा भएको परिवर्तनले अर्को वस्तुको मागमा सुल्टो दिशामा परिवर्तन ल्याउँछ । तर दुई पूरक वस्तुहरूमध्ये कुनै एउटा वस्तुको मूल्यमा भएको परिवर्तनले अर्को वस्तुको मागमा उल्टो दिशामा परिवर्तन ल्याउँछ ।

कुनै एउटा वस्तुको मूल्यमा एक प्रतिशतले परिवर्तन हुँदा त्यसका कारणले उक्त वस्तुको मागमा जे जति प्रतिशतले परिवर्तन हुन्छ, त्यसलाई नै मागको छड्के लोच भनिन्छ । अर्को शब्दमा, कुनै एउटा वस्तुको मूल्यमा एउटा निश्चित प्रतिशतले परिवर्तन हुँदा त्यसको कारणले उक्त वस्तुको सम्बन्धित वस्तुको मागमा हुन जाने प्रतिशत परिवर्तन नै मागको छड्के लोच हो । मागको छड्के लोचको बारेमा चर्चा गर्दा अन्य कुराहरू, जस्तै : उपभोक्ताको आम्दानी, बानी, रुचि, प्राथमिकता तथा माग गरिने वस्तुको मूल्य आदिमा कुनै परिवर्तन हुँदैन अर्थात् यी तत्त्वहरू यथावत् रहन्छन् भन्ने मानिन्छ ।

अतः कुनै वस्तुको मागमा भएको प्रतिशत परिवर्तनलाई उक्त वस्तुको मूल्यमा भएको प्रतिशत परिवर्तनले भाग गर्दा मागको छड्के लोचको गुणाङ्क प्राप्त हुन्छ । यसलाई निम्नानुसार गणना गर्न सकिन्छ :

$$\text{मागको छड्के लोचको गुणाङ्क} = \frac{\text{'क' वस्तुको मागमा भएको प्रतिशत}}{\text{'ख' वस्तुको मूल्यमा भएको प्रतिशत परिवर्तन}}$$

**उदाहरण** : यदि 'ख' वस्तुको मूल्यमा ६० प्रतिशतले परिवर्तन हुँदा 'क' वस्तुको मागमा ८० प्रतिशतले परिवर्तन हुन्छ भने मागको छड्के लोचको गुणाङ्क निम्नानुसार प्राप्त गर्न सकिन्छ :

$$\text{मागको छड्के लोचको गुणाङ्क} = \frac{\text{'क' वस्तुको मागमा भएको प्रतिशत}}{\text{'ख' वस्तुको मूल्यमा भएको प्रतिशत परिवर्तन}}$$

$$\text{मागको छड्के लोचको गुणाङ्क} = \frac{\text{६०\%}}{\text{८०\%}} = \text{१.३३}$$

यहाँ मागको छड्के लोचको गुणाङ्क = १.३३ छ । यसले ख वस्तुको मूल्यमा १ प्रतिशतले परिवर्तन हुँदा 'क' वस्तुको मागमा १.३३ प्रशितले परिवर्तन हुने कुरा बताउँछ ।

## ३.४.२ पूर्तिको मूल्य लोच

**पूर्तिको मूल्य लोचको अर्थ** : पूर्तिको नियमले अन्य कुरा यथावत् रहेको अवस्थामा कुनै वस्तुको मूल्य घट्दा पूर्ति पनि घट्छ र मूल्य बढ्दा पूर्ति पनि बढ्छ भन्ने कुरा बताउँछ तर पूर्तिको नियमले मूल्य कति मात्रा वा दरले घट्दा वा बढ्दा पूर्तिको मात्रामा वा दरमा कति घटी वा बढी हुन्छ भन्ने कुरा बताउँदैन । यसका लागि पूर्तिको मूल्य लोचको आवश्यकता पर्छ ।

अतः कुनै एउटा वस्तुको मूल्यमा एक प्रतिशतले परिवर्तन हुँदा त्यसको कारणले उक्त वस्तुको पूर्तिमा जे जति प्रतिशतले परिवर्तन हुन्छ, त्यसलाई नै पूर्तिको मूल्य लोच भनिन्छ । अर्को शब्दमा कुनै एउटा वस्तुको मूल्यमा एउटा निश्चित प्रतिशतले परिवर्तन हुँदा त्यसको कारणले उक्त वस्तुको पूर्तिमा हुन जाने प्रतिशत परिवर्तन नै पूर्तिको मूल्य लोच हो । पूर्तिको मूल्य लोचको बारेमा चर्चा गर्दा अन्य कुराहरू, जस्तै : वस्तुको उत्पादन लागत, उत्पादन प्रविधिको अवस्था, उत्पादनमा प्रयोग गरिने साधनहरूको मूल्य , मौसम र हावा पानीको अवस्थाका साथै उत्पादकहरूको सङ्ख्या आदिमा कुनै परिवर्तन हुँदैन अर्थात् यी तत्त्वहरू यथावत् रहन्छन् भन्ने मानिन्छ ।

अतः कुनै वस्तुको पूर्तिमा भएको प्रतिशत परिवर्तनलाई उक्त वस्तुको मूल्यमा भएको प्रतिशत परिवर्तनले भाग गर्दा पूर्तिको मूल्य लोचको गुणाङ्क प्राप्त हुन्छ । यसलाई निम्नानुसार गणना गर्न सकिन्छ :

$$\text{पूर्तिको मूल्य लोचको गुणाङ्क} = \frac{\text{वस्तुको पूर्तिमा भएको प्रतिशत परिवर्तन}}{\text{वस्तुको मूल्यमा भएको प्रतिशत परिवर्तन}}$$

**उदाहरण** : मानौँ, कुनै वस्तुको मूल्यमा ५० प्रतिशतले परिवर्तन हुँदा त्यसको पूर्तिमा ६० प्रतिशतले परिवर्तन हुन्छ भने उक्त वस्तुको पूर्तिको मूल्य लोचको गुणाङ्क निम्नानुसार प्राप्त गर्न सकिन्छ :

$$\text{पूर्तिको मूल्य लोचको गुणाङ्क} = \frac{\text{वस्तुको पूर्तिमा भएको प्रतिशत परिवर्तन}}{\text{वस्तुको मूल्यमा भएको प्रतिशत परिवर्तन}}$$

पूर्तिको मूल्य लोचको गुणाङ्क = $\frac{६०\%}{५०\%}$ = १.२

यहाँ पूर्तिको मूल्य लोचको गुणाङ्क = १.२ छ । यसले कुनै एउटा वस्तुको मूल्यमा १ प्रतिशतले परिवर्तन हुँदा उक्त वस्तुको पूर्तिमा १.२ प्रतिशतले परिवर्तन हुने कुरा बताउँछ ।

## अभ्यास

१. **अति सङ्क्षिप्त उत्तरात्मक प्रश्नहरू**

(क) माग भनेको के हो ?

(ख) मागको नियम उल्लेख गर्नुहोस् ।

(ग) मागको नियमका कुनै दुई ओटा मान्यताहरू लेख्नुहोस् ।

(घ) अन्य कुराहरू यथावत् रहेको अवस्थामा उपभोक्ताको आम्दानीमा वृद्धि हुँदा सामान्य वस्तुको माग परिमाणमा कस्तो असर पर्छ ?

(ङ) कस्ता वस्तुलाई पूरक वस्तु भनिन्छ ?

(च) पूर्ति भनेको के हो ?

(छ) पूर्तिको नियमअनुसार वस्तुको मूल्य र पूर्ति परिमाणबिच कस्तो सम्बन्ध हुन्छ ?

(ज) कुनै एउटा वस्तुको बजार सन्तुलनमा हुनका लागि आवश्यक सर्त उल्लेख गर्नुहोस् ।

(झ) सन्तुलन बिन्दुले के जनाउँछ ?

(ञ) मागको मूल्य लोच पत्ता लगाउने सूत्र लेख्नुहोस् ।

(ट) अन्य कुराहरू यथावत् रहेको अवस्थामा कुनै एउटा व्यक्तिको आयमा ५ प्रतिशतले वृद्धि हुँदा उनले वस्तुको माग १० प्रतिशतले वृद्धि गर्छन् भने उक्त वस्तुको मागको आय लोच पत्ता लगाउनुहोस् ।

(ठ) मागको छड्के लोच भनेको के हो ?

२. **सङ्क्षिप्त उत्तरात्मक प्रश्नहरू**

(क) मागको नियम तालिका वा रेखा चित्रद्वारा व्याख्या गर्नुहोस् ।

(ख) मागको नियमका सीमा वा अपवादहरू व्याख्या गर्नुहोस् ।

(ग) तल तालिकामा प्रमिलाको परिवारले एक हप्ताको अवधिमा गोलभैँडाको विभिन्न मूल्यमा माग गर्ने गोलभैँडाको परिमाण देखाइएको छ । उक्त तालिकाका आधारमा माग वक्र रचना तयार गरी उक्त माग वक्रको झुकावबारे चर्चा गर्नुहोस् :

| **गोलभैँडाको मूल्य** (रु. प्रति के. जी.) | **गोलभैँडाको माग परिमाण** (के. जी.) |
|---|---|
| २ | १६ |
| ४ | १४ |
| ६ | १२ |
| ८ | १० |

(घ) पूर्तिको नियमका सीमा वा अपवादहरू व्याख्या गर्नुहोस् ।

(ङ) तल तालिकामा हर्षमानको परिवारले एक हप्ताको अवधिमा विभिन्न मूल्यमा बजारमा पूर्ति गर्ने सुन्तलाको परिमाण देखाइएको छ । उक्त तालिकाका आधारमा पूर्ति वक्र रचना तयार गरी उक्त पूर्ति वक्रको झुकावबारे चर्चा गर्नुहोस् :

| **सुन्तलाको मूल्य** (रु. प्रति के. जी.) | **सुन्तलाको पूर्ति परिमाण** (के. जी.) |
|---|---|
| २ | १० |
| ४ | १२ |
| ६ | १४ |
| ८ | १६ |

(च) यदि कुनै एउटा वस्तुको माग समीकरण $Qd = 10 - 3p$ र पूर्ति समीकरण $Qs = -20+7p$ छन् भने सन्तुलित मूल्य र परिमाण पत्ता लगाउनुहोस् ।

(छ) अन्य कुराहरू यथावत् रहेको अवस्थामा कुनै एउटा वस्तुको मूल्य बढेर रु. ५ बाट रु. ८ हुँदा उक्त वस्तुको माग ५० के. जी. बाट घटेर २० के. जी. हुन्छ भने उक्त वस्तुको मागको मूल्य लोच पत्ता लगाउनुहोस् र पत्ता लगाइएको मागको मूल्य लोचको गुणाङ्कको व्याख्या गर्नुहोस् ।

(ज) मागको आय लोच र छड्के लोचबिचका भिन्नता छुट्याउनुहोस् ।

(झ) अन्य कुराहरू यथावत् रहेको अवस्थामा कुनै एउटा वस्तुको मूल्य बढेर रु. ५० बाट रु. ७५ हुँदा उक्त वस्तुको पूर्ति परिमाण ५० के. जी. बाट बढेर १०० के. जी. हुन्छ भने उक्त वस्तुको पूर्तिको मूल्य लोच पत्ता लगाउनुहोस् र पत्ता लगाइएको पूर्तिको मूल्य लोचको गुणाङ्कको व्याख्या गर्नुहोस् ।

३. **लामो उत्तरात्मक प्रश्नहरू**

(क) मागको नियमलाई उदाहरण तथा रेखा चित्रद्वारा वर्णन गर्दै यसका सीमाहरू उल्लेख गर्नुहोस् ।

(ख) पूर्तिको नियमलाई उदाहरण तथा रेखा चित्रद्वारा प्रस्ट पार्नुहोस् । यसका सीमाहरू पनि उल्लेख गर्नुहोस् ।

(ग) मागको लोचको परिभाषा दिई यसका विभिन्न प्रकारहरू वर्णन गर्नुहोस् ।

(घ) कुनै एउटा वस्तुको काल्पनिक माग सूची र पूर्ति सूची बनाउनुहोस् । उक्त माग तथा पूर्ति सूचीका आधारमा बजारमा वस्तुको सन्तुलित मूल्य र परिमाण निर्धारण प्रक्रिया रेखा चित्रद्वारा वर्णन गर्नुहोस् ।

# एकाइ ४ : उत्पादनको सिद्धान्त

## ४.१ परिचय

मानिसले आफ्नो आवश्यकता पूरा गर्न विभिन्न कार्यहरू, जस्तै : उत्पादन, उपभोग, विनिमय आदि गर्छ । मानिसका यी कार्यमध्ये सबैभन्दा महत्त्वपूर्ण कार्य उत्पादन हो । उत्पादनबिना मानवीय चाहना र आवश्यकता पूरा गर्न सकिँदैन । साथै उत्पादन वृद्धि गरेर मात्रै देशको आम्दानी वृद्धि गर्न सकिन्छ र देशको आम्दानी वृद्धि गरेर मात्रै सम्पूर्ण जनताको जीवनस्तरमा सुधार ल्याउन सकिन्छ । त्यसैले अर्थशास्त्रमा उत्पादनको सिद्धान्तको ठुलो महत्त्व छ । यस एकाइमा उत्पादनको अर्थ, कुल उत्पादन, औसत उत्पादन र सीमान्त उत्पादनको अवधारणा, उत्पादन फलन र यसका प्रकारहरू, उत्पादनको परिवर्तनशील उत्पादनको नियम र स्तर प्रतिफलको नियमको बारेमा चर्चा गरिएको छ ।

## ४.२. उत्पादनको अर्थ

सामान्य बोलीचालीको भाषामा उत्पादन भन्नाले नयाँ वस्तु बनाउने कुरा बुझिन्छ । तर अर्थशास्त्रमा यसको विशेष अर्थ हुन्छ । अर्थशास्त्रमा उत्पादन भन्नाले उपयोगिता सिर्जना गर्ने कार्य बुझिन्छ । अर्को शब्दमा भन्नुपर्दा, उत्पादन भनेको त्यस्तो आर्थिक क्रियाकलाप हो, जसमा उत्पादनका साधनहरूलाई उत्पादनमा परिणत गरिन्छ । उदाहरणका लागि बिस्कुट उत्पादन गर्न श्रमिक, मेसिन, पिठो, चिनी आदि प्रयोग हुन्छन् । यी सम्पूर्ण कुराहरूको समिश्रणबाट बिस्कुट उत्पादन हुन्छ । यसरी उत्पादन भएको बिस्कुटले मानवीय सन्तुष्टि प्रदान गर्नुका साथै यसमा विनिमय मूल्य पनि हुन्छ । उत्पादनको अर्थलाई अझ प्रस्ट गर्न निम्न लिखित अर्थशास्त्रीहरूको भनाइलाई लिन सकिन्छ ।

जे. आर. हिक्स (J.R. Hicks) का अनुसार – उत्पादनलाई मानसिक वा शारीरिक क्रियाकलापका रूपमा परिभाषित गर्न सकिन्छ जसको उद्देश्य विनिमयद्वारा अन्य व्यक्तिहरूको आवश्यकताको सन्तुष्टि प्रदान गर्नुहुन्छ । (Production may be defined as any activity to whether, physical or mental which is directed to the satisfaction of other people's wants through exchange.)

यसैगरी एली (Ely) का भनाइअनुसार – उत्पादनको अर्थ उपयोगिता सिर्जना गर्नु हो । (Production means creation of utility.)

अतः माथिका अर्थशास्त्रीहरूको परिभाषाबाट निचोड के निकाल्न सकिन्छ भने उत्पादन भनेको एउटा त्यस्तो प्रक्रिया हो, जसबाट वस्तुमा उपयोगिता सिर्जना हुनुका साथै विनिमय मूल्य पनि हुन्छ ।

## ४.३. कुल उत्पादन, औसत उत्पादन र सीमान्त उत्पादनको अवधारणा

### ४.३.१ कुल उत्पादन

एउटा निश्चित समय अवधिमा उपलब्ध उत्पादनको परिवर्तनशील साधन वा श्रम प्रयोग गरी उत्पादन गरिएको वस्तु वा सेवाको कुल परिमाणलाई वस्तुको कुल उत्पादन भनिन्छ ।

अर्को शब्दमा भन्नुपर्दा उत्पादनको साधन वा श्रमको प्रत्येक एकाइबाट उत्पादन गरिएको वस्तुको परिमाण वा सीमान्त उत्पादनको कुल योगफललाई कुल उत्पादन भनिन्छ । यसलाई साङ्केतिक रूपमा निम्नानुसार व्यक्त गर्न सकिन्छ :

$TP = \Sigma MP$

यहाँ,

TP = कुल उत्पादन (total product)

ΣMP = सीमान्त उत्पादनको योग (sum of marginal product)

कुल उत्पादनको अवधारणालाई निम्न लिखित तालिकाबाट प्रस्ट पार्न सकिन्छ :

| **उत्पादनका परिवर्तनशील साधनको एकाइ वा श्रमको एकाइ** | **कुल उत्पादन (के. जी. मा)** |
|---|---|
| १ | १० |
| २ | ३० |
| ३ | ६० |
| ४ | ८० |
| ५ | ९० |

माथिको तालिकामा उत्पादनको एक एकाइ परिवर्तनशील साधन वा श्रम प्रयोग गर्दा कुल उत्पादन १० एकाइ छ। पुनः दुई एकाइ श्रम प्रयोग गर्दा कुल उत्पादन ३० के. जी. हुन पुगेको छ। एवम् रीतले उत्पादनको परिवर्तनशील साधन वा श्रम वृद्धि गर्दै ३, ४ र ५ एकाइ पुऱ्याउँदा कुल उत्पादन वृद्धि भएर क्रमशः ६० के. जी., ८० के. जी. र ९० के. जी. हुन पुगेको छ। उत्पादनका अन्य साधनहरूलाई स्थिर राखी उत्पादनको परिवर्तनशील साधन वा श्रमलाई बढाउँदै जाँदा सुरूमा कुल उत्पादन बढ्दो दर मा बढ्छ। त्यसपश्चात् उत्पादन घट्दो दरमा बढ्छ र अन्त्यमा घट्न थाल्छ। यस अवधारणालाई 'परिवर्तनशील अनुपातको नियम' (Law of Variable Proportions) मा प्रस्ट पारिएको छ।

### ४.३.२ औसत उत्पादन

उत्पादन कार्यमा प्रयोग गरिएको उत्पादनको परिवर्तनशील साधन वा श्रमको प्रति एकाइबाट प्राप्त हुने उत्पादनलाई औसत उत्पादन भनिन्छ। अर्को शब्दमा भन्नुपर्दा कुल उत्पादनलाई उत्पादनको परिवर्तनशील साधन वा श्रमको कुल एकाइले भाग गर्दा औसत उत्पादन प्राप्त हुन्छ । यसलाई साङ्केतिक रूपमा निम्नानुसार व्यक्त गर्न सकिन्छ :

$$AP = \frac{TP}{L}$$

यहाँ,

AP = औसत उत्पादन (average product)

TP = कुल उत्पादन (total product)

L = श्रम वा उत्पादनको परिवर्तनशील साधनको एकाइ (labour or units of a variable factor)

औसत उत्पादनको अवधारणालाई निम्न लिखित तालिकाबाट प्रस्ट पार्न सकिन्छ :

| उत्पादनको परिवर्तनशील साधन वा श्रमको एकाइ | कुल उत्पादन (के. जी. मा) | औसत उत्पादन (के. जी. मा) |
|---|---|---|
| १ | १० | १० |
| २ | ३० | १५ |
| ३ | ६० | २० |
| ४ | ८० | २० |
| ५ | ९० | १८ |

माथिको तालिकामा सुरुमा उत्पादनको परिवर्तनशील साधन वा श्रम एक एकाइ हुँदा कुल उत्पादन १० के. जी. बराबर रहेको छ । श्रमको एक एकाइले कुल उत्पादनको १० एकाइलाई भाग गर्दा प्राप्त हुने १० के. जी. औसत उत्पादन हो । यसैगरी कुल उत्पादन परिमाणहरू ३० के. जी., ६० के. जी., ८० के. जी. र ९० के. जी. लाई उत्पादनको परिवर्तनशील साधन वा श्रमका एकाइहरू २, ३, ४ र ५ ले भाग गर्दा औसत उत्पादन क्रमशः १५ के. जी., २० के. जी., २० के. जी. र १८ के. जी. प्राप्त भएका छन् । सुरुमा श्रमको तेस्रो एकाइसम्म औसत उत्पादन वृद्धि भएको छ । श्रमको चौथो एकाइमा यो स्थिर रहेको छ र त्यसपश्चात् घट्न सुरु गरेको छ ।

### ४.३.३ सीमान्त उत्पादन

उत्पादनको परिवर्तनशील साधन वा श्रममा आएको एक एकाइ परिवर्तनले कुल उत्पादनमा हुने परिवर्तनलाई सीमान्त उत्पादन भनिन्छ । अर्को शब्दमा भन्नुपर्दा कुल उत्पादनमा आउने परिवर्तन र कुल श्रममा आउने परिवर्तनको अनुपात नै सीमान्त उत्पादन हो । यसलाई साङ्केतिक रूपमा निम्नानुसार व्यक्त गर्न सकिन्छ :

$$MP = \frac{\Delta TP}{\Delta L}$$

यहाँ,

MP = सीमान्त उत्पादन (marginal product)

$\Delta$TP = कुल उत्पादनमा परिवर्तन (change in total product)

$\Delta L$ = श्रम वा उत्पादनको परिवर्तनशील साधनको एकाइमा परिवर्तन (change in labour or variable factor of production)

सीमान्त उत्पादनको अवधारणालाई निम्न लिखित तालिकाबाट प्रस्ट पार्न सकिन्छ :

| **उत्पादनका परिवर्तनशील साधन वा श्रमको एकाइ** | **कुल उत्पादन** (के. जी. मा) | **सीमान्त उत्पादन** (के. जी.मा) |
|---|---|---|
| १ | १० | १० |
| २ | ३० | २० |
| ३ | ६० | ३० |
| ४ | ८० | २० |
| ५ | ९० | १० |

माथिको तालिकामा उत्पादनको परिवर्तनशील साधन वा श्रमको पहिलो एकाइबाट प्राप्त सीमान्त उत्पादन १० एकाइ छ । श्रमको दोस्रो एकाइबाट प्राप्त सीमान्त उत्पादन २० के. जी. रहेको छ । एवम् रीतले श्रमको तेस्रो, चौथो र पाँचौँ एकाइबाट प्राप्त सीमान्त उत्पादन क्रमशः ३० के. जी., २० के. जी. र १० के. जी. रहेका छन् । श्रमको तेस्रो एकाइसम्म सीमान्त उत्पादन वृद्धि भइरहेको छ । त्यसपश्चात् घट्न सुरु गरेको छ ।

## ४.४. उत्पादन फलन

कुनै पनि वस्तु उत्पादनको निमित्त विभिन्न साधनहरू आवश्यक हुन्छन, जस्तै : भूमि, पुँजी, श्रम, सङ्गठन वा उद्यम, प्रविधि आदि । उदाहरणका लागि धानको उत्पादनलाई लिन सकिन्छ । कृषकले धान उत्पादन गर्दा भूमि, श्रमिक, हलो, कोदालो, ट्रयाक्टर, बिउ, रासायनिक मल आदि प्रयोग गर्छ । यिनीहरू उत्पादनका साधनहरू हुन् । उत्पादनका यी साधनहरू परिवर्तन गर्दा धानको उत्पादन परिमाण पनि परिवर्तन हुन्छ । उत्पादनका यी साधनहरू वृद्धि गर्दा धान उत्पादन पनि वृद्धि हुन्छ भने कम गर्दा धानको उत्पादनमा पनि कमी आउँछ । अतः वस्तुको उत्पादन परिमाण र उत्पादनका साधनहरूबिचको प्राविधिक सम्बन्धलाई उत्पादन फलन भनिन्छ । उत्पादन फलनलाई साङ्केतिक रूपमा निम्नानुसार व्यक्त गर्न सकिन्छ :

$Q = f(L, K, L_d, M, T)$

जहाँ,

Q = उत्पादन

L = श्रम

K = पुँजी

$L_d$ = भूमि

M = व्यवस्थापन

T = प्रविधि

f = फलन

उत्पादनका सम्पूर्ण साधनहरू उत्पादन फलनमा समावेश गर्दा उत्पादन विश्लेषण कठिन हुन जान्छ । त्यसैले उत्पादनका सम्पूर्ण साधनहरू समावेश नगरी दुई महत्त्वपूर्ण साधनहरू श्रम र पुँजी मात्र समावेश गरी उत्पादन फलन देखाइन्छ, जुन निम्नानुसार छ :

Q = f (L, K)

### ४.४.१ उत्पादन फलनका प्रकारहरू

उत्पादन फलन दुई किसिमका हुन्छन् जुन निम्नानुसार छन् :

(**क**) **अल्पकालीन उत्पादन फलन** : अल्पकालीन उत्पादन फलनले उत्पादनको एउटा मात्रै साधन वा परिवर्तनशील साधन परिवर्तन गरी उत्पादनका अन्य साधनहरू स्थिर राख्दा उत्पादन कसरी परिवर्तन हुन्छ भन्ने कुरा देखाउँछ । अर्को शब्दमा भन्नुपर्दा अल्पकालीन उत्पादन फलनमा एउटा मात्रै उत्पादनको साधन परिवर्तनशील हुन्छ र अन्य उत्पादनका साधनहरू स्थिर रहन्छन् । अल्पकालीन उत्पादन फलनले परिवर्तनशील अनुपातको नियमलाई बुझाउँछ । यसलाई साङ्केतिक रूपमा निम्नानुसार व्यक्त गर्न सकिन्छ :

Q = f(L, K)

यहाँ K पुँजी हो जुन उत्पादनको स्थिर साधन हो । अर्कोतर्फ L श्रम हो जुन उत्पादनको परिवर्तनशील साधन हो ।

(**ख**) **दीर्घकालीन उत्पादन फलन** : दीर्घकालीन उत्पादन फलनले उत्पादनका सम्पूर्ण साधनहरू परिवर्तन गर्दा उत्पादन कसरी परिवर्तन हुन्छ भन्ने कुरा देखाउँछ । अर्को शब्दमा भन्नुपर्दा, दीर्घकालीन उत्पादन फलनमा उत्पादनका सम्पूर्ण साधनहरू परिवर्तनशील हुन्छन् । दीर्घकालीन उत्पादन फलनले उत्पादनको स्तर प्रतिफलको नियमलाई देखाउँछ । यसलाई साङ्केतिक रूपमा निम्नानुसार व्यक्त गर्न सकिन्छ :

Q = f (L, K)

यहाँ K (पुँजी) र L (श्रम) दुवै उत्पादनका परिवर्तनशील साधनहरू हुन् ।

## ४.५. परिवर्तनशील अनुपातको नियम

परिवर्तनशील अनुपातको नियमको प्रतिपादन अल्फ्रेड मार्सल (Alfred Marshall), पी. ए. साम्युल्सन (P. A. Samuelson), जोन रोबिन्सन (Joan Robinson) आदि अर्थशास्त्रीहरूले गरेका हुन् । यो उत्पादनको अल्पकालीन नियम हो । अल्पकालमा उत्पादनका केही साधन स्थिर हुन्छन् भने केही साधन परिवर्तनशील हुन्छन् । अर्को शब्दमा भन्नुपर्दा अल्पकालमा उत्पादनका सबै साधनहरू परिवर्तन गर्न सकिँदैन । त्यसैले केही साधनहरूलाई स्थिर राखेर केही साधनहरू मात्रै वृद्धि गरिन्छ । तसर्थ स्थिर साधनमा परिवर्तनशील साधनहरू थप्दै जाँदा साधनहरूबिचको अनुपातमा परिवर्तन आउँछ । त्यसैले यसलाई परिवर्तनशील अनुपातको नियम भनिन्छ । यस नियमले उत्पादनका अन्य साधनहरू यथावत् राखी उत्पादनको एउटा साधनलाई वृद्धि गर्दा उत्पादनमा कस्तो परिवर्तन आउँछ भन्ने कुराको व्याख्या गर्छ । यस नियमअनुसार उत्पादनका स्थिर साधनहरूलाई यथावत् राखी

परिवर्तनशील साधन वृद्धि गर्दै जाँदा सुरुमा कुल उत्पादन बढ्दो दरमा बढ्छ एउटा निश्चित बिन्दुपश्चात् घट्दो दरमा बढ्छ र अन्त्यमा घट्न थाल्छ ।

उत्पादनको परिवर्तनशील नियमलाई अर्थशास्त्री बेन्हाम (Benham) को परिभाषाबाट प्रस्ट पार्न सकिन्छ । उनका अनुसार – उत्पादनका विभिन्न साधनहरूमध्ये उत्पादनका कुनै एक साधनको अनुपातमा वृद्धि गर्दै जाँदा एउटा निश्चित बिन्दुपछि उक्त साधनको पहिले सीमान्त उत्पादनपछि औसत उत्पादन घट्छ । (As the proportion of one factor in a combination of factors is increased, after a point, first the marginal product and then the average product of that factor will diminish.)

तसर्थ परिवर्तनशील अनुपातको नियमअनुसार, उत्पादनका केही साधनहरू स्थिर राखेर एउटा मात्रै परिवर्तनशील साधन वृद्धि गर्दै जाँदा सुरुमा दुवै सीमान्त उत्पादन र औसत उत्पादन वृद्धि हुन्छ र एउटा निश्चित बिन्दुपछि यी दुवै घट्छन् तर सीमान्त उत्पादन औसत उत्पादनभन्दा पहिले नै घट्न सुरु गर्छ ।

### मान्यताहरू

परिवर्तनशील अनुपातको नियम निम्न मान्यताहरूमा आधारित छ :

(क) उत्पादन प्रविधि स्थिर रहन्छ वा यसमा कुनै परिवर्तन हुँदैन ।

(ख) कम्तीमा उत्पादनको कुनै एउटा साधन स्थिर हुन्छ ।


(ग) विभिन्न साधनहरूबिचको अनुपात परिवर्तनशील हुन्छ ।

माथिका मान्यताहरू लागु भएमा मात्रै परिवर्तनशील अनुपातको नियम लागु हुन्छ । माथिका मान्यताहरूका आधारमा उत्पादनको परिवर्तनशील अनुपातको नियमलाई निम्न लिखित तालिकाबाट प्रस्ट पार्न सकिन्छ :

| भूमि (क्षेत्रफल रोपनीमा) | श्रमका एकाइहरू | कुल उत्पादन (के. जी. मा) | औसत उत्पादन (के. जी. मा) | सीमान्त उत्पादन (के. जी. मा) | चरणहरू |
|---|---|---|---|---|---|
| १० | ० | ० | ० | ० | पहिलो |
| १० | १ | १० | १० | १० | |
| १० | २ | ३० | १५ | २० | |
| १० | ३ | ६० | २० | ३० | |
| १० | ४ | ८० | २० | २० | दोस्रो |
| १० | ५ | ९० | १८ | १० | |
| १० | ६ | ९० | १५ | ० | |
| १० | ७ | ८० | ११.४ | -१० | तेस्रो |

माथिको तालिकाले परिवर्तनशील अनुपातको नियमलाई प्रस्ट पारेको छ । यस तालिकामा भूमिलाई स्थिर साधन र श्रमलाई परिवर्तनशील साधन मानिएको छ । भूमिलाई १० रोपनीमा स्थिर राखेर श्रमको एकाइ वृद्धि गर्दै जाँदा श्रमको तेस्रो एकाइसम्म कुल उत्पादन बढ्दो दरमा छ । त्यसपछि श्रमको पाँचौँ एकाइसम्म कुल उत्पादन घट्दो दरमा छ । त्यसपछि श्रमको छैटौँ एकाइमा कुल उत्पादन स्थिर रहेको छ र सातौँ एकाइबाट कुल उत्पादन घट्न पुगेको छ । सुरुको तेस्रो एकाइसम्म सीमान्त उत्पादन वृद्धि भई त्यसपछि घट्न सुरु गरेको छ । श्रमको छैटौँ एकाइमा सीमान्त उत्पादन शून्य रहेको छ र त्यसपछि ऋणात्मक हुन पुगेको छ । औसत उत्पादन श्रमको चौथो एकाइसम्म वृद्धि भएको छ र त्यसपश्चात् लगातार घटिरहेको छ । सीमान्त उत्पादन जस्तो औसत उत्पादन कहिल्यै पनि शून्य र ऋणात्मक हुँदैन ।

परिवर्तनशील अनुपातको नियमलाई निम्न लिखित रेखा चित्रका माध्यमबाट पनि व्याख्या गर्न सकिन्छ :




माथिको रेखा चित्रमा X- अक्षले श्रमका एकाइहरू र Y- अक्षले कुल, औसत र सीमान्त उत्पादन देखाउँछ । वक्ररेखाहरू TP, AP र MP ले क्रमशः कुल उत्पादन वक्ररेखा, औसत उत्पादन वक्र रेखा र सीमान्त उत्पादन वक्र रेखा प्रतिनिधित्व गर्छन् । रेखा चित्रमा उत्पादनका तिन चरणहरू देखाइएका छन् । यी चरणलाई निम्नानुसार व्याख्या गर्न सकिन्छ :

(**क**) **प्रथम चरण** : प्रथम चरणलाई उत्पादनको बढ्दो प्रतिफलको चरण पनि भनिन्छ । यस चरणको सुरुमा कुल उत्पादन बढ्दो दरमा बढ्छ र एउटा निश्चित बिन्दुपछि घट्दो दरमा बढ्न सुरु गर्छ । साथै यस चरणमा सीमान्त उत्पादन सुरुमा वृद्धि भई अधिकतम हुन्छ र घट्न थाल्छ तर औसत उत्पादन भने लगातार वृद्धि हुन्छ । रेखा चित्रमा कुल उत्पादन श्रमको तेस्रो एकाइसम्म बढ्दो दरमा बढिरहेको छ र त्यसपछि घट्दो दरमा बढ्न सुरु गरेको छ । सीमान्त उत्पादन श्रमको तेस्रो एकाइसम्म वृद्धि भई अधिकतम भएको छ, जसलाई बिन्दु G ले देखाएको छ । त्यसपश्चात् सीमान्त उत्पादन घट्न सुरु गरेको छ । औसत उत्पादन श्रमको तेस्रो एकाइसम्म बढिरहेको छ र श्रमको यस एकाइमा यो अधिकतम हुन पुगेको छ । श्रमको चौथो एकाइमा औसत उत्पादन स्थिर छ । बिन्दु E मा सीमान्त उत्पादन र औसत उत्पादन बराबर छन् । अर्को शब्दमा भन्नुपर्दा श्रम ४ एकाइ हुँदा सीमान्त उत्पादन र औसत उत्पादन बराबर छन् । यस बिन्दुमा प्रथम चरण समाप्त हुन्छ ।

(**ख**) **दोस्रो चरण** : दोस्रो चरणलाई उत्पादनको घट्दो प्रतिफलको चरण पनि भनिन्छ । यस चरणमा कुल उत्पादन घट्दो दरमा वृद्धि भई अधिकतम भएर स्थिर हुन्छ । रेखा चित्रबाट पनि स्पष्ट हुन्छ कि बिन्दु C वा श्रमको पाँचौँ एकाइमा कुल उत्पादन अधिकतम हुन पुगेको छ र बिन्दु D वा श्रमको छैटौँ एकाइमा यो स्थिर हुन पुगेको छ । साथै औसत उत्पादन पनि लगातार घटिरहेको छ । श्रमको छैटौँ एकाइमा कुल उत्पादन अधिकतम भई स्थिर हुँदा सीमान्त उत्पादन शुन्य हुन्छ । जसलाई रेखा चित्रमा F बिन्दुले देखाएको छ । सीमान्त उत्पादन शून्य भएपछि दोस्रो चरण समाप्त हुन्छ । विवेकशील उत्पादकले उत्पादनको निमित्त दोस्रो चरण छनोट गर्छ ।

(**ग**) **तेस्रो चरण** : तेस्रो चरणलाई ऋणात्मक प्रतिफलको चरण पनि भनिन्छ । यस चरणमा कुल उत्पादन लगातार घटिरहन्छ । औसत उत्पादन पनि लगातार घटिरहन्छ तर यो कहिल्यै पनि शून्य र ऋणात्मक हुँदैन । यस चरणमा कुल उत्पादन घट्ने हुनाले सीमान्त उत्पादन ऋणात्मक हुन्छ । त्यसैले कुल उत्पादन वक्ररेखा TP बिन्दु D देखि तलतिर झुकिरहेको छ र सीमान्त वक्ररेखा (MP) X- अक्षभन्दा तल झरेको छ ।

## ४.६. स्तर प्रतिफलको नियम

स्तर प्रतिफलको नियमले दीर्घकालमा उत्पादन र उत्पादनका साधनहरू बिचको सम्बन्धलाई देखाउँछ । अर्को शब्दमा भन्नुपर्दा स्तर प्रतिफलनको नियम दीर्घकालीन उत्पादन फलनसँग सम्बन्धित छ । त्यसैले यस नियममा उत्पादनका सम्पूर्ण साधनहरू परिवर्तनशील मानिन्छ । यस नियमले उत्पादनका सम्पूर्ण साधनहरू समान अनुपातमा परिवर्तन गर्दा उत्पादनमा कस्तो परिवर्तन आउँछ भन्ने कुराको व्याख्या गर्छ । उत्पादनका सम्पूर्ण साधनहरूलाई एउटै अनुपातमा परिवर्तन गर्दा निम्न लिखित तिन ओटा अवस्थाहरू देखापर्छन् :

(क) बढ्दो स्तर प्रतिफल

(ख) स्थिर स्तर प्रतिफल


(ग) घट्दो स्तर प्रतिफल

उत्पादनका यी विभिन्न चरणहरूलाई निम्नानुसार व्याख्या गरिएको छ :

(क) **बढ्दो स्तर प्रतिफल** : उत्पादनका साधनहरू जुन अनुपातमा परिवर्तन गरिन्छ, त्योभन्दा बढी अनुपातमा उत्पादन वृद्धि हुन्छ भने त्यसलाई बढ्दो स्तर प्रतिफल भनिन्छ । उत्पादनको यस अवस्थामा उत्पादनका साधनहरू दुई गुणाले वृद्धि गर्दा उत्पादन दुई गुणाभन्दा धेरैले र उत्पादनका साधनहरूलाई तिन गुणाले वृद्धि गर्दा उत्पादन तिन गुणाभन्दा धेरैले वृद्धि हुन्छ । त्यसैले उत्पादनको बढ्दो स्तर प्रतिफलको अवस्थामा उत्पादनका साधनहरूको सीमान्त उत्पादकत्व वा सीमान्त उत्पादन पनि वृद्धि हुन्छ । यस अवधारणालाई निम्न लिखित तालिका र रेखा चित्रबाट प्रस्ट पार्न सकिन्छ :

| **श्रम र पुँजीको एकाइ** | **कुल उत्पादन** (के. जी. मा) | **सीमान्त उत्पादन** (के. जी. मा) |
|---|---|---|
| १ | १० | १० |
| २ | २५ | १५ |
| ३ | ४५ | २० |

माथिको तालिकाका आधारमा निम्न लिखित रेखा चित्र बनाउन सकिन्छ :





माथिको रेखा चित्रमा X- अक्षले श्रम तथा पूँजीको मात्रा र Y- अक्षले सीमान्त उत्पादन देखाउँछ । माथितिर झुकाव भएको वक्ररेखा MP ले सीमान्त उत्पादन प्रतिनिधित्व गर्छ । माथिको तालिका र चित्रबाट स्पष्ट छ कि श्रम र पुँजीको मात्रा वृद्धि गर्दै जाँदा सीमान्त उत्पादन पनि वृद्धि हुँदै गएकाले सीमान्त उत्पादन वक्ररेखा माथितिर बायाँबाट दायाँ झुकेको छ वा उकालो लागेको छ । श्रम र पुँजीको मात्रा १ हुँदा सीमान्त उत्पादन १० के. जी. रहेको छ । श्रमको मात्रा वृद्धि गरेर २ एकाइ र ३ एकाइ पुऱ्याउँदा सीमान्त उत्पादन वृद्धि भएर क्रमशः १५ के. जी. र २० के. जी. हुन पुगेको छ । अतः बढ्दो स्तर प्रतिफलको अवस्थामा सीमान्त उत्पादन वक्ररेखा (MP) माथितिर बायाँबाट दायाँतिर झुकेको हुन्छ वा उकालो लागेको हुन्छ ।

(ख) **स्थिर स्तर प्रतिफल** : उत्पादका साधनहरू जुन अनुपातमा वृद्धि गरिन्छ, ठिक त्यही अनुपातमा उत्पादन वृद्धि हुन्छ भने यसलाई स्थिर स्तर प्रतिफल भनिन्छ । यस अवस्थामा उत्पादनका साधनहरूलाई दुई गुणाले वृद्धि गर्दा उत्पादन पनि दुई गुणाले र उत्पादनका साधनहरूलाई तिन गुणाले वृद्धि गर्दा उत्पादन पनि तिन गुणाले वृद्धि हुन्छ । त्यसैले साधनहरूको सीमान्त उत्पादकत्व वा सीमान्त उत्पादन स्थिर रहन्छ । यस अवधारणालाई निम्न तालिका र रेखा चित्रबाट प्रस्ट पार्न सकिन्छ :

| **श्रम र पुँजीको एकाइ** | **कुल उत्पादन** (के. जी. मा) | **सीमान्त उत्पादन** (के. जी. मा) |
|---|---|---|
| १ | १० | १० |
| २ | २० | १० |
| ३ | ३० | १० |

माथिको तालिकाका आधारमा निम्न लिखित रेखा चित्र बनाउन सकिन्छ :





माथिको रेखा चित्रमा X-अक्षले श्रम तथा पुँजीको मात्रा र Y-अक्षले सीमान्त उत्पादन देखाउँछ । X- अक्षसँग समानान्तर रहेको क्षितिजीय वक्र रेखा MP ले सीमान्त उत्पादनको प्रतिनिधित्व गर्छ । श्रम र पुँजीको हरेक एकाइमा सीमान्त उत्पादन १० के. जी. रहेको हुनाले सीमान्त उत्पादन वक्ररेखा MP सिधा क्षितिजीय रेखा हुन गएको हो । अतः स्थिर स्तर प्रतिफलको अवस्थामा सीमान्त उत्पादन वक्ररेखा X- अक्षसँग समानान्तर वा सिधा क्षितिजीय रेखा हुन्छ ।

(ग) **घट्दो स्तर प्रतिफल** : उत्पादनका साधनहरू जुन अनुपातमा वृद्धि गरिन्छ, त्योभन्दा कम अनुपातमा उत्पादन वृद्धि हुन्छ भने यसलाई घट्दो स्तर प्रतिफल भनिन्छ । उत्पादनको यस अवस्थामा उत्पादनका साधनहरूलाई दुई गुणाले वृद्धि गर्दा उत्पादन दुई गुणाभन्दा कमले र उत्पादनका साधनहरूलाई तिन गुणाले वृद्धि गर्दा उत्पादन तिन गुणाभन्दा कमले वृद्धि हुन्छ । त्यसैले साधनहरूको सीमान्त उत्पादकत्व वा सीमान्त उत्पादन घट्छ । यस अवधारणालाई निम्न लिखित तालिका र रेखा चित्रबाट प्रस्ट पार्न सकिन्छ :

| श्रम र पुँजीको एकाइ | कुल उत्पादन (के. जी. मा) | सीमान्त उत्पादन (के. जी. मा) |
|---|---|---|
| १ | १० | १० |
| २ | १८ | ८ |
| ३ | २४ | ६ |

माथिको तालिकाका आधारमा निम्न लिखित रेखा चित्र बनाउन सकिन्छ :




माथिको रेखा चित्रमा X-अक्षले श्रम तथा पुँजीको मात्रा र Y-अक्षले सीमान्त उत्पादन देखाउँछ । तलतिर झुकाव रहेको वक्र रेखा MP ले सीमान्त उत्पादनको प्रतिनिधित्व गर्छ । माथिको तालिका र रेखा चित्रबाट के स्पष्ट हुन्छ भने श्रम र पुँजीको मात्रा बढाउँदै लैजाँदा सीमान्त उत्पादन घटिरहेको हुनाले सीमान्त उत्पादन वक्र रेखा MP तलतिर बायाँबाट दायाँतर्फ झुकेको छ वा ओरालो लागेको छ । श्रम र पुँजीको मात्रा १ एकाइ हुँदा सीमान्त उत्पादन १० के. जी. रहेको छ । श्रम र पुँजीको मात्रा बढाएर २ एकाइ र ३ एकाइ बनाउँदा सीमान्त उत्पादन घटेर क्रमशः ८ के. जी. र ६ के. जी. हुन पुगेको छ । अतः घट्दो स्तर प्रतिफलको अवस्थामा सीमान्त उत्पादन वक्र रेखा तलतिर बायाँबाट दायाँतर्फ झुकेको हुन्छ वा ओरालो लागेको हुन्छ ।

## क्रियाकलाप

१. तपाईंको समुदायमा उत्पादन हुने विभिन्न वस्तुहरूको सूची तयार पार्नुहोस् । उक्त उत्पादनको महत्त्वबारे लेख्नुहोस् ।

२. उत्पादनको परिवर्तनशील नियम र स्तर प्रतिफलको नियमको भिन्नताका बारेमा कक्षाकोठामा छलफल चलाउनुहोस् ।

## अभ्यास

१. **निम्न लिखित प्रश्नहरूको अति छोटो उत्तर लेख्नुहोस् :**

(क) उत्पादन भनेको के हो ?

(ख) उत्पादन फलनको परिभाषा दिनुहोस् ।

(ग) अल्पकालीन उत्पादन फलन भनेको के हो ?

(घ) दीर्घकालीन उत्पादन फलन भनेको के हो ?

(ङ) कुल उत्पादनको परिभाषा दिनुहोस् ।

(च) औसत उत्पादन भनेको के हो ?

(छ) सीमान्त उत्पादन भनेको के हो ?

(ज) परिवर्तनशील अनुपातको नियम भन्नाले के बुझिन्छ ?

(झ) परिवर्तनशील अनुपातको नियमका विभिन्न चरणहरू लेख्नुहोस् ।

(ञ) अल्पकालमा उत्पादनको कुन नियम लागु हुन्छ ?

(ट) स्तर प्रतिफलको नियम भनेको के हो ?

(ठ) बढ्दो स्तर प्रतिफल भन्नाले के बुझिन्छ ?

(ड) स्थिर स्तर प्रतिफलको परिभाषा दिनुहोस् ।

(ढ) घट्दो स्तर प्रतिफल भन्नाले के बुझिन्छ ?

(ण) परिवर्तनशील अनुपातको नियम र स्तर प्रतिफलको नियमबिचको कुनै एक भिन्नता लेख्नुहोस् ।

२. **निम्न लिखित प्रश्नहरूको छोटो उत्तर लेख्नुहोस् :**

(क) कुल उत्पादन, औसत उत्पादन र सीमान्त उत्पादनको अवधारणा व्याख्या गर्नुहोस् ।

(ख) उत्पादन फलन भनेको के हो ? यसका प्रकारहरू लेख्नुहोस् ।

(ग) परिवर्तनशील उत्पादनको नियमका विभिन्न चरणहरू के के हुन् ? सङ्क्षेपमा व्याख्या गर्नुहोस् ।

(घ) बढ्दो स्तर प्रतिफल र स्थिर स्तर प्रतिफलको चित्रसहित व्याख्या गर्नुहोस् ।

(ङ) घट्दो स्तर प्रतिफलको चित्रसहित व्याख्या गर्नुहोस् ।

३. **निम्न लिखित प्रश्नहरूको लामो उत्तर लेख्नुहोस् :**

(क) परिवर्तनशील अनुपातको नियमको सचित्र व्याख्या गर्नुहोस् ।

(ख) स्तर परिवर्तनको नियम तालिका र चित्रसहित व्याख्या गर्नुहोस् ।

# एकाइ ५ : उत्पादनका साधनहरू

## ५.१ परिचय

उत्पादनका साधनहरू भन्नाले ती वस्तु तथा सेवाहरूलाई जनाउँछ जुन अन्य वस्तु तथा सेवाहरू उत्पादनका लागि प्रयोग गरिन्छ, उदाहरणका लागि एउटा किसानलाई धान उत्पादन गर्नका लागि जमिन, श्रमिक, बिउ, मल आदि आवश्यक पर्छ । यी सबै कुराहरू उत्पादनका साधनहरू हन् । उत्पादनका साधनहरूको प्रयोगबिना उत्पादन कार्य सम्भव छैन । त्यसैले उत्पादनका साधनहरू उत्पादन कार्यका लागि अत्यावश्क तत्त्वहरू हुन् जसले उत्पादन प्रक्रियामा सामेल भई आपसमा समन्वय गरेर उत्पादन कार्यलाई सम्भव बनाउँछन् ।

उत्पादनका साधनहरूलाई मुख्य गरी भूमि, पुँजी, श्रम र सङ्गठन गरी चार भागमा विभाजन गरिएको छ । माथिका उदाहरणमा जमिन भूमि हो । श्रमिकले श्रम प्रदान गर्छ । मल, बिउ, औजार पुँजी हुन् । किसानले यी सम्पूर्ण साधनको चाँजोपाँजो मिलाउने भएकाले ऊ सङ्गठन वा उद्यमी हो ।

### ५.१.१ भूमि

प्रकृतिको निःशुल्क उपहारका रूपमा प्राप्त सम्पूर्ण प्राकृतिक सम्पदाहरू भूमि हुन् । भूमिअन्तर्गत जमिनको सतहमा, सतहभन्दा माथि र सतहभन्दा मुनि मानव जातिलाई उपलब्ध माटो, पानी, जङ्गल, हिमाल, खानीहरू समुद्र ताल आदि सम्पूर्ण प्राकृतिक वस्तुहरू पर्छन् जो उत्पादन कार्यमा सहभागी हुन्छन् ।

### ५.१.२ भूमिका विशेषताहरू

उत्पादनका साधनहरूमध्ये भूमि एक महत्त्वपूर्ण साधन हो । भूमिका विशेषताहरू यस प्रकार छन् :

(क) **भूमि प्रकृतिको निःशुल्क उपहार हो** : भूमिको उत्पादन वा निर्माण कसैले गर्न सक्दैन । भूमि प्रकृति प्रदत्त वस्तु हो । मानिसले भूमिको सुधार गरी उपयोगिता बढाउन मात्र सक्छ ।

(ख) **भूमिको पूर्ति निश्चित छ** : भूमि प्राप्तिका लागि मानिसका आवश्यकता बढे भन्दैमा भूमिको पूर्ति बढाउन सकिँदैन र घटाउन पनि सकिँदैन । भूमिको मात्रा प्रकृतिले जति दिएको हो त्यति मात्र हुन्छ । भूमिको आकार सीमित हुने भएकाले भूमिको मूल्य बढे पनि यसको पूर्ति बढाउन सकिँदैन, त्यस्तै भूमिको मूल्यमा कमी आए पनि यसको पूर्तिमा कमी गर्न सकिँदैन ।

(ग) **भूमि अविनाशी हुन्छ** : भूमिको निर्माण र नाश दुवै असम्भव छ । न त यसलाई कसैले बनाउने थप्ने गर्न सक्छ न त नाश नै गर्न सक्छ । भूमि प्रकृतिको निःशुल्क वस्तु भएकाले यसको उत्पादन लागत हुँदैन तर भूमि दुर्लभ भएका कारण यसको मूल्य हुन्छ ।

(घ) **भूमि उत्पादनको स्थिर साधन हो** : भूमिलाई एक ठाउँबाट अर्को ठाउँमा सार्न सकिँदैन । त्यसैले भूमि अचल छ, जस्तै : जग्गा, जमिन, हिमाल, खोला, समुद्र आदिलाई एक ठाउँबाट अर्को ठाउँमा सार्न सकिँदैन ।

(ङ) **भूमि उत्पादनको निस्क्रिय साधन हो** : भूमिको प्रयोग मानिसको सक्रियतामा निर्भर रहन्छ। मानिसले आफ्नो कुशल सिपको प्रयोग गरेर भूमिबाट धेरैभन्दा धेरै उत्पादन लिन सक्छ। यदि भूमिलाई प्रयोग नगरी त्यतिकै छोडिदिने हो भने त्यसको उत्पादन शून्य हुन्छ, जस्तै : सुक्खा पहाडी डाँडालाई पर्यटक स्थल, धार्मिक स्थलका रूपमा विकास गर्ने हो भने त्यस भूमिको उत्पादन क्षमता बढाउन सकिन्छ। त्यसैले भूमि उत्पादनको निस्क्रिय साधन हो।

(च) **भूमिको रूप र उर्बराशक्ति फरक फरक हुन्छ** : भूमि हिमाल, पहाड, समुद्र, मैदान, ताल, तलाउ विभिन्न रूपका हुन्छन्। त्यस्तै भूमिको उत्पादन क्षमता पनि ठाउँअनुसार फरक हुन्छ। कुनै ठाउँको भूमि बढी उब्जाउपूर्ण हुन्छ भने कुनै ठाउँमा उत्पादन कम हुन्छ।

(छ) **भूमिको मूल्य ठाउँअनुसार फरक हुन्छ** : भूमिको उत्पादन शक्तिअनुसार मूल्यमा फरक पर्छ, जस्तै : पहाडी जग्गाको मूल्य तराई उपत्यकाको भन्दा कम हुन्छ। सहरी भूमिको मूल्य ग्रामीण क्षेत्रको भन्दा बढी हुन्छ।

(ज) **भूमिमा उत्पादनको घट्दो प्रतिफल लागु हुन्छ** : भूमिलाई उत्पादन कार्यमा स्थिर साधनका रूपमा लगाउँदा उत्पादनमा घट्दो प्रतिफल लागु हुन्छ। श्रम र पुँजीको मात्रा बढाउँदै जाँदा कुल उत्पादनमा वृद्धि भए पनि सीमान्त उत्पादन घट्दै जान्छ। त्यसैले भूमिमा उत्पादनको प्रतिफल लागु हुन्छ।

## ५.२ पुँजी

मानव निर्मित सम्पूर्ण साधनहरू पुँजी हुन् जुन् अन्य वस्तु तथा सेवाको उत्पादनमा प्रयोग गरिन्छ। कच्चा पदार्थ, भवन, मेसिन, औजार, सडक, पुल, यातायातका साधन, पुस्तक, कलम, कापी आदि पुँजीका उदाहरणहरू हुन्। किसानले गहुँको उत्पादन गर्छ, उसले उत्पादन गरेको गहुँको केही अंश बिउका रूपमा प्रयोग गर्छ भने त्यो पुँजी हो। यदि उसले त्यो गहुँलाई भोजनका रूपमा प्रयोग गऱ्यो भने त्यसलाई पुँजी मान्न सकिँदैन। तसर्थ पुँजीअन्तर्गत सम्पत्तिको त्यो हिस्सा मात्र समावेश गरिन्छ जुन पुनः उत्पादन कार्यमा प्रयोग गरिन्छ।

### ५.२.१ पुँजीका विशेषताहरू

(क) **पुँजी मानव निर्मित साधन हो** : भवन, पुस्तक, मेसिन, अन्न, सडक, कपास जस्ता वस्तु उत्पादन गर्न मानिसले श्रम गरेको हुन्छ। यी वस्तुहरू आफैँ उत्पादन हुन सक्दैनन्। मानिसको श्रमविना पुँजी निर्माण असम्भव छ। श्रमिकको परिश्रमबाट पुँजी निर्माण गर्न सकिने भएकाले पुँजीको एउटा विशेषता मानव निर्मित साधन हो भन्न सकिन्छ। यसको प्रयोगद्वारा अतिरिक्त वस्तुको उत्पादन गर्न सकिन्छ।

(ख) **पुँजी उत्पादनको निस्क्रिय साधन हो** : मेसिन, औजार, उद्योग, भवन, मल, बिउ, कच्चा पदार्थ जस्ता सबै पुँजीगत वस्तुलाई मानिसले नै प्रयोगमा ल्याउँछन्। यदि प्रयोगमा नल्याउने हो भने यी साधनहरूले आफैँले उत्पादन दिन सक्दैनन् र नाश भएर जान्छन्। पुँजीको प्रयोगबाट थप उत्पादन लिनका लागि मानिसले कुशलतापूर्वक प्रयोग गर्नुपर्छ।

(ग) **पुँजी उत्पादनको गतिशील साधन हो** : मेसिन, उपकरण, कच्चा पदार्थ, मल, बिउलाई आवश्यकताअनुसार एक ठाउँबाट अर्को ठाउँमा लैजान सकिन्छ । त्यसैले पुँजी गतिशील साधन हो ।

(घ) **पुँजी नाशवान् हुन्छ** : कुनै पनि पुँजीगत वस्तुहरू स्थायी हुँदैनन् । प्रयोगमा ल्याउन थालेको केही समयपछि खिएर जाने, भाँचिएर जान सक्ने, बिग्रिएर उत्पादन दिन नसक्ने हुन्छन् ।

(ङ) **पुँजी निर्माण बचतमा निर्भर हुन्छ** : मानौँ, एउटा उत्पादकले वर्षमा पचास मुरी धान उत्पादन गर्छ र सबै धान उपभोगमा नै खर्च गरेर सिध्याउँछ भने त्यहाँ बचत हुन सक्दैन । बचत नभएपछि लगानी पनि गर्न सकिँदैन । लगानी नभएपछि थप उत्पादन पनि हुन सक्दैन । तर पच्चिस मुरी धान उपभोगमा खर्च गर्छ र पच्चिस मुरी धान बचत गर्छ भने त्यसलाई बेचेर रुपियाँ पैसामा रूपान्तर गरेर अन्य उत्पादनमूलक काममा खर्च गर्छ वा बिउका रूपमा प्रयोग गर्न सक्छ वा अन्य काममा उपयोग गर्छ भने त्यहाँ पुँजी निर्माण हुन सक्छ । पुँजी निर्माणको पहिले आधार बचत हो ।

(च) **पुँजीको आपूर्ति लचकदार हुन्छ** : मानौँ, कुनै उद्योगलाई कच्चा पदार्थको आवश्यकता बढी भयो र मागमा वृद्धि भयो भने कच्चा पदार्थको पूर्ति बढाउन सकिन्छ । त्यस्तै कच्चा पदार्थको माग कम भएमा पूर्ति पनि कम गर्न सकिन्छ ।

## ५.२.२ पुँजी निर्माण

पुँजी निर्माण यस्तो प्रक्रिया हो, जसमा देशका जनताले आफ्नो उपभोगको केही भाग कम गरेर धनको बचत गरी त्यस धनलाई अझ बढी धन प्राप्त गर्न विभिन्न उत्पादन कार्यहरूमा लगानी गर्छन् । यदि बचत गरेको धनलाई उत्पादन कार्यमा लगानी नगरी त्यसै राख्यो भने त्यो पुँजीअन्तर्गत पर्दैन । सङ्कुचित विचार धाराअनुसार पुँजी निर्माणअन्तर्गत भौतिक सम्पत्तिको निर्माणलाई मात्र समावेश गरिएको छ । व्यापक विचारधाराअनुसार यसमा भौतिक पुँजीका साथै मानवीय पुँजी निर्माणलाई पनि समावेश गरिएको छ । प्राथमिक रूपमा पुँजी निर्माण बचतमा भर पर्छ । पुँजी निर्माणमा आवश्यक बचत निम्न लिखित कुराहरूमा भर पर्छ :

- बचत गर्ने इच्छा
- बचत गर्ने क्षमता
- बचत गर्ने सुविधाहरू

(क) **बचत गर्ने इच्छा** : पुँजी निर्माणको आधार बचत हो । बचत गर्नका लागि आम्दानी मात्र भएर हुँदैन, इच्छा पनि हुनुपर्छ । यदि बचत गर्ने इच्छा छैन भने जतिसुकै मात्रामा आय बढे पनि बचत गर्न सकिँदैन । बचत गर्ने इच्छा छ भने खर्चमा कटौती गरेर भए पनि बचत गर्न सकिन्छ । मानिसको बचत गर्ने इच्छा दूरदर्शिता, परिवारको माया, ब्याजदर, बानी आदिमा निर्भर हुन्छ ।

(ख) **बचत गर्ने क्षमता** : पुँजी निर्माण बचत गर्ने क्षमतामा भर पर्छ । बचत गर्ने क्षमता बढी छ भने पुँजी निर्माण पनि बढी नै हुन्छ । बचत गर्ने क्षमता कम छ वा छैन भने पुँजी निर्माण पनि कमै वा

शून्य नै हुन्छ ।  बचत गर्ने क्षमता मानिसको आम्दानीमा भर पर्छ । जसको आम्मदानी बढी छ उसको बचत गर्ने क्षमता पनि बढी नै हुन्छ र जसको आम्दानी कम छ उसको बचत गर्ने क्षमता पनि कमै हुन्छ । उदाहरणका लागि, ईशा र निशान भन्ने दुई व्यक्ति छन् । तिनीहरूको महिनाको आम्दानी क्रमशः रु. ३०,००० र रु. २५,००० छ । दुवै व्यक्तिलाई महिनाको खर्च रु. २०,००० चाहिन्छ भने ईशाको मासिक बचत रु. १०,००० हुन्छ । निशानको मासिक बचत रु ५,००० मात्रै हुन्छ । बचत गर्ने क्षमता आयमा मात्र होइन खर्च गर्ने तरिकामा पनि भर पर्छ । बुद्धिमत्तापूर्ण, सुनियोजित मितव्ययी तरिकाद्वारा खर्च गऱ्यो भने कम आयबाट पनि केही रकम बचत गर्न सकिन्छ ।

(ग) **बचत गर्ने सुविधा** : बचत गर्ने इच्छा र क्षमता  भएका व्यक्तिलाई बचत गर्ने सुविधा पनि हुनु आवश्यक छ । बचत गर्न शान्ति सुरक्षा जस्तो उचित वातावरण चाहिन्छ । खर्चमा कटौती गरी जोगाएको धन सुरक्षित हुँदैन अथवा चोरीडकैती हुन्छ भने त्यहाँ मानिसहरूले बचत गर्न चाहँदैन । बैङ्क तथा वित्तीय संस्थाहरूको स्थापना र विकासले बचत गर्ने सुविधामा वृद्धि हुन जान्छन् ।

### ५.२.३ पुँजी निर्माण प्रक्रिया

देशको आर्थिक विकासका लागि पुँजी निर्माण अत्यन्तै महत्त्वपूर्ण छ । पुँजी निर्माण छोटो समयमा हुन सक्दैन । यसका लागि विभिन्न चरण वा प्रक्रिया पार हुनुपर्छ । पुँजी निर्माण बचतमा भर पर्छ तर बचत गरिएको सम्पूर्ण रकम पुँजी होइन । निश्चित प्रक्रिया पूरा गरेर मात्र बचत पुँजीको रूपमा परिणत हुन्छ । यसरी बचत पुँजीमा परिवर्तन हुने प्रक्रियालाई नै पुँजी निर्माण प्रक्रिया भनिन्छ । पुँजी निर्माण प्रक्रिया तिन चरणमा पूरा हुन्छ जसलाई निम्नानुसार व्याख्या गर्न सकिन्छ :

(क) **बचतको सिर्जना** : बचत पुँजी निर्माणको पहिलो चरण हो । बचतबिना पुँजी निर्माण सम्भव छैन । बचत उपभोगमा कटौती गरेर राखिएको आम्दानीको एउटा अशं हो । त्यसैले बचत आम्दानीमा निर्भर गर्छ । आम्दानी बढे बचत पनि बढ्छ जसले गर्दा पुँजी निर्माणको दर पनि बढ्न गई आर्थिक विकासमा पनि वृद्धि हुन्छ । आम्दानीको एउटा अंश जुन मानिसहरूद्वारा बचत गरिएको हुन्छ त्यसलाई पुँजीगत वस्तुको निर्माणमा प्रयोग गरिन्छ । बचत आम्दानीबाहेकका अन्य तत्त्वहरू जस्तैः बचत गर्ने क्षमता, इच्छा, सुविधा, ब्याजदर, आम्दानीको वितरण, करको दर आदिमा पनि निर्भर गर्छ ।

(ख) **बचतको परिचालन** : बचतको परिचालन पुँजी निर्माणको दोस्रो चरण हो । बचत गरिएको रकमलाई लगानी गर्नका लागि परिचालन नगरिएमा पुँजी निर्माण हुन सक्दैन । यसका लागि देशका विभिन्न भागहरूमा बैङ्किङ तथा वित्तीय संस्थाहरूको स्थापना हुनुपर्छ । गाउँघरमा छरिएर रहेका ससाना बचत तथा सहरबाट सङ्कलन हुने बचत दुवैलाई यस्ता बैङ्क तथा वित्तीय संस्थाहरूले आफ्नो सञ्जालमार्फत् लगानी योग्य ठाउँ वा व्यक्तिसम्म पुऱ्याउने गर्छन् । तसर्थ एउटा अर्थतन्त्रको बचत परिचालन विभिन्न तत्त्वहरू, जस्तैः बैङ्किङ विकास वा वित्तीय प्रणाली वा मानिसहरूको बैङ्किङ आदत आदिमा निर्भर गर्छ ।

(ग) **बचतको लगानी** : लगानी पुँजी निर्माणको तेस्रो तथा अन्तिम चरण हो । सङ्कलित रकमलाई परिचालन गरेर उत्पादन कार्यमा लगानी गरेपछि मात्र पुँजी निर्माण प्रक्रिया पूरा हुन्छ । बैङ्क

तथा वित्तीय संस्थाहरूले जनताले सिर्जना गरेको बचतलाई सङ्कलन वा परिचालन गरेर पनि लगानी गर्न सकेनन् भने पुँजी निर्माण हुन सक्दैन । लगानी हुनका लागि देशमा लगानी योग्य वातावरण हुनुपर्छ । देशमा सक्षम तथा असल खालका उद्यमीहरू प्रशस्त भएमा उनीहरूले लगानीका लागि रकमको माग गर्छन् । उद्यमी व्यावसायीहरूले जोखिम व्यहोरेर उद्योग धन्दाहरूमा ठुलो रकम लगानी गर्नुपर्ने भएकाले सरकारले लगानीको उपयुक्त वातावरण तयार पारिदिनुपर्छ । लगानी योग्य वातावरणका लागि देशमा शान्ति सुरक्षाको व्यवस्था, उपयुक्त सरकारी नीतिहरूको निर्धारण, बजार तथा अन्य आवश्यक सुविधाहरूको व्यवस्था गर्नुपर्छ । यस्तो उपयुक्त वातावरण भएमा मात्र सम्पूर्ण बचत रकम लगानी भई बढीभन्दा बढी पुँजी निर्माण हुन्छ र देश आर्थिक प्रगतिको दिशातर्फ अघि बढ्छ । देशको वातावरण राम्रो भएमा लगानी कर्ताहरूलाई आफ्नो उद्यम व्यवसायबाट बढी नाफा हुन्छ र उनीहरू अझ थप लगानी गर्नका लागि प्रेरित हुन्छन् फलस्वरूप पुँजी निर्माण प्रक्रिया निरन्तर चलिरहन्छ ।

### ५.२.४ पुँजी निर्माणको महत्त्व

कुनै पनि देशको आर्थिक विकासको निमित्त पुँजी निर्माण  अपरिहार्य छ । विकासलाई गतिशील बनाउन, प्राकृतिक स्रोत साधनको परिचालन गर्न र पुँजी लगानीबाट थप पुँजी निर्माण गर्न पुँजीको महत्त्वपूर्ण भूमिका रहन्छ । हाम्रो जस्तो विकासोन्मुख देशको आर्थिक विकास सुस्त हुनुको प्रमुख कारण नै पुँजी निर्माण कमी हुनु हो । अन्य साधनहरू जस्तै श्रम, प्राकृतिक साधनहरू यथेस्ट मात्रामा भए पनि पुँजी निर्माणको अभावमा उत्पादन बढाउन सकिँदैन । पुँजी निर्माण नभएसम्म सामाजिक विकासका काम, निर्माणका कार्य, उत्पादनका कार्य कहीँ पनि लगानी नै गर्न सकिन्न । सामाजिक तथा आर्थिक विकास पुँजी निर्माणबिना सम्भव छैन ।

कुनै पनि देशमा जनसङ्ख्या वृद्धि भएअनुसार भूमिको आकारमा वृद्धि गर्न सकिँदैन । यसले गर्दा श्रमको उत्पादकत्वमा कमी आउँछ । यसले आर्थिक विकासमा अवरोध उत्पन्न गर्छ । यस समस्यलाई समाधान गर्न श्रमको उत्पादकत्वमा वृद्धि गर्नुपर्छ । यसमा वृद्धि त्यो बेला मात्र सम्भव हुन्छ जब पुँजी निर्माणमा वृद्धि हुन्छ । पुँजी निर्माणमा वृद्धि भयो भने विभिन्न ठाउँमा लगानी बढेर श्रमिकहरूको उत्पादन क्षमतामा वृद्धि हुन्छ । प्रतिव्यक्ति आयमा वृद्धि गर्न, लगानी र उत्पादनमा वृद्धि गर्न, सर्वसाधरण जनताहरूको जीवनस्तरमा सुधार गर्न पुँजी निर्माणलाई महत्त्वपूर्ण मानिन्छ ।

## ५.३ उद्यम/सङ्गठन

भूमि, पुँजी र श्रम जस्तै सङ्गठन पनि उत्पादनको एउटा  महत्त्वपूर्ण साधन हो । उत्पादनका साधनहरू भूमि, पुँजी र श्रमलाई सन्तुलित रूपमा भेला गरेर उत्पादन कार्यमा लगाउने कार्य सङ्गठन हो । यी तिन ओटै साधनहरूको सङ्गठन गर्ने मानिस सङ्गठन कर्ता वा उद्यमी  हुन् ।

मानिसका असीमित आवश्यकताहरूको परिपूर्ति व्यक्ति स्वयमूले मात्र गर्न सक्दैन । हामीले उपभोग गर्ने वस्तु तथा सेवा उत्पादन गर्न असङ्ख्य श्रमिकहरू लागेका हुन्छन् । विभिन्न प्रकारका कच्चा पदार्थहरू प्रयोगमा ल्याइएका हुन्छन् । भूमिको प्रयोग गरिएको हुन्छ । यसरी उत्पादन कार्यका लागि चाहिने भूमि, पुँजी र श्रम जुटाउनुपर्ने हुन्छ । एउटा मानिससँग भूमि हुन्छ भने अर्को मानिससँग

पुँजी र तेस्रो मानिसँग श्रम हुन्छ । यी तिन साधनहरूलाई एउटा ठाउँमा नजुटाइकन उत्पादनको काम हुन सक्दैन । त्यसैले यिनीहरूलाई जुटाएर उत्पादनको काम सुरु गर्नुलाई सङ्गठन भनिन्छ, जस्तै : धान उत्पादन गर्नका लागि भूमि चाहिन्छ । भूमि खनजोत गरी धान रोप्न बिउ र जोत्न गोरु, हलो वा ट्र्याक्टर जस्ता पुँजी आवश्यक हुन्छ । खन्न र रोप्ने काम गर्न श्रम चाहिन्छ । धान उत्पादन गर्न यी सबै साधनहरूको चाजोपाँजो मिलाउनुलाई सङ्गठन भनिन्छ ।

## ५.३.१ सङ्गठन कर्ता वा उद्यमीका कार्यहरू

(क) उत्पादनका विभिन्न साधनहरू भूमि, पुँजी र श्रमलाई एकत्रित गरी तिनीहरूबिच सहयोग स्थापित गर्नु

(ख) आवश्यक यन्त्र, उपकरण र कच्चा पदार्थहरू खरिद गर्नु

(ग) श्रमलाई सङ्ठित गरी उनीहरूको योग्यताअनुसार काम दिनु

(घ) श्रम र पुँजीको सम्बन्ध कायम राख्नु

(ङ) वस्तु विनिमयको बन्दोबस्त मिलाउनु

## ५.३.२ उद्यमीका विशेषताहरू

(क) **योजना बनाउनु** : उद्यमी वा सङ्गठन कर्ताले सबभन्दा पहिले कुन वस्तु उत्पादन गर्ने, कसरी उत्पादन गर्ने, कहिले उत्पादन गर्ने, कति मूल्यमा बेच्ने, कहाँ बेच्ने जस्ता कामको योजना बनाउनुपर्छ । सफल उद्यमी हुनका लागि योजना निर्माण गर्ने क्षमता राख्नुपर्छ ।

(ख) **निर्णय लिने** : उद्योगबाट राम्रो प्रतिफल लिनका लागि उद्यमीले सही समयमा उपयुक्त निर्णय लिन सक्नुपर्छ । अहिलेको प्रतिस्पर्धात्मक समयमा कुन वस्तु कति मात्रामा उत्पादन गर्ने, कुन स्तरको वस्तु उत्पादन गर्ने आदिको निर्णय लिनुपर्छ,।

(ग) **समन्वय गर्ने** : वस्तु उत्पादन गर्दा भूमि, पुँजी र श्रमका एकाइहरू के कति अनुपातमा प्रयोग गर्ने भन्ने कुराका बारेमा समन्वय गर्नुपर्छ । कुशल सङ्गठन कर्ताले साधनहरूको बिचमा समन्वय गर्दा उत्पादन बढी र त्यसको लागत कम हुनेगरी तालमेल मिलाउँछ ।

(घ) **कामको सुपरीवेक्षण** : उत्पादन कार्यमा योजनाअनुसार काम भइरहेको छ वा छैन श्रमिकहरूका कामको मूल्याङ्कन, मेसिनरी सामानहरूको प्रयोगको अवस्थालगायत सम्पूर्ण कामको सुपरिवेक्षण सङ्गठन कर्ताले गर्छ । समय समयमा सुपरीवक्षण गर्दा व्यवसायमा आउन सक्ने समस्याहरूलाई हटाउन सजिलो हुन्छ ।

(ङ) **वितरणको काम गर्नु** : उत्पादनबाट प्राप्त भएको आम्दानीलाई श्रम, पुँजी, भूमि र ऊ आफैँबिच बाँडफाँड गर्ने काम पनि उद्यमीले नै गर्छ । उसले भूमिलाई लगानी, श्रमलाई ज्याला र पुँजीलाई ब्याज प्रदान गर्ने र आफूलाई नाफाको बन्दोबस्त मिलाउने काम गर्छ ।

(च) **जोखिम बहन गर्नु** : भविष्य अनिश्चित छ । आफ्नो उद्योगबाट उत्पादन भएको वस्तु भोलि बजारमा माग हुन्छ वा हुँदैन भन्ने कुराको अनुमान सधैँ एकनास हुँदैन । यस्तो अनिश्चितताका बाबजुद उसले उत्पादन कार्यलाई अघि बढाएको हुन्छ ।

### ५.३.३ सङ्गठनका प्रकारहरू

सङ्गठन विभिन्न प्रकारका हुन्छन्, जसमध्ये केही मुख्य निम्न लिखित छन् :

- व्यक्तिगत उद्यम व्यवसाय (individual or single enterprise)
- साझेदारी व्यवसाय (partnership enterprise)
- संयुक्त पुँजी कम्पनी (joint stock company)

(**क**) **व्यक्तिगत उद्यम व्यवसाय** : एक जना मात्र लगानी कर्ता भएको व्यावसायिक सङ्गठन व्यक्तिगत उद्यम व्यवसाय हो । त्यस उद्योगप्रति हक, अधिकार वा जिम्मेवारी पनि ऊ एक्लैको हुन्छ । यस व्यवसायमा एउटै व्यक्तिले मालिक, सञ्चालक, नियन्त्रक, पुँजीपति सबैको भूमिका निर्वाह गरिरहेको हुन्छ । यस व्यवसायमा एउटै व्यक्तिले मात्र पुँजी लगानी गर्ने हुनाले धेरै ठुलो व्यवसाय सञ्चालन हुन सक्दैन । स्विटर बुन्ने, लुगा सिउने टेलर, स्थानीय क्षेत्रमा भएको जुत्ता सिलाउने कारखाना, स्थानीय खुद्रा पसल, फर्निचर उद्योग, मसला, बरफ, तितौरा उद्योग आदि व्यक्तिगत उद्यम व्यावसायका उदाहरणहरू हुन् । यस्ता सङ्गठनले आफूसँग भएको पुँजी लगानी गर्छ र त्यसले नपुग भएमा बैङ्क तथा अरू व्यक्तिहरूसँग ऋण वा सापटी लिएर आफ्नो उद्योग सञ्चालन गर्छ । व्यवसाय सञ्चालनमा परिवारका सदस्यहरूको सहायता लिई ऊ आफैँ पनि उत्पादन कार्यमा संलग्न हुन्छ । आफू र परिवारका सदस्यहरूको श्रमबाट मात्र सङ्गठन सञ्चालन गर्न श्रमिकको अपुग भएमा अन्य श्रमिकहरूलाई पनि ज्यालामा संलग्न गराउन सकिन्छ ।

यस प्रकारको व्यवसायमा व्यवसाय सम्बन्धी योजना बनाउने, निणय गर्ने, नियन्त्रण सम्बन्धी सम्पूर्ण कार्य व्यक्ति आफैँले गर्छ । व्यवसाय सञ्चालन कहाँ गर्ने, कहिलेबाट गर्ने, कति पुँजी लगानी गर्ने, श्रमिकहरू कति जना लगाउने, परिवारभित्रका कति जना, बाहिरबाट कति जना राख्ने, कति ज्याला दिने, राम्रो काम गर्नेलाई के कस्तो पुरस्कार दिने, नराम्रो काम गर्नेलाई के कस्तो सजाय दिने, कच्चापदार्थ के कति मात्रामा प्रयोग गर्ने, कहाँबाट ल्याउने, कति उत्पादन गर्ने, कहाँ बेच्ने वा वितरण गर्ने, मूल्य निर्धारण कति गर्ने आदि जस्ता सम्पूर्ण कुराको निर्णय र नियन्त्रण ऊ एक्लैले गर्छ ।

व्यक्तिगत उद्यम व्यवसायको प्रमुख विशेषता असीमित दायित्व हो । यस व्यवसायमा व्यवसाय सम्बन्धी योजना बनाउने, लगानी गर्ने, निणय गर्ने, नियन्त्रण सम्बन्धी कार्य सबै आफैँले मात्र गर्ने भएकाले व्यक्तिगत उद्यमीको दायित्व असीमित छ । यस व्यवसायमा नाफा घाटा जे भए पनि ऊ आफैँले बेहोर्नु पर्छ । अर्थात् नाफा भएमा सो नाफा कसैले बाँड्नु पनि पर्दैन र घाटा भएमा अरूबाट पूर्ति गराउन पनि सकिँदैन ।

(**ख**) **व्यक्तिगत व्यवसायका फाइदाहरू** : व्यक्तिगत व्यवसायका फाइदाहरूलाई निम्नानुसार प्रस्तुत गर्न सकिन्छ :

१. स्थापना र बन्द गर्न सजिलो : व्यक्तिगत व्यवसाय स्थापना र बन्द गर्न कुनै लामो तथा झन्झटिलो कानुनी प्रक्रिया अपनाउनु पर्दैन । थोरै पुँजी लगाएर पनि यस्तो

व्यवसाय स्थापना र सञ्चालन गर्न सकिन्छ । त्यसैले अन्य व्यवसायको तुलनामा व्यक्तिगत व्यवसाय स्थापना र बन्द गर्न सजिलो हुन्छ ।

२. मितव्ययी : व्यक्तिगत व्यवसायको सञ्चालन, रेखदेख तथा नियन्त्रण जस्ता सम्पूर्ण कार्यहरू व्यावसायी आफैँले गर्ने हुँदा बढी कर्मचारी राख्नु पर्दैन । यसले गर्दा खर्चमा मितव्ययिता हुन्छ ।

३. छिटो निर्णय : व्यक्तिगत व्यवसायमा एउटा मात्र व्यक्ति हुने हुनाले उसले स्वतन्त्र रूपमा जुनसुकै निर्णय पनि छिटो छरितो गर्न सक्छ ।

४. स्वतन्त्र नियन्त्रण : व्यक्तिगत व्यवसाय पूर्ण रूपमा एउटै व्यक्तिको नियन्त्रणमा रहने भएकाले उसले आफ्नै किसिमले सम्पर्ण क्रियाकलापको नियन्त्रण गर्छ । सरकार वा अन्य कुनै व्यक्तिको यसमा कुनै किसिमको हस्तक्षेप हुँदैन ।

५. गोपनीयता : कुनै पनि कार्यमा गोपनीयता कायम राख्नुपर्ने हुन्छ । व्यक्तिगत व्यवसायमा एउटा व्यक्ति स्वयम्ले मात्र सम्पूर्ण निर्णय गर्ने हुनाले त्यस्ता निर्णयहरू गोप्य रहन्छन् । आफ्नो कुनै पनि गतिविधिहरू, जस्तै : नाफा नोक्सान, वार्षिक विवरण आदि प्रकाशन गर्न नपर्ने कारणले पनि व्यवसाय सम्बन्धी सम्पूर्ण कुराहरू गोप्य रहन्छन् ।

६. कामदार तथा उपभोक्ताहरूसँग घनिष्ट सम्बन्ध : व्यक्तिगत व्यवसाय सामान्यतः सानो आकारको हुने भएकाले यसमा काम गर्ने कामदारहरू तथा यसबाट उत्पादित वस्तुको प्रयोग गर्ने उपभोक्ता दुवैको सङ्ख्या कम हुन्छ । कम सङ्ख्या भएकाले व्यवसायीले सबै कामदारसँग छलफल गरी समस्या समाधान गर्ने तथा तिनीहरूको पीर मर्का बुझ्ने गर्छ । त्यस्तै उसले उपभोक्ताको सुझाव, इच्छा र चाहनाअनुसारको वस्तुको उत्पादन गरेर उनीहरूको मन जित्छ । यसरी व्यावसायीको कामदार र उपभोक्ता दुवैसँग सुमधुर सम्बन्ध हुन्छ ।

(ग) **व्यक्तिगत व्यवसायका बेफाइदाहरू** : व्यक्तिगत व्यवसायका बेफाइदाहरू निम्नानुसार छन् :

१. व्यवस्थापन गर्न कठिन : व्यक्तिगत व्यवसायमा सम्पूर्ण कार्यहरूको रेखदेख, नियन्त्रण, निरीक्षण तथा अनुगमन एक्लै गर्नुपर्ने भएकाले ती सम्पूर्ण कुराहरूको व्यवस्थापन गर्न कठिन हुन्छ ।

२. पुँजीको अभाव : व्यक्तिगत व्यवसायमा एक जना व्यक्तिले मात्र पुँजी जुटाउनुपर्ने भएकाले स्थापना र सञ्चालन गर्न बढी पुँजी आवश्यक भएमा सो पुँजी जुटाउन कठिन हुन सक्छ । त्यस्तै एक्कासि वस्तुको माग वृद्धि भई उत्पादन बढाउनु परेमा पनि पुँजीको अभाव हुन सक्छ ।

३. असीमित दायित्व : व्यक्तिगत व्यवसायको दायित्व असीमित हुन्छ । कुनै कारणवस व्यवसाय घाटामा गएमा वा उसलाई ऋण लागेमा त्यसको सम्पूर्ण भार एउटै व्यक्तिलाई पर्छ । उसले आफ्नो जग्गा जमिन वा चल अचल सम्पत्ति बेचेर भए पनि ऋण चुक्ता गर्नुपर्छ ।

४. कमजोर प्रतिस्पर्धात्मक क्षमता : थोरै पुँजी लगाएर सानो आकारमा सञ्चालन गरिने भएकाले व्यक्तिगत व्यवसायले ठुला ठुला व्यवसायसँग प्रतिस्पर्धा गर्न सक्दैनन् । यसले गर्दा व्यक्तिगत व्यवसायहरू असफलसमेत हुन सक्छन् ।

५. गलत निर्णय हुने सम्भावना : व्यक्तिगत व्यवसायमा सम्पूर्ण कुराहरूको निर्णय एउटै व्यक्तिले गर्छ । एउटै व्यक्तिको निर्णय कहिलेकाहीँ गलत पनि हुन सक्छ । गलत निर्णय भएमा त्यसले व्यवसायलाई असफल बनाउँछ ।

६. कम नाफा : एउटा मात्र व्यक्तिको पुँजी, सिप, दक्षता र सोचका आधारमा स्थापना गरिने भएकाले व्यक्तिगत व्यवसायबाट बृहत् रूपमा वस्तुहरू उत्पादन हुँदैनन् । वस्तु कम परिमाणमा उत्पादन हुने कारणले उत्पादन लागत बढी पर्ने गई व्यवसायबाट कम नाफा प्राप्त हुन्छ ।

७. निरन्तरताको अभाव : एउटा मात्र व्यक्तिले सञ्चालन गर्ने हुँदा सो व्यक्तिको मृत्यु भएमा व्यक्तिगत व्यवसाय बन्द हुन सक्छ । सुरुमा सञ्चालन गर्ने व्यक्तिको सिप र दक्षताको आधारमा चलेको व्यवसाय उसको अनुपस्थितिमा अरूबाट सञ्चालन गर्न कठिन हुन सक्छ । त्यस्तै व्यवसाय घाटामा गएका बेला वा सञ्चालनमा कठिनाइ भएका बेला ऋण सुविधा नपाउने कारणले पनि यस्तो व्यवसाय बन्द हुन सक्छ ।

(घ) **साझेदारी व्यवसाय**

दुई वा दुईभन्दा बढी व्यक्तिहरू मिली पुँजी लगानी गरी सञ्चालन गरेको व्यवसाय साझेदारी व्यवसाय हो । यो व्यवसायमा साझेदारहरू संयुक्त रूपमा मिलेर व्यवसाय सञ्चालन गर्ने योजना बनाउँछन् । के उत्पादन गर्ने, कति पुँजी लगानी गर्ने, कति जना श्रमिक लगाउने, श्रमिकको ज्याला कति निर्धारण गर्ने जस्ता कामको योजना बनाउने, निर्णय गर्ने, नियन्त्रण गर्ने आदि काम गर्छन् । उदाहणका लागि पेमा, रोहित मिलेर एउटा गाई फर्म खोलेका छन् । सो व्यवसायलाई समृद्ध बनाउनका लागि योजना बनाउने, पुँजी लगानी गर्ने, श्रमिक भर्ना गर्ने जस्ता हरेक विषयमा समान जिम्मेवारी र संयुक्त रूपमा निर्णय गर्छन् । यसमा व्यवसाय सफल भएमा नाफाको हकदार सबै साझेदारहरू हुन्छन भने व्यवसाय असफल भएमा वा अन्य कारणले क्षतिग्रस्त भएमा सबै साझेदारहरू जिम्मेवार हुन्छन् । साझेदारी व्यवसाय नोक्सान भई क्षतिपूर्ति तिर्नु परेमा साझेदारहरूको पुँजीले मात्र नपुगेमा आआफ्नो व्यक्तिगत सम्पत्तिबाट पनि तिर्नुपर्छ । यस साझेदारी व्यवसायबाट प्राप्त हुने नाफा साझेदार व्यक्तिहरूका बिचमा लगानीका आधारमा बाँडिन्छ र यदि घाटा भएमा पनि साझेदारहरूले नै बेहोर्नुपर्छ । यदि कोही साझेदारले आफ्नो आफ्नो भागको क्षतिपूर्ति तिर्न नसकेमा उसको भागको क्षतिपूर्ति अरू साझेदारहरूले तिरिदिनुपर्ने बाध्यता हुन्छ । त्यसैले साझेदारी व्यवसायको प्रमुख विशेषता असीमित दायित्व नै हो ।

साझेदारी व्यवसायमा साझेदारको भूमिकाका आधारमा साझेदारहरूलाई सक्रिय साझेदार र निष्क्रिय साझेदार गरी दुई भागमा विभाजन गरी अध्ययन गर्न सकिन्छ ।

१. सक्रिय साझेदार : व्यवसाय सञ्चालन कार्यमा दत्तचित्त भई सक्रिय रूपमा भाग लिने साझेदारलाई सक्रिय साझेदार भनिन्छ । सक्रिय साझेदारले सङ्गठनको उत्पादनमा गुणस्तर वृद्धि गर्न र व्यवसायको उन्नतिका लागि हर समय लागिरहेको हुन्छ । व्यवसायको सफलता वा असफलतामा सक्रिय साझेदारको भूमिका महत्त्वपूर्ण हुन्छ । यसरी व्यवसायको सफलता सक्रिय साझेदारको लगनशीलता, परिश्रम, मेहनत, बुद्धि, विचार आदिमा भर पर्छ ।

२. निष्क्रिय साझेदार : व्यवसायमा पुँजी लगानी गर्ने तर व्यवसाय सञ्चालनमा कुनै किसिमको सक्रिय भूमिका निर्वाह नगर्ने साझेदार निष्क्रिय साझेदार हुन् । यस्ता साझेदारहरूले व्यवसाय सञ्चालनका लागि सुझाव दिने, नियन्त्रण गर्ने जस्ता कुनै काम गर्दैनन् । व्यवसायको काम कारबाहीमा कुनै चासो पनि दिँदैनन् । त्यसैले व्यवसायको सफलता र असफलतामा यिनीहरूको कुनै भूमिका हुदैन । यस्ता साझेदारलाई सुषुप्त साझेदार, अदृष्य साझेदार र लुकेर रहेको साझेदार पनि भन्न सकिन्छ ।

(ङ) **साझेदारी व्यवसायका फाइदाहरू** : साझेदारी व्यवसायका फाइदाहरू निम्नानुसार छन् :

१. स्थापना गर्न सजिलो : यस प्रकारको व्यवसायको स्थापना गर्न धेरै ऐन नियम सम्बन्धी कठिनाइहरू पर्दैन । साझेदारहरूले एउटा अनुबन्ध गरी यस प्रकारको व्यवसायको स्थापना सजिलोसँग गर्न सक्छन् । संयुक्त पुँजी कम्पनीको स्थापना गर्ने सम्बन्धमा आउने कठिनाइहरू यसअन्तर्गत उत्पन्न हुँदैनन् ।

२. पर्याप्त पुँजी : दुई वा दुई भन्दा बढी साझेदारहरू हुने भएकाले पर्याप्त पुँजीको सङ्कलन हुन्छ । एकलौटी व्यवसायमा भन्दा यसमा बढी पुँजी सङ्कलन हुने भएकाले सहज रूपमा व्यवसाय सञ्चालन गर्न सकिन्छ । बढी पुँजी लगानी हुने भएकाले ठुलो स्तरमा उत्पादन सम्भव हुन्छ ।

३. प्रभावकारी व्यवस्थापन : साझेदारी व्यवसायमा विभिन्न किसिमका काम तथा जिम्मेवारीहरू सम्पूर्ण साझेदारहरूमा बाँडफाँड गरिन्छ । यसरी सबै मिलेर व्यवसायको सञ्चालन र रेखदेख हुने भएकाले व्यवस्थापन उचित र प्रभावकारी हुन्छ ।

४. उचित निर्णय : साझेदारी व्यवसायमा कुनै पनि कुराको निर्णय सबै साझेदारहरूको व्यापक छलफल र समझदारीबाट हुन्छ । यसरी धेरै व्यक्तिहरूको वुद्धि, विवेक र सल्लाहका आधारमा गरिने निर्णय सधैँ उपयुक्त र प्रभावकारी हुन्छ ।

५. ऋण सुविधा : व्यक्तिगत व्यवसायमा भन्दा साझेदारी व्यवसायमा ऋण डुब्ने डर कम हुने भएकाले बैङ्क वा वित्तीय संस्थाहरूबाट बढी ऋण सुविधा उपलब्ध हुन्छ ।

६. घाटाको वितरण : साझेदारी व्यवसायमा कुनै कारणले व्यवसाय घाटामा गए तापनि सो घाटा एक जनाले मात्र व्यहोर्नु पर्दैन । सबै साझेदारहरूले घाटा बाँडफाँड गर्ने भएकाले घाटाको भार कम मात्र पर्छ ।

७. बढी नाफा : एकलौटी व्यवसायमा भन्दा बढी पुँजी लगानी गरी बृहत् स्तरमा सञ्चालन गरिने भएकाले साझेदारी व्यवसायमा नाफा पनि बढी हुन्छ ।

८. व्यक्तिगत सम्पर्क : साझेदारी व्यवसायमा प्रत्येक व्यावसायीको अन्य साथीभाइ तथा ग्राहकहरूसँग निरन्तर सम्पर्क भइरहन्छ । यसबाट ग्राहकहरूको रुचि र इच्छाअनुसारको वस्तु तथा सेवा उत्पादन गर्न सहयोग मिल्छ । यसरी अन्य व्यक्तिहरूसँगको छलफल तथा सुझावहरूबाट व्यवसायको सफल सञ्चालन गर्न मदत मिल्छ ।

(च) **साझेदारी व्यवसायका बेफाइदाहरू** : साझेदारी व्यवसायका बेफाइदाहरू निम्नुसार छन् :

१. निर्णयमा ढिलाइ : कहिलेकाहीँ सम्पूर्ण साझेदारहरू कुनै कुरामा सहमत नहुँदा छिटो निर्णय हुन सक्दैन । उचित समयमा निर्णय नभई ढिलाइ भएमा व्यवसाय सञ्चालनमा विभिन्न कठिनाइहरू आउन सक्छन् । मत भिन्नताका कारण व्यवसाय नै बन्द हुन पनि सक्छ ।

२. असीमित दायित्व : साझेदारी व्यवसाय कुनै कारणवस घाटामा गएमा सो घाटा सम्पूर्ण साझेदारहरूले आफ्नो घरखेत वा निजी सम्पत्ति बेचेर भए पनि तिर्नुपर्छ । यदि कुनै साझेदारले आफ्नो हिस्साको रकम तिर्न नसके उसका भागको रकमसमेत अरू साझेदारहरूले तिरिदिनुपर्छ । त्यसैले साझेदारी व्यवसायमा साझेदारहरूको दायित्व असीमित हुन्छ ।

३. स्वामित्व हस्तान्तरण गर्न कठिन : साझेदारी व्यवसायमा कुनै पनि सदस्यको सेयरको स्वामित्व हस्तान्तरण गर्ने कार्य अत्यन्त कठिन हुन्छ । सम्पूर्ण साझेदारहरूको सहमतिबिना कुनै पनि व्यक्तिले आफ्नो सेयरको स्वामित्व हस्तान्तरण गर्न सक्दैन । उसले आफ्नो इच्छाअनुसार आफ्नो सेयर अरूलाई बेचेर आफू त्यस व्यवसायबाट अलग हुन सक्दैन ।

४. अनिश्चितता : साझेदारी व्यवसायको आयु निश्चित हुँदैन । कुनै व्यवसायीको मृत्यु भएमा वा उसले व्यवसाय छोडेमा सो व्यवसाय विघटन हुन सक्छ । त्यस्तै कुनै साझेदार स्वार्थी भएमा, उत्तरदायित्वबाट पन्छिएमा वा साझेदारहरूबिच आपसी वादविवाद भएमा व्यवसाय सुचारु रूपमा चल्न नसकी बन्द गर्नुपर्ने स्थिति आउन सक्छ ।

५. गोपनियताको अभाव : व्यवसाय सञ्चालन सम्बन्धी निर्णयहरू सम्पूर्ण साझेदारहरूलाई थाहा हुने भएकाले ती निर्णयहरू सधैँ गोप्य नरहन सक्छन् । निश्चित समयसम्म गोप्य नै राख्नुपर्ने निर्णय वा अन्य कुराहरूको गोप्यता कुनै एक साझेदारले भङ्ग गरिदिएमा सो व्यवसाय असफल हुन सक्छ ।

६. पर्याप्त पुँजीको अभाव : साझेदारी व्यवसायमा एकलौटी व्यवसायभन्दा बढी पुँजी सङ्कलन हुने भए तापनि संयुक्त पुँजी कम्पनीको तुलनामा कम पुँजी सङ्कलन हुन्छ । यसकारण बृहत् स्तरका उद्योग सञ्चालनमा पुँजीको अभाव हुन्छ ।

## ५.४ संयुक्त पुँजी कम्पनी

धेरैभन्दा धेरै लगानी कर्ताहरू मिलेर लगानी गरी सञ्चालन गरेको  विकसित र ठुलो किसिमको साझेदारी व्यवसाय संयुक्त पुँजी कम्पनी हो । यसमा साझेदारी व्यवस्थामा भन्दा बढी हिस्सेदारहरू हुन्छन् । यस व्यवसायमा लगानी कर्तालाई हिस्सेदार भनिन्छ । यसमा ठुलो उत्पादन क्षमता हुन्छ । यो नाफा कमाउने उद्देश्यले सञ्चालन गरिएको हुन्छ । हिस्सेदाहरू धेरै हुने भएकाले पुँजी सञ्चय गर्न पनि सजिलो हुन्छ । यसका लाग आवश्यक पुँजीलाई ससाना भागमा विभाजित गरिएको हुन्छ, तिनलाई हिस्सा (सेयर) भनिन्छ । हिस्सा किन्ने व्यक्तिहरूलाई हिस्सेदार भनिन्छ । यसरी संयुक्त पुँजी कम्पनी नाफा कमाउने उद्देश्यले प्रेरित व्यक्तिहरूको एउटा ऐच्छिक सङ्गठन हो ।

प्रोफेसर एल्. एच्. ह्याने (L. Haney) का अनुसार – संयुक्त पुँजी कम्पनी नाफा कमाउने उद्देश्यले स्थापित व्यक्तिहरूको एउटा ऐच्छिक सङ्घ हो, जसको पुँजी हस्तान्तरणीय अंशहरूमा विभाजित रहन्छ र जसको स्वामित्व नै सदस्यताको सर्त हुन्छ । यस कम्पनीलाई वैधानिक व्यक्ति (legal person) अथवा कृत्रिम व्यक्ति (artificial person) पनि भनिन्छ किनभने यो विधानद्वारा निर्मित हुन्छ। यसको छुट्टै अस्तित्व र स्थायी परम्परा हुन्छ।

### ५.४.१ संयुक्त पुँजी कम्पनीका फाइदा

(कं) **पुँजी सङ्कलन गर्न सजिलो** : संयुक्त पुँजी कम्पनी धेरै जना हिस्सेदारहरू मिलेर सङ्गठित रूपमा लगानी गर्छन् । पुँजीको आवश्यकता पर्दा सेयर निष्कासन गरेर ससाना मूल्यमा धेरै हिस्सा सर्वसाधारणहरूमा बिक्री गर्छन् । यस प्रकारको सेयर साधारण आय भएका व्यक्तिहरूले पनि आफ्नो क्षमताअनुसार हिस्सा किन्न सक्छन् । जसबाट धेरै मात्रामा पुँजी सङ्कलन हुन्छ।

(ख) **विशेषज्ञहरूको सेवाबाट फाइदा** : यस कम्पनीको पुँजी बढी मात्रामा हुने भएकाले योग्य, अनुभवी, क्षमता भएका विशेषज्ञहरूलाई कम्पनीमा सरिक गराएर कार्यकुशलता बढाउन सकिन्छ । यसले गर्दा कम लागतमा बढी परिमाणमा गुणस्तरीय वस्तुहरू उत्पादन गर्न सकिन्छ।

(ग) **बचत र लगानीलाई प्रोत्साहन** : यस कम्पनीमा थोरै लगानीबाट पनि कम्पनीको मालिक बन्न पाउने बचत गर्ने सामर्थ्य भएकाले मानिसलाई बचत गर्न र बचतलाई लगानी गर्न प्रोत्साहन मिल्ने भएकाले धेरै नभएका व्यक्तिहरूलाई पनि बचत गरी पुँजी लगानी गर्न र उत्पादन कार्यमा सरिक हुन प्रोत्साहन दिन्छ।

(घ) **जोखिम बहन गर्न सजिलो** : सङ्गठनले जहिले पनि नाफा मात्र कमाउँछ भन्ने हुँदैन । कहिलेकाहीँ अकल्पनीय घटनाका कारण कम्पनीले क्षति बेहोर्नुपर्छ भने कहिले बजार मागको अनुमान सोचे जस्तो नहुँदा पनि कम्पनी जोखिममा पर्न सक्छ। यस्तो जोखिमको भार कम्पनीका सबै हिस्सेदारहरूबाट व्यहोर्ने हुनाले जोखिम बहन गर्न सजिलो हुन्छ।

(ङ) **सीमित दायित्व** : सामान्य आम्दानी भएका मानिसहरूबाट ससाना मात्रामा पुँजी सङ्कलन गरेर कम्पनी सञ्चालन गरिएको हुन्छ । कुनै कारणबाट कम्पनी घाटामा गएमा उसले हिस्सा खरिद गर्दा जति लगानी गरेको छ त्यसबाट मात्र व्यहोरे पुग्छ । अरू थप रकम खोजेर घाटा व्यहोर्नु पर्दैन ।

(च) **प्रजातान्त्रिक प्रबन्ध** : कम्पनी सञ्चालनका लागि लगानीकर्ता हिस्सेदारहरूले आफूहरू मध्येबाट नै सर्वसम्मत रूपमा वा मतदान गरेर प्रजातान्त्रिक ढङ्गबाट सञ्चालकहरूको नियुक्ति गर्ने व्यवस्था हुन्छ । यस पद्धतिबाट कम्पनी सञ्चालनका लागि उपयुक्त सिप भएको, कुशल क्षमतावान्, सञ्चालकहरूको छनोट हुन्छ । यदि सञ्चालकहरूले उपयुक्त काम गरेनन् भने हिस्सेदारहरूले त्यस्ता सञ्चालकलाई निष्कासन पनि गर्न सक्छन् ।

(छ) **ठुलो परिमाणमा उत्पादन** : संयुक्त पुँजी कम्पनीमा पुँजी सङ्कलन गर्न सजिलो र धेरै पुँजी सङ्कलन हुने भएकाले व्यवसायमा आवश्यकताअनुसार विशेषज्ञको नियुक्ति गर्न सकिने, आधुनिक यन्त्र उपकरणहरू जडान गर्न सकिने भएकाले कम लागतमा बृहत् मात्रामा वस्तुहरू उत्पादन गर्न सकिन्छ ।

(ज) **दीर्घ जीवन** : यो कम्पनी कानुनी प्रक्रियाबाट स्थापना हुने भएकाले यसको अन्त्य पनि कानुनद्वारा नै हुन्छ । यस सङ्गठनमा व्यक्तिगत र साझेदारी व्यवस्थामा जस्तो कम समयमा स्थापना गर्न सकिने र छिट्टै भङ्ग गर्न सकिँदैन । कुनै हिस्सेदारको मृत्यु भएमा, कम्पनी छाड्न चाहेमा कम्पनीको स्थायित्वमा कुनै असर पर्दैन । त्यसलै यसको स्थायी जीवन हुन्छ, दीर्घजीवन हुन्छ ।

(झ) **हिस्सा किनबेच गर्न सकिने** : यदि हिस्सेदारलाई पैसाको खाँचो परेमा वा उसले कम्पनी छोड्न चाहेमा आफ्नो हिस्सा बिक्री गरी पैसा असुल गर्न सक्छ । त्यस्तै कसैले कम्पनीमा लगानी गर्न चाहेमा हिस्सा खरिद गर्न सक्छ ।

### ५.४.२ संयुक्त पुँजी कम्पनीका बेफाइदा

(क) **स्थापना गर्न कठिनाइ** : कम्पनी स्थापना गर्न पुँजी सङ्कलन, विधान तयारी, कम्पनी दर्ता, इजाजत प्राप्त गर्नुपर्ने जस्ता धेरै झन्झटिला कानुनी प्रक्रियाहरू पूरा गर्नुपर्छ । यसले गर्दा स्थापना गर्न कठिनाइ हुन्छ ।

(ख) **अप्रजातान्त्रिक प्रबन्ध** : यसमा हिस्सेदारहरूको सङ्ख्या बढी हुन्छ । कम्पनीमा लगानी गर्ने व्यक्तिहरू देशको कुना काप्चासम्म वा विदेशसम्म पनि रहेका हुन सक्छन् । यसले गर्दा सञ्चालकको छनोटमा भाग लिन सम्भव हुँदैन । अर्कोतिर धेरै पुँजी लगानी गर्ने अर्थात् धेरै हिस्सा प्राप्त हिस्सेदारले कम हिस्सा प्राप्त हिस्सेदारलाई थिचोमिचोमा पार्न पनि सक्छ । त्यसैले संयुक्त पुँजी कम्पनीमा प्रजातान्त्रिक प्रबन्ध हुन्छ भनिए तापनि व्यावहारिक रूपमा अप्रजातान्त्रिक व्यवहार हुन सक्छ ।

(ग) **मजदुर र मालिकबिच सुमधुर सम्बन्धको अभाव** : यस प्रकारको कम्पनीमा धेरै मजदुरहरूलाई काममा लगाइएको हुन्छ । कम्पनीको दैनिक कारोबार सञ्चालन गर्न प्रबन्धकको नियुक्ति गरिएको हुन्छ । कम्पनीमा खास मालिक हिस्सेदारहरू भए तापनि मजदुरहरूको सम्बन्ध प्रबन्धकसँग हन्छ । प्रबन्धकले श्रमिकहरूको पीर मर्का र गुनासोको सम्बोधन गर्न सञ्चालक समितिको स्वीकृति लिनुपर्छ । यदि सो हुन नसकेमा तालाबन्दी, हडताल जस्ता अप्रिय घटना घटी कम्पनीलाई ठुलो नोक्सान हुन सक्छ । यसबाट मजदुर र मालिकबिच सुमधुर सम्बन्धको अभाव पैदा हुन्छ ।

(घ) **निर्णय गर्नमा ढिलाइ** : यस कम्पनीअन्तर्गत कुनै पनि महत्त्वपूर्ण निर्णय गर्न साधारण सभा हुने समयसम्म पर्खनुपर्छ । साधारण सभा सामान्यत एक वर्षमा हुन्छ । हिस्सेदारहरूको सङ्ख्या बढी भएकाले कहिलेकाही गणपूरक सङ्ख्या समेत नपुगी सभा चालु गर्न नसकिने हुन्छ ।

(ङ) **कम्पनीको काममा दत्तचित्त नहुनु** : यस कम्पनीमा सीमित दायित्व र हिस्सा हस्तान्तरण गर्न सकिने हुन्छ । यसले गर्दा हिस्सेदारहरूले कम्पनीको कारोबारमा त्यति दिलचस्पी राख्दैनन् । हिस्सेदारहरू साधारण सभामा समेत उपस्थित नहुन सक्छन् । यसले कम्पनीको प्रगतिमा बाधा सिर्जना हुन सक्छ ।

(च) **सञ्चालकहरूद्वारा शोषण** : सञ्चालकहरू आफ्नो फाइदाका लागि बढी तलब लिने, कमिसन लिने, निजी लाभका लागि कच्चापदार्थ किनबेच गर्ने, सिपयुक्तभन्दा पनि आफ्नो मान्छे भर्ना गर्ने आदि गरेर हिस्सेदारहरूलाई शोषण गर्न सक्छन् ।

(छ) **गोपनीयताको अभाव** : संयुक्त पुँजी कम्पनीमा गोपनीयताको अभाव हुन्छ किनभने कुनै पनि निर्णय साधारण सभाबाट स्वीकृति गर्नुपर्छ । वार्षिक हिसाबकिताब पनि प्रत्येक वर्ष प्रकाशन गर्नुपर्छ । यस्तो गोपनीयताको अभाव व्यवसायका लागि हानिकारक हुन सक्छ ।

(ज) **एकाधिकारको जन्म** : यस्तो कम्पनीसँग ठुलो मात्रामा पुँजी हुने भएकाले सानो स्तरमा सञ्चालन भएका व्यावसायीहरू प्रतिस्पर्धामा आउन सक्दैनन् र ओझेलमा पर्न सक्छन् । यसबाट एकाधिकारको जन्म हुन सक्छ ।

(झ) **सञ्चालकहरूलाई फाइदा** : सञ्चालक समितिका सदस्यहरू हिस्सेदारहरूमध्येबाट नै छनोट भएका हुन्छन् । उनीहरूलाई कम्पनी घाटामा गइरहेको छ वा नाफामा गइरहेको छ भन्ने कुरा पूर्ण रूपमा थाहा हुन्छ । यसले गर्दा कम्पनी नाफामा जान लागेको छ भने बढी मूल्य तिरी अरूको हिस्सा किन्छन् र घाटामा जान लागेको छ भने आफ्नो हिस्सासमेत अरूलाई बेच्छन् ।

## ५.५ सार्वजनिक उद्यम/सगङ्ठन

सरकार वा राज्यले सञ्चालन गरेका औद्योगिक, व्यापारिक तथा अन्य आर्थिक गतिविधिहरूलाई सार्वजनिक उद्यम भनिन्छ । सार्वजनिक उद्यमहरूलाई सार्वजनिक संस्थान पनि भनिन्छ । जनतालाई

आवश्यक वस्तु तथा सेवा सस्तो मूल्यमा उपलब्ध गराउन, आर्थिक विकास र जनकल्याणमा वृद्धि गर्न, सार्वजनिक उद्यमको स्थापना गरिन्छ, उदाहरणका लागि नेपालमा हाल अस्तित्वमा रहेका दुग्ध विकास सस्थान, हेटौँडा सिमेन्ट उद्योग, नेपाल आयल निगम, नेपाल वायु सेवा निगम, गोरखापत्र सस्थान आदि नेपालमा स्थापना भएका प्रमुख सार्वजनिक उद्यमहरू हुन् ।

राज्यको आर्थिक वृद्धि उकास्ने, सार्वजनिक बचत परिचालन गर्ने, रोजगारी प्रदान गर्ने, निजी क्षेत्रको एकाधिकार नियन्त्रण गर्ने, समाजमा रहेको वितरणको विभेद हटाउने, राष्ट्रिय स्रोत र सम्पदाको उपयोग र संरक्षण गर्ने आदि जस्ता उद्देश्यका साथ यस्ता उद्यमहरूको स्थापना गरिएको हुन्छ । यी उद्यमहरूको स्थापना, स्वामित्व र नियन्त्रण सरकार वा राज्यद्वारा हुन्छ ।

नेपालले निजी र सरकारी क्षेत्रको सहअस्तित्व भएको मिश्रित अर्थव्यवस्था अवलम्बन गर्दै आएको छ । नेपालको सार्वजनिक उद्यमहरूको सुरुवात वि. सं. २०१३ सालमा प्रथम पञ्चर्षीय योजनाको विकाससँगै भएको हो । सातौँ पञ्चवर्षीय योजनासम्म नेपालमा जम्मा ७५ ओटा सार्वजनिक उद्यमहरू स्थापना भएका थिए । तर नेपाल सरकारले नयाँ सार्वजनिक उद्यमको स्थापना नगर्ने र भएका सार्वजनिक उद्यमहरूलाई पनि क्रमशः निजीकरण गर्दै लैजाने नीति अवलम्बन गरेको छ । फलस्वरूप नेपालमा हाल केही सार्वजनिक उद्यमहरू निजीकरण भई बाँकी ३७ ओटा सार्वजनिक उद्यमहरू सञ्चालनमा छन ।

### ५.५.१ सार्वजनिक संस्थानका मुख्य विशेषताहरू

(क) सार्वजनिक उद्यमहरूको वित्त व्यवस्थापन सरकारद्वारा गरिएको हुन्छ । यी उद्यममा या त पूर्ण सरकारी स्वामित्वमा रहेका हुन्छन् वा सरकारद्वारा कम्तीमा ५१ प्रतिशत सेयरमा लगानी गरिएको हुन्छ ।

(ख) सार्वजनिक उद्यमहरूको व्यवस्थापन सरकारद्वारा गरिन्छ ।

(ग) समाजलाई सेवा प्रदान गर्नु सार्वजनिक उद्यमहरूको प्रमुख उद्देश्य हो ।

(घ) प्रायः सार्वजनिक उद्यमहरू एकाधिकार प्रवृत्तिका हुन्छन् ।

(ङ) सरकारले आफ्ना आर्थिक नीति तथा योजनाहरू सार्वजनिक उद्यमद्वारा कार्यान्वयन गर्छ ।

(च) सार्वजनिक उद्यमहरू आर्थिक रूपमा स्वतन्त्र हुन्छन् । यसको मतलब यी संस्थानहरूको दैनिक आवश्यकताका लागि सरकारमाथि निर्भर हुँदैनन् ।

### ५.५.२ सार्वजनिक उद्यमका महत्त्व

(क) सार्वजनिक उद्यमहरूले बैङ्किङ तथा वित्तीय सेवाको विकास, पूर्वाधार विकास, आधारभूत वस्तु, खानेपानी, विद्युत्, पेट्रोलियम पदार्थ र अन्य खाद्यवस्तुको बिक्री वितरण, रोजगारी प्रवर्धन जस्ता कार्यहरूमा सरकारको उपस्थिति प्रभावकारी बनाउन सहयोग गर्छन् ।

(ख) सार्वजनिक उद्यमहरूले दिगो विकासका लागि भौतिक पूर्वाधारहरूको विकासमा महत्त्वपूर्ण भूमिका खेल्छन् ।

(ग) सार्वजनिक उद्यमहरूले जनतालाई सस्तो मूल्यमा वस्तु तथा सेवाहरू उपलब्ध गराई निजी क्षेत्रको शोषणबाट मुक्त गर्छन् ।

(घ) सार्वजनिक उद्यमहरूले देशको औद्योगिक विकासमा महत्त्वपूर्ण भूमिका खेल्छन् ।

(ङ) सार्वजनिक उद्यमहरूले सरकारको नीति, कार्यक्रम र योजना लागु गर्न मदत गर्छन् ।

(च) सार्वजनिक उद्यमहरूले सरकारको उत्पादन, रोजगारी र वितरण सम्बन्धित उद्देश्य प्राप्ति गर्न मदत गर्छन् ।

(छ) सार्वजनिक उद्यमहरूले उद्यमशीलता प्रर्वधन, परम्परागत कला, संस्कृतिको संरक्षण र संवर्धन, पूर्वाधार क्षेत्रको विकास र बिस्तारमा सहयोग गर्छन् ।

(ज) सार्वजनिक उद्यमहरूले राष्ट्रिय विपत्का समयमा अत्यावश्यक वस्तुको वितरण र बजारमा हुन सक्ने कृत्रिम अभाव र कालोबजारीमा नियन्त्रण गर्न तथा आपूर्ति प्रणाली सुदृढ गर्न महत्त्वपूर्ण भूमिका खेल्छन् ।

### ५.५.३ सार्वजनिक उद्यमका समस्याहरू

(क) जुन उद्देश्यले सार्वजनिक उद्यमहरूको स्थापना गरिएको थियो त्यो उद्देश्य प्राप्त हुन सकेको छैन । अर्को शब्दमा भन्नुपर्दा यी उद्यमहरूले जनतालाई आफ्नो उद्देश्यअनुरूप प्रभावकारी रूपमा सेवा प्रदान गर्न सकेका छैनन् ।

(ख) सार्वजनिक उद्यमहरू घाटामा सञ्चालन भएका छन् जसले गर्दा सरकारले ठुलो भार व्यहोर्नु परिरहेको छ । मूलतः निजी क्षेत्रसँग प्रतिस्पर्धा नभएका र सुरक्षित बजार पाएका केही उद्यमहरू मात्र नाफामा रहेका हुन्छन् । खुला बजारमा प्रतिस्पर्धा गर्नुपर्ने अधिकांश उद्यमहरू घाटामा छन् ।

(ग) सार्वजनिक उद्यममा दरबन्दी सिर्जना गर्दा र कर्मचारी नियुक्ति गर्दा उद्यमको आवश्यकताभन्दा आफ्नो मान्छे भर्ने गरेको देखिन्छ । यसले गर्दा कार्य सञ्चालनमा नकरात्मक प्रभाव परेको छ ।

(घ) सार्वजनिक उद्यमहरूमा कर्मचारीहरू राजनीतिक गतिविधीमा सक्रिय हुने गरेको देखिन्छ । यसले गर्दा हड्ताल, बन्द, बिरोध, घेराउ आदि गतिविधि बढेकाले उद्यमको उत्पादकत्वमा नकारात्मक प्रभाव परेको छ ।

(ङ) सार्वजनिक उद्यमहरूमा राजनीतिक हस्तक्षेपका कारण व्यवस्थापनले व्यवसायीक ढङ्गले निर्णय गर्न सक्दैन । यी उद्यमहरूको स्रोत र साधनको परिचालनमा दुरूपयोग हुनुका साथै भ्रष्टचार र चुहावटले प्रश्रय पाएको देखिन्छ ।

(च) सार्वजनिक उद्यमहरूको भौतिक पूर्वाधार, मेसिन औजार र प्रविधि समयअनुसार आधुनिकीकरण गर्न सकिएको छैन । त्यसैले यी उद्यमहरूले उत्पादन गरेका वस्तुहरू महँगा तर कमसल गुणस्तरका छन् । यस्ता वस्तुहरूले बजार लिन सक्दैनन् ।

## ५.६ श्रम

शर्मिला विद्यालयमा पढाउँछिन् । उमेश स्वास्थ्यचौकीमा बिरामीको उपचार गर्छन् । दुवैले श्रम गरेबापत ज्याल पाउँछन् । यो श्रम हो । मुकेश र पेमाले विद्यालयमा स्वयम्सेवकका रूपमा पढाउँछन् तर उनीहरूले पढाएबापत ज्याला लिँदैनन् । उनीहरूले आफ्नो सोखका लागि मात्र पढाउँछन् । अर्थशास्त्रमा पेमा र मुकेशको कामलाई श्रम भनिँदैन । श्रमिकले शारीरिक वा मानसिक कार्य गरेबापत ज्याला पाउँछन् भने त्यो श्रम हो । श्रम हुनका लागि निम्न लिखित कुराहरूको आवश्यकता पर्छ :

(क) श्रममा शारीरिक वा मानसिक दुवै किसिमको परिश्रम पर्छ ।

(ख) उत्पादनका लागि मानिसले गरेको प्रयत्नलाई मात्र श्रम भनिन्छ । पशु, मेसिनले गरेका कामलाई श्रम मानिँदैन ।

(ग) श्रम हुनका लागि मानिसले गरेको परिश्रमबापत ज्याला प्राप्त गरेको हुनुपर्छ ।

यसरी कुनै व्यक्तिले ज्याला वा पारिश्रमिक प्राप्त गर्ने गरी गरेको शारीरिक वा मानसिक प्रयत्नलाई श्रम भनिन्छ । श्रमबिना उत्पादन कार्य सम्भव पनि हुँदैन । श्रमलाई निम्न लिखित तिन प्रकारमा विभाजन गर्न सकिन्छ :

- उत्पादक तथा अनुत्पादक श्रम
- कुशल तथा अकुशल श्रम
- मानसिक तथा शारीरिक श्रम

### ५.६.१ श्रमका विशेषताहरू

(**क**) **श्रम उत्पादकको सक्रिय साधन हो** : चिनी बनाउनका लागि उखु छ । उखु पेल्ने मेसिन छ । तर श्रमिकबिना उखु र मेसिन दुवैको प्रयोग हुन सक्दैन र चिनी तयार हुन सक्दैन । उत्पादन कार्यमा श्रमिकले उत्पादानका अन्य साधनहरू भूमि र पुँजी समेतलाई सक्रिय बनाउँछ । श्रम उत्पादनको सक्रिय साधन हो ।

(**ख**) **श्रम नाशवान् हुन्छ** : पहलसिंह फ्याक्ट्रीमा काम गर्छन् तर आज उनी काम नगरी घुमफिरका लागि बिदामा छन् । उनको आजको श्रम नाश भयो । आज नगरेको श्रम भोलि गर्छु भनेर सञ्चित गर्न सकिँदैन । जति श्रम गऱ्यो त्यति नै फाइदा हुन्छ । श्रमलाई अरू चिज जस्तो भोलिका लागि भनेर जोगाएर राख्न सकिँदैन ।

(**ग**) **श्रम उत्पादनको अपरिहार्य साधन हो** : श्रमबिना कुनै सामानको उत्पादनको सम्भव छैन । खाद्यन्न, कपडा, आवास, जेसुकै उत्पादन वा निर्माण गर्नका लागि सबै साधन भएर पनि मानव साधन वा श्रम भएन भने केही पनि उत्पादन गर्न सकिँदैन ।

(**घ**) **श्रम श्रमिकसँग सम्बन्धित हुन्छ** : कृपासुर फर्निचर कारखानामा काम गर्छन् । उनी श्रमिक हुन् । उनी फर्निचर कारखानामा काम गर्छन् भनेको त्याहाँ उनी श्रम गर्छन् भन्ने हो । उनको

उपस्थितिबिना त्यहाँ श्रम हुँदैन । त्यसैले श्रमलाई श्रमिकबाट अलग राख्न नसकिने भएकाले श्रम श्रमिकसँग सम्बन्धित हुन्छ ।

(ङ) **श्रम उत्पादनको गतिशील साधन हो** : श्रमलाई आवश्यकताअनुसार एक ठाउँबाट अर्को ठाउँमा ल्याउने वा लैजाने गर्न सकिन्छ । श्रमिक आफैँले पनि काम गर्ने ठाउँ परिवर्तन गर्न सक्छ ।

(च) **श्रमले लगातार सेवा दिन सक्दैन** : श्रमिकलाई समय समयमा भोजन, आराम, मनोरञ्जन आवश्यक पर्छ । त्यसैले श्रमिकले मेसिनले जस्तो लगातार सेवा दिन सक्दैन ।

(छ) **श्रमको पूर्ति सीमित छ** : वि. सं. २०७२ वैशाख महिनामा गएको विनाशकारी भूकम्पबाट १४ ओटा जिल्लामा ९० प्रतिशतभन्दा बढी घर भवनहरू पुनः निर्माण गर्नुपर्ने भयो । घर भवनहरू पुनःनिर्माणका लागि सिकर्मी डकर्मीको माग तत्काल बढ्न गयो तर यो अल्पकालीन समयमा श्रमिकको आवश्यकता बढ्यो भन्दैमा एकैचोटी श्रमिकको पूर्ति बढाउन सकिँदैन । त्यस्तै कुनै ठाउँमा आवश्यक परेन भन्दैमा तुरुन्त हटाउन पनि सकिँदैन ।

(ज) **श्रम उत्पादक र उपभोक्ता दुवै हो** : श्रमको प्रयोगबाट नै वस्तु तथा सेवाहरू उत्पादन गर्न सकिन्छ । किसानले पशुपालन गरेर दुध, घिउ, मासु उत्पादन गर्छन् । सिकर्मीले मेच, टेबुल बनाउँछन् । त्यसैगरी प्रत्येक मानिसले केही न केही श्रम गरेकै हुन्छ । यहाँ किसानले आफूले उत्पादन गरेको दुध, घिउ र सीकर्मीले बनाएका मेच, टेबुल उपभोग पनि गर्छ । त्यसैले श्रम उत्पादक र उपभोक्ता दुवै हो ।

### ५.६.२ श्रम विभाजन

प्राचीन कालमा मानिसका आवश्यकता खानेकुरा प्राप्त गर्नुमा मात्र सीमित थियो । बिस्तारै खाना पछि बस्ने ठाउँ, शरीर ढाक्ने बोक्रामा आवश्यकता सीमित रहेको थियो । सीमित आवश्यकतामा मात्र रहेको कुनै युगका मानिसहरू आफूलाई चाहिने सबै वस्तु आफैँ उत्पादन गर्न सक्थे । बिस्तारै बिस्तारै सभ्यताको विकासको साथसाथै मानिसका इच्छा, आवश्यकतामा पनि वृद्धि हुँदै गयो । सोअनुसार आफूलाई चाहिने सबै वस्तुहरू आफैँ उत्पादन गर्न सम्भव भएन, जस्तै : खेती गर्ने, सिकार खेल्ने, भाँडाकुँडा बनाउने, पशुपालन गर्ने, खानेकुरा बनाउने, कपडा बुन्ने र बनाउने जस्ता कामहरू एक्लैले गर्न सकिँदैन । यसले गर्दा कामको बाँडफाँड हुन थाल्यो । कामको बाँडफाँड गरी आआफ्नो सिप, योग्यता र क्षमताअनुसार गर्ने कार्यलाई नै श्रम विभाजन भनिन्छ ।

श्रम विभाजन भनेको उत्पादन गर्ने एउटा कुशल तरिका हो । यसमा कुनै पनि उत्पादन कार्यलाई ससाना भागमा वा एकाइमा विभाजन गरी प्रत्येक भागमा श्रमिकहरूको योग्यता, चाख र सिपअनुसार कामको जिम्मेवारी दिइन्छ, उदाहरणका लागि गार्मेन्ट फ्याक्ट्रीमा एक जनाले कपडा काट्ने, अर्कोले सिलाउने, अर्कोले टाँक लगाउने र अन्त्यमा अर्कोले आइरन लगाउने काम गर्छन् । श्रम विभाजनबाट वस्तुको उत्पादन राम्रो र धेरै हुनुका साथै छिटो पनि हुन्छ । श्रम विभाजन हुनका लागि केही सर्तहरूको आवश्यकता पर्छ, जुन यस प्रकार छन् :

(क) वस्तुहरू ठुलो परिमाणमा उत्पादन हुनुपर्छ ।

(ख) उत्पादनको क्रममा मेसिनहरूको प्रयोग हुनुपर्छ ।

(ग) उत्पादन कार्यमा श्रमिकहरूको धेरै सङ्ख्या हुनुपर्छ ।

(घ) श्रमिकहरूको बिचमा पारस्परिक सहयोग हुनुपर्छ ।

(ङ) श्रम विभाजनका लागि उत्पादन प्रक्रिया निरन्तर रूपले चलेको हुनुपर्छ ।

(च) श्रम विभाजनका लागि बजारमा ठुलो मात्रामा किनबेच हुनुपर्छ ।

(छ) यातायात तथा सञ्चारको विकास हुनुपर्छ ।

(ज) योग्य, साहसी एवम् दक्ष प्रबन्धक पनि श्रम विभाजनका लागि आवश्यक पर्छ ।

### ५.६.३ श्रम विभाजनका किसिम

श्रम विभाजन तिन किसिमका छन्, ती हुन् :

(क) **साधारण श्रम विभाजन** : कुनै वस्तुको उत्पादन थोरै परिमाणमा गर्ने र उत्पादनको सुरुदेखि अन्त्यसम्मका कार्य प्रायः एकै व्यक्तिले गर्छ भने त्यसलाई साधारण श्रम विभाजन भनिन्छ । यस्ता कामहरू सरल प्रकृतिका हुन्छन्, जस्तै : कृषिकार्य, सिकर्मीका कार्य, डकर्मीका कार्य, सुनारका कार्य आदि । यस्ता कार्यहरू दुई वा सोभन्दा बढी व्यक्तिहरू मिली एकआपसको सहयोगमा पनि गर्न सकिन्छ ।

(ख) **जटिल श्रम विभाजन** : कुनै वस्तुको उत्पादन धेरै परिमाणमा गर्नुपर्ने हुन्छ । ठुलो परिमाणमा वस्तुको उत्पादन गर्दा उत्पादनको सुरुदेखि अन्तसम्मका कार्य एकै व्यक्तिबाट सम्भव हुन सक्दैन । उत्पादनका कार्यलाई ससाना एकाइमा विभाजन गरेर श्रमिकको रुचि र क्षमताअनुसार कामको जिम्मेवारी दिइन्छ, जस्तै : कपडा बुन्ने काममा कोही कपास धुने, कोही धागो कात्ने, कोही टुकी बेर्ने, कोही धागो रङ्गाउने, कोही तान लगाउने, कोही कपडा बुन्ने काम गर्छन् । प्रोफेसर एस्. ई. थोमसकाअनुसार काम गर्ने श्रमिकहरूमध्ये प्रत्येकले एउटैमात्र विशेष कार्य गरी वस्तु उत्पादन गर्छ भने त्यसलाई जटिल श्रम विभाजन भनिन्छ ।

(ग) **प्रादेशिक श्रम विभाजन** : संसारका विभिन्न देशहरूबिच र एउटै देशको पनि विभिन्न क्षेत्रबिच कुनै वस्तुको उत्पादनमा विशिष्टता प्राप्त हुन्छ भने त्यसलाई प्रादेशिक श्रम विभाजन भनिन्छ । यस्तो किसिमको श्रम विभाजनलाई उद्योगहरूको स्थानीयकरण पनि भनिन्छ, जस्तै : नेपालको गलैँचा, जापानमा मोटरको उद्योग, भारतमा सुती कपडाको उद्योग, इलाममा चिया उद्योग आदि ।

### ५.६.४ श्रम विभाजनका फाइदाहरू

श्रम विभाजनबाट उत्पादन कार्य छिटो र ठुलो परिमाणमा गर्न सकिने हुन्छ । यसले गर्दा उत्पादन लागत कम पर्न जान्छ । उत्पादन खर्च कम लाग्नु भनेको उपभोक्ताहरूका लागि पनि फाइदा हो ।

किनकि यसले गर्दा थोरै मूल्यमा विभिन्न वस्तुहरू खरिद गर्न सकिन्छ । श्रम विभाजनबाट औद्योगीकरणको विकास पनि सम्भव छ । श्रम विभाजनका फाइदाहरू यस प्रकार छन् :

(**क**) **उत्पादनमा वृद्धि** : श्रम विभाजनका कारण प्रत्येक श्रमिकले आफ्नो रुचि, योग्यता र दक्षतानुसारको काम गर्न पाउँछन् । यसले गर्दा उत्पादन प्रक्रिया पनि छिटो हुन्छ, र उत्पादनमा वृद्धि हुन्छ । एकै किसिमको मात्र काम गर्ने भएकाले कम समयमा त्यो काम राम्रोसँग गर्न सक्ने पनि हुन्छ । यदि एकै जनाले सबै काम आफैँ मात्र गर्छु भन्ने हो भने ऊ कुनै पनि काममा निपूर्ण नहुन सक्छ र भ्याउन पनि सक्दैन । जसले गर्दा उत्पादनको मात्रा पनि कम हुन्छ र उत्पादनमा समय पनि धेरै लाग्छ, जस्तै जुत्ता बनाउँदा, जुत्ताको सम्पूर्ण काम एक्लैले गर्नुभन्दा एक जनाले छाला काट्ने, अर्को जनाले तलुवा बनाउने, अर्कोले तलुवा ठोक्ने, अर्कोले फित्ताको प्वाल बनाउने, अर्कोले पालिस गर्ने जस्ता काम श्रम विभाजन गरी गरेमा एक दिनमा धेरै जुत्ता उत्पादन गर्न सकिन्छ ।

(**ख**) **कार्य क्षमतामा वृद्धि** : श्रम विभाजनबाट श्रमिकले कुनै एउटा काममा मात्र संलग्न हुने भएकाले एउटै काम बारम्बार गरिरहँदा त्यस कार्यमा ऊ निपूर्ण हुन्छ, र काम गर्ने क्षमतामा पनि वृद्धि हुन्छ । जसले गर्दा उसले गर्ने काम छिटो हुनुका साथै गुणस्तरीय र राम्रो पनि हुन्छ, जस्तै : माथिको उदाहरणअनुसार जुत्ता बनाउँदा छाला काट्ने श्रमिकले, छाला काट्दा काट्दा सो काम गर्ने नयाँ तरिका र सिपको विकास गर्नुका साथै त्यो काम छिटो छरितो सम्पन्न गर्न सक्छ ।

(ग) **आविष्कारलाई प्रोत्साहन** : श्रम विभाजनबाट श्रमिकले एउटै काममा निरन्तर लागिरहनुपर्ने भएकाले काम गर्ने व्यक्ति त्यस काममा आइपर्ने समस्याहरूसँग परिचित हुन्छ । त्यस समस्यालाई समाधान गर्ने उपायहरूको खोजी पनि गर्न थाल्छ । यसबाट काम गर्ने नयाँ नयाँ प्रविधिको आविष्कार हुँदै जान्छ ।

(**घ**) **मितव्ययिता** : श्रम विभाजनबाट श्रमिकहरूको कार्यशैलीमा निपूर्णता र दक्षतामा वृद्धि हुने भएकाले कम समयमै बढी मात्रामा गुणात्मक वस्तु उत्पादन गर्न सकिन्छ । जसले गर्दा खर्च र समयमा मितव्ययिता अपनाउन सकिन्छ ।

(ङ) **सिप हासिल गर्न समयको बचत** : श्रम विभाजनमा श्रमिकलाई कुनै एउटा सिपमा विशिष्टता हासिल गरे पुग्छ । त्यसैले उसले वस्तु उत्पादन क्रियाको सबै सिप सिक्नु जरुरी नभएकाले आफूलाई आवश्यक पर्ने सिप मात्र सिक्नका लागि थोरै समय भए पुग्छ । यसबाट समयको बचत हुन्छ । उसले छोटो समयमा सिप पनि हासिल गर्छ र उत्पादन पनि धेरै गर्न सक्ने हुन्छ । यसरी श्रम विभाजनबाट समयको बचत हुन्छ ।

(**च**) **रुचि र योग्यताअनुसारका काम उपलब्ध हुने** : श्रम विभाजनअन्तर्गत श्रमिकहरूलाई कामको विभाजन रुचि एवम् योग्यतानुसार हुन्छ । प्रत्येक कामदारलाई त्यस्तो कामको जिम्मेवारी दिइन्छ जसमा ऊ निपूर्ण र दक्ष हुनुका साथै उक्त कार्य गर्न उसमा अभिरुचि हुन्छ । यसरी आफ्नो योग्यता, क्षमता र रुचिअनुसार काम पाउँदा उसले तनमनले गर्छ, जसको परिणाम उत्पादनमा वृद्धि हुन्छ ।

(छ) **उपभोक्ताहरूलाई फाइदा** : श्रम विभाजनबाट उत्पादन लागत कम हुने भएकाले कम मूल्यमा उपभोक्ताहरूलाई वस्तु उपलब्ध हुन्छ । दक्ष र निपूर्ण कामदारहरूबाट गुणस्तरीय वस्तु उत्पादन हुने भएकाले उपभोग गर्ने उपभोक्ताले सस्तो मूल्यमा गुणस्तरीय वस्तु प्राप्त गर्न सक्छन् । जसबाट उपभोक्ताहरूको सन्तुष्टिमा वृद्धि हुन्छ ।

### ५.६.५ श्रम विभाजनका बेफाइदाहरू

श्रम विभाजनका फाइदा मात्र होइन बेफाइदा पनि छन् । यसका बेफाइदाहरू निम्न लिखित छन् :

(क) **श्रमिकमा दिक्कपन हुने** : श्रम विभाजनमा श्रमिकलाई एउटै काममा जीवनभर लगातार लागिरहँदा आफ्नो कार्यमा उत्साह, आनन्द हुँदैन । काम नीरस हुन्छ, झर्को लाग्छ । यसबाट उद्योग र श्रमिक दुवैलाई बेफाइदा हुन्छ ।

(ख) **श्रमिकको गतिशीलतामा कमी** : श्रम विभाजनले गर्दा श्रमिकहरू वस्तु उत्पादनको कुनै एक प्रक्रियामा मात्र संलग्न हुने भएकाले त्यस व्यवसायको अरू काम र अर्को व्यवसायको कुनै काम गर्नका लागि उनीहरूमा सिपको अभाव हुन्छ । यस कारणले गर्दा श्रमिकहरूको गतिशीलतामा कमी आउँछ ।

(ग) **श्रमिकहरूमा उत्तरदायित्वको कमी** : श्रम विभाजनअन्तर्गत काम ससाना प्रक्रियामा बाँडिन्छ । कुनै श्रमिक वस्तु उत्पादन प्रक्रियाको एउटा उपप्रक्रियामा मात्र संलग्न हुन्छन् । यस्तो अवस्थामा सामान बिग्रिँदा बिगार्ने श्रमिकलाई छुट्याउन गाऱ्हो पर्छ । यसरी श्रम विभाजनले श्रमिकहरूमा उत्तरदायित्वको अभाव हुन्छ ।

(घ) **बढी उत्पादनको भय** : श्रम विभाजनले गर्दा बढी उत्पादन हुन्छ । प्रचुर उत्पादनबाट पनि कहिलेकाहीँ उद्योग र अर्थव्यवस्थामा नै समस्या आउन सक्छ । यसले गर्दा मन्दी देखापर्छ । यस अवस्थामा सामानहरू धेरै कम मात्रामा बिक्री हुन्छन् । अतः उत्पादन कार्यमा नाफा हुँदैन । जसले गर्दा उत्पादन कार्य बन्द गर्नुपर्ने अवस्था आउन सक्छ । उत्पादन कार्य बन्द भयो भने श्रमिकहरू बेरोजगार हुन्छन् र समस्या बढ्छ ।

(ङ) **बेरोजगारीको डर** : श्रमिकले काम गरिरहेको उद्योग कुनै कारणबस बन्द हुन पुग्यो भने श्रमिकले आफ्नो रोजीरोटी गुमाउनुपर्छ किनकि श्रम विभाजनअन्तर्गत प्रत्येक श्रमिक उत्पादन प्रक्रियाको एउटा सानो उपप्रक्रियामा मात्र संलग्न हुन्छ । जसले गर्दा एकातिर लामो समयसम्म काम गर्दा आफ्नो अन्य काम गर्ने सिर्जनात्मक शक्ति गुमाउन सक्छ र अरू ठाउँमा काम पाउन कठिन हुन्छ ।

### ५.६.६ श्रमको कार्य दक्षता

श्रम श्रमिकसँग सम्बन्धित भए जस्तै श्रमको कार्यदक्षता पनि श्रमिकसँग नै सम्बन्धित हुन्छ । एउटा श्रमिकको कार्य दक्षता उसको काम गर्ने शैली, बुद्धि, विवेक, काम गर्ने शक्ति र सिपमा भर पर्छ । अर्थात् श्रमको कार्यकुशलता नै श्रमको कार्यदक्षता मान्न सकिन्छ । श्रमको कार्य दक्षतालाई दुई प्रकारबाट मापन गर्न सकिन्छ, जुन निम्नानुसार छन् :

- परिमाणात्मक कार्य दक्षता
- गुणात्मक कार्य दक्षता

(**क**) **परिमाणात्मक कार्य दक्षता** : मानौँ, रीतिका र शिव दुवै जना एउटा कार्यालयमा कम्प्युटर अपरेटरको काम गर्छन् । दुवै जनालाई एउटै मोडेलका ल्यापटप दिइएको छ । रीतिकाले ७ मिनेटमा ४०० शब्द टाइप गर्छिन् । शिवले ७ मिनेटमा ३५० शब्द मात्र टाइप गर्छन् । यहाँ परिमाणात्मक रूपमा शिवको भन्दा रीतिकाको कार्यदक्षता बढी देखियो । परिमाणात्मक कार्यदक्षता भन्नाले निश्चित समयभित्र एकै किसिमका साधनबाट एक श्रमिकले अर्को श्रमिकको दाँजोमा समान गुण भएका वस्तु बढी उत्पादन गर्न सक्छ भने अर्को श्रमिकको दाँजोमा त्यस श्रमिकको परिमाणात्मक कार्यदक्षता बढी हुन्छ ।

(**ख**) **गुणात्मक कार्यदक्षता** : माथिको उदाहरणमा रीतिकाले ७ मिनेटमा ४०० शब्द टाइप गरे तापनि धेरै अशुद्ध र शिवले ७ मिनेटमा ३५० शब्द मात्र टाइप गरे पनि यहाँ शिवको कार्यदक्षता रीतिकाको भन्दा बढी देखियो । त्यसैले गुणात्मक कार्यदक्षता भन्नाले निश्चित समयभित्र, निश्चित साधनबाट एक श्रमिकले अर्को श्रमिकको दाँजोमा बढी गुणस्तरको वस्तु उत्पादन गर्छ भने अर्को श्रमिकको दाँजोमा त्यस श्रमिकमा गुणात्मक कार्यदक्षता बढी हुन्छ ।

यसरी श्रमको कार्यदक्षताले निश्चित समयमा कति काम सक्छ र कस्तो वस्तु उत्पादन गर्न सक्छ भन्ने कुरा जनाउँछ । श्रमको कार्यक्षमता श्रमिकको काम गर्ने शक्ति र काम गर्ने तत्परतामा भर पर्छ । श्रमको कार्यक्षमतालाई विभिन्न कुराहरूले असर पार्छन् ।

## ५.६.७ श्रमको कार्यदक्षतालाई असर पार्ने तत्त्वहरू

श्रमिकको कार्यदक्षता व्यक्तिगत गुण र स्वभावमा भर पर्छ । यसका साथै श्रमको कार्यदक्षतालाई असर पार्ने तत्त्वहरू यस प्रकार छन् :

(**क**) **शिक्षा र तालिम** : श्रमिकको कार्यदक्षतामा प्रभाव पार्ने मुख्य कुरा शिक्षा र तालिम हो । शिक्षित र तालिम प्राप्त श्रमिकको कार्यदक्षता तालिम अप्राप्त श्रमिकहरूको दाँजोमा निश्चय पनि बढी हुन्छ । शिक्षाले श्रमिकहरूको बौद्धिकस्तर वृद्धि गर्न सहयोग पुऱ्याउँछ र समय समयमा हुने तालिमले श्रमिकलाई काम गर्न प्रोत्साहन मिल्छ ।

(**ख**) **जातीय एवम् पैतृक गुण** : श्रमिकको कार्यदक्षतामा जातीय र पैतृक गुणको पनि प्रभाव पर्छ । मानिसमा आफ्नो पुर्खाका जातीय गुणहरू स्वतः सर्छन्, जस्तै : नेपालमा शेर्पाहरू हिमाल चढ्न र नेवारहरू व्यापारमा बढी दक्ष देखिन्छन् ।

(**ग**) **हावापानी** : हावापानीले श्रमिकको कार्यदक्षतामा ठुलो प्रभाव पर्छ । अत्यन्त गर्मी र अत्यन्त चिसो ठाउँमा श्रमिकहरूलाई काम गर्न निकै कठिन हुन्छ ।

(**घ**) **जीवनस्तर र स्वास्थ्य** : उच्च जीवनस्तर र राम्रो स्वास्थ्य भएका श्रमिकको कार्यदक्षता पनि उच्च हुन्छ । जुन श्रमिकले राम्रो एवम् पौष्टिक खाना पाउँछ, बस्ने ठाउँ सफा पाउँछ, उसको स्वास्थ्य राम्रो हुन्छ । श्रमिकको कार्यदक्षता उसको जीवनस्तर र स्वास्थ्यमा पनि भर पर्छ ।

(ङ) **व्यक्तिगत योग्यता र गुण** : कामप्रति सकारात्मक भाव राख्ने व्यक्तिको कार्यक्षमता अरूको भन्दा बढी नै हुन्छ । कोही श्रमिक स्वभावले मेहनती हुन्छन् भने कोहीमा कुनै कामप्रति व्यक्तिगत गुण वृद्धि पनि हुन्छ । व्यक्तिगत योग्यता र गुण श्रमको कार्यदक्षतामा असर पार्ने महत्त्वपूर्ण तत्त्व हो ।

(च) **काम गर्ने स्थान** : काम गर्ने स्थानको वातावरणले पनि कार्यदक्षतामा असर पार्छ । काम गर्ने ठाउँ सफा, उज्यालो, हावादार छ भने काम गर्ने इच्छा बढ्छ र कार्यदक्षता बढ्छ ।

(छ) **काम गर्ने समय** : श्रमिकले मेसिनले जस्तो निरन्तर सेवा दिन सक्दैन । उसलाई समय समयमा आराम एवम् मनोरञ्जन चाहिन्छ । निरन्तर काम गर्दा थकान हुन्छ । अस्वस्थ हुन सक्छ र कार्यदक्षता घट्छ । श्रमिकलाई आराम गर्ने, मनोरञ्जन गर्ने, स्वास्थ्य परीक्षण गर्ने सुविधाहरूको प्रबन्ध छ भने कार्यदक्षतामा वृद्धि हुन्छ ।

(ज) **ज्यालादर** : श्रमको कार्यदक्षतामा ज्यालादरले प्रभाव प्रभाव पार्छ । ज्यालादर बढी छ भने कार्यदक्षता पनि बढी हुन्छ र ज्यालादर कम छ भने कार्यदक्षता पनि घट्छ । ज्यालादर, उनीहरूको खाने, बस्ने परिवार पाल्ने आवश्यकताहरूलाई पूरा गर्न पुग्ने खालको हुनुपर्छ ।

(झ) **कल्याण र सामाजिक सुरक्षा** : कल्याणकारी र सामाजिक सुरक्षाको व्यवस्थाले श्रमको कार्यदक्षतामा प्रभाव पार्छ । निःशुल्क औषधोपचार, केटाकेटीका लागि निःशुल्क शिक्षा, आवासगृह पेन्सनको व्यवस्था, कारखानामा काम गर्दागर्दै दुर्घटनाग्रस्त हुँदा क्षतिपूर्ति र बिमाको व्यवस्था भएको खण्डमा श्रमिकहरूलाई काम गर्न प्रोत्साहन मिल्छ र उनीहरूको कार्यदक्षतामा वृद्धि हुन्छ ।

(ञ) **लाभ र उन्नतिको आशा** : जुन कार्यमा आर्थिक लाभ र पदोन्नतिको आशा छ, नोकरी सुरक्षित छ, बोनसको व्यवस्था छ, त्यहाँ श्रमको कार्यदक्षतामा वृद्धि हुन्छ । जुन ठाउँमा यस्तो सुविधाको अभाव हुन्छ त्यहाँका श्रमिकको मनोबल पनि कमजोर हुन्छ । काम प्रति वितृष्णा हुन्छ । श्रमको उत्पादकत्वमा ह्रास आउन सक्छ ।

(ट) **प्रबन्धकको योग्यता** : प्रबन्धकले श्रमिकहरूलाई गर्ने व्यवहारमा पनि श्रमिकको कार्यदक्षता भर पर्छ । प्रबन्धक कुशल र योग्य छन् भने श्रमिकहरूलाई सन्तुष्ट राखेर लगनशील भई काम गर्न प्रोत्साहित गर्छन् र कार्यक्षमता बढ्छ । यसको विपरीत प्रबन्धकले श्रमिकको भावना बुझ्न् नसक्दा श्रमिकको कार्यदक्षता घट्छ ।

(ठ) **मेसिन र औजार** : श्रमिकहरूलाई काम गर्नका लागि सजिलो, हलुका र राम्रा खालका औजारहरू प्राप्त भएमा कार्यदक्षतामा वृद्धि हुन्छ ।

(ड) **उचित समयमा पारिश्रमिक दिने व्यवस्था** : उचित समयमा नियमित रूपले पारिश्रमिक पाउने व्यवस्था भएमा श्रमिकहरूले खुशी भएर काम गर्छन् र कार्यदक्षतामा वृद्धि हुन्छ ।

(ढ) **सरकारको श्रमनीति** : सरकारको श्रमनीति श्रमिकलाई प्रोत्साहन दिने खालको छ, श्रमिकहरूको हित अनुकूल छ भने श्रमको कार्यदक्षतामा वृद्धि हुन्छ ।

## ५.७ जनसङ्ख्या सिद्धान्त

श्रमिकहरूको सङ्ख्यात्मक पूर्तिको अध्ययन गर्ने सिद्धान्त जनसङ्ख्याको सिद्धान्त हो । जनसङ्ख्या सिद्धान्तहरूका बारेमा निम्नानुसार चर्चा गरिएको छ :

### ५.७.१ माल्थसको जनसङ्ख्या सिद्धान्त

टि. आर. माल्थस (T. R. Malthus) जनसङ्ख्या सम्बन्धी सिद्धान्तको प्रतिपादन गर्ने प्रथम अर्थशास्त्री हुन् । उनी इङ्गल्यान्डका पादरी थिए । सन् १७९८ मा प्रकाशित आफ्नो पुस्तक 'एन इस्से अन प्रिन्सिपल अफ पपुलेसन' (An Essay on Principle of Population○ मा क्रमबद्ध रूपमा जनसङ्ख्या सिद्धान्तको प्रतिपादन गरेका छन् । उनीबाट प्रतिपादित सिद्धान्त 'माल्थसको जनसङ्ख्या सिद्धान्त' का नामले चिनिन्छ । माल्थसका शब्दमा – स्वभावैले खाद्यान्नको वृद्धि ढिलो अङ्क गणितीय अनुपातमा हुन्छ भने आवश्यकता र प्रकोपले नरोकिएसम्म मानिसको वृद्धि तीव्र गतिले ज्यामितीय अनुपातमा हुन्छ । (By nature, human food increases in a slow arithmetic ratio; men himself increases in a quick geometrical ratio unless want and vice stop him.)

माल्थसको समयमा बेलायत तथा बाँकी युरोपमा जनसङ्ख्या अत्यधिक मात्रामा वृद्धि भइरहेको थियो भने अर्कोतिर कृषि उत्पादनमा ह्रास आइरहेको थियो । यसले गर्दा जनताले अनिकाल र महामारी जस्ता जटिल समस्या भोग्नु परेको थियो । यसले माल्थसलाई चिन्तित बनायो । जसले गर्दा उनले जनसङ्ख्या सम्बन्धी कुरा अध्ययन र लेखन गर्न थाले । यस सिद्धान्तमा उनले जनसङ्ख्या र खाद्यान्न बिचको सम्बन्धको अध्ययन गरे र जनसङ्ख्या वृद्धिदर खाद्यान्न वृद्धिदरभन्दा अधिक हुन्छ भन्ने निष्कर्ष निकाले ।

माल्थसको जनसङ्ख्या सिद्धान्तका मूल तत्त्वहरू निम्नानुसार छन् :

(क) **जनसङ्ख्याको वृद्धिदर** : माल्थसको विचारमा कुनै रोकावट नभएमा कुनै पनि देशको जनसङ्ख्या ज्यामितीय अनुपातमा वृद्धि हुन्छ अर्थात् जनसङ्ख्याको वृद्धि १ : २ : ४ : ८ : १६ : ३२ को क्रममा हुन्छ । जनसङ्ख्या नियन्त्रण नगरिएमा कुनै पनि देशको जनसङ्ख्या प्रत्येक २५ वर्षमा दोब्बर भएर जान्छ ।

(ख) **खाद्यान्न वृद्धिदर** : माल्थसको विचारमा खाद्यान्न वृद्धिदर जनसङ्ख्या वृद्धिदरभन्दा मन्द गतिले हुन्छ । कृषिमा घट्दो प्रतिफलको नियम लागु हुने भएकाले खाद्यान्न गणितीय अनुपातमा वृद्धि हुन्छ अर्थात् खाद्यान्नको वृद्धि १ : २ : ३ : ४ : ५ : ६ को क्रममा हुन्छ ।

(ग) **जनसङ्ख्या र खाद्यान्न आपूर्तिबिच असन्तुलन** : माल्थसको विचारमा जनसङ्ख्याको वृद्धि खाद्यान्नको वृद्धिभन्दा बढी दरले हुन्छ । यदि जनसङ्ख्या वृद्धि रोक्नका लागि प्रबन्ध भएन भने जीविकाको साधनको वृद्धिका साथसाथै जनसङ्ख्यामा पनि वृद्धि हुन जान्छ र एक समयपछि जनसङ्ख्याको वृद्धि जीवन निर्वाहका साधनभन्दा बढी हुन जान्छ । जसका कारण दुवैको असन्तुलनले गर्दा मानिसलाई अनेक सङ्कटहरू आउने छन्, जस्तो : अनिकाल, महामारी, बाढी, पहिरो, इत्यादि ।

(घ) **जनसङ्ख्या नियन्त्रण** : माल्थसले यस असन्तुलनले गर्दा हुने कठिनाइहरूको रूपमा एउटा निराशाजनक दृश्य संसारसमक्ष राख्दै भने – जनसङ्ख्यालाई रोक्न अत्यन्त आवश्यक छ। उनका विचारमा जनसङ्ख्यालाई निम्न लिखित दुई तरिकाले रोक्न सकिन्छ :

१. प्राकृतिक वा नैसर्गिक रोक : जनसङ्ख्या एवम् खाद्य सामग्रीमा प्राकृतिक रोकबाट सन्तुलन उत्पन्न हुन्छ। यस तरिकामा प्रकृतिले अनिकाल, बाढी, भुइँचालो, हैजा, प्लेग आदिद्वारा मृत्युदरमा वृद्धि गरी जनसङ्ख्यामा रोक लगाउने काम गर्छ। तर यो तरिका अत्यन्त कष्टकर हुन्छ।

२. कृत्रिम वा प्रतिबन्धक रोक : प्राकृतिक रोक अत्यन्तै कष्टकर हुन्छ। यसकारण त्यसबाट बाँच्न मानिसले जनसङ्ख्या कम गर्नका लागि प्रतिबन्धक रोक अपनाउनुपर्छ। प्रतिबन्धक रोक त्यो हो जसलाई मानिसले अपनाउँछ। यस रोकको उद्देश्य जन्मदर घटाएर जनसङ्ख्यालाई कम गर्नु हो। प्रतिबन्धक रोकका तरिकाका रूपमा माल्थसले ढिलो बिहे गर्नु, ब्रम्हचार्य तथा संयमी जीवन बिताउने उपदेश दिए। यहाँ एउटा महत्त्वपूर्ण कुरो के छ भने माल्थस एक जना पादरी एवम् धार्मिक व्यक्ति भएकाले प्रतिबन्धक रोकका सम्बन्धमा परिवार नियोजनका आधुनिक उपायहरूको बारेमा केही पनि भनेका थिएनन्।

माल्थसका अनुसार यदि कृत्रिम रोकहरूद्वारा जनसङ्ख्या वृद्धिलाई नरोकेमा प्रकृतिले आफ्नो कठोर तरिकालाई अँगाल्छ। तसर्थ प्राकृतिक रोकहरूको कष्टबाट बच्नका लागि मानिसहरूले कृत्रिम रोकहरूलाई अपनाउनु अनिवार्य छ भन्ने तर्क उनले पेस गरेका छन्।

### ५.७.२ माल्थसको जनसङ्ख्या सिद्धान्तको आलोचना

आधुनिक अर्थशास्त्रीहरूले माल्थसको जनसङ्ख्या सिद्धान्तको निम्नानुसार आलोचना गरेका छन् :

(क) **निराधार गणितीय सूत्र** : माल्थसका अनुसार जनसङ्ख्या ज्यामितीय अनुपातमा र खाद्यान्न गणितीय अनुपातमा वृद्धि हुन्छ र नियन्त्रण नगरिएमा २५ वर्षमा कुनै पनि देशको जनसङ्ख्या दोब्बर हुन्छ। तर विश्वको इतिहासमा यी कुराहरूलाई सिद्ध गर्ने कुनै पनि उदाहरण नभएकाले यस सूत्रलाई हामी निराधार भन्न सक्छौँ।

(ख) **एकाकी विचार** : माल्थसको विचारमा कुनै पनि देशको जनसङ्ख्या त्यहाँको खाद्यान्न उत्पादनमा निर्भर गर्छ। वास्तवमा यो विचार एकाकी तथा दोषपूर्ण छ। सबै देशमा मानिसहरू कृषिमा मात्र निर्भर हुदैनन्। तिनीहरू आफ्नो जीवन निर्वाह कृषिबाहेक अन्य उद्योगधन्धाबाट पनि गर्छन्।

(ग) **निराशावादी सिद्धान्त** : माल्थसको जनसङ्ख्या सिद्धान्त निराशावादी छ किनकि यसले जनसङ्ख्यामा वृद्धि हुनु सबै अवस्थामा हानिकारक हुन्छ भन्ने मान्यता राख्छ। तर प्राध्यापक कैननका विचारमा बालक खाने मुखमात्र लिएर आउँदैन बरु काम गर्नका लागि दुई हात तथा उत्पादनका तरिकामा सुधार गर्नेबारे सोच्न आफ्नो मानसिक शक्ति पनि लिएर आउँछ।

(घ) **उत्पादन ह्रास नियममा आधारित** : माल्थसको सिद्धान्त कृषिमा सधैँ उत्पादन ह्रास नियम लागु हुन्छ भन्ने गलत मान्यतामा आधारित छ । तर कृषिमा वैज्ञानिक प्रगतिको परिणाम स्वरूप उन्नत बिउ, रासायनिक मल आादिको प्रयोगले उत्पादन वृद्धि नियम पनि लागु हुनसक्छ । यस प्रकार यो सिद्धान्त दोषपूर्ण छ ।

(ङ) **प्राकृतिक प्रकोप अति जनसङ्ख्याको सूचक होइन** : माल्थसका अनुसार प्राकृतिक प्रकोप अर्थात् भूकम्प जाँदा, बाढी आउँदा, अनिकाल पर्दा, हैजा, प्लेग जस्ता रोग फैलिँदा अति जनसङ्ख्या छ भन्ने बुझ्नुपर्छ । तर यी प्राकृतिक प्रकोपहरू थोरै जनसङ्ख्या हुँदा पनि आउन सक्छन् । अनिकाल र सङ्क्रामक रोगहरू उत्पादनको अकुशलता, वितरणको असमानता, स्वास्थ्य सेवाको कमीको परिणाम हो, बढी जनसङ्ख्याको कारण होइन ।

## ५.७.३ आदर्श जनसङ्ख्याको सिद्धान्त

आदर्श जनसङ्ख्याको सिद्धान्तलाई जनसङ्ख्याको आधुनिक सिद्धान्त पनि भनिन्छ । यस सिद्धान्तका प्रतिपादक अर्थशास्त्रीहरू क्यानन (Cannon), कार सन्डर्स (Carr Saunders), रबिन्स (Robbins), डाल्टन (Dalton) हुन् । माल्थसका अनुसार जनसङ्ख्यामा कुनै पनि प्रकारको वृद्धि राम्रो हुँदैन । तर यी अर्थशास्त्रीहरू माल्थसको विचारसँग पूर्णरूपमा सहमत छैनन् । यिनीहरूका अनुसार जनसङ्ख्या वृद्धि जहिले पनि हानिकारक हुँदैन । एउटा निश्चित अवस्थामा पुगिसकेपछि मात्रै जनसङ्ख्या वृद्धि हानिकारक हुन्छ । कुनै पनि देशमा कति जनसङ्ख्या उपयुक्त हुन्छ भन्ने कुरा उक्त देशमा रहेका प्राकृतिक साधन, प्राविधिक ज्ञान एवम् पुँजीमा निर्भर हुन्छ ।

आदर्श जनसडख्याको सिद्धान्तले जनसङ्ख्यालाई निम्नानुसार तिन प्रकारमा विभाजन गरेको छ :

(**क**) **आदर्श जनसङ्ख्या** : कुनै पनि देशको जनसङ्ख्याको त्यो मात्रा हो जसमा उक्त देशको प्रतिव्यक्ति आय अधिकतम हुन्छ । अर्को शब्दमा आदर्श जनसङ्ख्या भनेको जनसङ्ख्याको त्यो मात्रा हो जुन चाहिनेभन्दा न धेरै हुन्छ न कम हुन्छ बरु ठिक्क हुन्छ । देशको जनसङ्ख्या योभन्दा घटी बढी भयो भने देशको प्रति व्यक्ति आम्दानी कम हुन्छ । आदर्श जनसङ्ख्या देशमा रहेका साधन स्रोतमा निर्भर हुन्छ ।

(**ख**) **अल्प जनसङ्ख्या** : कुनै पनि देशको जनसङ्ख्या वद्धि हुदाँ प्रति व्यक्ति आम्दानी पनि वृद्धि हुन्छ भने त्यस जनसङ्ख्यालाई अल्प जनसङ्ख्या भनिन्छ । अर्को शब्दमा आदर्श जनसङ्ख्याभन्दा कम जनसङ्ख्यालाई अल्प जनसङ्ख्या भनिन्छ । यस अवस्थामा देशमा भएका प्राकृतिक साधनहरूको पूर्ण उपयोग भएको हुँदैन ।


(**ग**) **अधिक जनसङ्ख्या** : कुनै पनि देशको जनसङ्ख्या वृद्धि हुँदा प्रतिव्यक्ति आम्दानी कम हुन्छ भने त्यस जनसङ्ख्यालाई अधिक जनसङ्ख्या भनिन्छ । अर्को शब्दमा आदर्श जनसङ्ख्याभन्दा धेरै जनसङ्ख्यालाई अधिक जनसङ्ख्या भनिन्छ । यस अवस्थामा देशमा भएका प्राकृतिक साधनहरूको पूर्ण उपयोग भइसकेको हुन्छ ।

जनसङ्ख्या यी तिन अवस्थामध्ये पहिलो अवस्थालाई उपयुक्त मानिन्छ किनकि यस अवस्थामा प्रतिव्यक्ति आय अधिकतम हुन्छ । यसलाई तलको तालिका र चित्रबाट स्पष्ट पार्न गर्न सकिन्छ :

**आदर्श जनसङ्ख्या सम्बन्धी तालिका**

| **जनसङ्ख्या (लाखमा)** | **प्रतिव्यक्ति आय (रु.)** | **जनसङ्ख्या अवस्था** |
|---|---|---|
| ५० | १००० | |
| १०० | २००० | अल्प जनसङ्ख्या |
| १५० | ३००० | |
| २०० | ४००० | आदर्श जनसङ्ख्या |
| २५० | ३००० | |
| ३०० | २००० | अधिक जनसङ्ख्या |
| ३५० | १००० | |

माथिको तालिकामा कुनै देशको जनसङ्ख्या ५० लाखबाट बढ्दै १०० र १५० लाख हुँदा त्यस देशको प्रतिव्यक्ति आय पनि क्रमश : एक हजारबाट दुई हजार र दुई हजारबाट तिन हजार भएको छ । यसरी जनसङ्ख्या बढ्दा प्रतिव्यक्ति आय बढ्दै गएको अवस्था अल्प जनसङ्ख्याको अवस्था हो । जनसङ्ख्या २०० लाख वा दुई करोड हुँदा प्रतिव्यक्ति आय रु. चार हजार भएको छ जुन अधिकतम प्रतिव्यक्ति आय हो । यसर्थ यो आदर्श जनसङ्ख्याको अवस्था हो । यदि योभन्दा जनसङ्ख्या बढ्यो भने प्रतिव्यक्ति आय घट्न थाल्छ । जस्तै : तालिकामा जनसङ्ख्या २ करोड ५० लाख, ३ करोड र ३ करोड ५० लाख हुँदा प्रतिव्यक्ति आय घटेर क्रमशः रु. तिन हजार, दुई हजार र एक हजार हुन गएको छ । यो अवस्था अत्यधिक जनसङ्ख्याको अवस्था हो ।



यस चित्रअनुसार २ करोड जनसङ्ख्या आदर्श जनसङ्ख्या हो । यस अवस्थामा प्रतिव्यक्ति आय अधिकतम वा रु. ४ हजार छ । जनसङ्ख्या यसभन्दा कम वा धेरै हुँदा प्रतिव्यक्ति आय कम हुन्छ, जस्तै : १५० लाख जनसङ्ख्या हुँदा प्रतिव्यक्ति आय रु. ३ हजार छ । त्यस्तै, २५० लाख जनसङ्ख्या हुँदा पनि प्रतिव्यक्ति आय रु. ३ हजार छ । अतः चित्रमा बिन्दु B आर्दश जनसङ्ख्याको बिन्दु हो । बिन्दु A देखि B सम्मको अल्प जनसङ्ख्या र बिन्दु B देखि E सम्मको अधिक जनसङ्ख्याको अवस्था हो ।

आदर्श जनसङ्ख्याको आकार सधैँ स्थिर हुँदैन । स्रोत, साधन र प्रविधिको वृद्धि हुँदा आदर्श जनसङ्ख्याको आकार पनि वृद्धि हुन्छ भने स्रोत, साधन र प्रविधिमा कमी हुँदा यसको आकार पनि घट्छ । उत्पादन प्रविधि र आर्थिक साधनको विकासले आदर्श जनसङ्ख्याको मात्रा बढेर जान्छ किनकि बढी साधनको उपयोग गर्न बढी जनसङ्ख्या चाहिन्छ । यो सिद्धान्तले आर्थिक तत्त्वलाई मात्र मुख्य आधार बनाएको छ । आर्थिक दृष्टिकोणले कुनै पनि देशमा कम जनसङ्ख्या आदर्श जनसङ्ख्या हुन सक्छ तर राजनीतिक दृष्टिकोणले बढी जनसङ्ख्या हुनु उपयुक्त हुन सक्छ ।

## अभ्यास

१. **तलका प्रश्नको अति छोटो उत्तर दिनुहोस् :**

(क) उत्पादनका साधन भनेको के हो ?

(ख) उत्पादनका साधनहरूको नाम बताउनुहोस् ।

(ग) भूमि भनेको के हो ?

(घ) पुँजी भनेको के हो ?

(ङ) पुँजी निर्माण कुन कुन कुरामा भर पर्छ ?

(च) बचत गर्ने बानी भनेको के हो ?

(छ) उद्यम भनेको के हो ?

(ज) सङ्गठनका प्रकारहरू लेख्नुहोस् ।

(झ) संयुक्त पुँजी कम्पनीको मुख्य उद्देश्य के हो ?

(ञ) श्रम भनेको के हो ?

(ट) श्रम हुनका लागि के के कुरा आवश्यक पर्छ ?

(ठ) श्रम विभाजन भनेको के हो ?

(ड) श्रमलाई कति प्रकारमा विभाजन गर्न सकिन्छ ?

(ढ) जनसङ्ख्याको आधुनिक सिद्धान्तका व्याख्याकार को को हुन् ?

२. **तलका प्रश्नको सङ्क्षिप्त उत्तर दिनुहोस् :**

(क) भूमिका विषेशताहरूको सूची बनाउनुहोस् ।

(ख) भूमिलाई किन उत्पादनको निस्क्रिय साधन मानिएको हो ?

(ग) पुँजीका विषेशताहरूको सूची बनाउनुहोस् ।

(घ) कुन कुन कुराले गर्दा मानिसलाई बचत गर्न प्रोत्साहन गर्छ ?

(ङ) कस्तो प्रकारको व्यवसायलाई व्यक्तिगत उद्यम व्यवसाय भनिन्छ ?

(च) व्यक्तिगत उद्यम व्यवसायमा उद्यमीको भूमिका के हुन्छ ?

(छ) साझेदारी व्यवसाय भनेको के हो ?

(ज) साझेदारी व्यवसायका फाइदाहरू के के हुन् ?

(झ) सक्रिय र निस्क्रिय साझेदारीमा के फरक छ ?

(ञ) संयुक्त पुँजी कम्पनीका फाइदाहरूको सूची बनाउनुहोस् ।

(ट) संयुक्त पुँजी कम्पनी स्थापना गर्न किन कठिन मानिन्छ ?

(ठ) श्रमका विशेषताहरूको सूची बनाउनुहोस् ।

(ड) श्रमलाई किन उत्पादनको गतिशील साधन मानिन्छ ?

(ढ) श्रम विभाजनबाट उपभोक्तालाई कसरी फाइदा पुग्छ ?

(ण) कल्याण र सामाजिक सुरक्षाले श्रमिकको कार्यदक्षतामा कसरी वृद्धि गर्न सकिन्छ ?

(त) श्रमको गुणत्मक कार्यदक्षता भनेको के हो ?

(थ) थमस रबर्ट माल्थसले जनसङ्ख्या नियन्त्रणका लागि बताएका उपायहरू के के हुन् ?

(द) माल्थसले जनसङ्ख्या नियन्त्रणका लागि दिएका उपायमा प्राकृतिक निरोधलाई पीडादायक मानिन्छ, किन ?

(ध) आदर्श जनसङ्ख्या भनेको के हो ?

(न) जनसङ्ख्याको आधुनिक सिद्धान्तअनुसार आर्थिक विकासका लागि कुन अवस्था उपयुक्त हुन्छ ?

३. **तलका प्रश्नको लामो उत्तर दिनुहोस् :**

(क) भूमिका विशेषताहरूको वर्णन गर्नुहोस् ।

(ख) पुँजीका विशेषताहरूको व्याख्या गर्नुहोस् ।

(ग) पुँजी निर्माणका प्रक्रिया उल्लेख गर्नुहोस् ।

(घ) विकासका लागि पुँजीको महत्त्व किन छ ?

(ङ) साझेदार व्यवसाय र व्यक्तिगत उद्यम व्यवसायमा तपाईँलाई कुन मन पर्छ, किन ?

(च) संयुक्त पुँजी कम्पनीका फाइदाहरूको वर्णन गर्नुहोस् ।

(छ) संयुक्त पुँजी कम्पनीका बेफाइदाहरूको व्याख्या गर्नुहोस् ।

(ज) श्रमका विशेषताहरूको वर्णन गर्नुहोस् ।

(झ) श्रमको कार्यदक्षतालाई प्रभाव पार्ने तत्त्वहरूको व्याख्या गर्नुहोस ।

(ञ) श्रम विभाजनका फाइदा र बेफाइदाहरू छुट्याउनुहोस् ।

(ट) माल्थसको जनसङ्ख्या सिद्धान्तको व्याख्या गर्नुहोस् ।

(ठ) आदर्श जनसङ्ख्या सिद्धान्तको सचित्र वर्णन गर्नुहोस् ।

# एकाइ ६ : राष्ट्रिय आय

## ६.१ राष्ट्रिय आयको परिचय

अर्थतन्त्रका क्रियाकलाप मापन गर्ने समष्टिगत आर्थिक सूचकाङ्क नै राष्ट्रिय आय हो । राष्ट्रिय आयको अवधारणा सत्रौँ शताब्दीदेखि आरम्भ भए पनि सन् १९३० को दशकमा आएर मात्रै नोबेल पुरस्कार बिजेता सिमोन कुज्नेट (Simon Kuznets) ले पहिलो पटक राष्ट्रिय आयको गणना गर्ने प्रक्रियाको विकास गरेका हुन् ।

राष्ट्रिय आयको गणनाले समष्टिगत उत्पादन, आय र खर्च गणना गर्ने विज्ञानलाई जनाउँछ । यो कार्य मुख्यतः सरकारद्वारा कुनै निर्दिष्ट समयावधिमा देशको आर्थिक प्रगतिको उचित मूल्याङ्कन गर्नका लागि गरिन्छ । राष्ट्रिय आयको अध्ययनका आधारमा आर्थिक नीति बनाइन्छ । आर्थिक योजना निर्माण गरिन्छ । आर्थिक संरचनाको विश्लेषण गरिन्छ । मुद्रास्फीति र मुद्रा सङ्कुचनको अध्ययन गरिन्छ । अनुदान तथा सहयोगको वितरण गरिन्छ र जनताको जीवनस्तरको तुलनात्मक अध्ययन गरिन्छ । सरकार तथा यसका सम्बद्ध निकायलाई राष्ट्रिय आयको जानकारी आवश्यक हुन्छ । यसका अतिरिक्त राष्ट्रिय आयले विभिन्न देशहरूबिचको आर्थिक क्रियाकलापको तुलनात्मक अध्ययनलाई आधार प्रदान गर्छ ।

उत्पादन प्रक्रियामा एकातिर वस्तु तथा सेवा उत्पादन गरिन्छ भने अर्कोतिर यसबाट उत्पादनका साधन भूमि, श्रम, पुँजी र उद्यमीले क्रमशः लगान, ज्याला, ब्याज र नाफाको रूपमा आम्दानी प्राप्त गर्छन् । यो आम्दानीको केही भाग फेरि तिनै उत्पादित वस्तु तथा सेवाहरूको खरिदमा खर्च गरिन्छ भने बाँकी भाग बचत हुन जान्छ । उक्त बचतलाई फेरि लगानीका रूपमा उत्पादनमा लगाइन्छ । यसर्थ आधुनिक अर्थशास्त्रीहरूले राष्ट्रिय आयलाई उत्पादन, आय र खर्चको प्रवाहका रूपमा देखाएका छन् । अर्थतन्त्रमा उत्पादन, आय र खर्चको चक्रीय प्रवाह भइरहेको हुन्छ र समग्रमा राष्ट्रिय उत्पादन, राष्ट्रिय आय र राष्ट्रिय खर्च समान हुन जान्छ ।

अतः राष्ट्रिय आय भनेको कुनै निश्चित समयावधिभित्र कुनै देशको स्वामित्वमा रहेका सम्पूर्ण उत्पादनका साधनहरूले देशभित्र र बाहिर गरेको आम्दानीको जोड हो ।

## ६.२. राष्ट्रिय आयका विभिन्न अवधारणाहरू

आधुनिक युगमा राष्ट्रिय आय र यसका विभिन्न अवधारणाका आँकडाद्वारा नै कुनै पनि देशको आर्थिक विकासको अवस्थाको जानकारी हासिल गर्न सकिन्छ । यिनै आँकडाबाट एउटा देशको विगत र वर्तमानको आर्थिक अवस्था तुलना गर्न सकिन्छ । त्यस्तै विभिन्न देशहरूको आर्थिक अवस्था तुलना गर्न सकिन्छ । त्यसैले राष्ट्रिय आयका विभिन्न अवधारणाहरूअन्तर्गत कुल गार्हस्थ उत्पादन, कुल राष्ट्रिय उत्पादन, खुद राष्ट्रिय उत्पादन, राष्ट्रिय आय र प्रतिव्यक्ति आयका बारेमा तल चर्चा गरिएको छ :

### ६.२.१ कुल गार्हस्थ उत्पादन

कुनै देशको सीमा घेराभित्र समान्यतया एक वर्षको अवधिमा उत्पादन गरिएका अन्तिम/तयारी वस्तु तथा सेवाहरूको मौद्रिक मूल्यको जोडलाई कुल गार्हस्थ उत्पादन भनिन्छ । कुल ग्रार्हस्थ उत्पादन गणना गर्दा एक वर्षको अवधिमा देशभित्र उत्पादित हरेक  वस्तु तथा सेवाको कुल परिमाणलाई त्यसको सम्बन्धित मूल्यले गुणन गरिन्छ । त्यसपछि सबै वस्तु तथा सेवाको परिमाण र मूल्यको गुणनफल जोडिन्छ । यसलाई साङ्केतिक रूपमा निम्नानुसार व्यक्त गर्न सकिन्छ :

$GDP = P_1Q_1+P_2Q_2+ \ldots\ldots +P_nQ_n$

यहाँ,

P = वस्तु वा सेवाको बजार मूल्य

Q = वस्तु वा सेवाको परिमाण

GDP = कुल गार्हस्थ उत्पादन

कुल गार्हस्थ उत्पादनको गणना गर्दा निम्न लिखित कुरामा ध्यान पुऱ्याउनुपर्छ :

(क) कुल गार्हस्थ्य उत्पादनमा देशको सीमा घेराभित्र उत्पादित वस्तु तथा सेवा मात्र समावेश गरिन्छ ।

(ख) कुल गार्हस्थ उत्पादनमा निश्चित समयावधि खासगरी एक वर्षको अवधिभित्रमा उत्पादित वस्तु तथा सेवाहरू मात्र समावेश गरिन्छ । कुनै वर्षमा उत्पादन भई बिक्री हुन बाँकी रहेका वस्तुहरू भए तिनको मूल्य त्यसै वर्षको कुल गार्हस्थ्य उत्पादनमा समावेश गरिन्छ ।

(ग) कुल गार्हस्थ उत्पादनको गणना गर्दा अन्तिम/तयारी वस्तु तथा सेवाहरूलाई मात्र लिइन्छ अर्थात् अन्तिम/तयारी वस्तुको उत्पादनका लागि प्रयोग हुने मध्यस्थ वस्तुहरूलाई छुट्टै गणना गरिँदैन किनभने यस्ता वस्तुहरूको मूल्य अन्तिम/तयारी वस्तुको मूल्यमा समावेश भइसकेको हुन्छ ।

(घ) बजार मूल्य भएका अर्थात् बजारमा खरिद बिक्री हुने वस्तु तथा सेवाहरूको मौद्रिक मूल्यलाई मात्र कुल गार्हस्थ्य उत्पादनमा समावेश गरिन्छ ।

(ङ) देशभित्र कानुनी र पारदर्शी रूपमा उत्पादित वस्तु तथा सेवाहरूको मौद्रिक मूल्यलाई मात्र कुल गार्हस्थ्य उत्पादनमा समावेश गरिन्छ ।

(च) कुल गार्हस्थ उत्पादनको गणना गर्दा देशभित्र एक वर्षको अवधिमा उत्पादन भएका हरेक वस्तु/सेवाको कुल परिमाणाई त्यसको मूल्यले गुणा गरी प्राप्त परिणामहरू जोडिन्छ ।

### ६.२.२ कुल गार्हस्थ उत्पादन मापन गर्ने विधिहरू

सर्वप्रथम कुल गार्हस्थ उत्पादनको गणना गरिसकेपछि त्यसमा आवश्यक तथ्याङ्क समायोजन गरी राष्ट्रिय आयका अन्य विभिन्न अवधारणाहरू, जस्तै : कुल राष्ट्रिय उत्पादन, खुद राष्ट्रिय

उत्पादन, राष्ट्रिय आय, प्रतिव्यक्ति आय आदि गणना गर्न सहज हुन्छ । त्यसैले यहाँ कुल गार्हस्थ उत्पादन गणना/मापन गर्ने विधिका बारेमा चर्चा गरिएको छ । यी विधिलाई राष्ट्रिय आय गणना/मापन गर्ने विधि पनि भन्न सकिन्छ । यी विधिहरू तिन ओटा छन् । यी तिन विधिमध्ये जुनसुकै विधि प्रयोग गरे पनि प्राप्त परिणाम एउटै हुन्छ । तर कुन विधि प्रयोग गर्ने भन्ने कुरा विधि छनोटको उद्देश्य, उपलब्ध तथ्याङ्क र साधनस्रोत, देशको विकासको अवस्था आदिमा भर पर्छ । तल कुल गार्हस्थ उत्पादन गणना/मापन गर्ने तिन ओटा विधिहरू – उत्पादन विधि, आय विधि र खर्च विधिका बारेमा सङ्क्षिप्त चर्चा गरिएको छ :

(क) **उत्पादन विधि** : यस विधिअन्तर्गत उत्पादन पक्षबाट कुल गार्हस्थ उत्पादनको गणना गरिन्छ । यसका लागि अर्थतन्त्रलाई विभिन्न उत्पादन क्षेत्रहरूमा विभाजन गरिन्छ । एक वर्षभित्रमा यी विभिन्न क्षेत्रहरूबाट उत्पादन भएका सम्पूर्ण वस्तु तथा सेवाको खुद मूल्य जोडेर कुल गार्हस्थ उत्पादन (GDP) निकालिन्छ । कुनै निश्चित उद्योग वा क्षेत्रको उत्पादनको खुद मूल्य निकाल्नका लागि उक्त उद्योग वा क्षेत्रको उत्पादनको कुल मूल्यबाट त्यसले अन्य उद्योग वा क्षेत्रबाट खरिद गरेको उत्पादनको मूल्यलाई घटाइन्छ । कुनै निर्दिष्ट वर्षको उत्पादनका तथ्याङ्क उपलब्ध भएको अवस्थामा यो विधि प्रयोग गर्न सकिन्छ । यस विधिले कुल गार्हस्थ उत्पादन वा राष्ट्रिय आयमा अर्थतन्त्रका विभिन्न क्षेत्रहरूको योगदान तुलना गर्न सहयोग पुऱ्याउँछ ।

(ख) **आय विधि** : यो विधिअन्तर्गत कुल गार्हस्थ उत्पादनलाई वितरणका पक्षबाट मापन गरिन्छ । देशभित्र रहेका सन्पूर्ण उत्पादनका साधनहरू भूमि, पुँजी, श्रम, र उद्यमीले कुल गार्हस्थ उत्पादनमा योगदान पुऱ्याएबापत क्रमशः लगानी, ब्याज, ज्याला र नाफाका रूपमा आय प्राप्त गर्छन् । यी साधन आयलाई जोडेर उक्त जोडफलमा संस्थानहरूको अवितरित नाफा र नाफा कर, सामाजिक सुरक्षा योगदान, स्वरोजगारबाट प्राप्त आय र मूल्य ह्रास कोषका मानहरू जोड्दा कुल गार्हस्थ उत्पादनको मान प्राप्त हुन्छ ।

(ग) **खर्च विधि** : यस विधिद्वारा कुल गार्हस्थ उत्पादनको गणना गर्दा कुनै अर्थतन्त्रमा एक वर्षभित्रमा उत्पादित वस्तु तथा सेवामा गरिएको सम्पूर्ण खर्च वा व्ययलाई जोडिन्छ । एक वर्षको अवधिमा कुनै देशका सम्पूर्ण व्यक्तिहरूका साथसाथै सरकार र वैदेशिक क्षेत्रले उक्त देशमा उत्पादित उपभोग्य वस्तु र लगानी वस्तुमा गरेको सम्पूर्ण खर्चलाई जोडेर कुल गार्हस्थ उत्पादन वा खर्च निकाल्न सकिन्छ । तसर्थ खर्चविधिअनुसार कुल गार्हस्थ उत्पादन भनेको उपभोग खर्च (C), लगानी खर्च (I), सरकारी खर्च (G) र खुद निर्यात (Nx) को जोड हो ।

तसर्थ, $GDP = C + I + G + Nx$ लेख्न सकिन्छ ।

कुल गार्हस्थ उत्पादनको गणना गर्ने खर्च विधिअन्तर्गतका यी अङ्गहरूको चर्चा तल गरिएको छ :

१. **उपभोग खर्च** : चालु वर्षमा उत्पादन भएका टिकाउ योग्य तथा टिकाउ नहुने वस्तुहरू र सेवाहरूको उपभोगमा घरपरिवार क्षेत्रले गरेको खर्च हो ।

२. **लगानी खर्च** : व्यावसायिक क्षेत्रबाट भएका स्थिर लगानी, घर/आवास निर्माणमा लगानी र मौज्दात लगानी खर्चहरू यस शीर्षकअन्तर्गत पर्छन् ।

३. **सरकारी क्षेत्रले वस्तु तथा सेवाहरूमा गरेको खर्च** : चालु वर्षमा उत्पादन भएका वस्तु तथा सेवाहरूमा केन्द्रीय अथवा स्थानीय सरकारद्वारा गरिएका खर्चहरू यस शीर्षकअन्तर्गत राखिन्छ ।

४. **खुद निर्यात** : चालु वर्षमा देशभित्र उत्पादित खपत भएर बाँकी रहेका वस्तु तथा सेवाहरू विदेशमा निर्यात हुन्छन् । निर्यातको मानले वैदेशिक क्षेत्रले स्वदेशी वस्तु तथा सेवाहरूमा भएको खर्चलाई जनाउँछ। त्यस्तै विदेशमा उत्पादित वस्तु तथा सेवाहरू स्वदेशमा आयात हुन्छन् । आयातको मानले स्वदेशी आयबाट विदेशी वस्तु तथा सेवाहरूमा भएको खर्चलाई जनाउँछ । कुल निर्यातको मानबाट कुल आयातको मान घटाउँदा खुद निर्यातको मान प्राप्त हुन्छ । खुद निर्यातको मान धनात्मक वा शून्य वा ऋणात्मक हुन सक्छ ।

## ६.२.३ कुल राष्ट्रिय उत्पादन

कुल गार्हस्थ्य उत्पादनमा स्वदेशी उत्पादनका साधनले विदेशबाट प्राप्त गरेको कुल आम्दानी जोडेर त्यसबाट विदेशी उत्पादनका साधनलाई स्वदेशबाट गरिएको कुल भुक्तानी घटाउँदा कुल राष्ट्रिय उत्पादनको मान प्राप्त हुन्छ । अर्को शब्दमा कुल गार्हस्थ्य उत्पादनमा साधनको खुद वैदेशिक आय (NFIA) जोड्दा कुल राष्ट्रिय उत्पादन प्राप्त हुन्छ । यहाँ साधनको खुद वैदेशिक आय भनेको स्वदेशी उत्पादनका साधनले विदेशबाट प्राप्त गरेको कुल आम्दानीबाट विदेशी उत्पादनका साधनलाई स्वदेशबाट गरिएको कुल भुक्तानी घटाउँदा बाँकी हुने आम्दानी हो । कुल राष्ट्रिय उत्पादनलाई निम्नानुसार उल्लेख गर्न सकिन्छ :

कुल राष्ट्रिय उत्पादन (GNP) = कुल गार्हस्थ्य उत्पादन (GDP) + साधनहरूको खुद वैदेशिक आय (Net factor income from aboard/NFIA)

अर्थात्, GNP = GDP + NFIA

अर्को शब्दमा, कुनै देशको कुल राष्ट्रिय उत्पादनलाई उक्त देशको स्वामित्वमा रहेका सम्पूर्ण उत्पादनका साधनले एक वर्षभित्रमा देशभित्र वा बाहिर उत्पादन गरेका अन्तिम वस्तु तथा सेवाहरूको बजार/मौद्रिक मूल्यको जोडका रूपमा पनि व्यक्त गर्न सकिन्छ ।

## ६.२.४ खुद राष्ट्रिय उत्पादन

कुल राष्ट्रिय उत्पादन (GNP) बाट मूल्य ह्रास कोष (Depreciation Fund) घटाउँदा खुद राष्ट्रिय उत्पादन (NNP) प्राप्त हुन्छ । मूल्य ह्रासकोषलाई पुँजी उपभोग भत्ता पनि भनिन्छ । यसले एक वर्षको अवधिमा कुल राष्ट्रिय उत्पादनमा समावेश भएका वस्तु तथा सेवाहरूको उत्पादन प्रक्रियामा प्रयोग गरिएका सम्पूर्ण पुँजीगत वस्तुको ह्रासकट्टी रकमको जोडलाई जनाउँछ । खुद राष्ट्रिय उत्पादनलाई निम्नानुसार उल्लेख गर्न सकिन्छ :

खुद राष्ट्रिय उत्पादन = कुल राष्ट्रिय उत्पादन – मूल्य ह्रासकोष

खुद राष्ट्रिय उत्पादनलाई बजार मूल्यमा व्यक्त गरिएको राष्ट्रिय आय पनि भनिन्छ।

## ६.२.५ राष्ट्रिय आय

सामान्यतया राष्ट्रिय आयले बजार मूल्यमा गणना गरिएको राष्ट्रिय आयलाई नभएर साधन लागत/खर्चमा गणना गरिएको राष्ट्रिय आयलाई जनाउँछ। बजार मूल्यमा गणना गरिएको राष्ट्रिय आय भनेको खुद र ाष्ट्रिय उत्पादन हो। खुद राष्ट्रिय उत्पादनमा अप्रत्यक्ष कर जोडिएको हुन्छ भने अनुदान घटाइएको हुन्छ। त्यसैले साधन लागतमा राष्ट्रिय आय पत्ता लगाउन बजार मूल्यमा गणना गरिएको राष्ट्रिय आय अर्थात् खुद राष्ट्रिय उत्पादनबाट अप्रत्यक्ष कर घटाएर अनुदान जोड्नुपर्छ। अप्रत्यक्ष करबाट अनुदान घटाउँदा प्राप्त हने परिणामलाई खुद अप्रत्यक्ष कर भनिन्छ। त्यसैले बजार मूल्यमा गणना गरिएको राष्ट्रिय आय अर्थात् खुद राष्ट्रिय उत्पादनबाट खुद अप्रत्यक्ष कर रकम घटाएर साधन लागत/खर्चमा राष्ट्रिय आय प्राप्त गर्न सकिन्छ। अतः राष्ट्रिय आयलाई निम्नानुसार उल्लेख गर्न सकिन्छ :

राष्ट्रिय आय = खुद राष्ट्रिय उत्पादन – अप्रत्यक्ष कर – अनुदानहरू

अर्थात्, राष्ट्रिय आय = खुद राष्ट्रिय उत्पादन – अप्रत्यक्ष कर

अर्थात्, राष्ट्रिय आय = खुद राष्ट्रिय उत्पादन – खुद अप्रत्यक्ष करहरू

अर्थात्, राष्ट्रिय आय = बजार मूल्यमा गणना गरिएको राष्ट्रिय आय – खुद अप्रत्यक्ष कर

राष्ट्रिय आयलाई अर्को तरिकाबाट यसरी पनि व्यक्त गर्न सकिन्छ - कुनै देशका नागरिकको स्वामित्वमा रहेका उत्पादनका सम्पूर्ण साधनहरू (भूमि, पुँजी, श्रम, उद्यम आदि) ले निश्चित समयावधिमा देशभित्र वा बाहिर आर्जन गरेको आय (लगान, ब्याज, नाफा आदि) को जोड राष्ट्रिय आम्दानी हो। उत्पादनका साधनहरूमा भएको खर्च जोडेर गणना गरिने भएकाले यसलाई साधन लागतमा राष्ट्रिय आय भनिएको हो।

## ६.२.६ प्रतिव्यक्ति आय

कुनै देशको कुनै वर्षको राष्ट्रिय आयलाई सोही देशको सोही वर्षको कुल जनसङ्ख्याले भाग गर्दा आउने परिणामलाई त्यो देशको त्यो वर्षको प्रतिव्यक्ति आय भनिन्छ। यसलाई निम्नानुसार सूत्रात्मकरूपमा उल्लेख गर्न सकिन्छ :

$$\text{प्रतिव्यक्ति आय} = \frac{\text{राष्ट्रिय आय}}{\text{कुल जनसङ्ख्या}}$$

प्रतिव्यक्ति आयलाई आर्थिक विकासको सूचकका रूपमा लिने गरिन्छ। प्रतिव्यक्ति आय बढी भएका देशलाई विकसित देश र प्रतिव्यक्ति आय कम भएका देशलाई विकासोन्मुख देश भनिन्छ।

तल तालिकामा केही विकसित र विकासोन्मुख देशहरूको प्रतिव्यक्ति आय देखाइएको छ :

**विभिन्न देशको प्रतिव्यक्ति आय**

| क्र. स. | विकसित देश | प्रतिव्यक्ति आय (युएस डलरमा) | विकासोन्मुख देश | प्रतिव्यक्ति आय (युएस डलरमा) |
|---|---|---|---|---|
| १. | नर्वे | ९३,५३० | चीन | ७,९०० |
| २. | स्विट्जरल्यान्ड | ८४,५५० | श्रीलङ्का | ३,८०० |
| ३. | डेनमार्क | ६०,२७० | केन्या | ३,३९० |
| ४. | अस्ट्रेलिया | ६०,०५० | भारत | १,५९० |
| ५. | संयुक्त राज्य अमेरिका | ५५,९८० | घाना | १,४८० |
| ६. | सिङ्गापुर | ५२,०९० | पाकिस्तान | १,४४० |
| ७. | जर्मनी | ४५,७९० | बङ्गलादेश | १,१९० |
| ८. | संयुक्त अधिराज्य बेलायत | ४३,७०० | तान्जानिया | ९२० |
| ९. | फ्रान्स | ४०,७१० | नेपाल | ८६२ |
| १०. | जापान | ३८,८४० | बुरुन्डी | २६० |

स्रोत : विश्व विकास प्रतिवेदन, २०१७ र आर्थिक सर्वेक्षण २०१६/१७

## ६.३ राष्ट्रिय आय र यसका विभिन्न अवधारणा मापनका कठिनाइहरू

राष्ट्रिय आय र यसका विभिन्न अवधारणाहरूको सही मापन/गणनाका लागि विभिन्न कठिनाइहरू देखापर्छन् । यी कठिनाइहरूमध्ये कतिपय सैद्धान्तिक अवधारणासँग सम्बन्धित छन् भने कतिपय व्यावहारिक तथा तथ्याङ्कीय पक्षसँग सम्बन्धित छन् । विकसित मुलुकको दाँजोमा अल्पविकसित अथवा विकासोन्मुख मुलुकमा राष्ट्रिय आय अथवा यसका विभिन्न अवधारणाहरूको सही मापन/गणना झन् कठिन हुने देखिन्छ । यहाँ राष्ट्रिय आय र यसका विभिन्न अवधारणाहरूको सही मापन/गणनामा देखिने मुख्य समस्याहरूलाई अल्पविकसित अथवा विकासोन्मुख मुलुकमा केन्द्रित भई तल बुदाँगत रूपमा प्रस्तुत गरिएको छ ।

(**क**) **अमौद्रिक कारोबार** : देशमा उत्पादित सबै वस्तु तथा सेवाहरू मुद्राका माध्यमले खरिद बिक्री हुँदैनन् । विकासोन्मुख मुलुकका खासगरी ग्रामीण क्षेत्रमा हालसम्म पनि पूर्णरूपमा मौद्रिकरण नभइसकेकाले लेनदेनका कार्य वस्तु विनिमयद्वारा भएको पाइन्छ । त्यस्तै घर व्यवहार सञ्चालन गर्ने मानिसहरूको सेवालाई पनि मौद्रिक मूल्य प्रदान गरिएको हुँदैन । तर राष्ट्रिय आय र यसका विभिन्न अवधारणाहरूको मापनमा मौद्रिक कारोबार र मौद्रिक मूल्य भएका वस्तु तथा सेवालाई मात्र समावेश गरिन्छ । त्यसैले वस्तु विनिमयद्वारा हुने कारोबार र अमौद्रिक क्रियाकलापले गर्दा राष्ट्रिय आयको सही मापन/गणनामा कठिनाइ ल्याउँछ ।

(ख) **दोहोरो गणनाको समस्या** : राष्ट्रिय आय र यसका विभिन्न अवधारणाहरूको मापन/गणना गर्दा अन्तिम/तयारी वस्तुलाई मात्र समावेश गरिन्छ अर्थात् मध्यस्थ वस्तुलाई समावेश गरिँदैन किनभने मध्यस्थ वस्तुको मूल्य तयारी वस्तुमा समावेश भइसकेको हुन्छ । तयारी वस्तुको उत्पादनमा प्रयुक्त हुने वस्तुलाई मध्यस्थ वस्तु भनिन्छ । तर तयारी वस्तु र मध्यस्थ वस्तु छुट्याउने कार्य कठिन हुन्छ किनभने एउटै वस्तु त्यसको प्रयोगअनुरूप तयारी वस्तु वा मध्यस्थ वस्तु हुन सक्छ । उदारहणका लागि, उखुलाई लिन सकिन्छ । यदि उपभोक्ताले उखु खरिद गरेर उपभोग गर्छ भने यो तयारी वस्तु हुन्छ । यदि चिनी कारखानाले चिनी उत्पादनका लागि उखु प्रयोग गर्छ भने यस अवस्थामा उखु मध्यस्थ वस्तु हुन्छ । यदि किसानले उत्पादन गरेको उखु र चिनी कारखानाले उत्पादन गरेको चिनी दुवै वस्तुको पूरा मूल्य राष्ट्रिय उत्पादन वा आयको गणना गर्दा समावेश गरिएमा उखुको दोहोरो गणना हुन जान्छ किनभने मध्यस्थ वस्तु उखुको मूल्य तयारी वस्तु चिनीको मूल्यमा समावेश भइसकेको हुन्छ । त्यसैले राष्ट्रिय आय र यसका विभिन्न अवधारणाहरूको गणना गर्दा कतिपय वस्तु र सेवाको दोहोरो वा बहुगणना हुन जाने सम्भावना हन्छ । यस अवस्थामा राष्ट्रिय आयको मान वास्तविकताभन्दा बढी देखिन्छ ।

(ग) **गैरकानुनी र अपारदर्शी क्रियाकलाप** : गैरकानुनी र अपारदर्शी क्रियाकलापअन्तर्गत लागु औषधी, जुवातास, वेश्यावृत्ति, चोरी निकासी तथा पैठारी आदि पर्छन् । यस्ता क्रियाकलाप देशको कानुनअनुसार प्रतिबन्धित हुन्छन् । त्यसैले यस्ता क्रियाकलापअन्तर्गत उत्पादित वस्तु तथा सेवाहरू, तिनबाट प्राप्त आय र तिनमा हुने खर्चलाई राष्ट्रिय आय र यसका अन्य अवधारणामा समावेश गरिँदैन । फलस्वरूप राष्ट्रिय आयको मान वास्तविकताभन्दा कम देखिन्छ । तसर्थ गैरकानुनी र अपारदर्शी क्रियाकलापलाई राष्ट्रिय आय मापनको कठिनाइको रूपमा लिइन्छ ।

(घ) **अपर्याप्त र अविश्वासिला तथ्याङ्क** : राष्ट्रिय आय र यसका अन्य अवधारणाको गणनाका लागि विभिन्न क्षेत्रका उत्पादन, आय र खर्चसँग सम्बन्धित पर्याप्त र भरपर्दा तथ्याङ्कको आवश्यकता हुन्छ । तर विकासोन्मुख मुलुकमा यस्ता तथ्याङ्क उपलब्ध हुँदैनन् । उदाहरणका लागि, यस्ता मुलुकमा कृषि उत्पादनका लागत र साना तथा मझौला उद्योगका उत्पादनका लागत सम्बन्धी पर्याप्त र सही तथ्याङ्क पाउन कठिन हुन्छ ।

(ङ) **अशिक्षा र अज्ञानता** : विकासोन्मुख मुलुकमा कतिपय मानिसहरूले अशिक्षित भएका कारणले त कतिपय मानिसहरूले शिक्षित भएर पनि राष्ट्रिय आयको गणनाको महत्त्वलाई बेवास्ता गरेर आफ्नो उत्पादन, आय र खर्चको वार्षिक विवरण वा अभिलेख राखेका हुँदैनन् । त्यस्तै राष्ट्रिय आयका गणकहरूको ज्ञान र क्षमताले पनि राष्ट्रिय आयको गणनामा महत्त्वपूर्ण भूमिका खेल्छ । गणकहरूलाई देशभित्र र बाहिरका उत्पादन, आय र खर्चका कुन कुन शीर्षकलाई समावेश गर्ने वा नगर्ने, त्यस्तै कुन विधि प्रयोग गर्ने भन्ने विषयमा द्विविधा उत्पन्न हुन सक्छ ।

(च) **बारम्बार मूल्य स्तरमा हुने परिवर्तन** : राष्ट्रिय आय र यसका अन्य अवधारणाको गणनामा वस्तु तथा सेवाको मौद्रिक मूल्य समावेश गरिएको हुन्छ । सामान्यतया वस्तु तथा सेवाको मौद्रिक मूल्यले यिनको बजार मूल्यलाई सङ्केत गर्छ । बजार मूल्यमा बारम्बार परिवर्तन हुँदा वस्तु तथा सेवाको उत्पादनको भौतिक परिमाण यथावत् रहे पनि वस्तु तथा सेवाको उत्पादनको मौद्रिक मान फरक फरक देखिन जान्छ । त्यसैले राष्ट्रिय आय र यसका अन्य अवधारणाको गणनालाई वस्तु तथा सेवाको बजार मूल्यमा भएको परिवर्तनअनुरूप समायोजन गर्ने झन्झट व्यहोर्नुपर्छ । यसका लागि मूल्य सूचकाङ्क (Price Index Number) आवश्यक हुन्छ ।

(छ) **सानातिना उत्पादन, आम्दानी र खर्चहरू** : व्यक्तिगत रूपमा अति सानो एकाइ वा परिमाणमा हुने उत्पादन, आम्दानी र खर्चहरूलाई राष्ट्रिय आयको मापनमा समावेश गरिएको हुँदैन किनभने यिनको लेखा राखिएको हुँदैन । तर समग्र अर्थतन्त्रमा यस्ता परिमाण जोड्दा उल्लेख्य मान प्राप्त हुन्छ । परिणाम स्वरूप राष्ट्रिय आयको मान वास्तविकताभन्दा कम हुन्छ । त्यसैले सानातिना परिमाणमा हुने उत्पादन, आम्दानी र खर्चहरूलाई राष्ट्रिय आय मापनको कठिनाइका रूपमा लिइन्छ ।

(ज) **वस्तु तथा सेवाका रूपमा गरिने तलब र ज्यालाको भुक्तानी** : वस्तु तथा सेवाका रूपमा गरिने तलब र ज्यालाको भुक्तानीलाई राष्ट्रिय आयमा समावेश गरिएको हुँदैन तर तलब र ज्यालासँगसँगै थप सुविधाका रूपमा दिइने वस्तु तथा सेवाहरूलाई भने राष्ट्रिय आयमा समावेश गरिएको हुन्छ । यस्तो द्विविधाले राष्ट्रिय आयको मापनमा कठिनाइ निम्त्याउँछ ।

(झ) **अन्य कठिनाइहरू** : माथि उल्लिखित कठिनाइहरूका अतिरिक्त मूल्य ह्रास कोषको गणना, वातावरणीय क्षतिको गणना, पुनः प्रयोग वा पुनः बिक्रीका कारोबार, उत्पादनका साधन मालिकहरू आफैँले प्रयोग गरेका साधन मूल्यको गणना, सार्वजनिक सेवा, जस्तै : सामान्य प्रशासन, प्रहरी र सेनाको सेवाका मौद्रिक मूल्यको गणना, हस्तान्तरणीय आयको गणना, व्यवसायमा देखापर्ने आकस्मिक पुँजीगत लाभ र हानीको गणना जस्ता विषयलाई पनि राष्ट्रिय आय मापनका कठिनाइका रूपमा लिइन्छ ।

## अभ्यास

१. **निम्न लिखित प्रश्नहरूको अति छोटो उत्तर लेख्नुहोस् :**

(क) कुल गार्हस्थ्य उत्पादनको अर्थ लेख्नुहोस् ।

(ख) साधनहरूको खुद वैदेशिक आय भनेको के हो ?

(ग) कुल राष्ट्रिय उत्पादनको अर्थ लेख्नुहोस् ।

(घ) मूल्य ह्रासकोष भनेको के हो ?

(ङ) खुद राष्ट्रिय उत्पादन भनेको के हो ?

(च) प्रतिव्यक्ति आयको अर्थ लेख्नुहोस् ।

२. **निम्न लिखित प्रश्नहरूको छोटो उत्तर लेख्नुहोस् :**

(क) कुल गार्हस्थ्य उत्पादन र कुल राष्ट्रिय उत्पादनबिच फरक छुट्याउनुहोस् ।

(ख) कुल गार्हस्थ उत्पादन गणना/मापन गर्ने आय विधिका बारेमा प्रकाश पार्नुहोस् ।

(ग) बजार मूल्यमा राष्ट्रिय आय र साधन लागतमा राष्ट्रिय आयबिच फरक छुट्याउनुहोस् ।

(घ) प्रतिव्यक्ति आयको अर्थ लेख्नुहोस् ।

३. **निम्न लिखित प्रश्नको लामो उत्तर लेख्नुहोस् :**

(क) खर्च विधिद्वारा राष्ट्रिय आयको गणना/मापन कसरी गरिन्छ ? व्याख्या गर्नुहोस् ।

(ख) कुल गार्हस्थ उत्पादनबाट राष्ट्रिय आय कसरी निकालिन्छ ? उल्लेख गर्नुहोस् ।

(ग) कुल ग्रार्हस्थ्य उत्पादन र खुद राष्ट्रिय उत्पादनबिच फरक छुट्याउनुहोस् ।

(घ) राष्ट्रिय आय मापनका कठिनाइहरूको व्याख्या गर्नुहोस् ।

# एकाइ ७ : नेपालका आर्थिक स्रोत साधनहरू

नेपालको सर्वाङ्गीण विकासमा यहाँका आर्थिक स्रोत साधनको महत्त्वपूर्ण योगदान रहन्छ । यस्ता आर्थिक स्रोत साधनहरूमा वनजङ्गल, जलस्रोत, खनिज सम्पदा तथा मानव संसाधन पर्छन् ।

## ७.१. वनसम्पदा

### ७.१.१ परिचय

वन भन्नाले प्राकृतिक वनस्पति, रुख, बिरुवाहरूको समूह बुझिन्छ । यो प्रमुख एउटा प्राकृतिक सम्पदा हो । वनजङ्गलले कृषि र गैरकृषि क्षेत्रलाई आधार प्रदान गर्नुका साथै पानीको संरक्षणमा पनि अप्रत्यक्ष रूपमा योगदान पुऱ्याइरहेको हुन्छ । वि. सं. २०२० सालसम्म देशको कुल भूभागको ४५ प्रतिशत क्षेत्रमा वनसम्पदा रहेको देखिन्छ । तत्पश्चातका दशकमा आवास तथा पुनर्वासका लागि वन फडानी र वनको अतिक्रमण हुनु र वन संरक्षणमा समुचित ध्यान नपुग्नुले गर्दा बारौँ योजनाको अन्त्यसम्ममा ३९.६ प्रतिशतमा मात्र सीमित हुन पुगेको वनसम्पदा तेरौँ योजनाको अन्त्यसम्ममा वनले ढाकेको क्षेत्रफल ४४.५ प्रतिशत पुगेको अनुमान छ । वन संरक्षणका लागि वननीति, वैज्ञानिक वन व्यवस्थापन कार्यविधि, वन सुरक्षा योजना आदि जस्ता नीतिगत व्यवस्था लागु भएका छन् भने वृक्षारोपण कार्य हुँदै गएको र वनक्षेत्रमा भएको अतिक्रमण हटाइँदै गएको छ । वनजङ्गललाई विभिन्न किसिमले वर्गीकरण गरिएको पाइन्छ । नेपालको वनस्पति जगत्लाई यहाँको भूधरातल तथा वनजङ्गलको विविधताका आधारमा उष्णप्रदेशीय सदाबहार जङ्गल, समशीतोष्ण पतझर जङ्गल, समशीतोष्ण सदाबहार कोणधारी जङ्गल, लेकाली वनस्पति वा घाँसेमैदान र टुन्ड्रा वनस्पति गरी पाँच भागमा विभाजन गरिएको छ ।

### ७.१.२ वन सम्पदाको महत्त्व

नेपालको आर्थिक तथा समाजिक विकास र वातावरणीय दृष्टिकोणले वनसम्पदाको महत्त्व रहेको छ । वातावरणलाई स्वच्छ, सफा राख्न, निर्माण तथा दैनिक इन्धनको रूपमा काठ, दाउरा उपलब्ध गराउन र देशको राजस्वमा वृद्धि गर्नका लागि वनजङ्गलको ठुलो महत्त्व छ । वनसम्पदाको महत्त्वलाई निम्न बुँदामा उल्लेख गर्न सकिन्छ :

(**क**) **वन पैदावारको आपूर्ति** : वनजङ्गलबाट विभिन्न किसिमका दाउरा, काठ, जडीबुटी वन पैदावार प्राप्त गर्न सकिन्छ । देशमा हालसम्म परम्परागत ऊर्जाको नै बाहुल्य रहेको छ । परम्परागत ऊर्जाका स्रोतका रूपमा रहेको दाउराको आपूर्ति वनबाट नै हुन्छ । वन सम्पदाको अभावमा इन्धनको नियमित आपूर्ति हुन नसकी दैनिक जीवनमा नै असर पर्छ । देशका करिब ७० प्रतिशत जनताले इन्धनको आवश्यकता वनबाट नै प्राप्त गर्छन् । विभिन्न किसिमका औषधीहरूको निर्माणका लागि उपयोगी जडीबुटी पनि वनबाट प्राप्त हुने भएकाले यसको महत्त्व धेरै रहेको छ ।

(ख) **भूक्षयको रोकथाम** : वनजङ्गलले जमिनलाई भूक्षय हुनबाट रोक्छ । रुखका जराले माटोलाई समाएर राख्ने र पातहरूले वर्षाको पानीको सोभो प्रहार माटोमाथि पर्न नदिने हुनाले जमिनको सतहको मलिलो माटो बगेर जान पाउँदैन । यसबाट जमिनको सतहको माटोको संरक्षण हुन गई कृषि उत्पादनमा कमी हुन पाउँदैन । भूक्षयको रोकथामबाट बाढी र पहिरोको समस्या कम हुन जान्छ । यसबाट पानीको प्रवाह तथा हावाद्वारा हुने माटोको बगाइमा कमी हुन गई जग्गाको उर्वरा शक्ति कायम रहन जान्छ ।

(ग) **स्वच्छ वातावरण** : रुख बिरुवाले खाना बनाउने प्रयोजन वा प्रकाश संश्लेषण प्रक्रियामा वायुमण्डलमा रहेको कार्बनडाइअक्साइड ग्याँसको प्रयोग गर्छ । यसबाट मानिस र जनावरको श्वासप्रश्वास प्रक्रियाका लागि आवश्यक पर्ने प्राणवायु अर्थात् अक्सिजनको मात्रा उपलब्ध गराउन मद्दत पुग्छ । यसरी मानिस तथा जनावर एवम् बिरुवाहरूका बिचको अक्सिजन तथा कार्बनडाइअक्साइडको आदान प्रदानले वातावरण सन्तुलन स्वच्छ रहन मद्दत पुग्छ ।

(घ) **वातावरणीय सन्तुलन** : वातावरणमा हुनसक्ने सम्भावित प्राकृतिक प्रकोपहरूको न्यूनीकरण गर्न वनजङ्गलले सहयोग पुऱ्याउँछ । यसले अनावृष्टि, अतिवृष्टि, भूक्षय, बाढी पहिरो, मरुभूमिकरण आदिलाई नियन्त्रण गरी वातावरण सन्तुलन कायम गर्न मदत गर्छ ।

(ङ) **औद्योगिक कच्चा पदार्थको आपूर्ति** : विभिन्न उद्योगहरूका लागि आवश्यक पर्ने कच्चा पदार्थ वन जङ्गलबाट प्राप्त हुन्छ । वनमा श्रीखण्ड, चन्दन, खयर, हर्रो, दालचिनी जस्ता विभिन्न किसिमका काठहरू तथा जडीबुटीहरू पाइन्छन् । यी वस्तुहरू उद्योगका लागि कच्चा पदार्थका रूपमा प्रयोग हुन्छन् । फर्निचर उद्योग, सलाइ उद्योग, कागज उद्योग, हर्बल उद्योग आदि वनजङ्गलमा आधारित उद्योगका उदाहरणहरू हुन् । यस प्रकार वन जङ्गललाई औद्योगिक कच्चा पदार्थको आपूर्तिको स्रोतको रूपमा पनि लिन सकिन्छ ।

(च) **राजस्वको स्रोत** : वनजङ्गलबाट सरकारलाई आम्दानी पनि प्राप्त हुन्छ । सरकारले काठ, दाउरा लिलाम र बिक्री गरेर आयआर्जन गर्छ । आर्थिक वर्ष २०७२/०७३ मा वन क्षेत्रबाट कुल राजस्व सङ्कलन ७० करोड ८२ लाख ४० हजार रुपियाँ रहेको छ । यसमा काठ, दाउरा, जडीबुटी जस्ता वन पैदावारका अतिरिक्त संरक्षण क्षेत्र भ्रमण गर्ने पर्यटकबाट सङ्कलन हुने आम्दानी समावेश छ ।

## ७.१.३ वन विनाशका कारणहरू

नेपालमा विगतका केही दशक यता व्यापक मात्रामा वन विनाश भएको देखिन्छ । नेपालमा वन सम्पदा विनाश हुनुका कारणलाई निम्नअनुसार उल्लेख गर्न सकिन्छ :

(क) **अनियन्त्रित बसोवास** : नेपालको तराई क्षेत्रमा बसाइँसराइ गर्ने क्रममा व्यक्तिहरूले आवास तथा पुनर्वासका लागि अवैध तरिकाले वनक्षेत्रको अतिक्रमण गरी बसोवास गर्दै आइरहेका छन् । सरकारी स्तरबाट पनि पुनर्वास गराउने कार्यलाई वन क्षेत्रमा नै प्राथमिकता दिइने हुँदा निरन्तर वनविनाश हुँदै गएको छ ।

(ख) **वन पैदावारको तस्करी** : वनमा पाइने विभिन्न किसिमका काठहरू, जडीबुटी आदि अवैध तरिकाले कटान गरेर जम्मा गरी बिक्री वितरण गरिने भएकाले वन जङ्गल जथाभावी नासिन गएको छ । वन पैदावारको तस्करीलाई सरकारले नियन्त्रण गर्ने प्रयास गरेको भए तापनि देशभित्र र बाहिरसमेत दिन प्रतिदिन तस्करी बढिरहेको छ ।

(ग) **जनसङ्ख्या वृद्धि** : नेपालमा तीव्र गतिले जनसङ्ख्या वृद्धि हुँदै गएको छ । यसले गर्दा खेतीयोग्य जमिन र काठको आवश्यकता पनि बढ्दै गएको छ । खेतीयोग्य जमिनका लागि पनि वनको अनियन्त्रित फँडानी भएको छ । त्यस्तै घर गोठ बनाउनका लागि पनि काठको माग बढ्दो रूपमा रहेको छ । यो पनि वनजङ्गल नाश हुने एक प्रमुख कारण हो ।

(घ) **आगलागी** : जनचेतनाको कमी र लापरवाहीका कारण वनजङ्गलमा आकस्मिक रूपले आगलागी हुन गई ठुलो मात्रामा वनजङ्गलको व्यापक नाश हुने गर्छ । विशेषतः गर्मी याममा यस प्रकारको आगलागीले वनजङ्गलको नाश हुन्छ । यसबाहेक चरनका लागि नयाँ घाँस उमार्न पनि मानिसहरूले वनजङ्गलमा आगो लगाउने चलन छ । यसबाट पनि अत्यधिक मात्रामा वनजङ्गलको नाश भएको छ ।

(ङ) **उचित व्यवस्थापनको अभाव** : वन क्षेत्रमा हुने अनियमित बसोवास, वन पैदावारको तस्करी, आगलागी, इन्धनको वैकल्पिक स्रोत र विकास निर्माण कार्यहरूको उचित व्यवस्थापनको अभावले पनि वन विनाश हुँदै गएको छ ।

(च) **ऊर्जाको वैकल्पिक स्रोतको अभाव** : देशमा बढ्दो जनसङ्ख्यालाई आवश्यक पर्ने काठ, दाउरा आदिको सट्टामा प्रयोग गरिने वैकल्पिक स्रोतहरू, जस्तै : पर्याप्त बिजुली तथा कोइलाको अभावले गर्दा वन जङ्गल व्यापक मात्रामा नाश हुँदै गएको छ । दैनिक इन्धनको रूपमा विद्युत् गोबरग्याँस र मटितेल प्रयोग गर्ने र आआफ्नै खेतवारीका कान्लाहरूमा डालेघाँसको व्यवस्थित खेती गर्ने परिपाटी गरेमा वन विनाशको क्रम रोकिन सक्छ ।

(छ) **विकास निर्माणका कार्यहरू** : देश विकासको आधारशीला खडा गर्न निर्माण गरिने सडक, पुल, ठुलाठुला, भवनहरू, शिक्षण संस्था, स्वास्थ्य संस्था, विद्युत् गृह र प्रसारण लाइन तथा अन्य विकास निर्माण कार्यका लागि पनि वनक्षेत्रको लगातार उपयोग भएको छ । यसले गर्दा पनि वनक्षेत्रको विनाश हुँदै छ ।

(ज) **कच्चा पदार्थका रूपमा प्रयोग** : मझौला तथा घरेलु उद्योगलाई आवश्यक पर्ने कच्चा पदार्थहरू वन जङ्गलबाटै पाइने भएकाले यस्ता उद्योगहरू सञ्चालन गर्दा वनको विनाश भएको छ । उदाहरणका लागि, नेपाली कागज बनाउँदा प्रयोग हुने लोक्ता, सलाई उद्योगका लागि सिमलको काठ, कत्था उद्योगका लागि खयरको काठ र फर्निचर उद्योगका लागि विभिन्न काठहरू कच्चा पदार्थको रूपमा वनबाटै प्राप्त हुन्छन् ।

## ७.१.४ वन संरक्षण तथा संवर्धनका उपायहरू

नेपालको आर्थिक विकासमा वन सम्पदाको महत्त्वपूर्ण स्थान रहिआएको छ । तर केही दशक यता बढ्दो जनसङ्ख्या, बसाइँसराइ, वन पैदावरको तस्करी, पूर्वाधार निर्माण, प्रशासनिक कमजोरी,

जनचेतनाको अभाव आदि कारणले वनजङ्गल मासिँदै गएको छ । यसबाट देशका जनताहरूको दैनिक जीवनमा प्रतिकुल प्रभाव पर्नुका साथै वातावरणमा ह्रास हुँदै गइरहेको छ । त्यसैले समयमा वन सम्पदाको संरक्षण र संवर्धन गर्न नसकिएमा यसबाट दीर्घकालीन रूपमा नराम्रा परिणामहरू भोग्नुपर्ने निश्चित छ । हुन त वन सम्पदाको संरक्षण र संवर्धनमा सरकारी क्षेत्रबाट विभिन्न प्रयासहरू नभएका होइनन् तर पनि आशातित उपलब्धि प्राप्त हुन सकिरहेको छैन । नेपालमा वन सम्पदाको संरक्षण र संवर्धनका लागि निम्न लिखित उपायहरू अवलम्बन गर्न सकिन्छ :

(क) **वृक्षारोपण** : देशका विभिन्न भूभागको बनोट र हावापानी अनुकूल हुने गरी व्यापक रूपका सरकारले जनसहभागिता जुटाई नर्सरीहरू स्थापना गरी वृक्षरोपण कार्यक्रमहरू सञ्चालन गर्नुपर्छ । रोपिएका बिरुवाहरूको संरक्षण गर्ने व्यवस्था मिलाउनुपर्छ ।

(ख) **ऊर्जाको वैकल्पिक स्रोतको व्यवस्था** : देशको जनसङ्ख्याको ठुलो हिस्सा इन्धनका लागि वन क्षेत्रमा निर्भर छ । पर्याप्त मात्रामा जलविद्युत्, सौर्यशक्ति, डिजेल, मटितेल, कोइला उपलब्ध गराउन सके ऊर्जाका लागि वन क्षेत्रमा रहेको निर्भरता क्रमशः घट्दै गई वन विनासको क्रम रोकिँदै जान्छ ।

(ग) **जनचेतना अभिवृद्धि** : सरकारी र गैरसरकारी क्षेत्रबाट वन विनाशका परिणामहरू र तीव्र वन विनाशले गर्दा भावी पिँढीले भोग्नुपर्ने समयस्याहरूका बारेमा जनचेतना जगाउने खालका कार्यक्रमहरू सञ्चालन गर्नुपर्छ । कतिपय अवस्थामा अज्ञानताका कारणले पनि वन विनाश भइरहेको हुन्छ । त्यसैले वन सम्पदाको महत्त्वको बारेमा देशका नागरिकहरूलाई समयमै उचित ज्ञान दिन सकेमा यसबाट वन संरक्षण र संवर्धनमा सघाउ पुग्न जान्छ ।

(घ) **जनसङ्ख्या वृद्धि र बसाइँसराइ नियन्त्रण** : बढ्दो जनसङ्ख्या, बसाइँसराइ र अनियन्त्रित बसोवासले वन विनाशलाई तीव्रता दिइरहेको छ । जनसङ्ख्या वृद्धिलाई नियन्त्रण र बसाइँसराइलाई व्यवस्थित गर्न सकिएमा स्वाभाविक रूपमा वन विनाशको क्रम रोकिन्छ ।

(ङ) **वैकल्पिक रोजगारीका अवसरहरूको सिर्जना** : नेपालका कतिपय घर परिवारका सदस्यहरू जङ्गलबाट काठ दाउरा निकालेर बिक्री गरी त्यसबाट आफ्नो जीवोकोपार्जन गरिरहेका छन् । यसले गर्दा वनजङ्गल फँडानीमा तीव्रता आएको छ । वन संरक्षणका लागि वन क्षेत्रबाट जीविका चलाइरहेका मानिसहरूलाई अन्य वैकल्पिक क्षेत्रमा रोजगारीमा अवसर सिर्जना गरेर वनमाथिको निर्भरता घटाउँदै लैजाँदा वन विनाशको क्रम रोकिन्छ ।

(च) **निर्माण कार्यमा वन पैदावरको वैकल्पिक व्यवस्था** : वनमा आधारित निर्माण सामग्रीको बढ्दो मागले वन विनाश कार्यलाई तीव्रता दिएको छ । निजी तथा सरकारी भवन, पुल, सडक यातायात, विभिन्न उद्योग आदिका लागि आवश्यक सामग्री वनक्षेत्रबाटै प्राप्त हुन्छ । वनक्षेत्रमाथि रहेको यस्तो निर्भरता घटाउन यी सामग्रीको सट्टामा प्रयोग गरिने अन्य वैकल्पिक सामग्रीहरू, जस्तै : ढुङ्गा, सिमेन्ट, इँटा, काँच, फलाम, प्लास्टिक आदिको प्रयोगमा जोड दिनुपर्छ । यसो गर्न सकिएमा वन संरक्षणमा मदत पुग्छ ।

(छ) **तटबन्ध तथा बाढी नियन्त्रण** : नेपालमा नदी कटानको कारणबाट कतिपय ठाउँमा पहिरो जाने तथा नदी किनारमा रहेका बोटबिरुवा नाश हुँदै जाने अवस्था देखा परिरहेको छ ।

यसबाट वनक्षेत्रले ढाकेको भूमिमा कमी आउँछ । त्यसैले तटबन्ध अथवा बाढी नियन्त्रणबाट नदी कटान र केही हदसम्म बाढी पहिरो नियन्त्रण गर्न सकिन्छ । यसो गर्न सकिएमा वन क्षेत्रको संरक्षण र संवर्धनमा मदत मिल्छ ।

(ञ) **राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु आरक्षको स्थापनमा जोड** : राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु आरक्षहरूको स्थापनाले वनको संरक्षण तथा संवर्धनमा सहयोग हुने हुनाले यिनीहरूको सङ्ख्या र क्षेत्रमा वृद्धि गर्दै लैजान सकेमा यसबाट वन क्षेत्रको संरक्षण र संवर्धनमा मदत मिल्न जान्छ ।

(झ) **अन्य नीति तथा कार्यक्रमहरू** : सरकारद्वारा जनसहभागिताका आधारमा वन संरक्षण र संवर्धनमा प्रभावकारी हुने नीति तथा कार्यक्रमहरू बनाई तिनलाई लागु गरिनुपर्छ । सामुदायिक वन कार्यक्रम, राष्ट्रिय तथा कबुलियत वन कार्यक्रम, वंशाणु स्रोत तथा जैविक विविधता संरक्षण कार्यक्रमहरू प्रभावकारी र पारदर्शी रूपमा कार्यान्वयनमा ल्याइनुपर्छ । वन संरक्षण सम्बन्धी पर्याप्त कानुनहरूको निर्माण गरी तिनलाई लागु गरिनुपर्छ । यसका साथै वन प्रशासनलाई बढी सक्षम र प्रभावकारी बनाइनुपर्छ ।

## ७.२. खनिज सम्पदा

खनिज सम्पदा प्राकृतिक स्रोतमध्ये एउटा महत्त्वपूर्ण स्रोत हो । भौगर्भिक प्रक्रियाद्वारा प्राकृतिक रूपमा निर्मित खास आणविक संरचना भएका ठोस, तरल वा ग्याँस पदार्थलाई खनिज भनिन्छ । कम लागतमा उत्खनन गरी प्रयोगमा ल्याउन सकिने फलाम, तामा, कोइला, पेट्रोलियम पदार्थ, ग्याँस, चुनढुङ्गा, म्याग्नेसाइट, स्लेट आदिलाई खनिज स्रोत वा खनिज सम्पदा भनिन्छ । खनिजलाई मुख्य रूपमा धातुजन्य खनिज र अधातुजन्य खनिजमा वर्गीकरण गर्न सकिन्छ । धातुजन्य खनिजलाई पनि सामान्य धातु र बहुमूल्य धातु गरी दुई भागमा वर्गीकरण गर्न सकिन्छ । त्यसैगरी अधातुजन्य खनिजलाई औद्योगिक खनिज, श्रृङ्गारिक खनिज, इन्धन खनिज, निर्माणजन्य खनिज र रत्नपत्थर गरी पाँच भागमा वर्गीकरण गरिएको पाइन्छ । खनिज सम्पदाले देशमा उपलब्ध सम्पूर्ण खनिज पदार्थको रूप र मात्रालाई चित्रण गर्छ ।

आर्थिक वर्ष २०७३/०७४ मा यस क्षेत्रको कुल ग्राहर्स्थ्य उत्पादनमा ०.६३ प्रतिशत योगदान रहने अनुमान गरिएको छ । नेपालमा खनिजको उत्खननका लागि गरिएको प्रयासको इतिहास त्यति लामो छैन । खनिज पदार्थको उत्खननलाई प्रभावकारी बनाउनका लागि वि. स. २०२४ मा भौगर्भिक विभागको स्थापना गरिएको छ । यद्यपि, देशको भूगर्भमा रहेका खनिज पदार्थलाई उपयोग गर्न सकिएको छैन ।

### ७.२.१ नेपालमा खनिज सम्पदाको महत्त्व

देशको आर्थिक विकासका लागि कृषि, उद्योग, यातायात, सञ्चार आदि क्षेत्रको विकास आवश्यक हुन्छ । यी क्षेत्रको विकासका लागि खनिज सम्पदा आवश्यक हुन्छ । नेपालमा खनिज सम्पदाको महत्त्वलाई निम्नानुसार व्याख्या गर्न सकिन्छ :

(क) **खनिजजन्य उद्योगको स्थापना** : देशमा पर्याप्त मात्रामा खनिज साधनहरू उपलब्ध हुँदा खनिजमा आधारित विभिन्न उद्योगहरूको स्थापना र विकास हुन्छ । नेपालमा हाल सञ्चालनमा रहेका सिमेन्ट उद्योग, चुन उद्योग, मार्बल उद्योग, कोइला उद्योग, खरीढुङ्गा उद्योग, म्याग्नेसाइट उद्योग आदि खनिजमा आधारित अथवा खनिजजन्य उद्योगका उदाहरण हुन् । यी उद्योगहरूको स्थापना र विकासले देशको समग्र अर्थतन्त्रमा सकारात्मक प्रभाव पार्छ ।

(ख) **अन्य उद्योगहरूको स्थापना** : खनिजजन्य उद्योगका अतिरिक्त अन्य उद्योगहरूको स्थापना र विकासका लागि पनि खनिज सम्पदाको महत्त्व हुन्छ । यी उद्योग स्थापनाका लागि चाहिने मेसिन तथा औजारहरू बनाउन चाहिने कतिपय कच्चापदार्थहरू धातुजन्य र अधातुजन्य खनिजबाट नै उपलब्ध हुन्छन् । साथै उद्योगहरू सञ्चालन गर्न चाहिने पेट्रोल, डिजेल, ग्याँस, कोइला आदि जस्ता इन्धन पनि खनिज सम्पदा हुन् । यसर्थ औद्योगिक विकासको आधार खनिज सम्पदा हो भन्न सकिन्छ ।

(ग) **कृषि क्षेत्रको विकास** : नेपालको कृषि क्षेत्रको विकासका लागि यसको आधुनिकीकरण आवश्यक छ । कृषि क्षेत्रको आधुनिकीकरणका लागि चाहिने औजारहरू, जस्तै : ट्र्याक्टर, थ्रेसर, पम्पसेट आदि बनाउन धातुजन्य कच्चा पदार्थ र यिनलाई चलाउन चाहिने इन्धनका लागि खनिज साधन प्रयोग हुन्छ । त्यस्तै कृषिका लागि आवश्यक हलो, कुटो, कोदालो बनाउन प्रयोग हुने फलाम र रासायनिक मल बनाउन प्रयोग हुने पाइराइट (pyrite) पनि खनिज पदार्थ नै हुन् ।

(घ) **पूर्वाधारको विकास** : देशमा यातायात, सञ्चार र विद्युत् जस्ता विकासका पूर्वाधारको विकासका लागि खनिज साधन आवश्यक हुन्छ । यातयातका साधनहरू, जस्तै : बस, ट्रक, रेल, हवाईजहाज निर्माणका लागि विभिन्न किसिमका धातुजन्य खनिजको आवश्यकता पर्छ । यातयातका साधनहरू चलाउनका लागि चाहिने इन्धन पनि खनिज साधनअन्तर्गत पर्छ । सञ्चारका लागि चाहिने कतिपय साधन र उपकरणहरू पनि खनिज पदार्थबाट नै बन्दछन् । विद्युत् उत्पादन गर्न प्रयोग हुने ठुला ठुला मेसिनहरू बनाउन र विद्युत् प्रसारण गर्न चाहिने तार बनाउन पनि धातु जन्य खनिजको प्रयोग हुन्छ । तसर्थ यातायात, सञ्चार र विद्युत्को विकासका लागि खनिज सम्पदाको ठुलो महत्त्व छ ।

(ङ) **रोजगारीका अवसरहरूको सिर्जना** : पृथ्वीको गर्भमा रहेका खनिज सम्पदाको अन्वेषण र उत्खननदेखि प्रशोधन र बिक्री वितरणसम्ममा हजारौँ मानिसहरूले प्रत्यक्ष रोजगारीको अवसर प्राप्त गर्छन् । यसका अतिरिक्त खनिज सम्पदाको विकासले कृषिको विकास, खनिजजन्य र अन्य उद्योगधन्दाको विकासका साथसाथै पूर्वाधारको विकास हुनगई अप्रत्यक्ष रूपमा रोजगारीका थप अवसरहरूमा वृद्धि हुन जान्छ ।

(च) **वैदेशिक निर्भरतामा कमी** : नेपालमा प्रयोग गरिने धेरैजसो वस्तुहरू विदेशबाट आयात गरिन्छ । यदि यहाँ खनिज सम्पदाको पर्याप्त विकास गर्न सकिएमा विदेशबाट आयात गरिने धेरै वस्तुहरू, जस्तै : फलाम, पेट्रोलियम पदार्थ, सिमेन्ट, आदि देशमै उपलब्ध हुन जान्छन् र

यस्ता वस्तुका लागि अन्य देशमा भर पर्नु पर्दैन । यसबाट नेपालको वैदेशिक निर्भरता कम हुन जान्छ ।

(छ) **सरकारी राजस्वमा वृद्धि** : सरकारले एकातिर खानीहरूको उत्खननबाट प्रत्यक्ष रूपमा रोयल्टी प्राप्त गर्छ । अर्कोतिर देशमा उपलब्ध खनिज सम्पदाको उत्खनन तथा विकासबाट खनिजजन्य र अन्य उद्योगधन्दा, व्यापार, कृषि, यातायात, सञ्चार आदि क्षेत्रको विकास र बिस्तार तथा देशमा रोजगारीको स्तरमा वृद्धि हुन जान्छ । फलस्वरूप सरकारले प्राप्त गर्ने प्रत्यक्ष र अप्रत्यक्ष कर राजस्वमा व्यापक वृद्धि हुन्छ ।

(ज) **विदेशी मुद्रा आर्जनको स्रोत** : नेपालमा खनिज सम्पदाको विकास गरी देशभित्र आवश्यक खनिजजन्य वस्तुको आवश्यकता पूरा गर्न सकिन्छ । देशभित्र खपत भई बाँकी रहेका खनिजजन्य वस्तुको निर्यात गरेर विदेशी मुद्रा आर्जन गर्न सकिन्छ । खाडी मुलुकहरूले पेट्रोलियम पदार्थको निर्यात गरेर बर्सेनि ठुलो मात्रामा विदेशी मुद्रा आर्जन गरिरहेको कुराबाट नेपालले शिक्षा लिन सक्छ ।

## ७.२.२ नेपालमा खनिज सम्पदाको सम्भावना र वर्तमान अवस्था

नेपाल पहाडै पहाडले भरिएको देश हो । त्यसैले यहाँ विभिन्न किसिमका खनिज सम्पदाहरू रहेको अनुमान छ । नेपालमा खनिज सम्पदा सम्बन्धी अध्ययन, अनुसन्धान तथा सर्वेक्षण गर्ने कार्य खानी तथा भूगर्भ विभागले गर्छ । हालसम्मको अध्ययनका आधारमा नेपालमा खनिज सम्पदाको सम्भावना र वर्तमान अवस्था निम्नानुसार उल्लेख गर्न सकिन्छ :

(**क**) **फलाम** : फलामलाई निर्माण कार्यका लागि महत्त्वपूर्ण आधारभूत साधनका रूपमा लिइन्छ । नेपालको फुलचोकी डाँडामा सबभन्दा ठुला फलाम खानी भएको अनुमान गरिएको छ । यस क्षेत्रमा करिब १० मिलियन टन फलाम भएको कुरा खानी तथा भूगर्भ विभागले पत्ता लगाएको छ । यसैगरी नारायणगढको करिब १२ माइल उत्तरतर्फ पर्ने लब्धी खोलामा करिब १० मिलियन टन, रामेछापको ठोसेमा ८.४ मिलियन टन फलाम भएको अनुमान गरिएको छ । यसका अतिरिक्त प्युठान, बझाङ, सुर्खेत, पर्सा, कुलेखानीलगायत देशका अन्य केही भागहरूमा पनि फलाम खानी भएको अनुमान गरिएको छ । यद्यपि नेपालमा कुनै पनि ठाउँबाट फलाम निकाली व्यावसायिक रूपमा प्रयोग गर्न सकिएको छैन ।

(**ख**) **तामा** : नेपालका विभिन्न ठाउँहरूमा तामा खानी भएको अनुमान गरिएको छ । बन्दीपुरको भूतखोला, रुकुम, धनकुटा, खोटाङ, सगरमाथाको नाङ्लेभोर्ले, मकवानपुरको अरखौले, बाग्लुङको बाइसखानी आदि ठाउँमा पनि तामा भएको अनुमान गरिएको छ । तर नेपालमा व्यावसायिक दृष्टिकोणबाट कुनै पनि खानीबाट तामा उत्पादन गरिएको छैन ।

(**ग**) **अभ्रख** : अभ्रख पनि एउटा खनिज पदार्थ हो । यो विशेषगरी विद्युत् सम्बन्धी कार्यमा प्रयोग गरिन्छ । विशेषगरी बिजुलीको इन्सुलेटर बनाउन, टेलिग्राफी तथा विभिन्न सजावटका सामानहरूका निर्माणमा यसको प्रयोग हुने गर्छ । नेपालका विभिन्न ठाउँहरू, जस्तै : धनकुटा,

भोजपुर, चैनपुर, सिन्धुली बझाङ, डोटी, गोसाइकुण्ड, सुन्दरीजल तथा अछामका विभिन्न भागहरूमा यसको खानी भएको अनुमान गरिएको छ । तर व्यावसायिक रूपमा यसको प्रयोग भने सुरु गरिएको छैन ।

(घ) **कोइला** : इन्धनका विभिन्न साधनहरूमध्ये कोइला पनि एक हो । यसलाई विद्युत्पछिको महत्त्वपूर्ण इन्धनको साधनका रूपमा लिइन्छ । यसको प्रयोग रेल चलाउन, इँटा टायल तथा विभिन्न कारखाना सञ्चालन गर्न, खाना पकाउन तथा आगो ताप्न आदिका लागि गर्न सकिन्छ । नेपालका विभिन्न भागहरू, जस्तै : काठमाडौं उपत्यका, दाङ, सल्यान, थाकखोला, कैलाली, कञ्चनपुर, बाग्लुङ, चितवन तथा सुनसरी जिल्लाको बराह क्षेत्रलगायत अन्य विभिन्न ठाउँहरूमा यसको खानी भएको अनुमान गरिएको छ ।

(ङ) **चुनढुङ्गा** : चुनढुङ्गा विशेषगरी सिमेन्ट उत्पादनका लागि प्रयोग गरिन्छ । चुनढुङ्गाको प्रयोग गरी नेपालका विभिन्न ठाउँहरूमा स्थापना गरिएका उद्योगहरू, जस्तै : हेटौँडा सिमेन्ट उद्योग, उदयपुर सिमेन्ट उद्योग, मारुती सिमेन्ट उद्योग, अर्घाखाँची सिमेन्ट उद्योग आदिबाट उत्पादित सिमेन्टले विदेशबाट आयात हुने सिमेन्टमा ठुलो मात्रामा कमी ल्याएका छन् ।

(च) **स्लेट ढुङ्गा** : स्लेट ढुङ्गा पत्रेदार चट्टान भएका ढुङ्गाका खानीहरूबाट निकालिन्छ । त्यसैले यो पहाडी क्षेत्रमा पाइन्छ । नेपालको बन्दिपुर भन्ने ठाउँको स्लेट ढुङ्गाका लागि प्रसिद्ध छ । यहाँको स्लेट ढुङ्गा व्यावसायिक दृष्टिकोणबाट बढी उपयुक्त मानिन्छ । यसको खानी बन्दिपुरका अतिरिक्त दोलखा, बाग्लुङ, त्रिशुली आदि क्षेत्रहरूमा पाइएको छ । यो एउटा महत्त्वपूर्ण खनिज सम्पदा हो । नेपालमा यसलाई विशेषगरी घरको छाना छाउने, बाटोमा छाप्ने आदि कार्यमा प्रयोग गरिन्छ ।

(छ) **पेट्रोलियम तथा प्राकृतिक ग्याँस** : पेट्रोलियम तथा प्राकृतिक ग्याँस अति महत्त्वपूर्ण खनिज सम्पदा हो । नेपालले बर्सेनि करोडौँ रुपियाँ पेट्रोलियम तथा ग्याँसको आयातमा खर्च गर्छ । नेपालका धेरैजसो ठाउँहरूमा यस्ता खनिज सम्पदाहरू प्राप्त भए तापनि व्यावसायिक दृष्टिबाट यसको कुनै पनि ठाउँमा उत्खनन् गरिएको छैन । नेपालको काठमाडौँ उपत्यका, मुस्ताङको मुक्तिनाथ, दैलेखको पादुका र दाङ जिल्लाका केही स्थानहरूमा पनि यस्ता खनिज सम्पदाहरूका भण्डार रहेको अनुमान गरिएको छ ।

(ज) **सुन** : सुन अत्यन्तै महँगा धातुमध्ये एक हो । नेपालमा प्रशस्त मात्रामा सुन खानी भएको पर्याप्त आधारहरू फेला पार्न सकिएको छैन । यद्यपि देशका केही नदीहरू, जस्तै : बुढीगण्डकी, कालीगण्डकी तथा सुनकोशी नदीको बालुवामा केही सुनका कणहरू पाइएकाले नेपालका यी ठाउँहरूमा सुन खानी हुन सक्ने अनुमान गरिएको छ । खानी तथा भूगर्भ विभागले गरेको एक अध्ययनका आधारमा बाग्लुङ, मुस्ताङ तथा चौरीखोलामा पनि सुन भएको अनुमान गरिएको छ ।

(झ) **म्याग्नेसाइट** : नेपालका विभिन्न भागहरूमा ठुलो मात्रामा म्याग्नेसाइट पाइन्छ । यो विशेषगरी दोलखा जिल्लाको खरी ढुङ्गा भन्ने ठाउँमा यसको ठुलो खानी पत्ता लागेको

छ । यस खानीबाट केही मात्रामा म्याग्नेसाइट उत्खनन गरेर भारततर्फ पनि निकासी गरिएको छ। सुनकोशी तथा सप्तकोशीका केही क्षेत्रहरूमा पनि म्याग्नेसाइट पाइएको छ।

(ञ) **निकेल** : निकेल विशेषगरी इस्पात बनाउन तथा अन्य विभिन्न धातुहरूमा प्रयोग गरिन्छ। गुल्मीको तम्घास नाम्फा, भोर्ले तथा धनकुटाको खोकलिनु भन्ने ठाउँहरूमा यसको खानी भएको अनुमान गरिएको छ । अन्य धातुलाई चम्काउने कार्यमा यसको प्रयोग गरिने भएकाले यो पनि अत्यन्तै महँगो धातुअन्तर्गत पर्छ । तर नेपालमा यस धातुका बारेमा पनि विस्तृत अध्ययन गरिएको छैन।

## ७.३. जलस्रोत

जलस्रोत नेपालको महत्त्वपूर्ण प्राकृतिक सम्पदा हो। यो प्राणी जीवनका लागि अपरिहार्य छ। नेपाल समुद्री सुविधाबाट वञ्चित भए पनि जलसम्पदाका दृष्टिले ब्राजिलपछि विश्वको दोस्रो सबैभन्दा समृद्ध र एसियाको पहिलो राष्ट्र मानिन्छ। यहाँ जलस्रोतअन्तर्गत जलस्रोतको महत्त्व, सम्भाव्यता र वर्तमान अवस्थाका बारेमा चर्चा गरिएको छ।

### ७.३.१ जलस्रोतको महत्त्व

जलस्रोतको उपयोगले देशको सर्वाङ्गीण विकासमा महत्त्वपूर्ण योगदान पुऱ्याउन सक्छ। जलस्रोतको महत्त्वलाई निम्न बुँदाहरूमा उल्लेख गर्न सकिन्छ :

(क) **दैनिक जीवनका लागि पानीको आपूर्ति गर्न** : मानव जीवनका लागि सबैभन्दा महत्त्वपूर्ण वस्तु पानी हो । मानिसको दैनिक जीवनमा पिउन, सरसफाइ गर्न, गाईवस्तुलाई ख्वाउन र अन्य कार्यका लागि पानीको प्रयोग हुन्छ । जनावर र वनस्पतिको जीवनका लागि पानी अपरिहार्य हुन्छ । यसरी दैनिक जीवनका लागि आवश्यक पानीको आपूर्ति गर्नका लागि जलस्रोतको महत्त्वपूर्ण भूमिका रहेको छ।

(ख) **औद्योगिक विकास गर्न** : देशको औद्योगिक विकास गर्नका लागि पनि जलसम्पदाको ठुलो महत्त्व छ । उद्योग धन्दाहरू सञ्चालन गर्न प्रशस्त मात्रामा इन्धन र पानीको आवश्यकता पर्छ । औद्योगिक विकासका लागि आवश्यक इन्धनको रूपमा जलविद्युत्‌लाई प्रयोग गर्न सकिन्छ। जलविद्युत्‌को उत्पादन जलस्रोतको समुचित उयोगबाट मात्र सम्भव छ।

(ग) **सिँचाइ गर्न** : नेपाल जस्तो कृषि प्रधान देशमा कृषकहरूलाई सिँचाइ गर्नका लागि पानीको आवश्यकता हुन्छ। हिउँदमा खेती गर्नका लागि आवश्यक सिँचाइको सुविधाका लागि नदी तथा खोलाहरूमा बाँध बाधी नहर कुलो बनाइन्छ । यसरी सिँचाइका लागि जलस्रोतको उचित उपयोग गरेर खाद्यान्न तथा नगदेवाली दुवैको उत्पादनमा वृद्धि गर्न सकिन्छ। यसबाट खाद्यान्न आपूर्तिमा वृद्धि हुन जान्छ।

(घ) **माछापालन कार्य गर्न** : जलस्रोतमा सम्पन्न देशमा माछापालन व्यवसाय सञ्चालन गर्न सकिन्छ । मानव स्वास्थ्यका लागि आवश्यक पर्ने माछा उत्पादन कार्य जलस्रोत भएको

देशमा मात्र सम्भव छ । नेपालका ठुला तथा सानासाना खोला, नदी तथा ताल तलाउहरूमा प्रशस्त मात्रामा माछापालन व्यवसाय गरी यसको उत्पादनमा वृद्धि ल्याउन सकिन्छ ।

(ङ) **वन सम्पदाको संरक्षण गर्न** : जलस्रोतले वन संरक्षण कार्यमा पनि मदत पुऱ्याएको छ । देशमा सबैभन्दा बढी इन्धनका लागि भर पर्ने स्रोतका रूपमा वनपैदावर नै रहेको छ । जलस्रोतको उचित उपयोगबाट जलविद्युत् निकाली दाउराको सट्टा विद्युत्को प्रयोग बढाई दाउरामाथिको निर्भरता कम गर्न सकिन्छ । यसबाट इन्धनको रूपमा दाउराको प्रयोग घट्न गई वनसंरक्षण हुन जान्छ ।

(च) **विद्युत्को निर्यात गरी विदेशी मुद्रा आर्जन गर्न** : नेपालका नदीनाला तथा खोलाहरूमा जलविद्युत् उत्पादन गर्ने क्षमता बढी छ । यहाँका अरुण, कर्णाली, पञ्चेश्वर, कालीगण्डकी आदि जस्ता ठुलाठुला नदीहरूबाट प्रशस्त मात्रामा विद्युत् उत्पादन गर्न सकिन्छ । जलस्रोतको समुचित उपयोग गरी प्रशस्त जलविद्युत् उत्पादन गर्न सकेको खण्डमा देशमा खपत भएको भन्दा बढी विद्युत् निर्यात गर्न सकिन्छ । यसबाट विदेशी मुद्रा आर्जनमा वृद्धि हुन गई देश विकासमा ठुलो मदत पुग्न जान्छ ।

(छ) **यातायात क्षेत्रको विकास गर्न** : हाम्रो देशमा उत्तरबाट दक्षिणतर्फ बगिरहेका ठुलाठुला नदीहरूमा जल यातायातको विकास गर्न सकिन्छ । जल यातायातलाई सबैभन्दा सस्तो साधन मानिन्छ । यसबाट मालसामान तथा यात्रुहरूको ओसारपसार र आवतजावत गर्न सुलभ र सस्तो हुन सक्छ । जलस्रोतबाट जलविद्युत् उत्पादन गरी त्यसलाई यातायात क्षेत्रको विकासमा उपयोग गर्न सकिन्छ ।

## ७.३.२ नेपालमा जलस्रोतको सम्भाव्यता र वर्तमान अवस्था

विश्वमा जलस्रोतमा दोस्रो धनी देश नेपाल हो । नेपालमा साना ठुला गरी ६,००० भन्दा बढी नदीनालाहरू, सयौँ तालतलैयाहरू र धेरै झरनाहरू रहेका छन् । कोसी, गण्डकी, कर्णाली, महाकाली जस्ता बारै महिना अविरल बगिरहने यहाँका प्रमुख नदीहरू हुन् ।

उत्तरी उच्च भूमिबाट दक्षिण तराईको समथर भूभागतर्फ बग्ने नदीनाला रहेकाले यहाँको जलस्रोतलाई विद्युत् उत्पादन गर्न, सिँचाइका लागि प्रयोग गर्न, पिउने पानीको रूपमा उपयोग गर्न, यातायात सञ्चालन गर्न तथा मत्स्यपालन गर्न लगायतका अन्य विभिन्न उद्देश्य पूरा गर्नका लागि उपयोगमा ल्याउन सकिन्छ । नेपालमा जलस्रोतको सम्भावना र वर्तमान अवस्था निम्नानुसार उल्लेख गर्न सकिन्छ :

(क) **जलविद्युत्** : नेपालमा जलविद्युत् विकासको प्रशस्त सम्भावना छ । एकातिर यहाँ अपार जलस्रोत हुनु र अर्कोतिर यहाँका नदीनालाहरू उत्तरतर्फका अग्ला अग्ला हिमाल, पहाड हुँदै दक्षिणतिरको होचो समतल भूभागतर्फ बग्ने हुँदा नदीनालाहरूको उचाइ भिन्नता बढी छ । त्यसैले यी नदीनालाबाट प्रशस्त मात्रामा जलविद्युत् निकाल्न सकिने सम्भावना छ । नेपालमा

जलविद्युत् उत्पादनको सम्भाव्य क्षमता ८३,००० मेगावाट रहेको छ। त्यसमध्ये करिब ४२,००० मेगावाट विद्युत् उत्पादन प्राविधिक तथा आर्थिक रूपले उपयुक्त भएको अनुमान गरिएको छ। वि. स. २०७३ साल फागुन मसान्तसम्ममा वास्तविक जलविद्युत् उत्पादन भने सम्भाव्य क्षमताको तुलनामा अत्यन्तै न्यून अर्थात् ९०७.६ मेगावाट मात्रै रहेको छ। यो सम्भाव्यताको करिब एक प्रतिशत हुन आउँछ।

नेपाल जलविद्युत् उत्पादन सम्भाव्य क्षमताका दृष्टिकोणले धेरै अगाडि भए तापनि उपयोगका दृष्टिकोणले निकै नै पछाडि परेको छ। तेरौँ योजना अवधिको अत्यसम्ममा देशको कुल जनसङ्ख्याको करिब ७४ प्रतिशत जनसङ्ख्याको विद्युत् सेवामा पहुँच रहेको छ।

सबै नेपाली जनताका लागि विद्युत् सेवा पुऱ्याउन अझै प्रशस्त मात्रामा विद्युत् उत्पादन गर्नुपर्ने आवश्यकता रहेको छ। विद्युत् आवश्यकता पूरा गर्न हाल विभिन्न आयोजनाहरू निर्माण हुँदै छन्। निर्माणधीन प्रमुख आयोजनामा चमेलिया (३० मेगावाट), कुलेखानी तेस्रो (१४ मेगावाट), माथिल्लो तामाकोसी (४५६ मेगावाट), माथिल्लो त्रिशुली 3A (६० मेगावाट), रहुघाट (४० मेगावाट), तनहुँ (१४० मेगावाट) रहेका छन्।

सस्तो मूल्यमा विद्युत् उपलब्ध गराई त्यसको प्रभावकारी रूपमा उपयोग भएमा देश विकासमा गतिशीलता आउन सक्छ। देशमा अधिकांश विद्युत्को आपूर्ति सहरी क्षेत्रमा मात्र केन्द्रित रहेकाले यसलाई गाउँका कृषिजन्य उद्योग, सिँचाइ र घरेलु उद्योगहरूमा प्रयोग गर्न सकिएमा देशको सन्तुलित विकास गर्ने कार्यमा सहयोग पुग्छ।

(ख) **सिँचाइ** : नेपाल कृषिप्रधान देश भएकाले कृषि उत्पादन बढाउन सिँचाइका रूपमा जलस्रोतको उपयोग गरिन्छ। देशको कृषि उत्पादन वृद्धि गर्नका लागि सिँचाइको महत्त्वपूर्ण भूमिका हुन्छ। यसकारण विगत चालिस वर्षदेखि नहर तथा कुलो निर्माण गर्न र विभिन्न किसिमबाट भूमिगत पानी निकाली सिँचाइ गर्नका लागि करोडौँ रुपियाँ लगानी गरिएको छ। नेपालमा खेती गरिएको जमिन २६ लाख ४१ हजार हेक्टरमध्ये सिँचाइयोग्य जमिन १७ लाख ६६ हजार हेक्टर मात्र रहेको अनुमान गरिएको छ। यसमध्ये आ. व. २०७२/०७३ सम्ममा कुल १३ लाख ९२ हजार १ सय ७७ हेक्टर जमिनमा सिँचाइको सुविधा पुऱ्याइएको छ। नेपाल सरकारले स्वीकृत गरी लागु गरिसकेको जलस्रोत रणनीति तथा राष्ट्रिय जल योजनाको अवधारणाअनुसार सन् २०२७ सम्ममा देशको सिँचाइयोग्य जमिनमध्ये ९७% जमिनमा सिँचाइ सुविधा पुग्ने गरी सिँचाइ संरचनाको विकास गर्ने र सोमध्ये ६७% जमिनमा बारै महिना सिँचाइ सुविधा उपलब्ध गराउने गरी सिँचाइ प्रणालीको विकास गर्ने मुख्य लक्ष्य रहेको छ।

(ग) **खानेपानी** : खानेपानीको प्रमुख स्रोत पनि प्रकृतिमा पाइने जलस्रोत नै हो। स्वस्थ्य जीवनका लागि शुद्ध खानेपानीको आवश्यकता पर्छ। राष्ट्रिय जल योजना (२००५) ले सन् २०१७ सम्ममा सतप्रतिशत जनसङ्ख्यालाई नै आधारभूत खानेपानी सेवा उपलब्ध गराउने लक्ष्य

राखे तापनि तेरौँ योजनाको अन्त्य सम्ममा नेपालको कुल जनसङ्ख्यामध्ये ८६.९७ प्रतिशत जनसङ्ख्याले मात्र आधारभूत खानेपानी सेवा पाउन सकेका छन् । देशका जनतालाई खानेपानी सुविधा उपलब्ध गराउनका लागि विभिन्न योजनाहरू सञ्चालन गरिएका भए तापनि आशा गरेअनुसार सफलता हासिल गर्न सकिएको छैन । यसलाई सुव्यवस्थित तरिकाले सञ्चालन गर्न सरकारी र गैरसरकारी क्षेत्र र जनसहभागिताको परिचालनमा अत्यधिक जोड दिइँदै आएको छ । स्वच्छ खानेपानीको अभावका कारण प्रदूषित पानीको प्रयोगले गर्दा हुने विभिन्न रोगहरू नियन्त्रण गर्न कठिनाइ परेको छ । पानीको गुणस्तर बढाई फोहोरमैलाको समुचित व्यवस्था र उपयुक्त ढल तथा निकास निर्माणमा जोड दिनुपर्ने आवश्यकता देखिएको छ ।

## ७.४. मानव संसाधन

अर्थशास्त्रमा मानव संसाधनले गुणस्तरीय शिक्षा, सिप, ज्ञान, स्वास्थ्य शारीरिक र सचेत मानसिक अवस्था भएको कुनै निश्चित समयको देशको सक्रिय जनशक्ति वा श्रमशक्तिको एकाइलाई जनाउँछ। राष्ट्रिय योजना आयोगका अनुसार मानव संसाधन भनेको देशका जनतामा अन्तर्निहित काम गर्नका लागि चाहिने ज्ञान, सिप, दक्षता शारीरिक र मानसिक क्षमता हो । अतः आर्थिक विकासका क्रियाकलापहरू सञ्चालनका लागि आवश्यक पर्ने मानवीय कार्यकुशलता, क्षमता, दक्षता सिप आदिलाई मानव संसाधन भन्न सकिन्छ ।

### ७.४.१ मानव संसाधन विकासको महत्त्व

देशका जनता अथवा श्रमशक्तिको गुण र दक्षतामा अभिवृद्धि गर्ने प्रक्रियालाई मानव संसाधन विकास भनिन्छ । उपयुक्त शिक्षा, तालिम, मानव संसाधन योजना र व्यवस्थापनद्वारा मानव संसाधनको विकास गर्न सकिन्छ । मानव संसाधनको विकासबाट मात्र उपलब्ध साधन र स्रोतको समुचित परिचालन भई देशको आर्थिक विकास हुन्छ ।

मानव संसाधन विकासको महत्त्वलाई तल प्रस्तुत गरिएको छ :

(**क**) **देशमा उपलब्ध प्राकृतिक स्रोत र साधनको सदुपयोग गर्न** : देशमा उपलब्ध प्राकृतिक स्रोत र साधनहरू एकातिर मानव संसाधन विकासको अभावमा त्यत्तिकै खेर गइरहेका हुन्छन् भने अर्कोतिर ती प्राकृतिक स्रोत र साधनको उपयोग गर्नबाट जनताहरू वञ्चित भइरहेका हुन्छन् । तसर्थ उपलब्ध प्राकृतिक साधनहरूको समुचित उपयोगका लागि मानव संसाधन विकास अपरिहार्य हुन्छ । नेपालको सन्दर्भमा हेर्ने हो भने यहाँको अपार जल, खनिज तथा वनसम्पदाको समुचित विकास हुन सकेको छैन । समुचित मानव संसाधनको विकास गरी यहाँको जलस्रोतबाट पर्याप्त मात्रामा विद्युत् निकाली उद्योग, कलकारखाना, यातायात, सञ्चार आदिको विकास गर्न सकिन्छ । त्यसैगरी जलसम्पदालाई सिँचाइ र खानेपानीको रूपमा उपयोग गर्न पनि मानव संसाधन विकासको महत्त्वपूर्ण स्थान रहन्छ । यसका साथै खनिज सम्पदाहरूको उत्खनन, वन तथा भूमिको समुचित उपयोगका लागि पनि मानव संसाधन विकासको उत्तिकै महत्त्व रहन्छ ।

(ख) **उत्पादन तथा उत्पादकत्वमा वृद्धि गर्न** : मानव संसाधनको विकासबाट श्रमिक वर्गको क्षमता र दक्षतामा वृद्धि भई उत्पादकत्व वृद्धि हुन्छ । उत्पादकत्वमा भएको वृद्धिले उत्पादनमा वृद्धि ल्याउँछ । यसबाट देशको आम्दानीका साथसाथै प्रतिव्यक्ति आम्दानीमा समेत वृद्धि हुन्छ ।

(ग) **औद्योगिक विकास गर्न** : देशमा औद्योगिक विकास गर्नका लागि उच्च प्रविधिको प्रयोग आवश्यक हुन्छ । उच्च प्रविधिको प्रयोग मानव संसाधनको विकासबाट मात्र सम्भव हुन्छ । कतिपय देशहरूमा पर्याप्त प्राकृतिक साधनको अभावमा पनि द्रुततर गतिमा औद्योगिक विकास सम्भव भएको छ । मानव संसाधनको विकासले गर्दा नै उक्त कुरा सम्भव भएको हो । यसको उदाहरणका रूपमा जापानलाई लिन सकिन्छ ।

(घ) **आर्थिक विकासका पूर्वाधारहरूको विकास गर्न** : सडक, विद्युत्, शिक्षा, स्वास्थ्य, सञ्चार, खानेपानी जस्ता विकासका पूर्वाधारहरूको विकास गर्न दक्ष जनशक्तिको आवश्यकता पर्छ । दक्ष जनशक्ति मानव संसाधनको विकासबाट मात्र प्राप्त हुन्छ ।

(ङ) **देशलाई आत्मनिर्भर बनाउन** : देशमा मानव संसाधनको विकास हुन सकेमा देशका लागि आवश्यक पर्ने विशेषज्ञ तथा प्राविधिक सेवा विदेशबाट आयात गर्नुपर्दैन । त्यसैगरी मानव संसाधनको विकासबाट देशमा आवश्यक पर्ने वस्तु तथा सेवाहरू स्वदेशमै उपलब्ध हुन्छन् । त्यसैले देशलाई आत्मनिर्भर बनाउन पनि मानव संसाधन विकासको महत्त्वपूर्ण भूमिका हुन्छ ।

(च) **जनताको जीवनस्तरमा वृद्धि गर्न** : मानव संसाधनको विकासबाट देशको उत्पादनका साथसाथै आम्दानी पनि बढ्न जान्छ । एकातिर कम मूल्यमा वस्तु तथा सेवाहरू प्राप्त हुँदै जान्छन् भने अर्कोतिर जनताको क्रयशक्ति पनि बढ्दै गइरहेको हुन्छ । जनताका आधारभूत आवश्यकता पूरा हुँदै जान्छन् । उनीहरूले प्राप्त गर्ने सेवा र सुविधामा वृद्धि हुन गई जीवनस्तर उच्च हुन्छ ।

(छ) **बदलिँदो प्रविधिसँग परिचित गराउन** : समयको परिवर्तनसँगै अत्याधुनिक उत्पादन प्रविधिहरू देखा परिरहेका छन् । प्रविधिमा भएको परिवर्तनका कारण श्रमशक्ति बेरोजगार हुन जान्छ । बदलिँदो प्रविधिसँग मानव संसाधनलाई समायोजन गर्न र बेरोजगार हुनबाट बचाउन मानव संसाधन विकासले महत्त्वपूर्ण भूमिका खेल्छ ।

(ज) **व्यक्तिमा अन्तर्निहित प्रतिभाको प्रस्फुटन र विशिष्टीकरण हासिल गर्न** : व्यक्तिमा अन्तर्निहित क्षमता पहिचान गरी तिनको विकास र प्रयोगको अवसरका लागि मानव संसाधन विकासको महत्त्वपूर्ण स्थान हुन्छ । मानव संसाधनको विकासले व्यक्तिको वृत्ति विकासमा सहयोग पुग्छ र मनोवल बढ्न जान्छ । फलस्वरूप उनीहरूले आफ्नो क्षमतालाई अझ वृद्धि गर्ने अवसर प्राप्त गर्छन् र यसबाट उनीहरूको कार्यमा अझ विशिष्टीकरण हुँदै जान्छ ।

(झ) **आर्थिक विकासका योजनाको तर्जुमा र कार्यान्वयन गर्न** : देशमा विकास योजना तर्जुमा गर्न र ती योजनाहरूलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्नका लागि उच्च ज्ञान, सिप र विशिष्टता हासिल गरेका जनशक्तिको आवश्यकता गर्छ । यस्ता जनशक्तिको प्राप्ति मानव संसाधनको विकासबाट मात्र सम्भव छ ।

### ७.४.२ मानव विकासका सूचकहरूको अवधारणा

कुनै खास क्षेत्रमा बसोवास गर्ने मानव समूहको विकासको अवस्था मापन गर्नका लागि प्रयोग गरिने सूचकहरू नै मानव विकासका सूचकहरू हुन् । यिनको प्रयोग गरी विभिन्न देशहरूमा मानव विकासको अवस्था कस्तो छ भन्ने कुराको तुलनात्मक अध्ययन गर्न सकिन्छ । कुनै देशको विगत र वर्तमानको मानव विकासको अवस्था तुलना गर्न सकिन्छ । देशभित्रका विभिन्न प्रदेश, क्षेत्र, प्रान्त वा जिल्लाहरूको मानव विकास सूचकककका आधारमा मानव विकासको अवस्थाको पनि तुलनात्मक रूपमा अध्ययन गर्न सकिन्छ । विकासका सूचकहरूको अवस्थाका आधारमा मानव विकासको क्षेत्रमा गर्नुपर्ने कार्यहरूका लागि राज्य वा सरकारलाई नीति नियम बनाउन र तिनलाई लागु गर्न सहयोग मिल्छ । यसका साथै सरकारले मानव विकासका क्षेत्रमा गरेका कार्यहरूको लेखाजोखा गर्न पनि मानव विकासका सूचकहरूले सहयोग पुऱ्याउँछन् ।

प्रचलनमा रहेका केही प्रमुख मानव विकासका सूचकहरूको बारेमा यहाँ चर्चा गरिएको छ ः

(क) **दीर्घ र स्वस्थ जीवन** ः कुनै पनि देशको मानव विकासको अवस्था कस्तो छ भन्ने कुरा उक्त देशका जनताको स्वास्थ्य अवस्थाबाट ज्ञात हुन्छ । जनताको स्वास्थ्य अवस्था बाल मृत्युदर, शिशु मृत्युदर, मातृ मृत्युदर, प्रजनन दर, कोरा मृत्युदर, अस्पतालको सङ्ख्या, प्रति डाक्टर जनसङ्ख्या, प्रति नर्स जनसङ्ख्या, पोषणको अवस्था, स्वास्थ्य सम्बन्धी चेतनाको स्तर आदिद्वारा निर्धारित हुन्छ । देशका जनताको स्वास्थ्य अवस्था अन्तत औसत आयुमा प्रतिविम्बित हुन्छ । यदि देशका जनताको स्वास्थ्य अवस्था राम्रो छ भने औसत आयु पनि बढी हुन्छ । बढी औसत आयु अथवा दीर्घायुले मानव विकासको अवस्था सबल भएको कुरालाई देखाउँछ । अत औसत आयु बढ्दै जानुले देशका जनताको जीवनशैली, भौतिक वस्तु तथा सेवाहरूको उपलब्धता, पौष्टिक आहार तथा स्वास्थ्य उपचारका क्षेत्रमा देशले उन्नति गरेको र मानव विकासको अवस्था राम्रो हुँदै गएको कुरा दर्शाउँछ ।

(ख) **शिक्षा प्राप्ति** ः यो एउटा सामाजिक सूचक हो । शिक्षाको विकासले मानव विकासमा सहयोग पुऱ्याएको हुन्छ । शिक्षा प्राप्तिको स्तरले शिक्षाको सन्दर्भमा देशले गरेको उन्नतिलाई प्रतिविम्बित गर्छ । देशमा विद्यमान शिक्षाको अवस्थालाई दर्शाउने विभिन्न सूचकहरूमा साक्षरता प्रतिशत, प्रौढ साक्षरता प्रतिशत, प्रति विद्यालय विद्यार्थी अनुपात, विद्यालयमा बिताएको औसत वर्ष (average years of schooling), कुल भर्नादर, शिक्षक विद्यार्थी अनुपात आदि हुन् । देशका जनताको शिक्षामा पहुँच र उक्त देशको शिक्षाको गुणस्तरले मानव विकासको अवस्थालाई निर्धारण गर्छ । त्यसैले शिक्षालाई मानव विकासको सूचकका रूपमा लिइन्छ ।

(ग) **प्रतिव्यक्ति आय** ः प्रतिव्यक्ति आय मानव विकासको आर्थिक सूचक हो । यसले आर्थिक रूपले मानिसहरूको जीवनस्तर कस्तो छ भन्ने कुरा दर्शाउँछ । अर्थात् देशमा मानिसहरूलाई मर्यादित जीवनस्तर बाँच्नका लागि आवश्यक पर्ने कुराहरू प्राप्त गर्न पुग्ने आम्दानी छ कि छैन भन्ने कुरा थाहा पाउने उद्देश्यले यसलाई प्रयोगमा ल्याइन्छ । प्रतिव्यक्ति आय जति बढी हुन्छ त्यति नै राम्रो जीवनयापन गर्न सक्छन् । प्रतिव्यक्ति आय बढी हुँदैमा मानव विकास राम्रो भएको मान्न सकिन्न किनकि केही सीमित धनी व्यक्तिहरूको आम्दानीमा वृद्धि भई

अधिकांश मानिसहरू गरिब हुँदा पनि प्रतिव्यक्ति आय बढ्न सक्छ । त्यसैले मानव विकासका लागि प्रतिव्यक्ति आयमा वृद्धिका साथसाथै आयको वितरणमा समानता आउनु पर्छ ।

(घ) **आधारभूत आवश्यकताहरूको परिपूर्ति** : आधारभूत आवश्यकताहरूले मुख्यतः गाँस, बास, कपास, शिक्षा, स्वास्थ्य र सुरक्षालाई जनाउँछ । मानव विकासका लागि यस्ता आवश्यकताहरूको परिपूर्ति पर्याप्त मात्रामा हुनुपर्छ । यस्ता सेवाहरूको उपलब्धतामा भएको वृद्धिले मानव विकासको स्तरमा वृद्धि भएको अवस्थालाई जनाउँछ ।

(ङ) **खुसीपन वा आनन्दीपन** : मानव विकासको अवस्था पहिचान गर्ने मानवीय सन्तुष्टि वा खुशीको पनि मापन गरिन्छ । मानवीय खुशी वा सन्तुष्टि वा आनन्दीपनलाई महत्त्व दिएर आनन्दीपन सूचक (Happy Planet Index: HPI) बनाइएको छ । यसले देशका जनताको आर्थिक, वातावरणीय, मानसिक र कार्यस्थलको अवस्थाका साथै सामाजिक र राजनीतिक समृद्धिलाई समेत समावेश गरी विभिन्न मुलुकहरूको मानव विकासको अवस्थालाई मापन गर्छ । यस सूचकाङ्कअनुसार मानवको खुशी वा सन्तुष्टि वृद्धि हुनु नै मानव विकास हो ।

(च) **मानव विकास सूचकाङ्क** : मानव विकास सूचकाङ्क (HDI) मानव विकासको अवस्था मापन गर्ने सबैभन्दा महत्त्वपूर्ण र लोकप्रिय सूचक हो । यसले मानव विकासका तिन आधारभूत आयामहरू जस्तो : दीर्घ र स्वस्थ्य जीवन, ज्ञान र राम्रो जीवनस्तरको औसत उपलब्धि संयुक्त रूपमा मापन गर्छ । यो आर्थिक विकासको एउटा महत्त्वपूर्ण सूचक (indicators) पनि मानिन्छ । यसलाई संयुक्त राष्ट्रसङ्घ विकास कार्यक्रम (UNDP) ले सन् १९९० मा सर्वप्रथम प्रचलनमा ल्याएको हो । यसपछि यो सूचकाङ्कको लोकप्रियता बढ्दै गएको हो । सन् १९९० देखि संयुक्त राष्ट्रसङ्घ विकास कार्यक्रमले वार्षिक रूपमा विश्व मानव विकास प्रतिवेदन (WHDR) मा विभिन्न देशको मानव विकास सूचकाङ्कलाई प्रकाशित गर्दै आइरहेको छ ।

मानव विकास सूचकाङ्कले मानव विकासका तिन आयामलाई संयुक्त रूपमा मापन गर्छ । ती आयामहरू निम्न लिखित छन् :

१. **दीर्घ र स्वस्थ्य जीवन** : यसलाई जीवन प्रत्याशा (life expectancy at birth) द्वारा मापन गरिन्छ । जीवन प्रत्याशा भनेको एउटा नयाँ जन्म लिएको बच्चा ऊ जन्मदाकै ढाँचाको उमेर विशिष्ट मृत्युदर उसको जीवन अवधिसम्म कायम रहदा बाँच्न सक्ने अपेक्षा गरिएको वर्ष सङ्ख्या हो ।

२. **शैक्षिक सूचक** : यसलाई विद्यालयको अनुमानित वर्ष (expected years of schooling) र विद्यालयको औसत वर्ष (mean years of schooling) का आधारमा मापन गरिन्छ । विद्यालयको अनुमानित वर्ष भनेको विद्यालय प्रवेश उमेरको एउटा बच्चाले उसले विद्यालय प्रवेश गर्दाकै ढाँचाको उमेर विशिष्ट भर्ना दर उसको जीवन अवधिसम्म कायम रहदा प्राप्त गर्न सक्ने अपेक्षा गरिएको विद्यालय वर्ष सङ्ख्या हो । विद्यालयको औसत वर्षले २५ वर्ष वा सोभन्दा माथि उमेर भएका व्यक्तिले औपचारिक शिक्षा प्राप्त गर्दा लागेको औसत वर्ष सङ्ख्यालाई जनाउँछ ।

यसलाई प्रत्येक तहको अवधि प्रयोग गरी निकालिएको शिक्षा प्राप्ति स्तरहरूबाट लिइन्छ ।

३. **राम्रो जीवनस्तर सूचक** : यसलाई प्रतिव्यक्ति कुल राष्ट्रिय आय [gross national income (GNI) per capita] मा मापन गरिन्छ । कुनै देश वा अर्थतन्त्रको उत्पादन र यसको स्वामित्वमा रहेका उत्पादनका साधनबाट सिर्जित समग्र आम्दानीबाट विश्वका बाँकी अर्थतन्त्रको स्वामित्वमा रहेका उत्पादनका साधनको प्रयोगबापत गरिएको आय भुक्तानी घटाउँदा प्राप्त हुने आय कुल राष्ट्रिय आय हो । प्रतिव्यक्ति कुल राष्ट्रिय आय क्रयशक्ति क्षमता दर प्रयोग गरी अन्तर्राष्ट्रिय डलरमा बदलेर मध्य वर्षको जनसङ्ख्याले भाग गरी निकालिन्छ ।

यी तिन पक्षलाई समेटेर खास वर्षका लागि विभिन्न देशहरूको तथ्याङ्कका आधारमा मानव विकास सूचकाङ्कको गणना गरी देशहरूलाई स्तरीकरण गरिन्छ । मानव विकास सूचकाङ्कको मान शून्यदेखि एकको बिचमा रहने गर्छ । विश्व मानव विकास प्रतिवेदनमा मानव विकास सूचकाङ्कको मानका आधारमा देशहरूलाई न्यून मानव विकास, मध्यम मानव विकास, उच्च मानव विकास र अति उच्च मानव विकास भएका देशहरू गरी चार भागमा वर्गीकरण गरिएको छ ।

**विश्व मानव विकास प्रतिवेदन २०१६ का आधारमा देशहरूको वर्गीकरण तथा सार्कका सदस्य राष्ट्रहरूको मानव विकास सूचकाङ्क र अङ्गहरूको मान**

| क्र. स. | मानव विकास सूचकाङ्क मान | देशहरूको वर्गीकरण | क्रम | देशहरूको सङ्ख्या | सार्क सदस्य राष्ट्रहरू | विश्व मानव मानव विकास प्रतिवेदनमा सार्क | सार्क राष्ट्रहरूको मानव विकास | जीवन प्रत्याशा | विद्यालयको अनुमानित वर्ष | विद्यालयको औसत वर्ष |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | ०.८०० भन्दा बढी | अति उच्च मानव विकास | १ देखि ५१ सम्म | ५१ | | | | | | |
| २. | ०.७००-०.७९९ | उच्च मानव विकास | ५२ देखि १०६ सम्म | ५५ | १. श्रीलङ्का<br>२. माल्दिभ्स | ७३<br>१०६ | ०.७६६<br>०.७०१ | ७५.०<br>७७.० | १४.०<br>१२.७ | १०.९<br>६.२ |
| ३. | ०.५५० भन्दा कम | मध्यम मानव विकास | १०७ देखि १४७ सम्म | ४१ | ३. भारत<br>४. भुटान<br>५. बङ्गलादेश<br>६. नेपाल<br>७. पाकिस्तान | १३१<br>१३२<br>१३९<br>१४४<br>१४७ | ०.६२४<br>०.६०७<br>०.५७९<br>०.५५८<br>०.५५० | ६८.३<br>६९.९<br>७२.०<br>७०.०<br>६६.४ | ११.७<br>१२.५<br>१०.२<br>१२.२<br>८.१ | ६.३<br>३.१<br>५.२<br>४.१<br>८.१ |
| ४. | ०.५५० भन्दा कम | न्यून मानव | १४८ देखि १८८ सम्म | ४१ | ८. अफगानिस्तान | १६९ | ०.४७९ | ६०.७ | १०.१ | ३.६ |

स्रोत : *WHDR, 2016*

विश्व मानव विकास प्रतिवेदन [WHDR (2016) : UNDP] मा उल्लेख भएका १८८ राष्ट्रहरूमध्ये सबैभन्दा उच्च मानव विकास सूचकाङ्क (HDI = 0.949) भएको देश नर्वे हो भने सबैभन्दा न्यून मानव विकास (HDI = 0.352) भएको देश सेन्ट्रल अफ्रिकन रिपब्लिक हो । मानव विकास सूचकाङ्कको क्रम (उच्चदेखि न्यून) मा नेपाल १४४ औं स्थानमा पर्छ । सार्क राष्ट्रहरूमध्ये मानव विकास सूचकाङ्कको क्रम (उच्चदेखि न्यून) मा नेपाल छैटौंमा पर्छ र नेपालको मानव विकास सूचकाङ्क ( HDI) को मान ०.५५८ रहेको छ ।

विगतमा मानव विकास सूचाङ्कले दीर्घायु, शिक्षा तथा आम्दानी जस्ता पक्षहरूलाई समेट्ने भए तापनि यसलाई बहुव्यापक सूचकका रूपमा लिने गरिदैनथ्यो किनभने लैङ्गिक असमानता, आम्दानी असमानता, मानव अधिकारको सम्मान, राजनीतिक स्वतन्त्रता जस्ता कुराहरूलाई प्रभावकारी रूपमा यसले समेट्न सकको थिएन । तर हाल आएर मानव विकास प्रतिवेदनमा यी पक्षहरू पनि समावेश गर्न थालिएको छ ।

## अभ्यास

१. **निम्न लिखित प्रश्नहरूको अति छोटो उत्तर लेख्नुहोस् :**

(क) नेपालको कुल क्षेत्रफलको कति प्रतिशत भूभाग हाल वनक्षेत्रले ओगटेको छ ?

(ख) वन जङ्गलका कुनै दुई प्रत्यक्ष फाइदाहरू उल्लेख गर्नुहोस् ।

(ग) नेपालमा वन विनाशका कुनै दुई कारणहरू उल्लेख गर्नुहोस् ।

(घ) नेपालमा वन संरक्षण तथा संवर्द्धन गर्ने कुनै दुई उपायहरू लेख्नुहोस् ।

(ङ) खनिज सम्पदा भनेको के हो ?

(च) खनिज सम्पदाका कुनै दुई उपयोग लेख्नुहोस् ।

(छ) नेपालमा उपलब्ध कुनै दुई खनिजको नाम र पाइने स्थान उल्लेख गर्नुहोस् ।

(ज) नेपालमा खनिज सम्पदाको समुचित विकास गर्न के गर्नुपर्ला कुनै दुई ओटा सुझाव दिनुहोस् ।

(झ) नेपालमा कुन कुन कार्यका लागि जलस्रोतको उपयोग भइरहेको छ, लेख्नुहोस् ।

(ञ) नेपालमा विद्युत् सेवाको पहुँच भएको जनसङ्ख्या हाल कति प्रतिशत छ ?

(ट) हाल नेपालमा शुद्ध खानेपानीको सुविधा प्राप्त गरेको जनसङ्ख्या प्रतिशत कति छ ?

(ठ) मानव संसाधन विकास भनेको के हो ?

(ड) कुनै चार ओटा मानव विकासका सूचकहरू उल्लेख गर्नुहोस् ।

(ढ) मानव विकास सूचकाङ्कको अर्थ लेख्नुहोस् ।

२. **निम्न लिखित प्रश्नहरूको छोटो उत्तर लेख्नुहोस् :**

(क) नेपालको आर्थिक विकासमा वन सम्पदाको महत्त्व उल्लेख गर्नुहोस् ।

(ख) नेपालमा वन विनाशका कारणहरू उल्लेख गर्नुहोस् ।

(ग) नेपालमा वन सम्पदाको संरक्षण तथा संवर्धन गर्ने उपायहरू लेख्नुहोस् ।

(घ) नेपालको आर्थिक विकासमा खनिज सम्पदाको महत्त्व उल्लेख गर्नुहोस् ।

(ङ) नेपालमा जलस्रोतको सम्भाव्यता चर्चा गर्नुहोस् ।

(च) मानव संसाधन विकासको महत्त्व उल्लेख गर्नुहोस् ।

(छ) मानव विकास सूचकाङ्कको प्रयोगबारे चर्चा गर्नुहोस् ।

३. **निम्न लिखित प्रश्नको लामो उत्तर लेख्नुहोस् :**

(क) नेपालमा खनिज सम्पदाको पर्याप्त मात्रामा उत्खनन् तथा विकास हुन नसक्नुका कारणहरू खोजी गरी खनिज सम्पदाको समुचित विकासका उपायहरू उल्लेख गर्नुहोस् ।

(ख) नेपालको आर्थिक विकासमा जल सम्पदाले कसरी योगदान पुऱ्याउन सक्छ ? बुँदागत रूपमा व्याख्या गर्नुहोस् ।

(ग) मानव विकासका सूचकहरूको परिचय दिई कुन सूचक उत्कृष्ट छ ? कारण दिनुहोस् ।

(घ) मानव विकास सूचकाङ्कले मानव विकासका तिन आधारभूत आयामहरू संयुक्त रूपमा मापन गर्छ । ती आयामहरू लेखी हरेकको परिचय दिनुहोस् ।

# एकाइ ८ : नेपालमा कृषि, सहकारिता र उद्योग

## ८.१ नेपालमा कृषि

### ८.१.१ नेपालको कृषि प्रणाली

खाद्यान्न उत्पादन, पशुपालन तथा फलफूल खेतीसँग सम्बन्धित पेसालाई कृषि भनिन्छ । नेपाल कृषि प्रधान देश हो । यहाँको करिब दुई तिहाइ जनसङ्ख्या कृषि पेसामा आश्रित रहेको छ । कुल गार्हस्थ उत्पादनमा कृषि क्षेत्रको योगदान एक तिहाइ रहेको छ । नेपालको कृषि प्रणाली परम्परागत र जीवन निर्वाहमुखी छ । कृषिमा व्यवसायीकरण र आधुनिकीकरणको अभाव देखिन्छ । दीर्घकालीन योजना तर्जुमा गरी कृषिलाई आधुनिकीरण गर्नु आवश्यक छ । कृषि क्षेत्रको विकासले देशको समग्र विकास गर्न र जनताको जीवनस्तर उकास्न आधार प्रदान गर्छ । यसका लागि हालको परम्परागत र जीवन निर्वाहमुखी कृषि प्रणालीलाई सुधार गरी व्यावसायीकरण र आधुनिकीकरण गर्नु आवश्यक छ । राष्ट्रिय नीति तथा कार्यक्रमहरू पनि यही दिशातर्फ निर्देशित हुनुपर्छ ।

### ८.१.२ नेपालको कृषि प्रणालीका विशेषता

नेपालको अर्थतन्त्रको मेरुदण्डका रूपमा कृषि क्षेत्र रहेको छ । यसका आफ्नै विशेषताहरू रहेका छन् । नेपालको कृषि प्रणालीका विशेषताहरूलाई निम्न लिखित बुँदामा समेट्न सकिन्छ :

(क) **जीवन निर्वाहमुखी कृषि** : नेपालका बहुसङ्ख्यक मानिसहरू जीवन निर्वाहका लागि कृषि पेसा अँगालेका छन् । हाल यहाँका कति स्थान विशेषमा कृषिलाई व्यावसायिक गर्ने प्रयास गरिएको भए तापनि कृषि प्रणाली परम्परागत पद्धतिभन्दा माथि उठ्न नसकेको अवस्था छ । कृषि क्षेत्रमा आधुनिक साधनहरूको प्रयोग नहुँदा उत्पादनमा कमी हुने गरेको छ । परिश्रमअनुसारको उत्पादन हुन नसकेकाले मानिसहरूको यस पेसाप्रति आकर्षण बढ्न सकेको अवस्था देखिँदैन ।

(ख) **कृषि भूमिको सानो आकार** : नेपालको कृषि क्षेत्रमा प्रयोग हुने भूमिको आकार सानो तथा टुक्रे रहेको छ । सानासाना खेतका गरा र बारीहरूमा खेती गर्ने चलन विद्यमान छ । यसले गर्दा उत्पादनमा समेत कमी हुने गरेको छ । कृषि भूमिलाई ठुलो आकारमा बढाउँदै जानुपर्नेमा अझ किनबेच र अंशबन्डाका क्रममा यसलाई अझ सानो आकार बनाउने कार्यमा वृद्धि भइरहेको छ ।

(ग) **भूमिको असमान वितरण** :नेपालमा कृषि भूमिको वितरण असमान छ । नेपालका कतिपय कृषकहरू सीमान्तकृत र भूमिहीन छन् भने कतिपयले भूमिको ठुलो क्षेत्रफल ओगटेर बसेको अवस्था छ ।

(घ) **खाद्यान्न बालीको प्रधानता** : नेपालको कृषि उत्पादनमा मुख्य रूपमा खाद्यान्न बालीको प्रधान्य रहेको छ । खाद्यान्न बालीअन्तर्गत धान, मकै, गहुँ, कोदो, फापरलगायतका बाली

पर्छन् । खाद्यान्न बालीको तुलनामा दलहन बाली, नगदेबाली, ओद्यौगिक बाली, मसला बालीको उत्पादन कम रहेको छ।

(ङ) **भूमिको द्वैध स्वामित्व** : नेपालको कृषि भूमिमा हाल पनि द्वैध स्वामित्व रहेको छ। यसले गर्दा कृषिमा व्यावसयीकरण र आधुनिकीकरण गर्न कठिन भएको अवस्था छ। जग्गा धनीले मोहीलाई उत्पादनको केही अंशमात्र दिने र मोहीले आफ्नो नाममा जग्गा नहुँदा कृषि उत्पादनमा रुचि नराख्ने अवस्था विद्यमान देखिन्छ।

(च) **भौगोलक विविधता** : नेपाल भौगोलिक विविधतायुक्त मुलुक भएकाले यहाँको कृषि प्रणाली पनि सोहीअनुसार रहेको छ। कृषिका लागि उपयुक्त क्षेत्र तराइ हो। यसैले तराई क्षेत्रलाई हामी खाद्यन्नको भन्डार भनेर पनि चिन्छौँ। देशको बढी भूभाग पहाड र हिमालमा पर्छ जहाँको भूमिमा बढी विविधता पाइन्छ। अतः भौगोलिक विविधिताअनुसार कृषि उत्पादनमा पनि विविधता रहेको पाइन्छ।

### ८.१.३ कृषिको महत्त्व

नेपालका अधिकांश मानिसहरूको आधारभूत आवश्यकता पूर्ति गर्ने माध्यम कृषि हो। देशको कुल जनसङ्ख्याको दुई तिहाइ जनसङ्ख्या कृषि पेसामा आश्रित हुनु र कुल गार्हस्थ उत्पादनमा कृषि क्षेत्रको योगदान एक तिहाइ रहनुले कृषिलाई नेपालको अर्थतन्त्रको मेरुदण्डको रूपमा लिन सकिन्छ। नेपालको आर्थिक विकासमा कृषिको महत्त्वलाई यस प्रकार उल्लेख गर्न सकिन्छ।

(क) **जीविकोपार्जनको प्रमुख आधार** : मानिसको जीविकोपार्जनको प्रमुख आधार कृषि हो। देशको कुल जनसङ्ख्याको करिब दुई तिहाइ जनसङ्ख्या यस पेसामा आधारित छन्। यसअन्तगर्त बालीबाहेक, पशुपालन, मौरीपालन, कुखुरापालन, बाख्रापालन, माछापालन र फलफूल खेतीमा लागेका छन्।

(ख) **रोजगारीको प्रमुख क्षेत्र** : नेपालका करिब ६६ प्रतिशत जनता कृषि पेसामा संलग्न रहेकाले कृषिले रोजगारीका लागि आधार प्रदान गरेको छ। त्यसैले कृषि क्षेत्रको विकासबिना यहाँका मानिसहरूको जीवनस्तर माथि उठ्न सक्ने अवस्था देखिँदैन। यसबाट पनि कृषिको महत्त्व देखिन्छ।

(ग) **खाद्यान्नको आपूर्ति** : यहाँ उत्पादन हुने खाद्यबाली, पशुपालन, तरकारी तथा फलफूल मुख्यले देशको खाद्यान्नको आपूर्ति व्यवस्थालाई सहज बनाएको छ। कतिपय खाद्यवस्तु निर्यातसमेत हुने गरेको पाइन्छ।

(घ) **औद्योगिक कच्चा पर्दाथको स्रोत** : नेपालका चिनी, चुरोट, जुट, मैदा, चामल, तेल, चाउचाउ जस्ता उद्योगहरूका लागि आवश्यक पर्ने कच्चा पदार्थ कृषिक्षेत्रबाट आपूर्ति हुने गर्छ। जसले गर्दा उद्योगको विकासका लागि सहयोग पुग्छ।

(ङ) **राष्ट्रिय आम्दानीको आधार** : नेपालको कुल गार्हस्थ उत्पादनको करिब ३१.७ प्रतिशत योगदान कृषि क्षेत्रको रहेको छ। यहाँको मुख्य आम्दानीको क्षेत्र कृषि नै हो। खाद्य र

नगदेबाली, पशुपालन, फलफूल र तरकारी खेतीको उत्पादनले राष्ट्रिय आम्दानीमा योगदान रहेको छ ।

(**च**) **ग्रामीण विकासको आधार** : ग्रामीण क्षेत्रमा बसोवास गर्ने जनताको रोजगारीको आधार कृषि क्षेत्र नै हो । यस क्षेत्रको उत्पादनले अन्य क्षेत्र उद्योग, व्यापार व्यवासायमा समेत सहयोग पुऱ्याउने भएकाले गाउँमा रोजगारीका अवसरहरूको सिर्जना गर्छ । ग्रामीण जनताको आयमा वृद्धि गर्ने आधार कृषि क्षेत्र भएकाले यसबाट उनीहरूको उपभोगमा समेत वृद्धि भई जीवनस्तरमा सुधार हुन पुग्छ ।

(छ) **आन्तरिक र बाह्य व्यापारका लागि आधार** : देशको आन्तरिक तथा बाह्य व्यापारका लागि कृषि उपजले महत्त्वपूर्ण भूमिका निर्वाह गरेको हुन्छ । देशको आन्तरिक व्यापारमा खरिद बिक्री गरिने मुख्य वस्तु कृषिजन्य हुन्छन् भने निर्यात हुने धेरै जसो वस्तुहरू पनि कृषिजन्य उत्पादन नै हुन्छन् । त्यसैले कृषि उत्पादनले देशको आन्तरिक र बाह्य व्यापारका लागि आधार प्रदान गरेको छ ।

(**ज**) **पशुपालनका लागि आधार** : नेपालमा कृषिकार्यअन्तर्गत खेतीपातीसँगसगै पशुपालन पनि गरिन्छ । गाई, भैँसी, भेडा बाख्रा, सुँगुर, कुखरा आदि पालनका लागि आवश्यक पर्ने खाद्यवस्तु पनि कृषि क्षेत्रबाट नै प्राप्त हुने गर्छ ।

## ८.१.४ नेपालमा कृषिको आधुनिकीकरणका समस्या

उन्नत बिउबिजन, मल, कीटनाशक औषधी, कृषि औजार, प्रविधि, आवश्यकताअनुसार सिँचाइ सुविधा र दक्ष जनशक्ति प्रयोग गरी कृषि उत्पादनमा वृद्धि हुनेगरी खेती गर्ने कार्यलाई कृषिको आधुनिकीकरण भनिन्छ । विद्यमान परम्परागत र जीवन निर्वाहमुखी कृषि प्रणालीलाई रूपान्तरण गरी व्यावसायीकरण गर्ने कार्य कृषिको आधुनिकीकरण हो । यसअन्तर्गत माटो परीक्षणदेखि बाली लगाउने, स्याहार गर्ने, भण्डारण गर्ने, गुणस्तर निर्धारण र बजार व्यवस्थापन गर्नेसम्मका कार्यहरू समावेश हुन्छन् ।

नेपालको कृषि प्रणाली परम्परागत र निर्वाहमुखी रहेको छ । कृषि उत्पादनमा वृद्धि गरी जनताको जीवनस्तरमा सुधार ल्याउन कृषिमा आधुनिकीकरण र व्यावसायीकरण गर्नु आवश्यक छ । माटो र हावापानी अनुकूल हुनेगरी एक बालीको सट्टा विविध बाली लगाएर जनसङ्ख्या वृद्धिको तुलनामा कृषि उत्पादनमा वृद्धि ल्याएर देशलाई खाद्यान्नमा आत्म निर्भर बनाउनु आजको आवश्यकता हो । देशमा खपत भई बचत भएको कृषि उपज निर्यात गरी मनग्य आयआर्जन गर्न सकिने पनि उत्तिकै सम्भावना छ । तर योजनाबद्ध विकासमा कृषि क्षेत्र सरकारको प्राथमिकता प्राप्त क्षेत्रमा परे तापनि यस क्षेत्रका समस्याहरू अझसम्म पनि उल्लेख्य रूपमा समाधान हुन सकेका छैनन् ।

नेपालमा कृषिको आधुनिकीकरणका समस्याहरू निम्न लिखित छन् :

(**क**) **सिँचाइ सुविधाको अभाव** : नेपालको धेरैजसो कृषि भूमिमा सिँचाइको अभाव रहेको छ । यसले गर्दा किसानहरूले लगानी गर्न सकिरहेका छैनन् । सिँचाइको अभावमा उत्पादन कम हुने

भएकाले कृषिमा आधुनिकीकरण हुन नसकिएको अवस्था छ । नेपालको धेरैजसो कृषि आकाशे पानीको भरमा रहेको छ । उत्पादनका लागि मनसुन अनुकूल हुनुपर्ने हुन्छ अन्यथा उत्पादनमा कमी हुने गर्छ ।

(ख) **कृषियोग्य जमिन आवासका लागि प्रयोग हुनु** : देशको कृषि योग्य भूमिको योजनाबद्ध विकास हुन सकेको छैन । कृषियोग्य भूमिको कृषि उत्पादनका लागि नै उपयोग गर्नुपर्नेमा हाल बस्ती विकास तथा आवासका लागि प्रयोग गर्ने कार्य बढ्दै गएको छ । यसले गर्दा कृषिमा आधुनिकीकरणमा समस्या देखिएको छ ।

(ग) **कम उत्पादकत्व** : नेपालमा कृषिको व्यावसायीकरण हुन नसकेकाले उत्पादकत्व कम रहेको छ । यसले गर्दा किसानहरूले लगानी गर्न सकेका छैनन् । कृषि उत्पादन बढाउन कृषि सामग्रीहरू मल, कीटनाशक औषधी र उन्नत बिउ र औजारहरूको पर्याप्तता नहुनुले पनि उत्पादनमा कमी रहेको छ ।

(घ) **अर्ध बेरोजगारी** : नेपालको कृषि प्रणालीमा खास गरेर एक खाद्यन्न बाली मात्रे हुने भएकाले यसमा आश्रित जनसङ्ख्या केबल छ महिना मात्र सक्रिय हुन्छ । बाँकी समय ऊ बेरोजगार हुने भएकाले अर्ध बेराजगारीको समस्या रहेको देखिन्छ । जनसङ्ख्याको वृद्धि हुँदै जाँदा यसमा निर्भर हुने सङ्ख्या पनि बढ्दै जानुले पनि थप बेरोजगारीमा वृद्धि भइरहेको देखिन्छ ।

(ङ) **परम्परागत कृषि प्रणाली** : नेपालमा हालसम्म पनि तराई क्षेत्रमा केही सथानमा केही किसानहरूबाट आधुनिक साधनहरूको प्रयोग गर्न सुरु गरिएको देखिन्छ । तर देशभरमा हेर्दा अझै पनि हाम्रो कृषि प्रणाली परम्परागत पद्धतिमा नै आधारित रहेको छ ।

(च) **व्यवस्थित बजारको अभाव** : यातायातको असुविधा र सबै स्थानका किसानहरूको बजारमा पहुँचको कमीले गर्दा कृषि उत्पादनले उचित बजार लिन सकेको छैन । जसले गर्दा किसानहरूले आफ्नो मेहनत र परिश्रमको मूल्य नपाउँदा काम गर्ने जोस जाँगर पनि कम हुँदै जाने अवस्था रहेको छ । कृषकहरूले आफ्नो उत्पादन भण्डार गरी उपयुक्त समयमा बेचबिखन गर्ने व्यवस्थाको अभाव छ ।

(छ) **यातायातको अभाव** : नेपालमा यातायातको कठिनाइले गर्दा एकातर्फ कृषिका लागि आवश्यक सामग्रीहरू समयमै आफ्नो गाउँ समुदायमा पुऱ्याउन सकेका छैनन् भने अर्कोतर्फ किसानहरूले उत्पादन गरेका सामग्रीहरूलाई बजारसम्म ल्याउन कठिनाइ परेको छ । यसो हुनुमा मुख्य समस्याका रूपमा यातायातको कठिनाइ नै रहेको छ ।

(ज) **अनुसन्धानको अभाव** : हाम्रो देशमा कृषि क्षेत्रमा व्यवस्थित अनुसन्धानको अभाव रहेको छ । कुन स्थानमा कस्तो खेती गर्ने, कुन स्थानमा कुन फलफूल लगाउने आदि जस्ता कार्यहरूको नतिजामुखी अनुसन्धान हुन सकेको छैन । कृषिजन्य उत्पादनको बजार कस्तो छ ? यसको बजार कहाँ हो ? आदि विषयहरूमा अनुसन्धानको कमीका कारण उत्पादनमा वृद्धि हुन सकेको छैन ।

### ८.१.५ कृषिको आधुनिकीकरणका समस्या समाधानका उपाय

हामो देशको आर्थिक विकासको मुख्य आधार कृषि क्षेत्र हो । नेपालका विकास योजनाहरूले कृषिलाई प्राथमिकता दिए पनि यस क्षेत्रमा देखिएका समस्याहरू सामाधान हुन सकेका छैनन् । यस क्षेत्रमा भएका समस्याहरूलाई सामाधान गर्न सकेमा मात्र कृषिजन्य उत्पादनमा वृद्धि भई राष्ट्रिय आयमा थप योगदान पुग्छ । यसबाट देशलाई समृद्ध बनाउन सहयोग पुग्छ ।

(क) **कृषियोग्य भूमिमा सिँचाइ सुविधाको व्यवस्था** : कृषियोग्य भूमिमा उत्पादनका लागि आवश्यकताअनुसार सिँचाइ सुविधा हुनुपर्छ । यसले गर्दा एक बाली मात्र हुने स्थानमा दुई वा तिन बाली उत्पादन गर्न सकिन्छ । जसबाट उत्पादनमा वृद्धि भई आम्दानी बढाउन सकिन्छ । यसबाट कृषक र सरकारलाई नै फाइदा पुग्ने भएकाले सबै ठाउँहरूमा सिँचाइको सुविधा उपलब्ध गराउनुपर्छ ।

(ख) **कृषियोग्य जमिनलाई आवास तथा अन्य क्षेत्रमा प्रयोग नगर्ने** : नेपालमा हाल कृषियोग्य भूमिमा आवास गृह बनाउने प्रवृत्ति बढेको छ । यसले गर्दा देशको कृषि उत्पादनमा कम हुन गई खाद्यान्न अभाव हुने अवस्था आएको छ । तसर्थ देशभरमा कृषियोग्य भूमिको पहिचान गरी उक्त भूमिलाई केबल खेतीका लागि मात्र प्रयोग गर्ने व्यवस्था गरिनुपर्छ ।

(ग) **कृषि सडक/यातायातको विकास विस्तार** : कृषिजन्य उत्पादन भएको स्थानमा सहज रूपमा सडक तथा यातायात पुग्ने व्यवस्था गर्न सकेमा कृषकले उत्पादन गरेका सामग्रीहरूलाई सहज रूपमा बजारसम्म पुऱ्याउन सकिन्छ । जसका लागि स्थानीय स्तरमा समेत सडकको विकास र बिस्तार गरिनुपर्छ ।

(घ) **कृषि बजार तथा गोदाम घरको व्यवस्था** : कृषकले आफूले उत्पादन गरेका सामग्रीहरूको उचित मूल्यमा बेचबिखन गर्न चाहने भएकाले स्थानीय स्तरमा हाटबजारको व्यवस्था गरिनुपर्छ । त्यसैगरी उत्पादन भएका सामग्रीहरूलाई गोदाम घरमा भण्डारण गरी उचित समयमा उचित मूल्यमा बेच्न सक्ने व्यवस्था हुनुपर्छ ।

(ङ) **कृषिलाई व्यावसायीकरण गरी उत्पादकत्वमा वृद्धि गर्ने** : कृषकहरूले आफू र आफ्नो परिवारका लागि मात्र आवश्यक पर्ने वस्तुहरूको उत्पादन गर्ने परिपाटी रहेको हालको अवस्थामा कृषिलाई व्यावसायीकरण गर्नुपर्छ भन्ने सोचको अभाव देखिन्छ । कृषकलाई तालिम तथा अभिमुखीकरणका माध्यमबाट कुन बाली लगाउने, कुन लगाउँदा बढी फाइदा हुन्छ, कुन बाली बढी उत्पादन हुन्छ आदि कुराहरूको विचार गरी आफ्नो उत्पादनबाट बढी फाइदा लिने क्रियाकलाप नै व्यावासायीकरण हो । तसर्थ कृषिलाई व्यावसायीकरण गर्नुपर्छ । यसैगरी कृषिमा आधुनिक सामग्रीहरूको प्रयोग गरी आधुनिकीरणमा जोड दिनुपर्छ ।

(च) **सहुलियत ऋण र अनुदान** : कृषकहरूका लागि आवश्यक पर्ने कृषिजन्य सामग्री तथा औजारहरूका लागि ठुलो रकमको आवश्यक पर्ने भएकाले कृषकलाई आवश्यकताअनुसार सहुलियतपूर्ण ऋण उपलब्ध हुने व्यवस्था गर्नुपर्छ । स्थानीय साहु महाजनबाट लिइने ऋण बढी महँगो हुने भएकाले सरकारबाट सहुलियत ऋण र अनुदान दिने व्यवस्था हुनुपर्छ ।

(छ) **अध्ययन अनुसन्धान** : नेपालमा कृषिको योजनाबद्ध तथा वैज्ञानिक ढङ्गले कृषि क्षेत्रको विकासका लागि निरन्तर रूपमा अध्ययन र अनुसन्धानको आवश्यकता पर्छ। अनुसन्धानबिना गरिएको लगानी खेर जाने भएकाले किसानलाई आफ्नो लगानी सुनिश्चित भएको प्रत्याभूति दिलाउन सक्नुपर्छ।

## ८.१.६ नेपालमा कृषि बजारीकरण

कृषि क्षेत्रको विकासका लागि व्यवस्थित कृषि बजार अपरिहार्य हुन्छ । नेपालमा कृषि बजारीकरणलाई व्यवस्थित बनाउन सकिएको छैन । यसका लागि योजनाबद्ध विकास हुनुपर्छ । देशका विभिन्न स्थानमा कृषि उत्पादनका सामग्रीहरूको खरिद बिक्री गर्ने व्यवस्था हुनुपर्छ। विभिन्न स्थानमा कृषिजन्य सामग्रीहरूको उत्पादन, गुणस्तर निर्धारण र आपूर्तिको व्यवस्थापन नै कृषि बजारीकरण हो। नेपालमा विभिन्न स्थानमा हाटबजारदेखि कृषि बजारसम्म सञ्चालन हुने व्यवस्था गरिएको छ।

### (क) कृषि बजारको प्रकृति

१. मौसमी : नेपालको कृषि बजार मौसमी प्रकारको रहेको छ। बारै महिना बजारमा कृषिजन्य वस्तुहरू प्राप्त हुने अवस्था छैन । बेमौसमी तरकारीहरू उपलब्ध हुन सक्दैनन् । यसो हुनुमा कृषकहरूले उत्पादन गरेका सामग्रीहरूको सुरक्षित गोदाम घर तथा भण्डारण कक्ष नहुनु हो। जसले गर्दा फलफूल तथा तरकारी वा खाद्यन्न बाली जुन मौसममा उत्पादन हुन्छ त्यही मौसममा मात्र बेचबिखन हुने गर्छन्।

२. अव्यवस्थित बजार : नेपालको कृषि बजार योजनाबद्ध रूपमा विकास गर्न सकिएको छैन । जसले गर्दा बजार अव्यवस्थित र असङ्गठित रहेको छ। फलस्वरूप कृषि बजारमा मूल्य, नापतौल र गुणस्तर नियन्त्रण व्यवस्थित रूपमा विकास गर्न नसकिएको अवस्था छ।

३. बिचौलियाको बोलवाला : नेपालको कृषि बजारमा कृषकहरूबाट कृषिजन्य उत्पादनहरू न्यून मूल्यमा खरिद गरी महँगो मूल्यमा बेचबिखन गरी अधिक नाफा लिने कार्य बिचौलियहरूबाट हुने गर्छ । जसले गर्दा कृषक र उपभोक्ता दुवैलाई शोषण गरिरहेका छन्। कृषकहरूले विविध कारणले सिधै ठुलो बजारमा उत्पादनहरू बिक्री गर्न नसक्ने भएकाले यसको फाइदा बिचौलियाहरूले लिएका छन्।

४. वैदेशिक बजारको असर : नेपाल दुई ठुला छिमेकी देशको बिचमा रहेको छ । भारतसँगको सीमाना खुला रूपमा रहेकाले भारतीय कृषकहरूबाट उत्पादित सामग्रीहरू नेपालका भन्दा गुणस्तरीय र सस्तो मूल्यमा उपलब्ध हुने भएकाले नेपाली उत्पादनले प्रतिस्पर्धा गर्न सकिरहेका छैनन् । छिमेकी देशहरूबाट आउने बेमौसमी कृषिजन्य उत्पादनले नेपाली कृषि बजारलाई असर गरिरहेको छ।

५. सानो र सीमित बजार : हामो देशमा साना तथा सीमान्त कृषकहरू अधिक

छन् । कृषिलाई जीवन निर्वाहका लागि लिइएकाले व्यावसायिक कृषिको रूपमा उत्पादन हुन सकेको देखिँदैन । जसले गर्दा यी उत्पादनहरू ठुला बजारसम्म ल्याउन सकिएको छैन । यसले गर्दा नेपालको कृषि बजार सानो र सीमित स्तरको बन्न पुगेको छ। बजारमा मूल्यको एकरूपता समेत हुन सकेको छैन।

**(ख) नेपालको कृषि बजारीकरणका समस्याहरू**

१. व्यवस्थित बजारको अभाव : नेपालमा कृषिको विकासका लागि व्यवस्थित बजारको अभाव रहेको छ। नेपाली किसानहरू गाँउमा बस्ने भएकोले गाउँगाउँमा सङ्गठित बजारको अभाव रहेको छ । किसानहरूले कृषिजन्य उत्पादन स्थानीय व्यापारी र बजारसम्म ल्याई बेचबिखन गर्ने बिचौलियालाई बिक्री गर्न बाध्य भएका छन्।

२. यातायात तथा सञ्चारको अभाव : देशको ग्रामीण क्षेत्रमा धेरैजसो कृषिजन्य उत्पादन हुने गर्छ। गाउँबाट सहरसम्म कृषिजन्य उत्पादन ढुवानी तथा बजारीकरणका लागि यातायात तथा सञ्चारको राम्रो सुविधा छैन। जसले गर्दा उनीहरूको आफ्नो उत्पादन कम मूल्यमा बेचबिखन गर्न बाध्य छन्।

३. भण्डारणको अभाव : कृषिजन्य उत्पादनलाई सुरक्षति रूपमा भण्डारण गरी उपयुक्त समयमा बेचबिखन गर्ने व्यवस्था गर्न सकिएको छैन। जसले गर्दा कृषकले मौसमी उत्पादन मात्र बेचबिखन गर्न बाध्य भएका छन् । उचित भण्डारणका लागि गोदाम घरको व्यवस्था हुन नसक्दा कृषकहरूले उचित मूल्य लिन सकिरहेका छैनन्।

४. दलालको प्रभाव : नेपालमा कृषि बजारमा किसान र उपभोक्ताका बिचमा बिचौलियाको काम गर्ने व्यक्तिलाई दलाल भनिन्छ। कृषकको उत्पादन गाउँबाट उठाई सहरसम्म ल्याई बेचबिखन गर्ने कार्य यिनैबाट हुने गर्छ। जसले सबैभन्दा बढी नाफा लिई कृषक र उपभोक्तालाई ठगेको देखिन्छ।

५. मिसावटको समस्या : कृषिजन्य उत्पादनका लागि अनुचित नाफा कमाउनका लागि राम्रो उत्पादनमा कमसल वस्तुहरू मिसावट गरी नाफ कमाउने प्रवृति रहेको छ। यो कार्यमा उत्पादकदेखि दलालसम्म समावेश हुने गरेको देखिन्छ।

६. स्तर निर्धारण हुन नसक्नु : नेपालको कृषि बजारमा स्तर निर्धारण तथा प्रमाणीकरण हुन नसक्नु समस्याका रूपमा रहेको छ । उत्पादित सामग्रीमध्ये राम्रा र नराम्रा वस्तुहरूको मूल्य र स्तर निर्धारणमा कठिनाइ रहेको छ।

**(ग) कृषि बजारीकरणका समस्या समाधानका उपायहरू**

१. कृषि बजारको विकास र बिस्तार : नेपालमा कृषिको आधुनिकीकरण र विकासका लागि देशका विभिन्न स्थानमा कृषि बजारको विकास र बिस्तार गर्नुपर्छ। व्यवस्थित कृषि बजारबाट मात्र कृषि उत्पादनमा वृद्धि गरी राष्ट्रिय आयमा योगदान गर्न सकिन्छ।

२. यातायात र आधुनिक सञ्चारको सुविधा : देशको ग्रामीण तथा दुर्गम क्षेत्रमा सहजरूपमा यातायात र आधुनिक सञ्चारको सुविधाको विकास र बिस्तार गरिनुपर्छ । यी सुविधाबाट कृषकहरूको उत्पादनमा वृद्धि गर्न सहयोग पुग्छ ।

३. भण्डारणको व्यवस्था : कृषकले उत्पादन गरेका कृषिजन्य सामग्रीहरूलाई भण्डारको अभावले गर्दा मौसमी उत्पादनका बजार मात्र हुने अवस्था छ । यसका लागि विभिन्न स्थानमा कृषिजन्य उत्पादनको भण्डारणका लागि गोदामहरू निर्माण गरिनुपर्छ ।

४. बिचौलियाको प्रभाव कम गर्ने : ग्रामीण र दुर्गम क्षेत्रका कृषकहरूबाट सिधै ठुलाठुला बजारमा आफैँ बेचबिखन गर्ने व्यवस्था हुनुपर्छ । यसबाट कृषक र उपभोक्तालाई फाइदा हुन जान्छ । यसले गर्दा कृषिजन्य उत्पादनको वृद्धि हुन्छ ।

५. मिसावट गर्नेहरूका लागि कडा कानुनी कारबाही : कृषिजन्य उत्पादनमा मिसावट गर्नेमाथि कडा कानुनी कारबाही हुनुपर्छ । उत्पादक वा बिचौलिया र उपभोक्तालाई समय समयमा सचेतना जागृत गर्ने कार्यहरू गर्नुपर्छ ।

६. गुणस्तर तथा स्तर निर्धारण गर्ने : कृषिजन्य उत्पादनका लागि मूल्य निर्धारणका लागि गुणस्तर निर्धारण हुनु जरुरी रहेको छ । यसका साथै स्तर निर्धारण गर्न सकेमा उपभोक्ताहरूलाई समेत छनोटका लागि सहयोग पुग्छ र यसबाट गुणस्तरीय सामग्री उत्पादनका लागि सहयोग पुग्छ ।

## ८.१.७ कृषि वित्त

कृषि क्षेत्रमा आवश्यक पर्ने स्रोतको व्यवस्थापनलाई कृषि वित्त भनिन्छ । कुनै पनि व्यक्ति वा कृषकले आफ्नो आम्दानीबाट लगानी र उपभोगका लागि रकम अपुग भएमा ऋण वा सहयोग लिने गर्छन् । नेपालमा कृषि वित्त व्यवस्थापनका लागि विभिन्न तरिकाहरू प्रचलनमा रहेका छन् ।

नेपालमा कृषि वित्तका स्रोतहरूमा सङ्गठित र असङ्गठित स्रोतहरू रहेका छन् । ती स्रोतलाई निम्नानुसार प्रस्तुत गरिएको छ :

(**क**) **संस्थागत स्रोतहरू** : नेपालमा कृषि क्षेत्रको विकासका लागि कृषि ऋणको माग बढेको छ । कृषिको आधुनिकीकरण र व्यावसायीकरणका लागि संस्थागत स्रोतबाट ऋण दिनका लागि विभिन्न संस्थाहरू स्थापना भएका छन् भने ग्रामीण क्षेत्रका लागि गैरसंस्थागत पद्धति बढी जसो प्रचलनमा रहको छ ।

१. कृषि विकास बैङ्क : नेपालमा कृषि क्षेत्रको विकासका लागि कृषि क्षेत्रको उत्पादन र उत्पादकत्व वृद्धि गर्ने उद्देश्यका साथ कृषि विकास बैङ्कको स्थापना वि. सं. २०२४ मा भएको हो । यो कृषि क्षेत्रको विकासका लागि लगानी गर्ने सबभन्दा ठुलो संस्था हो । देशभरमा विभिन्न स्थानमा यसका शाखाहरू रहेका छन् । यस बैङ्कले साना किसान विकास आयोजनामार्फत गरिबी न्यूनीकरण कार्यक्रमलाई पनि वित्तीय सहयोग गरिरहेको छ ।

२. वाणिज्य बैङ्कहरू : नेपालमा कृषि क्षेत्रको विकासका लागि कृषि विकास बैङ्कपछि धेरै लगानी गर्ने संस्था वाणिज्य बैङ्कहरू हुन् । हाल नेपालमा २८ ओटा वाणिज्य बैङ्कहरू र तिनका अनेक शाखाहरू देशका विभिन्न स्थानमा सञ्चालनमा रहेका छन् । यी बैङ्कहरूले नेपाल राष्ट्र बैङ्कको निर्देशनअनुसार निक्षेपको निश्चित प्रतिशत कृषि क्षेत्रमा लगानी गर्छन् ।

३. लघुवित्त संस्थाहरू : नेपालका विभिन्न क्षेत्रमा विभिन्न किसिमका लघुवित्त संस्थाहरू स्थापना भएका छन् । ग्रामीण क्षेत्रमा स्थापना भएका यस किसिमका संस्थाहरूबाट कृषि क्षेत्रमा लगानी गर्न कर्जा प्रवाह हुने गरेको छ ।

४. सहकारी संस्थाहरू : नेपालमा विभिन्न किसिमका सहकारी संस्थाहरू देशका विभिन्न स्थानमा स्थापना भई सञ्चालनमा रहेका छन् । यस्ता सहकारीहरू गाउँघरमा किसानहरूले समूहमा मिलेर खोलेका हुन्छन् । ती संस्थाहरूबाट सानो स्तरमा रकम ऋण लिई कृषि क्षेत्रमा लगानी गर्ने कार्य भइरहेको छ ।

**(ख) गैरसंस्थागत स्रोतहरू**

१. साहु महाजनहरू : नेपालको ग्रामीण क्षेत्रमा धेरै पहिलादेखि नै गरिब किसानहरूले स्थानीय साहुमहाजनहरूबाट ऋण लिएर आवश्यकता पूरा गर्थे । यो चलन अझै पनि रहेको छ । उनीहरूले कृषकलाई अल्पकालीन र दीर्घकालीन रूपमा ऋण दिने गर्छन् । यसरी लिएको ऋणको ब्याज चर्को हुन्छ । अन्ततः किसानहरू उक्त ब्याज तिर्न नसकी जग्गा जमिनसमेत उनीहरूलाई नै बुझाउनुपर्ने बाध्यतामा पुग्छन् ।

२. व्यापारीहरू : नेपालको ग्रामीण क्षेत्रमा रहेका स्थानीय व्यापारीहरूबाट कृषकहरूले आवश्यकताअनुसार ऋण लिने गर्छन् । उनीहरूबाट पनि कृषकहरूको बाली कम मूल्यमा लिई बढी मूल्यमा बेची नाफा गर्ने उद्देश्यका साथ कृषकहरूलाई सहयोग गर्ने गर्छन् । किसानहरूबाट ब्याजसमेत असुल्ने कार्य गर्छन् । यसबाट कृषकहरूले बढी समस्या भोगिरहेका छन् ।

३. साथीभाइ र नातेदार : कृषकहरूले छोटो समयका लागि आफ्ना साथीभाइहरूबाट पनि कम ब्याजमा कर्जा वा बिना ब्याजमा सापटी लिने परिपाटी रहेको छ । यो पनि कृषि वित्तको एउटा स्रोत हो ।

**(ग) कृषि वित्तका समस्याहरू**

नेपालमा कृषि क्षेत्रको विकासका लागि कृषि उद्यमी तथा कृषकहरूबाट आवश्यता परेको समयमा सहज र सुपथ ब्याजमा ऋण सहयोग उपलब्ध हुन सकेको छैन । यसैगरी चर्को ब्याज तिर्नुपर्ने भएकाले साना साना कृषकदेखि ठुला उद्यमीहरूबाट लगानी गर्न आकर्षित हुन सकेको देखिँदैन । बैङ्कहरूले दिने सेवा सुविधा पनि प्रक्रियागत ढिलासुस्ती र साहु, व्यापारी र साथीभाइहरूबाट लिइने ब्याजले गर्दा कृषि क्षेत्रको वित्तमा धेरै किसिमका समस्याहरू देखिएका छन् ।

(घ) **कृषि वित्तका समस्या समाधानका उपायहरू**

कृषि वित्तमा देखिएका समस्याहरूको सामाधानका लागि कृषि ऋण सहज र सुलभ रूपमा दिने संस्थाहरू प्रत्येक गाउँपालिका र नगरपालिकामा हुने व्यवस्था गरिनुपर्छ । बैङ्किङ प्रणालीबाट सुलभ र सरल तरिकाबाट ऋण उपलब्ध गराउनुपर्छ । स्थानीय सहकारीहरूलाई अझ बढी सक्षम बनाई कृषि क्षेत्रमा लगानी गर्न प्रोत्साहन गरिनुपर्छ । कृषिमा हुने सहयोगले कृषिलाई आधुनिकीकरण र व्यावसायिकीकरण गर्न मदत पुऱ्याउँछ ।

## अभ्यास

१. **धेरै छोटो उत्तर आउने प्रश्नहरू**

(क) कृषिमा आधुनिकीकरण भनेको के हो ?

(ख) नेपालमा कृषिको आधुनिकीकरण किन हुन नसकेको होला ? कुनै एक कारण लेख्नुहोस् ।

(ग) कृषि बजार भनेको के हो ? एक वाक्यमा लेख्नुहोस् ।

(घ) मौसमी बजार भन्नाले के बुझिन्छ ?

(ङ) कृषि बजारको विकासका लागि गोदामको आवश्यकता किन पर्छ ?

(च) कृषि वित्त भनेको के हो ?

(छ) नेपालमा कृषि वित्तका लागि के कस्ता स्रोतहरू प्रचलनमा रहेका छन् ?

२. **छोटो उत्तर आउने प्रश्नहरू**

(क) नेपालको कृषि प्रणालीको वर्तमान अवस्था उल्लेख गर्नुहोस् ।

(ख) नेपाललाई किन कृषि प्रधान देश भनिन्छ ? कारण दिनुहोस् ।

(ग) रोजगारीको प्रमुख आधार कृषि हो भन्ने भनाइसँग तपाईँ सहमत वा असहमत के हुनुहुन्छ ? कारण दिनुहोस् ।

(घ) कृषि बजारको अभावले कृषि क्षेत्रको आधुनिकीकरण गर्न नसकिएको भन्ने भनाइसँग तपाईँ सहमत वा असहमत के हुनुहुन्छ कारण दिनुहोस् ।

(ङ) नेपालमा कृषि बजारका विशेषताहरू उल्लेख गर्नुहोस् ।

(च) भनिन्छ नेपालको कृषि बजार सीमित र सानो छ यस भनाइको समीक्षा गर्नुहोस् ।

(छ) नेपालमा कृषिजन्य सामग्रीहरूमा अधिक मिसावट रहेको हुन्छ भन्ने भनाइसँग तपाईँ सहमत वा असहमत हुनुका कारणहरू दिनुहोस् ।

(ज) नेपालमा कृषि वित्तका संस्थागत स्रोतहरूको सूची बनाई कुनै एकको व्याख्या गर्नुहोस् ।

(झ) नेपालमा कृषिको विकासका लागि कृषि विकास बैङ्कको योगदानको समीक्षा गर्नुहोस् ।

(ञ) साहुमहाजन तथा व्यापारीहरूबाट ऋण लिएर कृषि क्षेत्रमा लगानी गर्न उपयुक्त हुन्छ ? कारण दिनुहोस् ।

(३) **लामो उत्तर आउने प्रश्नहरू**

(क) नेपालको कृषि प्रणालीका प्रमुख विशेषताहरू पहिचान गरी कुनै चारको व्याख्या गर्नुहोस् ।

(ख) जीवन निर्वाहको आधार कृषिलाई मान्नुका कारण उल्लेख गर्नुहोस् ।

(ग) कृषिलाई राष्ट्रिय आयको मेरुदण्डका रूपमा लिनुका कारण के के होलान्, समीक्षा गर्नुहोस् ।

(घ) कृषिको आधुनिकीकरणमा देखिएका समस्याहरूको समाधानका लागि के कस्ता उपायहरू अवलम्बन गर्नुपर्ला ? सुझाव दिनुहोस् ।

(ङ) तपाईँको गाउँ समुदायमा कृषिको आधुनिकीकरणमा के कस्ता समस्याहरू रहेका छन् ? स्थानीय कृषकहरूसँग छलफल गरी लेख्नुहोस् ।

(च) नेपालका कृषि बजारका समस्याहरू पहिचान गर्नुहोस् ।

(छ) नेपालको कृषि बजारमा देखिएका समस्याहरूको समाधानका लागि अवलम्बन गर्नुपर्ने उपायहरू के के हुन सक्छन् ? सिफारिस गर्नुहोस् ।

(ज) नेपालमा कृषि वित्तको क्षेत्रमा रहेका समस्याहरू पहिचान गर्नुहोस् ।

(झ) कृषि वित्तमा देखिएका समस्याहरूको समाधान गर्नका लागि उपायहरू सिफारिस गर्नुहोस् ।

## ८.२ सहकारिता

### ८.२.१ सहकारिताको परिचय, सिद्धान्त र महत्त्व

सामान्यतया बोलीचालीका भाषामा सबै मिलेर काम गर्नु नै सहकार्य हो । सहकारिता शब्द सह+कारिता मिली बनेको छ । जसमा सह भनेको मिलेर र कारिता भनेको काम गर्नु भन्ने बुझिन्छ । त्यस्तै सहकारिताको अर्थ धेरै जना एकै साथ मिलेर काम गर्ने भावना भन्ने बुझिन्छ । सहकारी हुनका लागि सहकार्यमा सबैको उद्देश्य एकै हुनुपर्छ । त्यसैले उद्देश्य एकै हुनलाई पेसागत समानता, पुँजीगत समानता, सोचाइ र दृष्टिकोणमा समानता जस्ता पक्षहरू महत्त्वपूर्ण मानिन्छन् । यो एकभन्दा बढी मानिस मिलेर सबैको हितका लागि स्वैच्छाले गरिने कार्य हो । सामान्यतया आर्थिक स्थिति कमजोर भएका व्यक्तिहरू परस्पर मिलेर काम गर्छन् त्यसलाई नै सहकारिता भनिन्छ । यसमा 'प्रत्येक व्यक्ति सबैका लागि र सबै व्यक्तिका लागि प्रत्येक' भन्ने सिद्धान्तलाई लिएको हुन्छ । सहकारीको मूल्य, मान्यता, सिद्धान्त र मर्मअनुरूपको सहकारी हुन निम्न लिखित पक्षहरू समावेश भएको हुनुपर्छ :

(क) सहकारितामा एउटा स्वायत्त संस्थाका माध्यमद्वारा सहकार्य गरिन्छ ।

(ख) त्यस्ता संस्था समान आवश्यकता र उद्देश्य भएका व्यक्तिहरू मिलेर गठन गरिन्छ ।

(ग) यस्ता संस्थाको सदस्य बन्ने नबन्ने व्यक्तिको आफ्नो इच्छामा निर्भर रहन्छ । कसैले कर गरेर सदस्य बन्नुपर्ने बाध्यता हुँदैन ।

(घ) यसको स्वामित्व सामूहिक हुन्छ । कुनै एउटा व्यक्तिको मात्र स्वामित्व हुँदैन । अर्थात् सबै सेयर सदस्य संस्थाका समान दर्जाका मालिक हुन्छन् ।

(ङ) सदस्य बन्न निश्चित रकम सेयरका रूपमा तिर्नुपर्छ र निश्चित जिम्मेवारी वहन गर्नुपर्छ ।

(च) संस्था सरकारले वा अरू कसैले सञ्चालन गरिदिँदैनन् । सदस्यहरू स्वयम् मिली सञ्चालन गर्नुपर्छ । त्यसैले सदस्य मध्येबाटै निर्वाचन (चुनाव) गरी सञ्चालक समिति, लेखा समिति र अन्य आवश्यकताअनुसारका समितिहरू गठन गर्नुपर्छ ।

(छ) संस्थाले सदस्य भित्रमात्र कारोबार गर्नुपर्छ । कुनै सदस्यले खाए, मासे, हिनामिना गरे संस्थाकै निर्णयद्वारा त्यस्तो सदस्यउपर कारबाही गर्नुपर्छ ।

(ज) संस्था सञ्चालन गर्न, विनियम र अन्य नियमहरू पनि सदस्यहरू मिलेर बनाउनुपर्छ ।

(झ) सहकारितामा सबै सदस्यहरूले थोरै थोरै रकम जम्मा गरे पनि संस्थाले सदस्यको हितमा व्यवसाय गर्न सक्छ ।

(ञ) संस्थाको दीर्घकालीन सोच (vision) सदस्यहरूको आर्थिक, सामाजिक, सांस्कृतिक, व्यावसायिक उन्नतिमा सहयोग पुऱ्याउने हुनुपर्छ ।

सहकारीका बारेमा अन्तर्राष्ट्रिय सहकारी महासङ्घले सन् १९९५ मा निम्नानुसारको परिभाषा गरेको पाइन्छ :

सहकारी एक स्वायत्त संस्था हो, जहाँ मानिसहरूको साझा आर्थिक, सामाजिक, सांस्कृतिक समान आवश्यकता र उद्देश्य भएका व्यक्तिहरू मिलेर स्वेच्छाले गठन गरिएको र लोकतान्त्रिक पद्धतिमार्फत सामूहिक रूपमा सञ्चालन र नियन्त्रण हुने व्यवस्था गरिएको हुन्छ । (A cooperative is an autonomous association of persons united voluntarily for the fulfillment of their common economic, social and cultural needs and aspirations through a jointly owned and democratically controlled enterprise.)

यसैगरी सहकारिता ऐन, २०४८ अनुसार कम पुँजी र निम्न आय भएका वर्गका श्रमिक, भूमिहीन तथा बेरोजगार व्यक्तिले सबै साधरण व्यक्तिको आर्थिक तथा सामाजिक विकासका लागि पारस्परिक सहयोगका आधारमा सङ्गठित भई काम गर्छन्, त्यसलाई सहकारिता भनिन्छ ।

सहकारिता भनेको सीमित पुँजी भएका व्यक्तिहरू मिलेर गर्ने सहकार्य हो । यस्तो सहकार्य गर्दा आफूसँग भएको केही पुँजी संस्थामा जम्मा गरिन्छ । यो पुँजीबाट व्यवसाय गर्ने कुशलता, क्षमता र आँट सिर्जना गरी संस्थाकै माध्यमबाट व्यावसायिक एवम् अन्य कारोबार सञ्चालन गरी सदस्य परिवारको आर्थिक, सामाजिक र सांस्कृतिक विकास सम्भव हुन्छ । त्यसैले सहकारी नाफाका लागि व्यापारीले व्यापार, व्यवसाय गर्ने संस्था होइन न त बैङ्क जस्तै गरी बैङ्कको मात्र कारोबार गर्ने संस्था हो । यो समुदायमा आधारित रही, सदस्यकै हितका लागि सदस्य माझ व्यवसाय गर्ने र सदस्यहरूलाई व्यवसायी/उद्यमशील, क्षमतावान् बनाउने कार्यमा निरन्तर सहयोग गर्ने सबल संस्थागत माध्यम हो ।

### ८.२.२ सहकारिताका सिद्धान्तहरू

सहकारिताका मुख्य सिद्धान्तहरू यस प्रकार रहेका छन् :

(क) **स्वैच्छिक तथा खुला सदस्यता** : कुनै पनि सहकारीमा सदस्य बन्नका लागि निर्धारित योग्यता पुगेका कुनै पनि व्यक्तिलाई राजनीतिक, आर्थिक, जातीय, लैङ्गिक विभेद गर्नु नहुने, सदस्य संस्थाको कार्यक्षेत्रभित्र बसोवास गरेको हुनुपर्ने, सदस्यको हैसियतले बहन गर्नुपर्ने जिम्मेवारी बहन गर्न स्वीकार गर्नुपर्ने, संस्थाले उपलब्ध गराउने सेवा उपभोग गर्न तयार हुनुपर्ने, सदस्यले संस्थाको सदस्यता त्याग्न चाहेमा सदस्यता त्यागी अलग हुन सक्ने र कृत्रिम छेकबार/बन्देज लगाई सदस्य बन्नबाट वञ्चित गर्न नहुने जस्ता पक्षहरू पर्छन् ।

(ख) **सदस्यहरूद्वारा प्रजातान्त्रिक नियन्त्रण** : सेयर जतिसुकै खरिद गरे पनि सदस्यहरूद्वारा सदस्यहरूको आर्थिक, सामाजिक विकास गर्ने उद्देश्यले सहकारी गठन हुन्छ । यसमा सदस्यहरूले नै नियन्त्रण गर्नुपर्ने, एक सदस्य एक मतको पद्धति लागु हुने, संस्थाका सबै सदस्यहरू संलग्न हुन पाउने अवस्था रहन्छ । साधारण सभाद्वारा संस्थाको नीति निर्माण गरिने, सहकारीमा साधारण सभा नै सर्वोच्च अङ्ग हुने भएकाले यसले व्यवस्थापिका, कार्यपालिका, र न्यायपालिकाको कार्य सम्पादन गर्छ । सदस्यहरू मध्येबाटै साधारण सभाद्वारा निर्वाचित प्रतिनिधिहरूद्वारा छानिएका सञ्चालक समितिले सहकारी सञ्चालन गर्छ । यसमा सदस्य सदस्यबिच सेवामा विभेद नगरिने र संस्था सञ्चालन कार्यमा संलग्न प्रतिनिधि व्यक्तिगत रूपमा साधारण सदस्यप्रति र सामूहिक रूपमा सञ्चालक समिति प्रति उत्तरदायी हुने व्यवस्था रहन्छ ।

(ग) **सदस्यको आर्थिक सहभागिता** : सहकारी संस्थामा प्रत्येक सदस्यको सानो सानो पुँजी सेयरका रूपमा सङ्कलित हुन्छ । सदस्यको आर्थिक सहभागिताद्वारा व्यावसायिक शक्तिको सिर्जना हुन्छ । साथै सेयर रकमको घटी र बढीले सदस्यहरूको अधिकारमा विभेद गरिँदैन । यसअन्तर्गत मुख्य रूपमा सहकारीलाई आर्थिक कार्य, व्यवसाय गर्ने माध्यमका रूपमा स्वीकार गर्ने, प्रति सेयर समान मूल्य र एउटा सेयर र एकभन्दा बदी सेयर लिने सदस्यको कानुनी हैसियत र स्तर बराबर हुने, सिमित लाभ वितरण गर्ने, सदस्यले गरेका कारोबारका आधारमा संरक्षित पुँजी कोषबाट प्रतिफल पाइने र बचत (नाफा) बाट जगेडा कोष र अन्य कोषहरू खडा गरी प्रभावकारी व्यवस्थापन गर्ने विषयहरू पर्छन् ।

(घ) **स्वायत्तता र स्वतन्त्रता** : सहकारी संस्थाहरू सदस्यहरूद्वारा गठित, सञ्चालित एवम् नियन्त्रित स्वायत्त एवम् स्वतन्त्र हुन्छ । संस्था बाह्य नियन्त्रण, हस्तक्षेपबाट मुक्त हुन्छ । सदस्यहरूद्वारा स्वयम् नियन्त्रण र सन्तुलनको व्यवस्था अर्थात् संस्थामा हिनामिना तथा अन्य गलत कार्य भए सदस्यहरू स्वयम् जिम्मेवार हुन्छन् । साथसाथै संस्थाले अन्य संस्था/व्यक्ति/सरकार सबैसँग निश्चित सर्त र सम्झौताको आधारमा कार्य गर्न सक्ने अधिकार, आफ्ना संस्था सञ्चालन गर्न चाहिने विनियम आफैँ बनाउन सक्ने अधिकार हुन्छ । सहकारी संस्थाले उपयोग गर्ने स्वायत्तता र स्वतन्त्रता प्रचलित ऐन, नियम, सहकारी मूल्य, सिद्धान्तको परिधिमा रही उपयोग गर्नुपर्छ ।

(ङ) **शिक्षा, तालिम र सूचना** : सहकारिका प्रत्येक सदस्यलाई सहकारी सम्बन्धी शिक्षा, तालिम दिएर योग्य र सक्षम बनाउनुपर्छ भन्ने मान्यता यो सिद्धान्तले राख्छ । यसमा संस्थामा हुने प्रत्येक क्रियाकलापको जानकारी सदस्यहरूलाई दिनुपर्छ । संस्थाले सदस्यहरूलाई सहकारी शिक्षा र आवश्यकताअनुरूप व्यावसायिक सिप विकास व्यवस्थापन तालिम प्रदान गर्नुपर्छ । सहकारी शिक्षा कोषको व्यवस्था गर्नुपर्छ । प्रशिक्षित/शिक्षित सदस्यहरूद्वारा संस्थाको समुन्नतिमा योगदान पुऱ्याउनुका साथै संस्थाभित्र र बाहिर सूचना प्रणालीको विकास र युगअनुसारको सूचना प्रदान गर्नुपर्ने हुन्छ ।

(च) **अन्तर सहकारी सहयोग** : एउटै मात्र संस्था स्वयम्मा पूर्ण हुन कठिन हुने भएकाले सहकारीमार्फत साना स्तरमा गरिने व्यावसायिक क्रियाकलापलाई बढाएर निजी क्षेत्रसँग प्रतिस्पर्धा गर्न ऊर्जा विकास गर्न, सहकारी सहकारी बिच परस्पर सहयोग जरुरी हुन्छ । प्रारम्भिक कालदेखि अन्तर्राष्ट्रिय स्तरसम्मका सहकारीहरूबिच सूचना एवम् व्यावसायिक सञ्जालको विकास गर्ने, अन्तरसहयोगका माध्यमबाट अन्य क्षेत्रसँग प्रतिस्पर्धा गर्ने क्षमताको विकास गर्ने र जिल्लास्तरीय विषयगत सङ्घ, जिल्ला सहकारी सङ्घ, केन्द्रीय सङ्घ, राष्ट्रिय सहकारी सङ्घ हुँदै अन्तर्राष्ट्रिय सहकारी महासङ्घसम्मका अन्तरसम्बन्धबाट व्यावसायिक क्रियाकलापको दायरा बिस्तार गर्नुपर्छ ।

(छ) **समुदायप्रति चासो** : सहकारी संस्थाहरू समुदायका अभिन्न अङ्ग भएकाले आफ्ना सदस्यका साथै सामुदायिक क्रियाकलापमा सरिक भई सामुदायिक विकासका कार्यहरू गर्नुपर्छ । यस सिद्धान्तअनुसार समूहको एक पक्ष कमजोर भए अन्य पक्ष पनि कमजोर हुन जान्छन् । अन्तरनिर्भरता भन्ने मान्यतालाई यस सिद्धान्तले स्वीकारेको छ । यी संस्थाहरू समूहको हितका लागि गठन हुने भएकाले समुदाय प्रतिको सेवाले संस्थामा सकारात्मक प्रभाव पार्ने भएकाले वृक्षारोपण, शिक्षा, स्वास्थ्य, परिवार नियोजन, सरसफाइ, खानेपानी, कुलो, पाठशाला, धार्मिक सांस्कृतिक पर्वहरूमा चासो राख्ने र सहयोग बढाउने, आकस्मिक दुर्घटना/दैवी प्रकोपका समयमा उद्धार र पुनर्स्थापनाका कार्यमा सहभागिता बढाउनुपर्छ ।

### ८.२.३ सहकारीताको महत्त्व

सहकारीको महत्त्व आज दिन प्रतिदिन बढदै गएको छ । मुलुकमा सहकारीको विकास, विस्तार र प्रवर्धनका लागि प्रारम्भिक तहदेखि राष्ट्रिय तहसम्मका सङ्गठनात्मक संरचनाको निर्माण भइसकेको छ । कृषि, वित्त, स्वास्थ्य, शिक्षा, यातायात, सञ्चार, विद्युत्, आवास, पर्यटन, बिमा जस्ता क्षेत्रहरूमा सहकारी पद्धतिबाट उद्योग व्यवसाय गर्ने आकर्षण बढ्दै गएको छ । ग्रामीण क्षेत्रका लक्षित समुदायका अनौपचारिक समूहहरू सहकारी प्रति आकर्षित हुनु सहकारी क्षेत्रको उपलब्धिका रूपमा लिन सकिन्छ । सहकारीमार्फत देशको आर्थिक तथा सामाजिक विकासमा योगदान पुऱ्याउन राष्ट्रिय तथा अन्तर्राष्ट्रिय निकायहरूको सहयोग परिचालन हुने यथेष्ट सम्भावना पनि छन् । सामाजिक एकीकरण, गरिबी न्यूनीकरण, उत्पादनशील रोजगारीको सिर्जना, मर्यादित एवम् सकारात्मक श्रम सम्बन्ध, वातावरण संरक्षण, समतामूलक समावेशी समाजको निर्माण, उद्यमशीलताको विकास, स्वच्छ र प्रतिस्पर्धी

व्यावसायिक वातावरणको सिर्जना, उत्पादनमा वृद्धि जस्ता उपलब्धि हासिल गरी देशको सामाजिक तथा आर्थिक विकासमा सहकारी क्षेत्रबाट योगदान पुऱ्याउन उद्योग व्यवसायमा सहकारीको व्यावहारिक प्रयोगका लागि राष्ट्रिय सहकारी नीतिको अपरिहार्यता महसुस गरिएको छ ।

## ८.२.४ नेपालमा सहकारिता

(क) **नेपालमा सहकारिताको विकास** : नेपालमा प्राचीन कालदेखि नै सहकारिताको भावनाअनुरूप नै सामूहिक रूपमा काम गर्ने प्रचलनको विकास भएको मानिन्छ । धर्म भकारी, पर्मा, गुठी र ढिकुरी जस्ता सामूहिक क्रियाकलापहरूलाई सहकारिताका उदाहरणको रूपमा लिन सकिन्छ । यसरी मानिसलाई एक अर्कोलाई आवश्यकता परेका बेलामा आवश्यक सहयोग आदानप्रदान तथा सामूहिक रूपमा सहयोग गर्ने चलन रहेको पाइन्छ । वि. सं. २०१० सालमा सहकारी विभागको स्थापना भएपछि नेपालमा सहकारी क्षेत्रको विकास आरम्भ भएको हो । वि. सं. २०१३ साल चैत २० गते पहिलो सहकारीका रूपमा चितवन जिल्लामा 'बखान ऋण सहकारी समिति' को गठन गरिएको थियो । नेपालमा वि. सं. २०१६ सालमा पहिलो पटक सहकारी ऐन जारी भएको हो । वि. सं. २०४६ साल अगाडिसम्म अनुकूल राजनीतिक वातावरणका अभावले सहकारी क्षेत्रको अपेक्षित विकास हुन सकेको थिएन । प्रजातन्त्रको पुनर्स्थापनापछि सहकारीका अन्तर्राष्ट्रिय रूपमा स्वीकार गरिएका मूल्य र सिद्धान्तहरूको पृष्ठभूमिमा सहकारी ऐन, २०४८ जारी भयो र स्वःस्फूर्त रूपमा देशभरि सहकारी सङ्घसंस्थाहरूको विकास तथा विस्तार हुने वातावरण बन्यो । सहकारी सङ्घसंस्थाहरूको गठन, सञ्चालन र नियमनका लागि सहकारी ऐन, २०४८ र सहकारी नियमावली, २०४९ प्रचलनमा रहेका छन् । यसैगरी सहकारी क्षेत्रको विकासमा सघाउ पुऱ्याउन नीतिगत पृष्ठपोषण, अध्ययन तथा अनुसन्धान, प्रवर्धन र समन्वयको भूमिका निर्वाह गर्ने गरी राष्ट्रिय सहकारी विकास बोर्ड ऐन, २०४९ अनुसार राष्ट्रिय सहकारी विकास बोर्डको गठन पनि गरिएको छ । यसका अतिरिक्त राष्ट्रिय कृषि नीति, २०६१ र कृषि व्यवसाय प्रवर्धन नीति, २०६३ ले पनि कृषि क्षेत्रको विकासका लागि सहकारी पद्धतिको प्रयोग र विकासलाई जोड दिएको छ ।

(ख) **वर्तमान स्थिति** : नेपालको संविधानको धारा ५१ (घ) (१) मा 'सार्वजनिक, निजी र सहकारी क्षेत्रको सहभागिता र स्वतन्त्र विकासमार्फत राष्ट्रिय अर्थतन्त्र सुदृढ गर्ने' भन्ने नीति रहेको छ । हालसम्म मुलुकमा करिब २७ हजार प्रारम्भिक सहकारी संस्थाहरू, ६६ ओटा जिल्ला सहकारी सङ्घहरू, १५७ ओटा विषयगत जिल्ला सहकारी सङ्घहरू, १६ ओटा विषयगत केन्द्रीय सङ्घहरू, २९ ओटा शाखाहरूसहित एक राष्ट्रिय सहकारी बैङ्क र सबैभन्दा माथिल्लो सङ्घका रूपमा राष्ट्रिय सहकारी सङ्घको स्थापना भइसकेको छ । सहकारीमा ३८ लाखभन्दा बढी नेपाली नागरिकहरू सदस्यका रूपमा जोडिएका छन् । सहकारीका सदस्यहरूमा महिलाको सहभागिता ४० प्रतिशतभन्दा पनि बढी रहनुले महिला सशक्तीकरणमा सहकारीले पुऱ्याएको योगदान उल्लेखनीय रहेको छ ।

### ८.२.५ सहकारी कार्यालय

सहकारी क्षेत्रको विकास, बिस्तार र प्रवर्धनमा प्रभावकारी भूमिका निर्वाह गर्न नेपाल सरकारले २०६९ साल जेठ ५ गते सहकारी तथा गरिबी निवारण मन्त्रालयको स्थापनासमेत गरेको छ । सहकारी सङ्घसंस्थाहरूको सञ्चालन र व्यवस्थापनलाई प्रभावकारी बनाउन सहकारी विभागबाट मापदण्ड जारी गरी सोको आधारमा सीमित रूपमा भए पनि अनुगमन तथा नियमन गर्ने गरिएको छ । सहकारीमार्फत बचत परिचालन तथा लगानी अभिवृद्धि गर्दै सहकारीलाई मुलुकको आर्थिक, साम(ाजिक तथा सांस्कृतिक विकासको महत्त्वपूर्ण माध्यम बनाउने एवम् गरिबी निवारण, रोजगारी सिर्जना तथा ग्रामीण विकासमा सहकारीलाई प्राथमिकताका साथ अघि बढाउने लक्ष्यसहित सहकारी सम्बन्धी विविध कार्यक्रमहरू तर्जुमा गरी कार्यान्वयनमा ल्याइएको छ ।

### ८.२.६ नेपालमा सहकारिताका समस्याहरू

नेपालमा सहकारी क्षेत्रको विकासका लागि बिगतमा धेरै प्रयासहरू गरिएका भए तापनि अपेक्षित उपलब्धि हासिल हुन सकेको छैन । सहकारीका क्षेत्रमा हाल देखिएका समस्याहरू यस प्रकार रहेका छन् :

(क) राष्ट्रिय सहकारी नीतिको तर्जुमा हुन नसक्दा सहकारी क्षेत्रको बहुआयामिक विकासका लागि स्पष्ट मार्ग चित्रको अभाव रहेको

(ख) प्रचलित सहकारी ऐनमा समयसापेक्ष परिमार्जन हुन नसकेकाले सहकारी सङ्घसंस्थाहरूको दर्ता, सञ्चालन, अनुगमन र नियमन सम्बन्धी कार्यहरूमा प्रभावकारिता ल्याउन नसकिएको

(ग) स्वःनियमनको अभ्यासका लागि हालका व्यवस्थाहरू प्रभावकारी नभएकाले सहकारीमा सुशासन सुनिश्चित गर्न नसकिएको

(घ) वित्तीय कारोबार गर्ने सहकारी सङ्घसंस्थाहरू र सहकारी बैङ्कका लागि स्पष्ट कानुनी व्यवस्था हुन नसक्दा सहकारीमार्फत हुने वित्तीय कारोबारलाई व्यवस्थित, सुरक्षित र भरपर्दो बनाउन कठिनाइ भएको

(ङ) मुलुकमा सहकारीको प्रवर्धनका लागि आवश्यक पर्ने औपचारिक सहकारी शिक्षा, तालिम तथा व्यवस्थित सहकारी सूचना प्रणालीको उपयुक्त विकास हुन नसकेको

(च) सहकारी क्षेत्रलाई दिइने अनुदान, ऋण र कर छुटका सुविधाहरूका विषयमा नीतिगत स्पष्टताको खाँचो छ । उत्पादनशील क्षेत्रहरूमा सहकारीको योगदान बढाउन नसक्दा स्वरोजगारमूलक वातावरण सिर्जना हुन नसकी श्रम शक्ति तथा प्रतिभाहरू पलायन हुने क्रम न्यून गर्न नसकिएको

(छ) क्षेत्रगत नीति र कार्यक्रमहरूका अभावमा तुलनात्मक लाभका उद्योग व्यवसायहरूमा सहकारी पद्धतिको उपयोग हुन नसकेको

(ज) सहकारी क्षेत्रको विकास र विस्तारका लागि प्रशासनिक जिम्मेवारी बोकेको सहकारी विभागको संस्थागत सुदृढीकरण हुन नसकेको

(झ) सहकारीका विभिन्न तहका सङ्घहरूले सहकारी क्षेत्रको विकास, व्यवस्थापन र व्यवसायलाई प्रवर्धन गर्ने काममा प्रभावकारी भूमिका निर्वाह गर्न नसकेको ।

### २.२.७ नेपालमा सहकारिताका समस्या समाधानका उपायहरू

नेपालमा विभिन्न खालका सहकारीहरू सञ्चालनमा रहेका छन् । सहकारीको महत्त्वपूर्ण भूमिका हुँदाहुँदै पनि यस क्षेत्रमा विभिन्न समस्याहरू रहेका छन् । सहकारिताका समस्याहरू समाधानका लागि अथवा सहकारितालाई प्रभावकारी बनाउनका लागि तपसिलका उपायहरू अवलम्बन गर्न सकिन्छ :

(क) शिक्षा, तालिम र सूचनाका माध्यमबाट सहकारीको संस्थागत क्षमता विकास र सहकारी सम्बन्धी जनचेतना अभिवृद्धि गर्ने

(ख) कृषि क्षेत्रलगायत अन्य उत्पादन तथा सेवामा आधारित सबै प्रकारका व्यवसायमा सहकारीलाई क्रियाशील तुल्याउने

(ग) महिला, गरिब, सीमान्तकृत, अपाङ्ग, भूमिहीन तथा पिछडिएका वर्ग र श्रमिकहरूका साथै आम नागरिकहरूको जीवनस्तरमा सुधार ल्याउन सहकारीको पहुँच अभिवृद्धि गर्ने

(घ) सहकारी प्रवर्धित उद्योग व्यवसायको विकास तथा बिस्तार गर्दै सहकारी क्षेत्रलाई प्रभावकारी, प्रतिस्पर्धी एवम् गुणस्तरीय बनाउने

(ङ) सहकारीको निर्दिष्ट मूल्य र सिद्धान्तहरूको अभ्यास गर्दै प्रभावकारी व्यवस्थापन विधिको अवलम्बन तथा नियमनमार्फत सहकारी क्षेत्रमा सुशासन कायम गर्ने

(च) सहकारी उद्योग व्यवसायहरूको विकास, बिस्तार र प्रवर्धन गर्न सरकार, सहकारी, निजीक्षेत्र तथा विकास साझेदारहरूबिच सहकार्य र सहयोगलाई प्रवर्धन गर्ने

(छ) सहकारीको विकास, बिस्तार र प्रवर्धनका लागि दीर्घकालीन योजना, मानव संसाधन विकास, आवश्यक सङ्गठन संरचनाहरूको निर्माण एवम् कानुनी व्यवस्थाहरू गर्ने

(ज) सहकारी सङ्घ संस्थाहरूको निरीक्षण मापदण्ड निर्माण गरी कार्यान्वयन गर्ने ।

## अभ्यास

१. **धेरै छोटो उत्तर आउने प्रश्नहरू**

(क) सहकारी भनेको के हो ?

(ख) सहकारी हुनका लागि समावेश हुनुपर्ने कुनै एक पक्ष उल्लेख गर्नुहोस् ।

(ग) नेपालमा सहकारी ऐन कहिले जारी भएको हो ?

(घ) सहकारीका सम्बन्धमा नेपालको संविधानले के कस्तो नीति लिएको छ ?

२. **छोटो उत्तर आउने प्रश्नहरू**

(क) सहकारीको महत्त्व उल्लेख गर्नुहोस् ।

(ख) सहकारीको मूल्य मान्यता र सिद्धान्तमा आधारित सहकारीमा के कस्ता पक्षहरू समावेश भएको हुनुपर्छ ?

(ग) नेपालको ग्रामीण क्षेत्रमा सामाजिक, आर्थिक, सांस्कृतिक, एवम् व्यावसायिक विकास गर्न के कस्ता पक्षमा जोड दिनुपर्ला, उल्लेख गर्नुहोस् ।

(घ) सहकारीको विकासका लागि के कस्ता समस्याहरू रहेका छन्, पहिचान गर्नुहोस् ।

(ङ) नेपालमा सहकारिताको विकासक्रमको समीक्षा गर्नुहोस् ।

३. **लामो उत्तर आउने प्रश्नहरू**

(क) सहकारिताका सिद्धान्तहरू के के हुन सक्छन्, विवेचना गर्नुहोस् ।

(ख) 'विकासका लागि प्रत्येक गाँउ टोलमा सहकारीको आवश्यकता पर्छ' यस भनाइको समीक्षा गर्नुहोस् ।

(ग) नेपालमा सहकारितालाई प्रभावकारी बनाउन के कस्ता उपायहरू अवलम्बन गर्नुपर्ला ?

(घ) नेपालमा सहकारीको विद्यमान अवस्थाको समीक्षा गर्नुहोस् ।

(ङ) सहकारिताका सबल र कमजोर पक्षबिच तुलना गर्नुहोस् ।

(च) तपाईंको गाँउ समुदायमा सहकारिताको विकासका लागि गर्नुपर्ने सुझावहरू समावेश गरी स्थानीय पत्रिकाका लागि एक समाचार तयार गर्नुहोस् ।

## ८.३ उद्योग

### ८.३.१ उद्योगको वर्गीकरण र परिचय

नेपालको आयातमा आधारित अर्थतन्त्रलाई उत्पादन र निर्यातमुखी अर्थतन्त्रमा रूपान्तरण गरी व्यापार घाटा कम गर्न उद्योग क्षेत्रको महत्त्वपूर्ण भूमिका हुन्छ । यस क्षेत्रले स्थानीय स्रोत साधन र प्रविधिको उपयोग, वस्तु तथा सेवाको उपलब्धता र रोजगारी सिर्जनामा सहयोग पुऱ्याएको छ । आर्थिक वर्ष २०७२/७३ मा नेपालको कुल गार्हस्थ उत्पादनमा उद्योग क्षेत्रको योगदान ५.७२ प्रतिशत पुगेको छ । औद्योगिक क्षेत्रलाई टेवा पुऱ्याउने उद्देश्यले नेपाल सरकारले औद्योगिक व्यवसाय ऐन, २०७३ कार्यान्वयनमा ल्याएको छ । यस ऐनअनुसार नेपालका उद्योगहरूलाई निम्नानुसार वर्गीकरण गरिएको छ :

(**क**) **लघु उद्यम** : घर जग्गाबाहेक बढीमा पाँच लाख रुपियाँसम्मको स्थिर पुँजी रहेको, उद्यमी स्वयम् उद्योगको सञ्चालन र व्यवस्थापनमा संलग्न रहेको उद्यमीसहित बढीमा नौ जनासम्म कामदार रहेको, वार्षिक कारोबार पचास लाख रुपियाँभन्दा कम रहेको, र इन्जिन, उपकरण वा मेसिनको प्रयोग गरेको भएमा इन्जिन, उपकरण वा मेसिनमा खपत हुने विद्युतीय ऊर्जा, इन्धन वा अन्य तेल इन्जिन क्षमता बिस किलोवाट वा सोभन्दा कम रहेको उद्योगलाई लघु उद्यम भनिन्छ । उद्योग दर्ता गर्नुअघि उद्योग तथा लगानी प्रवर्धन बोर्डबाट स्वीकृति/अनुमति लिनुपर्ने उद्योगलाई लघु उद्यमअन्तर्गत समावेश गरिँदैन ।

(ख) **घरेलु उद्योग** : परम्परागत सिप र प्रविधिमा आधारित उद्योग, श्रममूलक र खास सिप वा स्थानीय कच्चा पदार्थ एवम् स्थानीय प्रविधि, कला तथा संस्कृतिमा आधारित उद्योग, इन्जिन, उपकरण वा मेसिनको प्रयोग गरेको भएमा बढीमा दश किलोवाटसम्मको क्षमताको विद्युतीय ऊर्जा प्रयोग गरेका उद्योग घरेलु उद्योगअन्तर्गत पर्छन् ।

(ग) **साना उद्योग** : लघु उद्यम र घरेलु उद्योगबाहेकका दश करोड रुपियाँसम्म स्थिर पुँजी भएका उद्योगलाई साना उद्योग भनिन्छ ।

(घ) **मझौला उद्योग** : दश करोड रुपियाँभन्दा बढी पच्चिस करोड रुपियाँसम्म स्थिर पुँजी भएको उद्योगलाई मझौला उद्योग भनिन्छ ।

(ङ) **ठुला उद्योग** : पच्चिस करोड रुपियाँभन्दा बढी स्थिर पुँजी भएका उद्योगलाई ठुला उद्योग भनिन्छ ।

माथि उल्लिखित उद्योगलाई यी उद्योगबाट उत्पादन हुने वस्तु वा सेवाको प्रकृतिका आधारमा देहायबमोजिम वर्गीकरण गरिएको छ :

(क) **ऊर्जामूलक उद्योग** : ऊर्जा उत्पादन गर्ने व्यवसायमा संलग्न उद्योगहरू ऊर्जामूलक उद्योग हुन् । यसअन्तर्गत जलस्रोत, वायु, सौर्यशक्ति, कोइला, प्राकृतिक तेल र इन्धन वा ग्याँस, बायोग्याँस वा अन्य स्रोतहरूबाट ऊर्जा उत्पादन गर्ने उद्योग, त्यस्तो ऊर्जा उत्पादन गर्न प्रयोग गरिने मेसिन/उपकरण निर्माण गर्ने उद्योग पर्छन् । सञ्चालनका लागि स्वीकृति प्राप्त यस्ता उद्योगहरूको सङ्ख्या हाल २८३ ओटा रहेको छ ।

(ख) **उत्पादनमूलक उद्योग** : कच्चा पदार्थ, सहायक कच्चा पदार्थ वा अर्ध प्रशोधित कच्चा पदार्थको प्रयोग वा प्रशोधन गरी मालवस्तु उत्पादन गर्ने उद्योगलाई उत्पादनमूलक उद्योग भनिन्छ ।

(ग) **कृषि तथा वन पैदावारमा आधारित उद्योग** : कृषि वा वन पैदावारमा आधारित कच्चा पदार्थबाट कुनै वस्तु उत्पादन गर्ने वा कृषि वा वन पैदावारसँग सम्बन्धित उद्योगलाई कृषि तथा वन पैदावारमा आधारित उद्योग भनिन्छ ।

(घ) **खनिज उद्योग** : खनिज उत्खनन् वा प्रशोधन गरी कुनै धातु वा धातुबाहेकका खनिज पदार्थ उत्पादन गर्ने उद्योग खनिज उद्योगअन्तर्गत पर्छन् ।

(ङ) **निर्माण उद्योग** : भौतिक पूर्वाधार निर्माण गरी सञ्चालन गर्ने उद्योग निर्माण उद्योगअन्तर्गत पर्छन् ।

(च) **पर्यटन उद्योग** : पर्यटन सेवासँग सम्बन्धित उद्योगलाई पर्यटन उद्योग भनिन्छ ।

(छ) **सूचना, प्रसारण तथा सञ्चार प्रविधिमा आधारित उद्योग** : यसअन्तर्गत सूचना सङ्कलन, प्रशोधन र प्रसारणका लागि प्रविधि प्रयोग गरी सूचना, सञ्चार वा सूचना प्रविधिको सेवा उपलब्ध गराउने उद्योग पर्छन् ।

(ज) **सेवामूलक उद्योग**: यसअन्तर्गत सेवा उत्पादन वा प्रदान गर्ने उद्योग पर्छन् ।

### ८.३.२ नेपालमा उद्योगको महत्त्व, समस्या र समाधानका उपायहरू

(क) **घरेलु तथा साना उद्योग महत्त्व :** नेपालमा आ. व. २०७३/०७४ को पहिलो आठ महिनासम्ममा घरेलु तथा साना उद्योग विभाग र घरेलु तथा साना उद्योग विकास समितिअन्तर्गत देशभर २ लाख ७० हजार ९ सय ८८ घरेलु तथा साना उद्योग दर्ता भएका छन् । नेपाल जस्ता विकासोन्मुख देशमा पुँजी, दक्ष जनशक्ति, यातायात र सञ्चार सुविधाको अभावका कारण मझौला तथा ठुला उद्योगको तुलनामा घरेलु तथा साना उद्योगको विकास तथा प्रवर्धनको सम्भावना राम्रो रहेको छ । घरेलु तथा साना उद्योगले रोजगारीका अवसरमा वृद्धि गर्न, स्थानीय साधन र स्रोतको सदुपयोग गरी जनताको जीवनस्तरमा सुधार ल्याउन महत्त्वपूर्ण भूमिका खेल्छ । नेपालमा घरेलु तथा साना उद्योगको महत्त्वलाई यस प्रकार उल्लेख गर्न सकिन्छ :

१. कम पुँजी लगानीमा सजिलै स्थापना गर्न

२. रोजगारीका अवसरमा वृद्धि गर्न

३. फुर्सदको समयको उपयोग गरी आम्दानी वृद्धि गर्न

४. कृषि क्षेत्रमा रहेको जनसङ्ख्याको चाप र लुकेको बेरोजगारी कम गर्न

५. स्थानीय कला, सिप र संस्कृतिको संरक्षण गर्न

६. अन्तर्राष्ट्रिय जगत्मा नेपालको प्रसिद्धि बिस्तार गर्न

७. स्थानीय कच्चा पदार्थको उपयोग गर्न

८. वैदेशिक मुद्रा आर्जन गर्न

९. जनताको जीवनस्तरमा सुधार ल्याउन

१०. क्षेत्रीय असन्तुलन कम गर्न

११. राष्ट्रिय आय र सरकारी आयमा वृद्धि गर्न ।

(ख) **घरेलु तथा साना उद्योगका समस्याहरू** : नेपालको अर्थतन्त्रमा घरेलु तथा साना उद्योगको महत्त्वपूर्ण स्थान भए पनि यी उद्योगहरू समस्यामुक्त भने छैनन् । नेपालका घरेलु तथा साना उद्योगहरूले भेल्नु परेका मुख्य समस्याहरू यस प्रकार छन् :

१. सरकारी संरक्षणको अभाव

२. आधुनिक प्रविधि, ज्ञान र सिपको प्रयोग हुन नसक्नु

३. प्रतिस्पर्धात्मक क्षमताको अभाव

४. सहुलियतपूर्ण ऋण सुविधाको कमी

५. दक्ष र तालिम प्राप्त जनशक्तिको अभाव

६. सानो र प्रतिस्पर्धी बजार

७. यातायात तथा सञ्चार सुविधा र प्रचारप्रसारको अभाव ।

(ग) **घरेलु तथा साना उद्योगका समस्या समाधानका उपायहरू :** नेपालमा घरेलु तथा साना उद्योगको विकास तथा प्रवर्धन हुन नसक्नुमा विभिन्न किसिमका समस्याहरू रहेका छन् । ती समस्याहरूको सामाधान गर्न देहायका उपायहरू अवलम्बन गर्न सकिन्छ :

१. घरेलु तथा साना उद्योगमैत्री अल्पकालीन र दीर्घकालीन नीतिको तर्जुमा र कार्यान्वयन गर्ने घरेलु तथा साना उद्योगलाई विदेशबाट आयातित कम मूल्यका वस्तुसँगको प्रतिस्पर्धाको समस्याबाट बचाउन यस्ता उद्योगहरूको संरक्षण गर्ने नीति अवलम्बन गर्ने

२. घरेलु तथा साना उद्योगको विकासमा काम गर्ने विभिन्न सरकारी र गैरसरकारी संस्थाहरूबिच समन्वयको व्यवस्था मिलाउने

३. घरेलु तथा साना उद्योगहरूलाई सहुलियत दरको ऋृणको व्यवस्था गर्ने

४. राष्ट्रिय र अन्तर्राष्ट्रिय स्तरमा घरेलु तथा साना उद्योगहरूबाट उत्पादित वस्तुको प्रचार प्रसार गरी बजार प्रवर्धन गर्ने

५. यातायात तथा सञ्चारको सुविधा बिस्तार गर्ने

६. घरेलु तथा साना उद्योगमा कार्यरत जनशक्तिको क्षमता अभिवृद्धि गर्ने आदि ।

(घ) **मझौला तथा ठुला उद्योगको महत्त्व :** दश करोड रुपियाँभन्दा बढी पच्चिस करोड रुपियाँसम्म स्थिर पुँजी भएका उद्योगलाई मझौला उद्योग भनिन्छ भने पच्चिस करोड रुपियाँभन्दा बढी स्थिर पुँजी भएका उद्योगलाई ठुला उद्योग भनिन्छ । यसबाट के प्रस्ट हुन्छ भने मझौला तथा ठुला उद्योगको सञ्चालनका लागि ठुलाठुला यन्त्र उपकरण, धेरै सङ्ख्यामा दक्ष र अर्धदक्ष जनशक्ति, ठुलो मात्रामा पुँजी लगाानीको आवश्यकता पर्छ । मझौला तथा ठुला उद्योगले ठुलो परिमाणमा वस्तु वा सेवा उत्पादन गर्छन् । यस्ता उद्योग व्यक्तिगत, साझेदारी र सयुक्त पुँजी कम्पनी हुन सक्छन् । यस्ता उद्योगहरूका लागि उपयुक्त सङ्गठनको आवश्यकता पर्छ । यस्ता उद्योगहरू ठुलो लगानीमा खोलिने र उत्पादन पनि धेरै हुने भएकाले बजारको व्यापकता आवश्यकता पर्छ ।

कुनै पनि देशको आर्थिक विकासका लागि मझौला तथा ठुला उद्योगको आवश्यक्ता पर्छ । देशमा यस्ता उद्योगको विकासले एकातिर रोजगारीका अवसरमा वृद्धि हुन जान्छ भने अर्को तिर आवश्यकीय वस्तु तथा सेवाको पूर्ति हुन जान्छ साथै अप्रत्यक्ष रूपमा कृषि क्षेत्रको विकासलाई टेवा पुग्छ । देशमा गरिबी कम गर्नका लागि उद्योगहरूको महत्त्वपूर्ण भूमिका हुन्छ । नेपालमा मझौला तथा ठुला उद्योगहरूको महत्त्वलाई निम्नानुसार उल्लेख गर्न सकिन्छ :

१. रोजगारीका अवसरमा वृद्धि गर्न

२. कृषिमा आधुनिकीकरण र व्यावसायीकरणद्वारा कृषि क्षेत्रको विकास गर्न

३. देशमा उपलब्ध प्राकृतिक स्रोत र मानव संसाधनको सदुपयोग गर्न

४. देशको आर्थिक विकासका लागि आधार प्रदान गर्न

५. जनताको जीवनस्तरमा वृद्धि गर्न

६. देशलाई औधोगिक उत्पादनमा आत्म निर्भर बनाउन

७. देशको पुँजी विदेश पलायन हुनबाट रोक्न

८. आयात प्रतिस्थापन र निर्यात वृद्धि गरी विदेशी मुद्रा आर्जन गर्न

९. देशलाई आत्म निर्भर बनाउन

१०. देशमा उच्च आर्थिक वृद्धिदर कायम गर्न

११. सरकारी आम्दानीमा वृद्धि गर्न ।

(ङ) **मझौला तथा ठुलो उद्योगका समस्याहरू :** नेपालमा मझौला तथा ठुला उद्योगहरूको महत्त्व र राम्रो सम्भावना हुँदाहुँदै पनि यी उद्योगहरूको समुचित विकास हुन सकेको छैन । यी उद्योगको विकासमा देखापरेका अर्थात् यी उद्योगले सामना गर्नुपरेका समस्याहरूलाई निम्न लिखित बुँदामा समेट्न सकिन्छ :

१. औद्योगिक पूर्वाधार (यातायात, विद्युत्, खानेपानी, सञ्चार, सुरक्षा आदि) को अभाव

२. ठुलो मात्रामा पुँजी लगानी गर्ने स्वदेशी पुँजी लगानी कर्ता/उद्यमीहरूको अभाव

३. आवश्यक मात्रामा औद्योगिक कच्चा पदार्थको अभाव

४. स्वदेशी दक्ष प्राविधिक जनशक्तिको कमी

५. स्थिर सरकार र शान्ति सुरक्षासहितको लगानीमैत्री वातावरणको अभाव

६. भूपरिवेष्ठित मुलुक, खुला सीमाना र सीमित बजार

७. विदेशी वस्तुहरूसँगको अस्वस्थ प्रतिस्पर्धा

८. पर्याप्त पुँजी, अत्याधुनिक मेसिन, यन्त्र, उपकरण, आदिको अभाव ।

(च) **मझौला तथा ठुलो उद्योगका समस्या समाधानका उपायहरू :** नेपालमा मझौला तथा ठुला उद्योगहरूको विकासबिना देशको विकास सम्भव छैन । यसका बाबजुद मझौला उद्योगका क्षेत्रमा विविध समस्याहरू रहेका छन् । ती समस्याहरूको सामाधानका लागि तपसिल अनुसारका उपायहरू अवलम्बन गर्नुपर्छ :

१. स्थिर सरकारको गठन, शान्ति सुरक्षाको प्रत्याभूति, बन्द, हड्ताल र कार्टेलिङरहित उद्योगमैत्री लगानी नीतिको तर्जुमा र त्यसको प्रभावकारी कार्यान्वयनको व्यवस्था गरी स्वदेशी र विदेशी लगानी मैत्री वातावरण तयार गर्ने

२. आधारभूत औद्योगिक पूर्वाधार, जस्तै : जमिन, भवन, सडक, विद्युत्, पानी, ढल आदि एकीकृत रूपमा उपलब्ध गराई देशका सात ओटै प्रदेशमा औद्योगिक क्षेत्रको विकास र बिस्तार गर्ने

३. औद्योगिक क्षेत्रमा सुमधुर श्रम सम्बन्ध कायम राख्दै प्रतिस्पर्धी र गुणस्तरीय वस्तु र सेवाको उत्पादन वृद्धि गरी निर्यात प्रवर्धन गर्ने

४. औद्योगिक कच्चा पदार्थको उत्पादन र सहज आपूर्तिको व्यवस्था मिलाउने

५. मझौला तथा ठुला उद्योगहरूका लागि बढी इन्धनको आवश्यकता पर्ने र यसका लागि विदेशबाट आयातित कोइला र पेट्रोलियम पदार्थको प्रयोग हुँदै आएकामा पर्याप्त इन्धनको उपलब्धताका लागि नेपालमै जलविद्युत्को उत्पादन बढाउने

६. मझौला तथा ठुला उद्योगहरू स्थापनाका लागि पर्याप्त पुँजीको आवश्यकता पर्ने हुँदा देशको आन्तरिक पुँजी परिचालन गर्न र विदेशी पुँजीलाई आकर्षित गर्नका लागि विभिन्न किसिमका योजनाहरू विकास गर्ने र उद्यमीहरूलाई सहुलियतपूर्ण ऋण र अन्य सुविधाको व्यवस्था गर्ने ।

## अभ्यास

### १. धेरै छोटो उत्तर आउने प्रश्नहरू

(क) घरेलु उद्योग भनेको के हो ?

(ख) कस्ता उद्योगलाई साना उद्योग भनिन्छ ?

(ग) कुनै पनि उद्योग मझौला उद्योग हुनका लागि स्थिर पूँजी कति हुनुपर्छ ?

(घ) ठुला उद्योगको परिचय दिनुहोस् ।

(ङ) नेपालको राष्ट्रिय अर्थतन्त्रमा औद्योगिक क्षेत्रको योगदान कति छ ?

(च) कस्ता उद्योगलाई निर्यातमूलक उद्योग भनिन्छ ?

### २. छोटो उत्तर आउने प्रश्नहरू

(क) नेपालमा घरेलु तथा साना उद्योगको आवश्यकता किन छ ? कुनै चार कारणहरू लेख्नुहोस् ।

(ख) किन  घरेलु तथा साना उद्योगलाई विदेशी मुद्रा आर्जनको आधार भनिन्छ ?

(ग) नेपालमा मझौला तथा ठुला उद्योगको महत्त्व कुनै चार बुँदामा उल्लेख गर्नुहोस् ।

### (ग) लामो उत्तर आउने प्रश्नहरू

(क) नेपालका घरेलु तथा साना उद्योगका समस्याहरू पहिचान गर्नुहोस् र समस्या समाधानका उपायहरू बताउनुहोस् ।

(ख) 'बजारको व्यवस्थाबिना नेपालमा घरेलु तथा साना उद्योगको विकास गर्न सकिँदैन', समीक्षा गर्नुहोस् ।

(ग) नेपालमा मझौला तथा ठुला उद्योगका समस्याहरूको समीक्षा गर्नुहोस् ।

(घ) नेपालमा मझौला तथा ठुला उद्योगको क्षेत्रमा देखिएका समस्याहरूको समाधानका लागि के कस्ता कार्यहरू अवलम्बन गर्नुपर्ला ? सुझाव दिनुहोस् ।

(ङ) तपाईँको गाउँ/नगर/प्रदेशमा रहेका लघु उद्योग, घरेलु उद्योग, साना उद्योग, मझौला उद्योग र ठुला उद्योगहरूको पहिचान गर्नुहोस् । प्रत्येक प्रकारका उद्योगको एक एक ओटा नाम, महत्त्व, समस्या र समाधानका उपायहरू तालिका बनाई उल्लेख गर्नुहोस् :

| उद्योगका प्रकार | नाम | महत्त्व | समस्या | समस्या समाधानका उपाय |
|---|---|---|---|---|
| | | | | |

## ८.४ पर्यटन उद्योग

### ८.४.१ परिचय

मानिसहरू विभिन्न उद्देश्यले एक ठाउँबाट अर्को ठाउँमा घुमफिर गर्ने कार्यलाई पर्यटन भनिन्छ । पर्यटन गर्नुका उद्देश्यहरूमा मनोरञ्जन, तीर्थाटन, पर्वतारोहण, दृश्यावलोकन, व्यापार, अध्ययन, सभा, सम्मेलन आदि हुनसक्छन् । यसरी विभिन्न उद्देश्यले पर्यटन गर्ने मानिसलाई पर्यटक भनिन्छ । यदि कुनै देशका नागरिक आफ्नै देशभित्र पर्यटन गर्छन् भने तिनीहरूलाई आन्तरिक पर्यटक भनिन्छ । त्यस्तै एउटा देशका नागरिक अर्को देशमा गएर पर्यटन गर्छन् भने तिनीहरूलाई बाहय पर्यटक भनिन्छ । पर्यटन सेवासँग सम्बन्धित उद्योग अथवा पर्यटकहरूलाई सेवा सुविधा उपलब्ध गराउने उद्देश्यले स्थापना गरिएका उद्योगलाई पर्यटन उद्योग भनिन्छ । यस्ता उद्योगमा पर्यटक आवास, होटेल, रिसोर्ट तथा रेस्टुरेन्ट, ट्राभल एजेन्सी, टुर अप्रेटर, हिलिङ सेन्टर, क्यासिनो, मसाज, स्पा, साहसिक पर्यटन (स्किइङ, ग्लाइडिङ, वाटर र्‍याफटिङ, हट एयर व्यालुनिङ, क्यानोनिङ, प्यारा सेलिङ, घोडचढी, हात्तीचढी, बन्जी जम्प, हिमाल आरोहरण र अवलोकन), गल्फ कोर्स, पोलो, पोनी ट्रेकिङ, पदयात्रा, ग्रामीण पर्यटन, होमस्टे तथा पर्यावरणीय पर्यटन, सांस्कृतिक, धार्मिक, सभा सम्मेलन तथा खेलकुद पर्यटन, मनोरञ्जन पार्क, वन्यजन्तु आरक्षण, माउन्टेन फ्लाइट सञ्चालन आदि पर्छन् ।

नेपाल अनुपम प्राकृतिक सौन्दर्य, प्रचुर जैविक विविधता, बहुजातीय, बहुभाषिक, बहुधार्मिक र बहुसांस्कृतिक देशका रूपमा विश्वसामु परिचित विश्वकै एक प्रमुख पर्यटकीय गन्तव्य हो । आ. व. २०७२/७३ मा होटल तथा रेस्टुरेन्टले कुल गार्हस्थ उत्पादनमा २ प्रतिशत योगदान गरे को छ । राष्ट्रिय पर्यटन रणनीतिक योजनाले सन् २०२५ सम्ममा २५ लाख २२ हजार पर्यटक भ्रमण

गराउने र ८ लाख ९८ हजार रोजगारी सिर्जना गर्ने लक्ष्य लिएको छ। पर्यटन क्षेत्रको विविधिकरण र विस्तारद्वारा यहाँका नागरिकको जीविकोपार्जन र रोजगारीका अवसरमा वृद्धि भई जीवनस्तर सुधार गर्न सकिन्छ।

### ८.४.२ नेपालमा पर्यटन उद्योगको महत्त्व

भौगौलिक विविधता युक्त नेपाल प्राकृतिक रूपमा धनी देश हो । यहाँ मनोरम हिमशिखर, धार्मिक स्थलहरू, नदी नाला र वनजङ्गल रहेका छन् । तसर्थ नेपालमा पर्यटन क्षेत्रलाई उद्योगको रूपमा विकास गर्नुपर्छ । नेपालको आर्थिक विकासमा पर्यटन उद्योगको महत्त्वलाई निम्न लिखित बुँदामा समेट्न सकिन्छ :

(क) वैदेशिक मुद्रा आर्जनमा वृद्धि

(ख) रोजगारीका अवसरमा वृद्धि

(ग) परम्परागत कला र संस्कृतिको संरक्षण र प्रवर्धन

(घ) राष्ट्रिय आयमा योगदान

(ङ) पूर्वाधारको विकास

(च) व्यापार व्यवसायमा वृद्धि

(छ) नेपालको विश्वव्यापी रूपमा प्रचारप्रसार

(ज) घरेलु उद्योगको विकास

(झ) कला र संस्कृतिको आदानप्रदान

(ञ) जनताको जीवनस्तरमा वृद्धि ।

### ८.४.३ नेपालमा पर्यटन उद्योगको सम्भाव्यता

नेपालका अधिकांश क्षेत्र सुन्दर र मनोरम छन् । नेपाललाई उच्च हिमशृङ्खलाको देश, गौतम बुद्ध, सीता र भृकुटी जन्मेको देश भनेर चिनिन्छ। यहाँका हिमाल, जङ्गल, नदी ताल तलैया, झरना तथा मन्दिर पर्यटक आकर्षणका लागि प्रख्यात छन्। नेपालका पर्यटकीय स्थलहरूको संरक्षण र प्रर्वद्धनबाट नेपालमा पर्यटन उद्योगको विकासको सम्भावना उच्च रहेको देखिन्छ।

### ८.४.४ नेपालमा पर्यटन उद्योगका समस्या

नेपालमा पर्यटन उद्योगको राम्रो सम्भावना हुदाँहुँदै पनि यसको विकासमा समस्याहरू रहेका छन्। यसले गर्दा पर्यटन उद्योगको समुचित विकास गर्न सकिएको छैन । बाह्य पर्यटकहरूको सङख्या र बसाइँ अवधि बढाउन सकिएको छैन। नेपालमा पर्यटन उद्योगले भोगेका मुख्य समस्याहरू यस प्रकार रहेका छन् :

(क) यातायात तथा सञ्चार सुविधाको अभाव

(ख) वातावरणीय सरसफाइको अभाव

(ग) आधुनिक तथा स्तरीय होटलको कमी

(घ) मनोरञ्जन केन्द्रको अभाव

(ङ) प्रचारप्रसारको कमी

(च) सबै ठाउँमा सुरक्षाको प्रत्याभूति हुन नसक्नु

(छ) पर्यटन व्यवसायसँग सम्बन्धित तालिम प्राप्त र सिपयुक्त जनशक्तिको अभाव

(ज) धार्मिक तथा सांस्कृतिक स्थलहरूको संरक्षणको अभाव

(झ) व्यवस्थित पर्यटन केन्द्रहरूको कमी ।

### ८.४.५ नेपालमा पर्यटन उद्योगका समस्या समाधानका उपायहरू

पर्यटन उद्योगमा देखिएका समस्याहरूको समाधान गरी नेपालमा पर्यटन उद्योगको विकास गर्न सकिने सम्भावना रहेको छ। तसर्थ पर्यटन उद्योगको विकास गरी विदेशी मुद्रा आर्जन गर्न र रोजगारीका अवसरहरूमा वृद्धि गर्नका लागि तपसिलका कार्यहरूलाई प्रभावकारी रूपमा कार्यान्वयन गरिनुपर्छ :

(क) सञ्चार तथा यातायातको सुविधाको विकास गर्ने

(ख) विभिन्न स्थानमा आधुनिक सुविधा सम्पन्न होटलहरूको व्यवस्था गर्ने

(ग) नेपालका पर्यटकीय स्थलहरूको अन्तर्राष्ट्रिय स्तरमा प्रचारप्रसार गर्ने

(घ) पर्यटकहरूलाई सुरक्षाको अनुभूति दिलाउने

(ङ) मनोरञ्जन केन्द्रको व्यवस्था तथा मनोरञ्जनका साधनहरूको उपलब्धतामा जोड दिने

(च) पर्यटन व्यवसायसँग सम्बन्धित तालिम प्राप्त र सिपयुक्त जनशक्ति उत्पादन गर्ने

(छ) हवाई सेवा र अन्य यातायात तथा सञ्चार सेवाको बिस्तार गर्ने

(ज) पर्यटकका लागि आवश्यक वस्तु तथा सेवाको उत्पादन र गुणस्तर बढाउने

(झ) ऐतिहासिक,धार्मिक र सांस्कृतिक स्थलहरूको संरक्षण र प्रवर्धन गर्ने

(ञ) भिसा प्राप्तिमा सरल र सुलभ व्यवस्था गर्ने

(ट) पर्यटकहरूका लागि बजार, बैङ्किङ र पथप्रदर्शक सेवाको वृद्धि गर्ने ।

### अभ्यास

१. **धेरै छोटो उत्तर आउने प्रश्नहरू**

(क) पर्यटन उद्योग भनेको के हो ? एक वाक्यमा लेख्नुहोस् ।

(ख) नेपालमा पर्यटन उद्योगका कुनै दुई ओटा महत्त्व लेख्नुहोस् ।

(ग) आन्तरिक पर्यटक भनेको के हो ?

२. **छोटो उत्तर आउने प्रश्नहरू**

(क) नेपालमा पर्यटन उद्योगको महत्त्व उल्लेख गर्नुहोस् ।

(ख) साहसिक पर्यटन भनेको के हो ?

(ग) नेपालमा पर्यटन केन्द्रहरूको विकास हुन नसक्नुका कारणहरू के के हुन सक्छन् ?

(घ) पर्यटकीय स्थलको विकासका लागि सचेतना जागृत गर्न सहयोग पुऱ्याउने एक पम्प्लेट तयार गर्नुहोस् ।

(ङ) तपाईँको गाँउपालिका/नगरपालिकामा पर्यटकीय स्थलका रूपमा विकास गर्न सकिने खालका स्थल, मठमन्दिरको टिपोट गर्नुहोस् ।

३. **लामो उत्तर आउने प्रश्नहरू**

(क) नेपालमा पर्यटन उद्योगको सम्भाव्यता बुँदागत रूपमा व्याख्या गर्नुहोस् ।

(ख) नेपालमा पर्यटन उद्योगका क्षेत्रमा देखिएका समस्या र समस्या समाधानका लागि सुझावहरू समेटी सङ्घीय सरकारको पर्यटन मन्त्रालयलाई पत्र लेख्नुहोस् ।

(ग) नेपालको नक्सामा प्रमुख पर्यटकीय स्थलहरू देखाउनुहोस् ।

(घ) पर्यटन उद्योगका सकरात्मक र नकरात्मक असरहरू के के हुन सक्छन् ? समीक्षा गर्नुहोस् ।

(ङ) तपाईँको बसेको गाँउ/समुदायमा के कस्ता पर्यटकीय स्थलहरू रहेका छन् ? तिनको विकासका लागि के कस्ता सम्भावनाहरू देख्नुहुन्छ ? कक्षामा छलफल गरी आफ्नो गाँउपालिका/नगरपालिकाका लागि सुझाव तयार गर्नुहोस् ।

# एकाइ ९ : घरायसी अर्थशास्त्र

## ९.१ परिचय

हामीहरूले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय अर्थशास्त्रका बारेमा चर्चा गरिरहेका हुन्छौँ । तर आफ्नो घर परिवारका बारेमा त्यति ध्यान दिइरहेका हुँदैनौँ । जहिलेसम्म घरको आर्थिक अवस्थामा सुधार आउँदैन, राष्ट्रिय वा अन्तर्राष्ट्रिय आर्थिक अवस्थाको सुधारले उक्त घर परिवारका लागि खासै महत्त्व राख्दैन । त्यसैले घरायसी वा पारिवारिक अर्थशास्त्रको अध्ययन अति आवश्यक छ । पारिवारिक स्रोत र साधनको उचित व्यवस्थापनबिना उच्च पारिवारिक सुबिधा, जीवनस्तर तथा सन्तुष्टि प्राप्त गर्न सकिँदैन । त्यसैले परिवारलाई खुसी, सुखी र सन्तुष्ट बनाउनका निम्ति घरायसी अर्थशास्त्रको अध्ययन अति आवश्यक छ । यसै सन्दर्भमा यस एकाइमा हामीले घरायसी अर्थशास्त्रको अर्थ, घर परिवार व्यवस्थापन, घर परिवार व्यवस्थापकका गुण, कर्तव्य र जिम्मेवारी, पारिवारिक साधन, स्रोत र तिनीहरूको व्यवस्थापन, पारिवारिक बजेट र यसको महत्त्व, घर परिवारमा सम्पादन हुने कार्यहरू, घरायसी प्रविधि र यसको प्रयोग र पारिवारिक सुबिधा, जीवनस्तर र सन्तुष्टिका बारेमा चर्चा गर्ने छौँ ।

## ९.२ घरायसी अर्थशास्त्रको अर्थ र परिभाषा

संयुक्त राज्य अमेरिकामा बिसौँ शताब्दी सुरु हुनुभन्दा पहिले शिक्षित र समाजिक परिवर्तन चाहने महिलाहरूले घरायसी अर्थशास्त्रको अध्ययन सुरु गरेका थिए । उनीहरूले विज्ञान र दर्शनलाई प्रयोग गरेर दैनिक जीवनलाई सुधार गर्न चाहन्थे । अवसर नपाएर निराश भएका र पुरुषबाट शासित भएका वा दबिएका महिलाहरूले संयुक्त राज्य अमेरिकाको न्युयोर्क सहरमा भेटघाट गरी बहुमुखी प्रकृतिको अध्ययन र पेसा सिर्जना गरे । यसैबाट घरायसी अर्थशास्त्रको जन्म भएको हो । साथै यस भेटघाटबाट उनीहरूले 'घरायसी आर्थिक सङ्घ' (Home Economic Association) निर्माण गरी 'जर्नल अफ होम इकोनोमिक्स' (Journal of Home Economics) नामको जर्नल प्रकाशन गरी घरायसी अर्थशास्त्रको विकास र विस्तारमा लागे । यसको प्रमुख उद्देश्य परिवारलाई आफ्नो पेसा व्यवसायमा सफल तुल्याई पारिवारिक कल्याण वृद्धि गर्नु थियो ।

घर परिवारले गर्ने सम्पूर्ण निर्णयहरूको आर्थिक विश्लेषणलाई घरायसी अर्थशास्त्र भनिन्छ । अर्को शब्दमा भन्नुपर्दा घरायसी साधन र स्रोतहरूको कुशल र उचित व्यवस्थापन तथा स्वस्थ र खुसीसहितको सफल जीवनयात्राको अध्ययन नै घरायसी अर्थशास्त्र हो । अतः घरायसी अर्थशास्त्रमा निम्न लिखित कुराहरू समावेश हुन्छन् :

(क) घर परिवारले गर्ने उपभोग तथा बचत

(ख) घर परिवारले गर्ने श्रमको आपूर्ति

(ग) समयलाई उत्पादन र फुर्सदमा बाडँफाँड गर्ने

(घ) प्रजनन तथा अभिभावकहरूले सन्तानको कल्याणको निमित्त गर्ने खर्च र त्यसको प्रभावकारिता

(ङ) न्यून आय भएका घर परिवारमा सरकारले प्रदान गर्ने अनुदानका साथै बिमा नीतिहरू

(च) विवाह, सम्बन्ध बिच्छेद आदि कुराहरूको अध्ययन

(छ) वृद्धवृद्धाहरूको स्याहार सुसार र औषधी उपचार

(ज) पारिवारिक बजेट (परिवारको खर्च र आम्दानी)

(झ) पारिवारिक साधन स्रोत र तिनीहरूको परिचालन

(ञ) पारविारिक सुविधा, जीवनस्तर र सन्तुष्टि आदि ।

## ९.३ घर परिवार व्यवस्थापन

### ९.३.१ घर परिवार व्यवस्थापनको परिचय

सामान्यतया व्यवस्थापन भन्नाले सामूहिक उद्देश्य प्राप्तिका निमित्त उपलब्ध सम्पूर्ण साधनहरूलाई योजनाबद्ध, कुशल तथा प्रभावकारी ढङ्गले प्रयोग गर्ने प्रक्रिया बुझिन्छ । अतः घर परिवार व्यवस्थापन भन्नाले के प्रस्ट हुन्छ भने कुनै एउटा घर परिवारमा भएका सम्पूर्ण साधन र स्रोतलाई योजनाबद्ध, कुशल र प्रभावकारी ढङ्गले प्रयोग गरी पारिवारिक उद्देश्य पूरा गर्ने प्रक्रिया बुझिन्छ । यो परिवारको एउटा प्रशासनिक पक्ष हो घर परिवार व्यवस्थापकको क्षमता, ऊर्जा र अनुभवमा र्निभर हुन्छ ।

घर परिवार व्यवस्थापनलाई विभिन्न अर्थशास्त्रीहरूले विभिन्न तरिकाले परिभाषित गरेका छन् जसमध्ये प्रमुख परिभाषाहरू निम्नानुसार छन् ः

प्रख्यात घरायसी अर्थशास्त्री निसेल (Nichel) का अनुसार – घर परिवार व्यवस्थापन भनेको परिवारको प्रशासनिक पक्ष हो । घर परिवार व्यवस्थापनले इच्छा गरिएका पारिवारिक उद्देश्य प्राप्तिका निमित्त मानवीय र भौतिक साधनको योजना, आँकलन, एकीकरण र मूल्याङ्कन गर्न सहयोग गर्छ । (Home management is the administrative aspect of a family. To attain the desired family goals, home management helps in planning, assessing, integrating and evaluating human and material resources and ensure their best use for the betterment of family members.)

घरायसी अर्थशास्त्री ग्रोस रक्रेन्डल (Gross and Crandall) ले घर परिवार व्यवस्थापनलाई अति सरल शब्दमा परिभाषित गर्ने प्रयास गरेका छन् । उनका अनुसार – तिमीले आफूसँग भएको कुराको प्रयोगबाट जे कुरा प्राप्त गर्न खोजेका छौं, त्यही नै घर परिवार व्यवस्थापन हो । (Home management is using what you have to get what you want.)

घरायसी अर्थशास्त्री निकेल (Nickel) र डोरसी (Dorsey) का अनुसार पारिवारिक उद्देश्य प्राप्तिका निमित्त पारिवारिक स्रोत र साधनको प्रयोगको योजना, नियन्त्रण र मूल्याङ्कन घर परिवार व्यवस्थापन हो । (Home management is planning, controlling and evaluating the use of resources of family for the purpose of attaining family goals.)

अतः माथि उल्लेख गरिएका घरायसी अर्थशास्त्रका परिभाषाबाट के प्रस्ट हुन्छ भने घर परिवार व्यवस्थापन परिवारका सदस्यहरूलाई खुसी र सुखी बनाउनका निमित्त पारिवारिक साधन

र स्रोतको उचित प्रयोग कसरी गर्ने भन्ने कुरासँग सम्बन्धित छ । साधन र स्रोतको उचित व्यवस्थापनका निमित्त योजना अति आवश्यक छ। साथै परिवारका सदस्यहरूका इच्छा र आकांक्षा पूरा गर्न पर्याप्त साधन र स्रोत भएर मात्रै पुग्दैन। यसका लागि उपयुक्त समयमा उपयुक्त निर्णय गर्न सक्ने क्षमता पनि आवश्यक हुन्छ। वास्तवमा घर परिवार व्यवस्थापन एउटा बौद्धिक प्रक्रिया हो जसलाई पारिवारिक साधन र स्रोतको उपयुक्त योजना, सङ्गठन, नियन्त्रण र मूल्याङ्कनबाट उत्तम प्रयोग गरी परिवारका इच्छा र आकाङ्क्षाहरू पूरा गरिन्छ।

घर परिवार व्यवस्थापनका महत्त्वपूर्ण पक्षहरूलाई निम्नानुसार प्रस्तुत गर्न सकिन्छ :

(क) घर परिवार व्यवस्थापन घर परिवारको स्वामित्वमा भएका साधनहरूको उचित प्रयोगसँग सम्बन्धित छ।

(ख) घर परिवार व्यावस्थानमा पारिवारिक आम्दानी परिवारका सदस्यहरूलाई कसरी उचित तरिकाले वितरण गर्ने भन्ने कुरा चर्चा गरिन्छ।

(ग) मानव जातिले आफ्नो घर परिवार सिर्जना गर्छ र त्यसको उचित व्यवस्थापनको प्रयास गर्छ।

(घ) घर परिवार नै मानिसको सम्पूर्ण सुख र शान्ति प्राप्त गर्ने स्रोत हो।

(ङ) घर परिवारको विकासबाट मात्र समग्र राष्ट्रको विकास सम्भव छ।

## ९.३.२ घर परिवार व्यवस्थापकका गुण, कर्तव्य र जिम्मेवारी

घर परिवार व्यवस्थापनमा प्रमुख भूमिका निर्वाह गर्ने व्यक्ति नै घर परिवार व्यवस्थापक हो । घर परिवार व्यवस्थापकले पारिवारिक साधन स्रोत वा पारिवारिक आम्दानीलाई उचित तथा विवेकशील ढङ्गले प्रयोग गरी परिवारको जीवनस्तर उकास्नुका साथै परिवारमा सुख, शान्ति र मेलमिलाप सिर्जना गर्न प्रमुख भूमिका निर्वाह गर्छ । त्यसैले घर परिवार व्यवस्थापनमा घर परिवार व्यवस्थापकको ठुलो महत्त्व रहेको हुन्छ । प्रायजसोः घर परिवारमा गृहिणीले नै घर परिवार व्यवस्थापकको भूमिका निर्वाह गर्छिन्।

**(क) घर परिवार व्यवस्थापकका गुण** : घर परिवार सुखी र दुःखी रहने कुरा घर परिवार व्यवस्थापकमा निर्भर हुन्छ । त्यसैले घर परिवार व्यवस्थापकमा निम्न लिखित गुणहरू हुनुपर्छ :

१. बुद्धिमान् : घर परिवार व्यवस्थापक वा गृहिणी बुद्धिमान् हुनुपर्छ । ऊसँग सोच्न, विचार गर्न र सम्झन सक्ने क्षमता हुनुका साथै ज्ञान प्राप्त गर्न चाहने वा ज्ञान प्राप्तिको तिर्खा हुनुपर्छ। वास्तवमा मानिसको बुद्धि गणना गर्न सकिने कुरा नभएर अनुभूति गर्ने कुरा हो। मानिसलाई समयअनुसार चल्न, निर्णय गर्न, पारिवारिक बजेट तयार गर्न, घरको सजावट गर्न, बालबालिकाहरूको उचित स्याहार पुऱ्याउन, परिवारका निम्ति चाहिने सामानहरू खरिद गर्न आदिका निमित्त बुद्धि आवश्यक पर्छ।

२. उत्सुकता : हरेक सफल व्यवस्थापक हुनका लागि चाहिने अर्को महत्त्वपूर्ण गुण उत्सुकता हो। उत्सुकताबिना कुनै पनि मानिसले जीवनमा सफलता प्राप्त गर्न सक्दैन।

साथै सफल पारिवारिक जीवनका निमित्त पनि घर परिवार व्यवस्थापक नयाँ कुरा सिक्न र गरिरहेका कामलाई कसरी अझै राम्रो बनाउन सकिन्छ भन्ने कुरामा उत्सुक हुन जरुरी छ । बाबुआमा उत्सुक भएमा यसको सकरात्मक प्रभाव बच्चा बच्चीहरूमा पनि पर्छ ।

३. मानवीय व्यवहार बुझ्न सक्ने : हरेक व्यक्ति एकआपसमा फरक हुन्छन् । उनीहरूका बानी, व्यवहार, रुचि, चाहना, प्रकृति आदि फरक फरक हुन्छन् । त्यसैले घर परिवार व्यवस्थापकले परिवारका सदस्यहरूको बानी व्यवहार बुझेर काम गर्न सकेको खण्डमा घर परिवारमा शान्ति, सुव्यवस्था र खुसी कायम हुन्छ ।

४. सिर्जनशीलता : सिर्जनशीलता घर परिवार व्यवस्थापनमा नभई नहुने गुण हो । जुन परिवारमा व्यवस्थापक सिर्जनशील हुन्छ, त्यो परिवार व्यवस्थित र आर्कषक हुन्छ । घर परिवार व्यवस्थापकको यो गुणले थोरै खर्चमा राम्रा घरायसी वस्तुहरू, जस्तै : फर्निचर, सजावटका समानहरू, भाडाकुँडा, लत्ताकपडा आदि खरिद गरेर उच्चतम सन्तुष्टि प्राप्त हुन्छ । अतः काल्पनिक क्षमता र सिर्जनशीलता घर परिवार व्यवस्थापकका लागि नभई नहुने गुण हुन् ।

५. निर्णय क्षमता : घर परिवार व्यवस्थापकको अर्को महत्त्वपूर्ण गुण निर्णय क्षमता हो । घर परिवारमा शान्ति र सन्तुलन कायम गर्न घर परिवार व्यवस्थापकको निर्णय क्षमताले महत्त्वर्पूण भूमिका खेल्छ । निर्णय क्षमता राम्रो भएमा मात्रै राम्रो वा नराम्रो, ठिक वा बेठिक, खराब वा उत्तम के हो भन्ने कुरा निर्णय गर्न सकिन्छ र समस्या परेको अवस्थामा समाधान गर्न मद्दत मिल्छ । उदाहरणका लागि, बच्चालाई कुन विद्यालयमा भर्ना गर्ने भन्ने कुरा विद्यालयको गुणस्तर, शुल्क, घरबाट विद्यालयसम्मको दुरी आदिका आधारमा निर्णय गर्नुपर्छ ।

६. स्वनियन्त्रण : परिवारमा विभिन्न समस्याहरू आइपर्छन् । घर परिवार व्यवस्थापकले यी समस्यालाई आफ्नो बुद्धि, विवेक र क्षमता प्रयोग गरेर समाधान गर्नुपर्छ । साथै यी समस्या समाधान गर्न आफ्नो भावना वा मनलाई नियन्त्रण गरेर धैर्य बन्न सक्नुपर्छ । धैर्यता र स्वनियन्त्रणले नै अप्ठयारो अवस्थामा घर व्यवस्थापक आफू शान्त र धैर्य भएर परिवारका अन्य सदस्यहरूलाई सम्झाउन सकेमा पुनः परिवारका सदस्यहरू एकजुट हुन्छन् ।

७. व्यक्तित्व : मानिसका गुणहरूको समग्र रूपलाई व्यक्तित्व भनिन्छ । अरूलाई पहिलो पटकमा नै प्रभाव पार्ने तत्त्व भनेको मानिसको व्याक्तित्व हो । मानिसको व्यक्तित्वलाई उसको सोच, विचार, बानी व्यहोरा, सामाजिक सम्बन्ध आदि कुराहरूले प्रभावित गर्छन् । साथै व्यक्तित्व विकासका लागि मानिसले आफ्नो लवाइखवाइमा पनि उचित ध्यान दिनु पर्छ । घर परिवार व्यवस्थापक हुनका निमित्त पनि राम्रो व्यक्तित्व आवश्यक हुन्छ । राम्रो व्यक्तित्व भएको घर परिवार व्यवस्थापकलाई परिवारका अन्य सदस्यहरूले सम्मान गर्छन् साथै भनेका कुराहरू अपनाउँछन् वा मान्छन् ।

### ९.३.३ घर परिवार व्यवस्थापकका कर्तव्य र जिम्मेवारी

सफल घर परिवार व्यवस्थापक हुनका लागि चाहिने गुणहरूका बारेमा हामीले अध्ययन गरिसकेका छौँ । घर परिवार व्यवस्थापकसँग सम्पूर्ण आवश्यक गुणहरू हुदाँहुदैँ पनि आफ्नो परिवारलाई आफूले सोचेअनुरूप खुसीका साथ चलाउन नसकेको हुन सक्छ। यसको कारण उसले आफ्नो कर्तव्य र जिम्मेवारीलाई महसुस नगरी घर परिवार व्यवस्थापन गरेको हुन सक्छ । घर परिवार व्यवस्थापनमा बेवास्था भएकोखण्डमा घर परिवार तहसनहस हुन सक्छ । त्यसैले घर परिवार व्यवस्थापकले आफ्नो कर्तव्य र जिम्मेवारीलाई राम्ररी बुझ्नुपर्छ र आफ्नो भूमिकालाई त्यसैअनुरूप सक्रिय बनाउनु पर्छ । घर परिवारका सर्म्पूण गतिविधिहरू घर परिवार व्यवस्थापकको वरिपरि घुमिरहेका हुन्छन् वा घर परिवार व्यवस्थापनविना कुनै पनि पारिवारिक कार्यहरू राम्रोसँग हुन सक्दैनन् । घर परिवार व्यवस्थापकको प्रमुख कार्य क्षेत्र भनेको घर परिवार नै हो। अर्को शब्दमा भन्नु पर्दा घर परिवार व्यवस्थापकको सबैभन्दा महत्त्वपूर्ण कार्य भनेको घर परिवार चलाउनु, घर परिवारका आधारभूत आवश्यकता पूरा गर्नु, परिवारका सदस्यहरूलाई न्यूनतम पारिवारिक बजेटबाट अधिकतम सन्तुष्टि प्रदान गर्नु आदि हुन् । अतः घर परिवार चलाउन घर परिवार व्यवस्थापकको अति महत्त्वपूर्ण भूमिका हुन्छ।

घर परिवार व्यवस्थापकको भूमिका, कर्तव्य र जिम्मेवारी वा दायित्वलाई केही उदाहरणबाट प्रस्ट पार्न सकिन्छ। परिवारका सदस्यहरूलाई सन्तुलित भोजन छनोट मात्रै होइन, कपडा वा पोसाकको छनोट पनि घर परिवार व्यवस्थापकको जिम्मेवारीभित्र पर्छ । परिवारका सदस्यहरूलाई सन्तुलित भोजनको छनोट गर्दा बच्चा बच्ची र वृद्धवृद्धाका लागि छुट्टाछुट्टै हुनुपर्छ । साथै कपडा वा पोसाकको छनोट गर्दा पनि मौसम, परम्परा, आवश्यकता, आम्दानी आदि कुराहरू ख्याल गर्न जरुरी हुन्छ । यी सम्पूर्ण कुराहरूको निर्णय गर्दा घर परिवार व्यवस्थापकले पारिवारिक आम्दानीलाई ध्यानमा राखेर गर्नुपर्ने हुन्छ।

घरपरिवार व्यवस्थापकले परिवारको माग वा आवश्यकता पूरा गर्दा आफ्ना सीमित साधन र स्रोतबाट नै गर्नु पर्छ । कर्तव्य र जिम्मेवारी भन्नाले कसले, कहिले, किन र कसरी यो काम गर्ने भन्ने कुरा बुझिन्छ । घर परिवार व्यवस्थापकका कर्तव्य र जिम्मेवारीलाई पारिवारिक तथा सामाजिक गरी निम्न दुई भागमा विभाजन गर्न सकिन्छ :

(क) **घरपरिवार व्यवस्थापकको पारिवारिक कर्तव्य र जिम्मेवारी** : घर परिवार व्यवस्थापकका पारिवारिक कर्तव्य र जिम्मेवारीलाई निम्नानुसार बुँदागत रूपमा उल्लेख गर्न सकिन्छ :

१. परिवारका सदस्यहरूबिच राम्रो सम्बन्ध कायम राख्ने

२. परिवारका सदस्यहरूबिच समान सहभागिताको भावना उत्प्रेरित गर्ने

३. परिवारका सदस्यहरूबिचमा पारिवारिक वा घरायसी कामको समान वितरण गर्ने

४. पारिवारिक आम्दानी र खर्चलाई सन्तुलित राख्ने

५. परिवारको शान्ति र सुरक्षालाई सुनिश्चित्त गर्ने

६. परिवारका सदस्यहरूको माग पूरा गर्ने

७. घर व्यवहार व्यवस्थापन प्रक्रिया अपनाउने र

८. परिवारका सदस्यहरूलाई राम्रो शिक्षा र स्वास्थ्य दिलाउन प्रयास गर्ने ।

(ख) **घर परिवार व्यवस्थापकको सामाजिक कर्तव्य र जिम्मेवारी** : घर परिवार व्यवस्थापकका पारिवारिक मात्रै नभएर सामाजिक कर्तव्य र जिम्मेवारी पनि छन् । तिनलाई निम्नानुसार बुँदागत रूपमा उल्लेख गर्न सकिन्छ :

१. परिवारका सदस्यहरूलाई सामाजिक रीतिरिवाज, परम्परा, नैतिकता र व्यवहार सिकाउने

२. परिवारका सदस्यहरूलाई सामाजिक विकासका कार्यक्रमहरूमा सहभागी हुन उत्साहित गर्ने

३. परिवारका सदस्यहरूलाई विभिन्न सामाजिक सङ्गठनहरू जस्तै रोटरी क्लब, लायन्स क्लब आदिसँग सम्बन्धित गराउने वा उक्त सङ्गठनहरूका सदस्य बनाई सामाजिक कार्यहरूमा सक्रिय हुन उत्साहित गर्ने

४. परिवारका सदस्यहरूलाई राष्ट्रिय कार्यक्रमहरू, जस्तै : गणतन्त्र दिवस, सहिद दिवस आदिमा सहभागी हुन उत्साहित गर्ने

५. परिवारका सदस्यहरूलाई विभिन्न राष्ट्रिय गतिविधिहरू प्रति चनाखो बन्न सहयोग गर्ने

६. परिवारका सदस्यहरूलाई भूकम्प, आागोलागी, बाढी आदि जस्ता प्राकृतिक प्रकोपको समयमा सहयोगका निमित्त जुट्न उत्साहित गर्ने ।

## ९.४ पारिवारिक साधन स्रोत तथा तिनीहरूको व्यवस्थापन

### ९.४.१ पारिवारिक साधन स्रोतहरू

अर्थशास्त्रमा साधन स्रोत भन्नाले मानिसका चाहनालाई पूरा गर्न वा सन्तुष्ट पार्नका लागि चाहिने वस्तु तथा सेवाहरू उत्पादन गर्न प्रयोग हुने कुराहरू बुझिन्छ । साधन स्रोतबिना कुनै पनि वस्तु तथा सेवा उत्पादन गर्न सकिँदैन । उदाहरणका लागि, भूमि, मेसिन, श्रम आदि साधन स्रोतहरू हुन् । यी सम्पूर्ण साधन स्रोतहरूको आपूर्ति सीमित हुन्छ । यसको अर्थ के हो भने साधन स्रोतहरू मानिसले चाहेभन्दा थोरै हुन्छन् । त्यसैले यी साधन स्रोतहरूबाट मानिसका चाहनाअनुरूपको परिमाणमा वस्तु तथा सेवाहरू उत्पादन गर्न सकिँदैन । अर्थशास्त्रले जहिले पनि सीमित साधन र स्रोतहरूको समुचित प्रयोग र व्यवस्थापन गरेर कसरी मानिसलाई अधिकतम सन्तुष्टि दिन सकिन्छ भन्ने कुराका बारेमा अध्ययन गर्छ । पारिवारिक साधन स्रोतलाई निम्नानुसार दुई भागमा विभाजन गर्न सकिन्छ :

(क) **मानवीय साधन स्रोतहरू** : मानिससँग भएका सम्पूर्ण गुणहरू, जस्तै : स्वास्थ्य, शिक्षा, ज्ञान, क्षमता, बुद्धि, सिप, जाँगर आदि मानवीय साधन स्रोत हुन् । यी पारिवारिक मानवीय साधन स्रोतहरूको प्रयोगबाट घर परिवारले उत्पादन वा आयआर्जन गर्ने कार्यहरू जस्तै खेतीपाती, पशुपालन, व्यापार, जागिर आदि गर्छन् ।

(ख) **गैरमानवीय साधन स्रोतहरू** : गैरमानवीय साधनहरू भन्नाले भौतिक साधनहरू, जस्तै : भूमि, मेसिन, घर आदि बुझिन्छ । यी साधनहरू देख्न सकिन्छ, छुन सकिन्छ, यिनीहरूको तौल र आयतन हुन्छ । गैरमानवीय साधनहरूलाई प्राकृतिक र मानव निर्मित गरी दुई भागमा विभाजन गर्न सकिन्छ :

१. प्राकृतिक साधन स्रोत : प्रकृतिका निशुल्क उपहार वा प्रकृतिले आफैँ सिर्जना गरेका सम्पूर्ण साधन स्रोतहरूलाई प्राकृतिक साधन स्रोतहरू भनिन्छ । घर परिवारको स्वामित्वमा हुने प्राकृतिक साधन स्रोत नै भूमि हो । नेपाल जस्ता विकासोन्मुख देशहरूमा ठुलो सङ्ख्यामा मानिसहरू कृषि पेसामा आश्रित भएका हुनाले भूमि र वनजङ्गल आम्दानीका प्रमुख स्रोतहरू हुन् ।

२. मानव निर्मित साधन स्रोतहरू : मानिसले बनाएका वा सिर्जना गरेका सम्पूर्ण साधन स्रोतलाई मानव निर्मित्त साधन स्रोत भनिन्छ । यस्ता साधन स्रोतलाई कृतिम साधन स्रोत पनि भन्ने गरिन्छ । उदाहरणका लागि मेसिन, घर, गाडी, कम्प्युटर आदि मानव निर्मित साधन स्रोतहरू हुन । यी साधन स्रोतहरू पनि घर परिवारको स्वामित्वमा हुन्छन् । यी साधन प्रयोग गरेर घर परिवारले वस्तु तथा सेवा उत्पादन गरी आयआर्जन गर्छन् वा प्रयोग गरेर सन्तुष्टि प्राप्त गर्छन् ।

## ९.४.२ पारिवारिक साधन स्रोतको व्यवस्थापन

सम्पूर्ण पारिवारिक साधन स्रोतहरू सीमित मात्रामा उपलब्ध छन् तर मानवीय चाहना असीमित छन् । त्यसैले सम्पूर्ण साधन स्रोतको समुचित प्रयोग गरी अधिकतम सन्तुष्टि प्राप्त गर्ने प्रक्रियालाई पारिवारिक साधन स्रोतको व्यवस्थापन भनिन्छ । पारिवारिक अर्थशास्त्रको प्रमुख विषयवस्तु भनेको सीमित साधन स्रोतबाट कसरी पारिवारिक सन्तुष्टिलाई अधिकतम गर्न सकिन्छ वा परिवारका सदस्यहरूको असीमित चाहना र आवश्यकतालाई पूरा गर्न सकिन्छ भन्ने हो । यदि साधन र स्रोतहरू असीमित भएको भए वा मानवीय चाहना सीमित भएको भए साधन र स्रोतको व्यवस्थापनको कुरा नै उठ्ने थिएन वा अर्थशास्त्रको विषय नै विकास हुने थिएन । अतः साधन स्रोतको व्यवस्थापन अर्थशास्त्रको मुख्य विषयवस्तु हो ।

साधन स्रोतहरूको आपूर्ति सीमित मात्रै होइन, तिनीहरूको वैकल्पिक प्रयोग हुनुका साथै तिनीहरू एक आपसमा अन्तरसम्बन्धित छन् । साधनहरूलाई एक आपसमा प्रतिस्थापन पनि गर्न सकिन्छ । उदाहरणका लागि मानौँ फलाम एउटा प्राकृतिक साधन स्रोत हो । यसलाई विभिन्न वैकल्पिक प्रयोगहरू, जस्तै : पुल बनाउन वा भवन बनाउन प्रयोग गर्न सकिन्छ । साधन स्रोतको उचित र सक्षम व्यवस्थापनबाट थोरै खर्चमा र थोरै साधनमा पनि आफूले खोजेका कुराहरू वा उद्देश्यहरू र उच्च जीवनस्तर प्राप्त गर्न सकिन्छ । साधन स्रोतको व्यवस्थापनमा निम्न लिखित चरणहरू समावेश हुन्छन् :

(**क**) **योजना** : घर परिवार व्यवस्थापन कार्यको पहिलो चरण योजना हो । यसमा पारिवारिक उद्देश्य प्राप्तिको निमित्त साधन स्रोतलाई कसरी प्रयोग गर्ने भन्ने कुराहरू समावेश हुन्छन् । मानौँ कुनै परिवारको नयाँ घर निर्माण गर्ने योजना छ । उक्त परिवारले घर निमार्ण गर्दा

कति खर्च गर्ने, खर्च कहाँबाट जुटाउने, कति तले घर बनाउने, कति समयमा काम सक्ने आदि कुराहरू योजनाअन्तर्गत पर्छन् ।

(ख) **सङ्गठित गर्ने** : घर व्यवस्थापनको अर्को महत्त्वपूर्ण चरण सङ्गठित गर्नु हो । यसमा परिवारको कामलाई साना साना भागमा विभाजन गरी परिवारका सदस्यहरूलाई जिम्मा दिइन्छ । उदारहणका लागि परिवारले निर्माण सुरु गरेका घरमा कसले समान किनेर ल्याउने, कसले घरको हेरचाह गर्ने आदि जस्ता कुराहरूको जिम्मेवारी प्रदान गरिन्छ ।

(ग) **नियन्त्रण** : योजना निर्माण भएर साधन स्रोत जुटाई जिम्मेवारी बाँडफाँड भएपछि योजना मुताबिक काम गर्न गराउन नियन्त्रण आवश्यक हुन्छ । उदाहरणका लागि, योजनाअनुसार दिइएको समयमा घर निर्माण हुन सकेन भने जिम्मेवारी पूरा नगर्नेलाई योजनाअनुसार काम गर्न लगाउनुपर्छ ।

(घ) **मूल्याङ्कन** : कुनै पनि परिवारिक काम वा योजना सम्पन्न भइसकेपछि योजना मुताबिक काम भएको वा नभएको हेर्नका लागि मूल्याङ्कन जरुरी छ । यसले कामको कमजोरी र त्रुटिहरू हटाउन सहयोग मिल्छ ।

## ९.५ पारिवारिक बजेट तथा यसको महत्त्व

### ९.५.१ पारिवारिक बजेटको अर्थ

पारिवारिक बजेट भन्नाले कुनै पनि घर परिवारले एउटा निश्चित समय (एक वर्ष वा एक महिना) मा गर्ने आम्दानी र खर्चको अनुमानित विवरण हो । यसमा विभिन्न स्रोतबाट प्राप्त हुने कुल पारिवारिक आम्दानी र पारवारिक आम्दानीहरूलाई विभिन्न शीर्षकहरूमा कसरी वितरण गरिएको छ भन्ने कुरा देखाउँछ । साथै यसले परिवारको जीवनस्तर कस्तो छ भन्ने कुरा पनि दर्शाउछ । त्यसैले यसलाई पारिवारिक उपभोग वा खर्चको ऐना पनि भन्ने गरिन्छ । उपभो ग भनेको पारिवारिक सन्तुष्टिका लागि खाना, कपडा, घर निर्माण, मनोरन्जन आदिमा गर्ने खर्च बुझिन्छ । पारिवारिक बजेट पनि सरकारको बजेट जस्तै हो सरकारको बजेटमा एक वर्षका लागि गरिने खर्च र आम्दानीका स्रोतहरू समावेश हुन्छन् ।

### ९.५.२ बजेट निमार्णका नियमहरू वा ख्याल राख्नुपर्ने कुराहरू

पारिवारिक बजेट तर्जुमा गर्दा निम्न लिखित कुराहरूमा ध्यान दिन जरुरी हुन्छ :

(क) परिवारको मासिक वा वार्षिक आम्दानीबारे जानकारी हुनुपर्छ ।

(ख) परिवारका सदस्यहरूका चाहाना र विशेष आवश्यकताहरू थाहा हुनुपर्छ ।

(ग) परिवारका मुख्य खर्चका क्षेत्रहरू, जस्तै : खाद्यन्न, कपडा, औषधी, शिक्षा, मनोरञ्जन, बचत आदि कुराहरू पत्ता लगाउनुपर्छ ।

(घ) कुन कुन कुरामा कति कति खर्च गर्ने भन्ने कुरा निर्णय गर्नुपर्छ ।

(ङ) परिवारका सबैभन्दा महत्त्वपूर्ण आवश्यकताहरूको पहिचान गर्नुपर्छ ।

(च) बजेट लचकदार हुनुपर्छ । यसको अर्थ के हो भने आवश्यकताका आधारमा एउटा क्षेत्रबाट अर्को क्षेत्रमा बजेट सार्न सक्ने प्रावधान हुनुपर्छ ।

### ९.५.३ बजेटका प्रकारहरू

पारिवारिक बजेटलाई निम्न लिखित तिन प्रकारमा विभाजन गर्न सकिन्छ :

(क) **सन्तुलित बजेट** : परिवारको खर्च र आम्दानी बराबर भएको बजेटलाई सन्तुलित बजेट भनिन्छ। यसलाई राम्रो बजेटको रूपमा लिइन्छ।

(ख) **बचत बजेट** : पारिवारिक आम्दानी खर्चभन्दा धेरै भएको बजेटलाई बचत बजेट भनिन्छ।

(ग) **घाटा बजेट** : पारिवारिक आम्दानीभन्दा खर्च धेरै भएको बजेटलाई घाटा बजेट भन्निछ। यस प्रकारको पारिवारिक बजेटलाई राम्रो मानिँदैन।

### ९.५.४ पारिवारिक बजेट निर्माण गर्ने विधि

पारिवारिक बजेट निमाण गर्नुभन्दा पहिला एउटा निश्चित समयका लागि (एक महिना वा एक वर्ष) आवश्यक पर्ने विभिन्न वस्तु तथा सेवाहरूमा गरिने खर्च र आम्दानी अनुमान गरिन्छ। सहरमा बस्ने एउटा मध्यम वर्गीय परिवारको मासिक आम्दानी रु. ३०,००० मानेर निम्नानुसार मासिक पारिवारिक बजेटको नमुना तयार गरिएको छ :

**पारिवारिक बजेटको नमुना**

| वि. स. २०७४ भदौ महिनाको पारिवारिक बजेटको नमुना | | | | | |
|---|---|---|---|---|---|
| **आम्दानी विवरण** | | | **खर्च विवरण** | | |
| **क्रम सङ्ख्या** | **शीर्षक** | **रकम** (रु.) | **क्रम सङ्ख्या** | **शीषर्क** | **रकम** (रु.) |
| १. | नोकरी | ३५,००० | १. | खाद्यान्न | १५००० |
| २. | दुग्धजन्य उत्पादन बिक्री | ५,००० | २. | शिक्षा | ४००० |
| ३. | सिलाइबुनाइ | ४,००० | ३. | कपडा | ३००० |
| ४. | अन्य | १,००० | ४. | घर भाडा | २००० |
| | | २००० | ५. | औषधी उपचार | २,००० |
| | | | ६. | फोन/सञ्चार | १,००० |
| | | | ७. | बिजुली र पानी | १,००० |
| | | | ८. | यातायात | १००० |
| | | | ९. | मनोरञ्जन | ५०० |
| | | | १०. | विविध | १००० |
| | कुल आम्दानी : | ४५,००० | | कुल खर्च : | ३०,००० |
| कुल आम्दानी : रु. ४५,०००<br>कुल खर्च : रु. ३०,०००<br>बचत/घाटा : रु. १५,००० | | | | | |

८.

माथि कुनै एक मध्यम वर्गीय परिवारको काल्पनिक बजेटको नमुना दिइएको छ । उक्त परिवारको मासिक आम्दानी रु. ४५,००० छ । उक्त परिवारको आम्दानीलाई खाद्यान्न, शिक्षा, कपडा, घर भाडा, औषधी उपचार, बिजुली, पानी, फोन/सञ्चार, यातायात, मनोरञ्जन र विविध शीर्षकमा बाँडफाँड गरिएको छ । परिवारको सबैभन्दा धेरै खर्च खाद्यान्नमा भएको छ । खाद्यान्नमा भएको खर्च कुल आम्दानीको एक तिहाइ छ । अर्को शब्दमा कुल खर्चको ५० प्रतिशत खाद्यान्नमा खर्च भएको देखिन्छ । माथि प्रस्तुत गरिएको नमुना बजेटमा खर्चभन्दा आम्दानी बढी भएकाले यो बचत बजेट हो । यहाँ रु. १५,००० बचत भएको देखिन्छ ।

## ९.५.५ पारिवारिक बजेटको महत्त्व

सीमित आम्दानीबाट घर परिवार राम्ररी चलाउन पारिवारिक बजेटको ठुलो महत्त्व छ । पारिवारिक बजेटको महत्त्वलाई निम्नानुसार व्याख्या गर्न सकिन्छ :

(क) **परिवारको खर्च र आम्दानी सम्बन्धी सचेतना वृद्धि गर्न :** बजेटले परिवारका खर्च र आम्दानी सम्बन्धी सचेतना वृद्धि गर्छ । बजेट बनाएर खर्च गर्दा कहाँबाट कति आम्दानी हुन्छ र त्यसका आधारमा कुन कुन शीर्षकमा कति कति खर्च गर्ने भन्ने कुरामा परिवार सचेत हुन्छ । साथै यसले आफ्नो क्षमताका आधारमा खर्च गर्न र अनावश्यक खर्चहरू नियन्त्रण गर्न सहयोग गर्छ ।

(ख) **परिवारको खर्च र आम्दानी सन्तुलन गर्ने** : बजेट बनाएर खर्च गर्दा मानिसलाई आफ्नो आम्दानीअनुसार खर्च घटाउन र बढाउन सहयोग मिल्छ । यसले पारिवारिक खर्च र आम्दानीलाई सन्तुलनमा राख्न पनि मद्दत मिल्छ ।

(ग) **महत्त्वपूर्ण माग पूरा गर्न** : परिवारका विभिन्न आवश्यकता र मागहरू हुन्छन् । पारिवारिक बजेट बनाएर खर्च गर्दा कम महत्त्वका मागहरूलाई थाती राखेर बढी महत्त्वका मागहरू पूरा गर्न सकिन्छ, जस्तै : नयाँ फेसनमा आएको कपडाभन्दा विद्यार्थीका लागि पुस्तक खरिद महत्त्वपूर्ण हो भन्ने कुरा बजेटबाट नै थाहा हुन्छ ।

(घ) **समय र मिहिनेतको बचत** : बजेटमा कुन सामान कहाँबाट र कुन समयमा खरिद गर्ने भन्ने कुरा उल्लेख हुने भएकाले यसबाट समय र मिहिनेतको बचत हुन्छ ।

(ङ) **पारिवारिक बचत वृद्धि गर्न** : बजेट बनाएर खर्च गर्दा फजुल खर्च निरुत्साहित हुन्छ । बजेटको एउटा अङ्ग बचत पनि हो । त्यसैले बजेटले हरेक परिवारलाई बचत गर्न उत्साहित गर्छ ।

(च) **पारिवारिक सन्तुष्टि र सुविधा बढाउन** : परिवारका हरेक सदस्यहरूको माग र चाहनालाई ख्याल गरेर पारिवारिक बजेट बनाइन्छ । अतः बजेटले पारिवारिक सन्तुष्टि र सुविधा बढाउन महत्त्वपूर्ण भूमिका खेल्छ ।

## ९.५.६ घर परिवारमा सम्पादन हुने कार्यहरू

घर परिवारमा विभिन्न प्रकारका कामहरू सम्पादन हुन्छन् । ती यस प्रकार छन :

(क) **बच्चाको पालन पोषण** : घर परिवारको सबैभन्दा महत्त्वपूर्ण कार्य तथा जिम्मेवारी बच्चाको पालन पोषण हो । बच्चा जन्माइसकेपछि उसको पालन पोषण, शिक्षा, उपचार आदि घर परिवारमा सम्पादन हुने अति महत्त्वपूर्ण काम हुन् ।

(ख) **वृद्धहरूको स्याहार सुसार** : घर परिवारको अर्को महत्त्वपूर्ण कार्य वृद्धहरूको स्याहार सुसार हो । नेपाल जस्तो पिछडिएको मुलुकमा वृद्धवृद्धाहरूका लागि सामाजिक सुरक्षाको व्यवस्था नभएकाले परिवारमा वृद्धहरूको स्याहार सुसार गर्ने काम एउटा महत्त्वपूर्ण कार्य तथा जिम्मेवारीको रूपमा रहेको छ ।

(ग) **खेतीपाती तथा पशुपालन** : नेपाल जस्ता अल्प विकसित मुलुकमा ग्रामीण क्षेत्रमा बस्ने बहुसङ्ख्यक घर परिवारको मुख्य काम खेतीपाती तथा पशुपालन हो । यी क्षेत्रका परिवारहरू वैकल्पिक पेसाको अभावमा खेतीपाती र पशुपालन गर्छन् । खनजोत गर्ने, बाली लगाउने, बाली स्याहार्ने, गाईवस्तु चराउने, घाँस काट्ने आदि ग्रामीण घर परिवारका मुख्य कार्यहरू हुन् ।

(घ) **खाना पकाउने** : घर परिवारमा सम्पादन हुने अर्को अति महत्त्वपूर्ण कार्य खाना पकाउनु हो । नेपाल जस्ता अति कम विकसित मुलुकहरूमा घर परिवारमा खाना पकाउने काम महिलाहरूले गर्छन् ।

(ङ) **सरसफाइ** : घर परिवारले सम्पादन गर्ने अर्को महत्त्वपूर्ण कार्य घर र कपडाको सरसफाइ हो । ग्रामीण क्षेत्रहरूमा घर र कपडाहरूको सरसफाइमा कम समय र महत्त्व दिइए तापनि सहर बजारमा यस कार्यलाई बढी महत्त्व दिइएको पाइन्छ ।

(च) **चाडपर्वहरू मनाउने** : घर परिवारको अर्को महत्त्वपूर्ण कार्य चाडपर्व मनाउनु हो । नेपालमा दसैँ, तिहार, गाईजात्रा, तीज, छठ, होली, इद, ल्होसार आदि चाडपर्वहरू मनाउने गरिन्छ ।

## ९.५.७ घरायसी प्रविधि र यसको प्रयोग

घर परिवारका विभिन्न कार्यहरू सम्पादन गर्न प्रयोग हुने प्रविधिलाई घरायसी प्रविधि भनिन्छ । प्रविधि भनेको विज्ञानलाई व्यवाहारमा उतार्ने काम हो । नेपाल जस्ता प्राविधिक दृष्टिकोणले पछाडि परेका मुलुकहरूमा प्रयोग हुने घरायसी प्रविधि यस प्रकार छन् :

(क) **खाना पकाउन प्रयोग हुने प्रविधि** : नेपाल जस्ता विकासका दृष्टिकोणले पछाडि परेका मुलुकहरूमा ग्रामीण परिवारहरूमा खाना पकाउने इन्धनको रूपमा दाउरा प्रयोग गर्ने प्रचलन रहेको छ । भाँडाकुँडा पनि परम्परागत प्रकारका प्रयोग गरिन्छ । भात पकाउन कसौडी, तरकारी पकाउन ताप्के र कराई, दुध तताउन कुँडे र दुध चलाउन काठको डाडु, तेल राख्न काठको ठेकी आदि प्रयोग गरेको पाइन्छ । हाल यी कुराहरूको प्रचलन घट्दै आएको छ । आजकल गाउँ सहर दुवै ठाउँहरूमा खाना पकाउने इन्धनका रूपमा ग्याँसको प्रयोगमा वृद्धि भएको छ । खाना पकाउने भाँडाहरू प्रेसर कुकर, ओभन आदिको प्रयोग व्यापक रूपमा वृद्धि भएको छ ।

(ख) **कृषि प्रविधि** : नेपालमा खेतबारी जोत्न गोरु र राँगा प्रयोग गर्ने प्रचलन रहेको छ । साथै खन्न र माटो सम्याउन कोदालो प्रयोग गर्ने प्रचलन छ । हाल आएर कृषि प्रविधिमा केही सुधार आएको देखिन्छ । नेपालको तराई, भित्री मधेश तथा पहाडका कतिपय ठाउँहरूमा जोत्न र माटो सम्याउन ट्र्याक्टर प्रयोग हुन थालेको छ ।

(ग) **सञ्चार प्रविधि** : घर परिवारले सूचना आदानप्रदान गर्न विगतमा चिठी पत्रको प्रयोग गर्थे । तर हाल आएर सूचना आदानप्रदानका निमित्त प्रायः परिवारमा मोबाइल फोन, रेडियो, टेलिभिजन आदि प्रयोग गर्ने प्रचलन व्यापक रूपमा वृद्धि भएको छ ।

(घ) **यातायात प्रविधि** : विगतमा मानिसहरू एक ठाउँबाट अर्को ठाउँमा यात्रा गर्दा हिँडने गर्थे । साथै समानहरू ओसारपसार गर्दा डोकोमा बोकेर एक ठाउँबाट अर्को ठाउँमा पऱ्याउने प्रचलन थियो । नेपालका कतिपय दुगर्म स्थानहरूमा यातायात सुविधाको अभावका कारण मानिसहरू अहिले पनि खुट्टाले हिँड्न र आफैँले समानहरू बोकेर एक ठाउँबाट अर्को ठाउँ पुऱ्याउन बाध्य छन् तर यातायातको विकास भएका ठाउँहरूमा मानिसहरू यात्रा गर्दा यातायातका आधुनिक साधनहरू बस, जिप आदिको सुविधा प्राप्त भएका छन् । साथै सामानहरू पनि ट्रक, ट्याक्टर आदि प्रयोग गरेर  एक ठाउँबाट अर्को ठाउँमा पऱ्याउने सुविधा प्राप्त भएका छन् ।

(ङ) **सरसफाइ प्रविधि** : गाउँघरका परिवारहरूमा अहिले पनि सरसफाइका निमित्त परम्परागत प्रविधि प्रयोग व्यापक रूपमा रहेको छ । अति दुर्गम स्थानहरूमा साबुनको सट्टा खरानी, रिट्ठा आदि प्रयोग गरेर कपडा धुने गरेको देखिन्छ । साथै घर सफाइका निमित्त कुचो प्रयोग गरेको पाइन्छ । तर सहरबजार र सहर उन्मुख ग्रामीण इलाकाहरूमा सरसफाइका आधुनिक प्रविधिहरू भित्रिएका छन् । यी क्षेत्रका घर परिवारहरूले सरसफाइका निमित्त आधुनिक प्रविधि, जस्तै : लुगा धुने मेसिन, लुगा सुकाउने मेसिन, भ्याकुम क्लिनर (धुलो तान्ने यन्त्र वा कुचोको सट्टा प्रयोग हुने प्रविधि) आदि प्रयोग गर्छन् ।

(च) **घर निर्माणको प्रविधि** : ग्रामीण इलाकाहरूमा परम्परागत प्रविधिमा आधारित घरहरू पाइन्छन् । घर निर्माणमा माटो र ढुङ्गा प्रयोग हुन्छ । घरहरू एक वा दुई तले हुन्छन् । घरको छानो खर, पराल, स्लेट ढुङ्गा आदि प्रयोग गरेर छाउने गरिन्छ । सिङ्गो घरमा एउटा कोठा हुन्छ । एउटै कोठामा खाना पकाउने, सुत्ने, खाना खाने आदि सम्पूर्ण कामहरू हुन्छन् तर सहर तथा गाउँघरमा पनि सिमेन्ट प्रयोग गरेर आधुनिक र पक्की घरहरू निर्माण गर्ने प्रचलन निकै बढेको छ ।

(छ) **खानेपानी** : नेपालका कतिपय ग्रामीण इलाकाहरूमा मूल कुवा, धारा आदिको पानी गाग्रोमा बोकेर घरमा पुऱ्याई प्रयोग गर्ने प्रचलन छ तर आजकल धेरै जसो स्थानहरूमा सरकारले धारा निर्माण गरेर पिउने पानीको व्यवस्था गरेकाले गाग्रोमा पानी बोक्ने प्रचलन घट्दै गएको छ ।

# ९.८ पारिवारिक सुविधा, जीवनस्तर र सन्तुष्टि

## ९.१ पारिवारिक सुविधा

पारिवारिक सुविधा परिवारका सदस्यहरूले उपभोग गर्ने वस्तु तथा सेवाहरूमा निर्भर हुन्छ । राम्रा गुणस्तरिय वस्तु तथा सेवा उपभोग गर्ने घर परिवारको जीवनस्तर पनि उच्च हुन्छ । राम्रा र गुणस्तरिय वस्तु उपभोग गर्न पारिवारिक आय पनि उच्च वा धेरै चाहिन्छ । जुन परिवारको आय उच्च वा धेरै छ उक्त परिवारका सदस्यहरूले धेरै पारिवारिक सुविधाहरू प्राप्त गर्छन् र उनीहरूको जीवनस्तर उच्च हुन्छ । परिणाम स्वरूप पारिवारिक सन्तुष्टि पनि अन्य घर परिवारको भन्दा धेरै हुन्छ । यसर्थ पारिवारिक सुविधा, जीवनस्तर र सन्तुष्टि एकआपसमा निर्भर हुन्छन् । उदाहरणका लागि उच्च आय भएको एउटा घर परिवारमा हरेक सदस्यहरूले राम्रो खाना, राम्रो कपडा, राम्रो शिक्षा आदि प्राप्त गर्छन् । त्यसैले उनीहरूको जीवनस्तर पनि उच्च हुन्छ र पारिवारिक सन्तुष्टि पनि धेरै हुन्छ ।

मानिसको जीवनस्तर उसका आवश्यकता कसरी पूरा भएका छन् भन्ने कुरामा निर्भर हुन्छ । अर्को शब्दमा भन्नुपर्दा व्यक्ति वा परिवारको उपभोगको परिमाण र गुणस्तरले उसको जीवनस्तर निर्धारण गर्छ । तर्सथ जुन व्यक्ति वा परिवारले धेरै र राम्रा गुणस्तरका वस्तु तथा सेवाहरू उपभोग गर्छन् वा धेरै पारिवारिक सुविधाहरू प्राप्त गर्छन, उनीहरूको जीवनस्तर उच्च हुनुका साथै पारिवारिक सन्तुष्टि वा खुसी पनि धेरै हुन्छ । पारिवारिक सुविधा, जीवनस्तर र सन्तुष्टिलाई वृद्धि गर्न राज्य वा सरकारको पनि ठुलो भूमिका हुन्छ । राज्यले निम्न आय भएका परिवारहरूलाई आधारभूत आवश्यकताका वस्तुहरू जस्तै खाद्यान्न, कपडा, शिक्षा, स्वास्थ्य आदिमा अनुदान दिने वा निःशुल्क प्रदान गर्ने र काम गर्न नसक्ने अपाङ्ग, वृद्ध र बेरोजगारलाई सामाजिक सुरक्षाका रूपमा भत्ता दिने व्यावस्था गरेमा पारिवारिक सुविधा, जीवनस्तर र सन्तुष्टि वृद्धि हुन जान्छ । युरोप र अमेरिकामा राज्य वा सरकारले जनतालाई सामाजिक सुरक्षा प्रदान गर्ने हुनाले यहाँका मानिसहरूको पारिवारिक सुविधा, जीवनस्तर र सन्तुष्टि अन्य मुलुकका घर परिवार वा जनताको भन्दा धेरै हुन्छ ।

कुनै पनि परिवारको सुविधा, जीवनस्तर र सन्तुष्टि उसले गर्ने आर्थिक निर्णयमा पनि भर पर्छ । यदि पारिवारिक आम्दानीलाई समुचित तरिकाले प्रयोग गर्ने, फजुल वा अनावश्यक खर्च नगर्ने हो भने पनि परिवारलाई उच्च सुविधा, जीवनस्तर र सन्तुष्टि प्रदान गर्न सकिन्छ ।

## ९.२ पारिवारिक सुविधा, जीवनस्तर र सन्तुष्टिलाई प्रभाव पार्ने विभिन्न तत्त्वहरू

पारिवारिक सुविधा, जीवनस्तर र सन्तुष्टिलाई प्रभाव पार्ने विभिन्न तत्त्वहरू छन् । तीमध्ये मुख्य तत्त्वहरू निम्नानुसार छन् :

(**क**) **पारिवारिक आम्दानी** : जुन परिवारको आम्दानी धेरै हुन्छ, उनीहरूको उपभोग परिमाण र गुणस्तर पनि धेरै हुन्छ । फलस्वरूपः पारिवारिक सुविधा, जीवनस्तर र सन्तुष्टि पनि बढी हुन्छ ।

(ख) **परिवार सङ्ख्या** : पारिवारिक सुविधा, जीवनस्तर र सन्तुष्टिलाई प्रभाव पार्ने अर्को महत्त्वपूर्ण तत्त्व परिवार सङ्ख्या पनि हो । ठुलो परिवार सङ्ख्या भएको अवस्थामा पारिवारिक आम्दानी धेरै भए पनि परिवारका सम्पूर्ण सदस्यहरूको आवश्यकता र चाहना पूरा गर्न कठिन हुन्छ । तर परिवार सङ्ख्या सानो छ भने थोरै आम्दानीले पनि धेरै पारिवारिक आवश्यकता पूरा हुन्छन् । यसर्थ सानो सङ्ख्या भएको परिवारमा पारिवारिक सुविधा, जीवनस्तर र सन्तुष्टि उच्च हुन्छ ।

(ग) **शिक्षा** : पारिवारिक सुविधा, जीवनस्तर र सन्तुष्टिलाई शिक्षाले ठुलो प्रभाव पार्छ । शिक्षित मानिसको आयआर्जन क्षमता अशिक्षित मानिसको भन्दा धेरै हुन्छ । साथै शिक्षित मानिसले खर्च गर्दा विचार पुर्‍याएर वा विवेकशील भएर खर्च गर्छ । त्यसैले शिक्षित परिवारको पारिवारिक सुविधा, जीवनस्तर र सन्तुष्टि अशिक्षित परिवारभन्दा धेरै हुन्छ ।

(घ) **पारिवारिक संस्कृति** : कुनै पनि परिवारले उपभोग गरेको सुविधा, जीवनस्तर र सन्तुष्टि उसको पारिवारिक संस्कृतिमा पनि निर्भर हुन्छ । कतिपय परिवारको आम्दानी कम भए पनि अरूलाई देखाउनका निमित्त पनि उच्च उपभोग गर्छन् । तर कतिपय परिवारहरू उच्च आम्दानी भए तापनि उनीहरूले निम्नस्तरको जीवन गुजार गरिरहेका हुन्छन् । उदाहरणका लागि, पुराना राजा महाराजाका सन्तानहरू सांस्कृतिक कारणले गर्दा निम्न आय भए तापनि उनीहरूको जीवनस्तर उच्च रहेको हुन्छ ।

(ङ) **अन्य कारणहरू** : पारिवारिक सुविधा, जीवनस्तर र सन्तुष्टिलाई अन्य तत्त्वहरू, जस्तै : वस्तु तथा सेवाहरूको मूल्यस्तर, सामाजिक परम्परा, रोजगारीका अवसरहरू, घरमुली घर परिवार व्यवस्थापकको बानी, सोच, परिवारप्रति उत्तरदायित्वको अनुभूति, सामाजिक परम्परा, छिमेकीहरूको उपभोग र जीवनस्तर, देशको आर्थिक विकासको अवस्था, वस्तु तथा सेवाहरूको उपलब्धता आदिले पनि प्रभाव पार्छ ।

## अभ्यास

१. **निम्न लिखित प्रश्नहरूको अति छोटो उत्तर दिनुहोस् :**

(क) घरायसी अर्थशास्त्रको परिभाषा दिनुहोस् ।

(ख) घर परिवार व्यवस्थापन भनेको के हो ?

(ग) घर परिवार व्यवस्थापकका गुणहरूको सूची तयार गर्नुहोस् ।

(घ) पारिवारिक स्रोत साधन भन्नाले के बुझिन्छ ?

(ङ) पारिवारिक बजेट भनेको के हो ?

(च) घर परिवारमा सम्पादित हुने कार्यहरूको सूची बनाउनुहोस् ।

(छ) पारिवारिक सुविधा, जीवनस्तर र सन्तुष्टिलाई प्रभाव पार्ने तत्वहरू के के हुन्, सूची बनाउनुहोस् ।

२. **निम्न लिखित प्रश्नहरूको छोटो उत्तर दिनुहोस् :**

(क) घर परिवार व्यवस्थापनका बारेमा सङ्क्षिप्त व्याख्या गर्नुहोस् ।

(ख) घर परिवार व्यवस्थापकमा हुनुपर्ने कुनै पाँच गुणहरू व्याख्या गर्नुहोस् ।

(ग) घर परिवार व्यवस्थापकका कर्तव्य र जिम्मेवारी उल्लेख गर्नुहोस् ।

(घ) साधन स्रोत भन्नाले के बुझिन्छ, व्याख्या गर्नुहोस् ।

(ङ) पारिवारिक बजेटको महत्त्व उल्लेख गर्नुहोस् ।

(च) घर परिवारमा सम्पादन हुने कार्यहरू उल्लेख गर्नुहोस् ।

(छ) नेपालमा विद्यमान घरायसी प्रविधि उल्लेख गर्नुहोस् ।

(ज) पारिवारिक सुविधा, जीवनस्तर र सन्तुष्टिलाई प्रभाव पार्ने तत्त्वहरूका बारेमा सङ्क्षिप्त व्याख्या गर्नुहोस् ।

३. **निम्न लिखित प्रश्नहरूको लामो उत्तर दिनुहोस् :**

(क) घर परिवार व्यवस्थापन भनेको के हो ? घर परिवार व्यवस्थापकमा हुनुपर्ने गुणहरू व्याख्या गर्नुहोस् ।

(ख) पारिवारिक साधन स्रोत भनेको के हो ? तिनको व्यवस्थापन कसरी गर्न सकिन्छ ? व्याख्या गर्नुहोस् ।

(ग) पारिवारिक बजेट भन्नाले के बुझ्नुहुन्छ ? कुनै एउटा काल्पनिक परिवारको बजेट तयार पारी व्याख्या गर्नुहोस् ।

(घ) पारिवारिक सुविधा, जीवनस्तर र सन्तुष्टिका बिचमा के सम्बन्ध छ ? यिनीहरूका निर्धारक तत्त्वहरू व्याख्या गर्नुहोस् ।

(ङ) तपाईंको समाजमा वा टोलमा रहेका विभिन्न घर परिवारहरूको पारिवारिक सुविधा, जीवनस्तर र सन्तुष्टि फरक छ वा छैन ? यदि छ भने कारणहरू पत्ता लगाई कक्षामा छलफल गर्नुहोस् ।

# एकाइ १० : समसामायिक आर्थिक मुद्दाहरू

## १०.१. परिचय

नेपाल जस्ता विश्वका धेरै अल्पविकसित देशहरूले गरिबी, बेरोजगारी, असमानता आदि जस्ता समस्याहरू भोग्नु परिरहेको छ । देशमा व्याप्त गरिबी र बेरोजगारीले गर्दा ठुलो सङ्ख्यामा युवा जनशक्ति कामको खोजीमा विदेशिन बाध्य छ जुन आधुनिक नेपालको तितो सत्य हो । अर्कोतर्फ देशको आर्थिक विकासको फल सम्पूर्ण जनताले समान रूपले प्राप्त गर्न सकेका छैनन् । यसले गर्दा धनी र गरिबबिचको खाडल झन् झन् फराकिलो हुँदै गइरहेको छ । देशमा व्याप्त यी समस्याहरूलाई समाधान गर्नु आर्थिक नीतिको प्रमुख उद्देश्य हो । यस्ता समस्या समाधानका निमित्त विश्वको बदलिँदो परिवेशअनुसार देशले विभिन्न आर्थिक नीति र कार्यक्रमहरू अवलम्बन गर्नुपर्ने हुन्छ । यसै सन्दर्भमा यस एकाइमा हामीले गरिबी, बेराजगारी, वैदेशिक रोजगारी, आर्थिक असमानता, निजीकरण, आर्थिक उदारीकरण र विश्वव्यापीकरण जस्ता समसामयिक आर्थिक मुद्दाहरू चर्चा गरिने छ ।

## १०.२ गरिबी

### १०.२.१ गरिबीको परिभाषा

गरिबी भनेको मानिसले आफ्ना आधारभूत आवश्यकताहरू, जस्तै : गाँस, बास, कपास, शिक्षा, स्वास्थ्य, सुरक्षा आदि पूरा गर्न नसक्ने अवस्था हो । अर्को शब्दमा मानिसले अपर्याप्त आम्दानीको कारणले न्यूनस्तरको जीवन निर्वाह गरिरहेको अवस्थालाई गरिबी भनिन्छ । गरिबीको अवधारणालाई सङ्कुचित र विस्तृत रूपमा बुझ्न आवश्यक छ । सङ्कुचित रूपमा गरिबी भन्नाले कम आम्दानी भएको अवस्था बुझिन्छ । विस्तृत रूपमा गरिबी भन्नाले न्यून मानवीय क्षमता र राज्यले प्रदान गरेको आर्थिक, राजनीतिक र सामाजिक सुविधाहरू, जस्तै : शिक्षा, स्वास्थ्य, सरसफाइ, राजनीतिक प्रतिनिधित्व आदिबाट बञ्चित हुनु हो ।

गरिबी एउटा बहुआयामिक अवधारणा भएको हुनाले यसको सर्वस्वीकार्य परिभाषा दिन निकै कठिन छ । यसमा आर्थिक पक्ष मात्रै समावेश हुँदैनन् । यसमा सामाजिक तथा राजनीतिक पक्षहरू, जस्तैः शिक्षा, स्वास्थ्य, सरसफाइ, राजनीतिक प्रतिनिधित्व आदि पनि समावेश हुन्छन् । गरिबीको अवधारणालाई निम्न लिखित परिभाषाहरूबाट प्रस्ट पार्न सकिन्छ :

विश्व बैङ्कले सन् २०००/२००१ मा प्रकाशित गरेको विश्व विकास प्रतिवेदनअनुसार – गरिबी अपर्याप्त आय वा मानव विकास मात्रै नभएर कमजोर, आवाजहीन, शक्तिहीन र प्रतिनिधित्वविहीन अवस्था हो । (Poverty is more than inadequate income or human development, it is also a vulnerability and lack of voice, power and representation.)

अमर्त्य सेन (Amartya Sen) का अनुसार – गरिबी एउटा न्यूनस्तरको आम्दानी मात्र नभएर

आधारभूत अधिकारबाट बञ्चित हुनु हो ।" (Poverty is deprivation of basic capabilities rather than merely a lowness of income.)

अतः गरिबी भनेको न्यून वा अपर्याप्त आम्दानी मात्रै नभएर अशिक्षा, कुपोषण, रोग आदिले ग्रस्त जीवन तथा सामाजिक र राजनीतिक प्रतिनिधित्व र प्रतिष्ठाको अभाव हो ।

## १०.२.२ गरिबीका प्रकारहरू

गरिबीलाई निम्न लिखित दुई प्रकारमा विभाजन गर्न सकिन्छ :

(**क**) **निरपेक्ष गरिबी** : मानिसले आफ्नो आधारभूत आवश्यकताहरू, जस्तै : गाँस, बास, कपास, शिक्षा, स्वास्थ्य, सुरक्षा पूरा गर्न नसक्ने अवस्था निरपेक्ष गरिबी हो । अर्को शब्दमा भन्नुपर्दा बाँच्नका लागि नभई नहुने न्यूनतम मानवीय आवश्यकताहरू खाद्यान्न, कपडा र बास पूरा गर्न नसक्ने मानिसको आर्थिक अवस्था नै निरपेक्ष गरिबी हो । केन्द्रीय तथ्याङ्क विभागले आर्थिक वर्ष २०६६/०६७ मा गरेको जीवनस्तर सर्वेक्षणअनुसार नेपालमा करिब २५ प्रतिशत जनसङ्ख्या निरपेक्ष गरिबीको अवस्थामा रहेको थियो । आर्थिक वर्ष २०७३/७४ मा निरपेक्ष गरिबीको अवस्थामा रहेको जनसङ्ख्या घटेर २१.६ प्रतिशत हुन पुगेको छ । (चौधौँ योजना, आधार पत्र : २०७३/०७४-२०७५/०७६)

(**ख**) **सापेक्ष गरिबी** : मानिसहरूलाई बाँच्नका लागि पर्याप्त आम्दानी भएको तर अन्य समुदाय र देशहरूको आम्दानी तथा जीवनस्तरको तुलनामा कम भएको अवस्थालाई सापेक्ष गरिबी भनिन्छ । अर्को शब्दमा भन्नुपर्दा अन्य देश वा व्यक्ति वा समुदायसँग तुलना गर्दा देखिने विपन्नता नै सापेक्ष गरिबी हो । यसमा न्यूनतम आधारभूत आवश्यकता पूरा गर्न सक्ने र नसक्ने भन्ने कुरा विश्लेषण गरिँदैन । यसलाई आम्दानीको वितरणमा भएको असमानताका आधारमा विश्लेषण गरिन्छ । नेपाल जस्ता अल्पविकसित मुलुकहरूको प्रमुख समस्या सापेक्ष गरिबी नभई निरपेक्ष गरिबी नै हो । त्यसैले यी मुलुकहरूको विकासको प्रमुख लक्ष्य निरपेक्ष गरिबी घटाउनु रहेको छ ।

## १०.२.३ गरिबीको रेखा

मानिसका न्यूनतम आधारभूत आवश्यकताहरू पूरा गर्नका निमित्त चाहिने आम्दानीलाई गरिबीको रेखा भनिन्छ । यो न्यूनतम जीवनस्तर मापन गर्ने एउटा विधि पनि हो । गरिबीको रेखा यकिन गर्नका निमित्त न्यूनतम आधारभूत आवश्यताका वस्तुहरू खरिद गर्न आवश्यक पर्ने आम्दानी पत्ता लगाइन्छ । नेपालको सन्दर्भमा गरिबीको रेखा व्यक्तिलाई बाँच्नका निमित्त आवश्यक पर्ने न्यूनतम क्यालोरीको आधारमा मापन गरिन्छ । नेपालीलाई सामान्य रूपमा बाँच्नका लागि प्रतिदिन औसत रूपमा २१४४ क्यालोरी शक्ति खानाबाट प्राप्त गर्नुपर्छ । नेपालको सन्दर्भमा खानाबाट २१४४ क्यालोरी शक्ति प्राप्त गर्नका निमित्त खाद्यपदार्थ खरिद गर्न आवश्यक पर्ने आम्दानी नै गरिबीको रेखा हो । ती व्यक्तिहरू जसको आम्दानी गरिबीको रेखामुनि छ, तिनीहरू नै निरपेक्ष गरिब हुन् र उनीहरूको जीवनस्तर तथा आर्थिक अवस्था निरपेक्ष गरिबी हो ।

## १०.२.४ गरिबीका कारणहरू

नेपाल जस्ता धेरै विकासोन्मुख देशहरूमा जनसङ्ख्याको ठुलो हिस्सा गरिबीको रेखामुनि रहेको छ । यी देशहरूमा रहेको गरिबीका पछाडि आर्थिक तथा गैरआर्थिक कारणहरू जिम्मेवार छन् जसलाई निम्नानुसार व्याख्या गरिएको छ :

(**क**) **आर्थिक कारणहरू** : गरिबीको महत्त्वपूर्ण आर्थिक कारणहरू निम्नानुसार छन् :

१. **उच्च जनसङ्ख्या वृद्धिदर** : नेपाल जस्ता विकासोन्मुख देशहरूमा जनसङ्ख्या वृद्धिदर उच्च रहेको छ तर आर्थिक वृद्धिदर भने न्यून छ । यस्तो अवस्थामा प्रति व्यक्ति आम्दानी र प्रति व्यक्ति उपभोग झन् कम हुन जान्छन् । फलस्वरूप गरिबीको रेखामुनि धकेलिने जनसङ्ख्या वृद्धि हुन्छ ।

२. **बढ्दो बेरोजगारी** : नेपाल जस्ता धेरै मुलुकहरूमा बेरोजगारीको ठुलो समस्या रहेको छ । कृषि प्रमुख पेसाको रूपमा रहेको हाम्रो जस्तो मुलुकमा अर्धबेरोजगारी अझ ठुलो समस्याका रूपमा रहेको छ । अर्धबेरोजगारी भन्नाले वर्षभरि काम नपाउने वा खेती लगाउने र भित्र्याउने समयमा मात्रै काम पाउने अवस्था हो । अतः नेपाल जस्ता कृषि प्रधान देशहरूमा ठुलो सङ्ख्यामा मानिसहरू बेरोजगार र अर्धबेरोजगार भएकाले आयआर्जनमा कमी हुन गई आम गरिबीको अवस्था सिर्जना भएको छ ।

३. **कृषि क्षेत्रमा न्यून उत्पादन** : विकासोन्मुख वा आर्थिक रूपमा पिछडिएका मुलुकहरूमा ठुलो सङ्ख्यामा मानिसहरू कृषि पेसामा संलग्न छन् । तर कृषि क्षेत्रमा विभिन्न कारणहरू, जस्तै : अदक्ष जनशक्ति, परम्परागत प्रविधि, सिँचाइको अभाव, निर्वाहमुखी खेती प्रणाली आदिले गर्दा उत्पादकत्व अत्यन्तै न्यून रहेको छ । त्यसैले उनीहरूलाई आफ्नो उत्पादन वर्षभरि खान पुग्दैन । अतः कृषि क्षेत्रमा संलग्न रहेको अधिकतम जनसङ्ख्या गरिबीको रेखामुनि बाँच्न बाध्य छ ।

४. **असमानता** : गरिबीका विभिन्न कारणहरूमध्ये एउटा महत्त्वपूर्ण कारण असमानता पनि हो । नेपाल जस्ता धेरै पिछडिएका मुलुकहरूमा आम्दानी र सम्पत्तिको वितरण अत्यन्तै असमान रहेको छ । त्यसैले धनीका सन्तान सधैँ धनी र गरिबका सन्तान सधैँ गरिब रहिरहने अवस्था विद्यमान छ ।

५. **न्यून ग्रामीण विकास** : नेपाल जस्ता धेरै मुलुकहरूमा कुल जनसङ्ख्याको ठुलो हिस्सा ग्रामीण क्षेत्रमा बसोवास गर्छ । नेपालको सन्दर्भमा हेर्ने भने ८० प्रतिशतभन्दा धेरै जनसङ्ख्या ग्रामीण क्षेत्रमा बसोवास गर्छ । तर ग्रामीण क्षेत्रमा शिक्षा, स्वास्थ्य, उद्योग आदि लगायतका संरचना र विकासका गतिविधिहरू आवश्यकताअनुसार विकास हुन सकेका छैनन् । यसले गर्दा ग्रामीण क्षेत्रमा रोजगारी तथा अन्य आय आर्जनका अवसरहरू उपलब्ध हुन सकेका छैनन् । यिनै कारणले गर्दा ग्रामीण क्षेत्रमा बसोबास गर्ने ठुलो अंश गरिबीको रेखामुनि रहेको छ ।

६. **औद्योगिक क्षेत्रको विकासमा कमी** : नेपाल जस्ता धेरै पिछडिएका मुलुकहरूमा औद्योगिक क्षेत्रको विकासमा कमी देखिन्छ । अर्को शब्दमा यी मुलुकमा औद्योगिक क्षेत्रको विकासको सुरुआत धेरै पहिला भएको भए तापनि यसको गति अत्यन्तै मन्द रहेको छ । कृषिबाहेक रोजगारी प्रदान गर्ने अन्य क्षेत्रहरूको अभावमा ठुलो सङ्ख्यामा मानिसहरू बेरोजगारी र अर्धबेरोजगारीको अवस्थामा गरिबीलाई अँगालेर बाँच्नु परिरहेको छ । अतः तीव्र गतिमा औद्योगिक विकास नहुनु गरिबीको एउटा महत्त्वपूर्ण कारक तत्त्व हो ।

७. **मुद्रास्फीति** : वस्तु तथा सेवाहरूको मूल्यस्तर वृद्धि हुनुलाई मुद्रास्फीति भनिन्छ । यो गरिबीको एउटा कारक तत्त्व हो । मुद्रास्फीतिले गर्दा मुद्राको क्रयशक्ति घट्छ । त्यसैले निम्न र मध्यम वर्गका मानिसहरूको उपभोग घट्छ र उनीहरूको जीवनस्तर पनि खस्किन्छ । यसले गर्दा उनीहरू गरिबीको रेखामुनि धकेलिन पुग्छन् । परिणाम स्वरूप गरिबी वृद्धि हुन्छ ।

८. **विकास योजनाहरूको प्रभावकारी कार्यान्वयनमा कमी** : नेपाल जस्ता विकासोन्मुख देशहरूमा गरिबी निवारणका धेरै कार्यक्रमहरू बनाइएका छन् । तर ती कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयन हुन सकेको छैन । त्यसैले यी मुलुकहरूमा अपेक्षा गरेअनुसार गरिबी घट्न सकेको छैन । उदाहरणका निमित्त नेपालको विकास योजनालाई लिन सकिन्छ । नेपालमा आर्थिक वर्ष वि. सं. २०४७/०४८ देखि विभिन्न योजनाहरूमा प्रत्यक्ष वा अप्रत्यक्ष रूपले गरिबी निवारणलाई प्रमुख उद्देश्यका रूपमा समावेश गरिएको भए तापनि विविध कारणहरू, जस्तै : कार्यक्रमहरू लक्षित वर्गसम्म पुऱ्याउन नसक्नु, सही आयोजनाको छनोट गर्न नसक्नु, खर्चको प्राथमिकता छुट्याउन नसक्नु, भष्टाचार, घुसखोरी, राजनीतिक अस्थिरता आदिले गर्दा लक्ष्यअनुसारको गरिबी घट्न सकेको छैन ।

(ख) **गैरआर्थिक कारणहरू** : गरिबीका आर्थिक कारणहरूका साथै गैरआर्थिक कारणहरू पनि छन् । गैरआर्थिक कारणहरू सामाजिक, राजनीतिक, धार्मिक, शैक्षिक, स्वास्थ्य आदि हुन् । विकासोन्मुख मुलुकहरूमा विद्यमान सामाजिक वर्ग विभेद, जस्तै : लैङ्गिक विभेद, छुवाछुत तथा जाति प्रथा आदिले गर्दा मानिस परम्परागत सोचबाट माथि उठ्न सक्दैन । यसले गर्दा नयाँ सोच, व्यवहार र विचारको विकासमा बाधा उत्पन्न हुन्छ । यसले गर्दा आर्थिक उन्नति र गरिबी निवारण हुन सक्दैन । राजनीतिक अस्थिरताको समयमा भ्रष्टचार, घुसखोरी आदि वृद्धि हुने हुनाले गरिबी बढ्न जान्छ । धार्मिक अन्धविश्वास, द्वन्द्व, कट्टरता आदिले आर्थिक उन्नति र गरिबी निवारणमा बाधा उत्पन्न गर्छ । अशिक्षा, रोग, आदिले पनि गरिबी बढाउन महत्त्वपूर्ण भूमिका खेल्छन् ।

## १०.२.५ गरिबी न्यूनीकरणका उपायहरू

विकासोन्मुख मुलुकहरूमा जनसङ्ख्याको ठुलो हिस्सा गरिबीले तड्पिएर, पिसिएर र भाग्यलाई

दोष दिएर बाँच्न बाध्य छन् । त्यसैले यी मुलुकहरूको आर्थिक विकासको प्रमुख उद्देश्य गरिबी न्यूनीकरण हो । साथै यो एउटा चुनौती पनि भएकाले यी मुलुकहरूले गरिबी न्यूनीकरणसहितको उच्च आर्थिक वृद्धि र विकास प्राप्त गर्ने कुरालाई महत्त्व दिएका छन् । उदाहरणका लागि नेपालको आठौँ योजनादेखि लिएर वर्तमान योजनामा पनि गरिबी न्यूनीकरण एउटा प्रमुख उद्देश्य बन्न पुगेको देखिन्छ । अतः गरिबी न्यूनीकरण गर्न वा घटाउन निम्न लिखित उपायहरू अवलम्बन गर्नुपर्छ :

(क) **उच्च आर्थिक वृद्धि** : उच्च आर्थिक वृद्धिबिना गरिबी न्यूनीकरण गर्न सम्भव छैन । आर्थिक वृद्धि भनेको देशको कुल उत्पादन वा राष्ट्रिय आम्दानीमा हुने वृद्धि हो । आर्थिक वृद्धिबाट प्रति व्यक्ति आयमा वृद्धि गर्न सकिन्छ र यसबाट गरिबी न्यूनीकरणमा मदत मिल्दछ । उच्च आर्थिक वृद्धि प्राप्त गर्न उत्पादनशील क्षेत्रका साथै विकासमा पूर्वाधारहरू, जस्तै : यातायात, शिक्षा, स्वास्थ्य, प्रविधि, विद्युत् आदिमा लगानी बढाउनुपर्छ । यसबाट समग्र देशको उत्पादन क्षमतामा पनि वृद्धि हुन जान्छ ।

(ख) **कृषि क्षेत्रको विकास** : कृषि क्षेत्रको विकास भन्नाले कृषि क्षेत्रलाई आधुनिकीकरण र व्यावसायीकरण गरेर उत्पादकत्व वृद्धि गर्ने कुरा बुझिन्छ । बहुसङ्ख्यक गरिबहरू कृषि क्षेत्रमा आश्रित रहेका हुनाले कृषि क्षेत्रको विकासबिना गरिबी न्यूनीकरण सम्भव छैन । त्यसैले नेपाल जस्ता अति कम विकसित मुलुकहरूमा गरिबी न्यूनीकरणका निमित्त कृषि क्षेत्रको विकास गर्नुपर्छ । यसका लागि कृषि क्षेत्रको उत्पादकत्व बढाउने कार्यक्रमहरू जस्तै : सिँचाइ सुविधामा बिस्तार, उन्नत र वैज्ञानिक कृषि प्रणाली, कृषि क्षेत्रको व्यावसायीकरण र विविधीकरण आदि आवश्यक छन् ।

(ग) **रोजगारीका अवसरहरू सिर्जना गर्ने** : विकासोन्मुख देशहरूमा गरिबीका कारक तत्त्वहरू बेरोजगारी र अर्धबेरोजगारी पनि हुन् । त्यसैले यी समस्याहरू समाधान नगरेसम्म गरिबी न्यूनीकरण सम्भव छैन । यसर्थ सरकारले विभिन्न क्षेत्रहरूमा रोजगारीका अवसरहरू सिर्जना गर्नुपर्छ । रोजगारीका अवसरहरू सिर्जना गर्न औद्योगिक क्षेत्रको विकासका साथै ग्रामीण क्षेत्रमा गरिब जनसमुदायलाई सहुलियतपूर्ण ऋण उपलब्ध गराई स्वरोजगारलाई बढावा दिनुपर्छ ।

(घ) **लक्षित वर्ग उन्मुख कार्यक्रमहरू** : गरिबी निवारणमा कार्यक्रमहरू गरिब परिवारलाई लक्षित गरेर बनाउनुपर्छ । विकासका योजना र कार्यक्रमहरू गरिब, पिछडिएका र अवसर नपाएका जनसमूहलाई सहभागी बनाउँदै उनीहरूलाई फाइदा हुने गरी लागु गर्नुपर्छ । गरिबी निवारणका कार्यक्रमहरू त्यस्ता स्थानमा लैजानुपर्छ जहाँ धेरै गरिबहरू बसोवास गर्छन् र उनीहरूलाई रोजगारीका अवसरहरू छैनन् । साथै गरिबी निवारणका कार्यक्रमहरू पिछडिएका जाति र जनजातिमा लक्षित गर्न आवश्यक छ ।

(ङ) **सामाजिक सुरक्षा** : गरिबी न्यूनीकरणको एउटा महत्त्वपूर्ण उपाय सामाजिक सुरक्षा हो । काम गर्न नसक्ने, अपाङ्गता भएका, बेरोजगार, सहाराविहीन वृद्ध, बालक र एकल

महिलाहरूलाई भत्ताको व्यवस्था गर्नुपर्छ । नेपालमा वि. सं. २०५१ देखि वृद्ध भत्ता वितरण गर्न सुरु गरिएको हो । हाल आएर अपाङ्ग, एकल महिला र लोपोन्मुख जातिहरूलाई पनि समाजिक सुरक्षाको रूपमा भत्ता प्रदान गर्न थालिएको छ । तर वास्तवमा यो अत्यन्तै कम छ । सरकारले गुजारा हुन सक्ने गरी यस्तो भत्ता प्रदान गर्न सके गरिबी न्यूनीकरणमा ठुलो टेवा पुग्ने थियो ।

(**च**) **राष्ट्रिय आम्दानीको समान वितरण** : राष्ट्रिय आम्दानीको समान वितरणले पनि गरिबी घटाउन मद्दत मिल्छ । नेपालमा २१.६ प्रतिशत मानिसहरू गरिबीको रेखामुनि रहेका छन् र राष्ट्रिय आम्दानीको ठुलो अंश केही मानिसहरूले प्रयोग गर्छन् । यसले गर्दा गरिबहरूको सङ्ख्या ठुलो हुन पुगेको हो । यसर्थ राष्ट्रिय आयको समान वितरणबाट नेपाल जस्ता विकासोन्मुख मुलुकहरूमा गरिबी घटाउन मदत मिल्छ ।

(छ) **मानव विकासमा लगानी** : गरिबी न्यूनीकरणका निमित्त मानव विकासमा लागनी गर्नु अत्यन्तै आवश्यक छ । त्यसैले राज्यले मानव विकासका निमित्त आवश्यक पर्ने कुराहरू जस्तै : शिक्षा, स्वास्थ्य, सरसफाइ, पोषण आदिमा लगानी गर्नुपर्छ । यसबाट गरिबहरूको कार्य क्षमता वृद्धि हुन गई उनीहरूको आयआर्जनमा मदत मिल्छ, जुन गरिबी घटाउन उपयोगी हुन्छ ।

माथि उल्लेख गरिए अतिरिक्त गरिबी न्यूनीकरणका अन्य उपायहरू, जस्तै : खाद्यान्नमा अनुदान, प्राविधिक जनशक्तिको विकास, गरिबहरूको सहभागिता र पहुँचमा वृद्धि, राजनीतिक स्थिरता भ्रष्टाचार र घुसखोरीको अन्त्य, विकेन्द्रित विकास, जनसङ्ख्या वृद्धिमा नियन्त्रण आदि अपनाउन आवश्यक छ ।

## १०.३ बेरोजगारी

### १०.३.१ बेरोजगारीको परिभाषा

सामान्य बोलचालको भाषामा कुनै पनि मानिसले काम नपाएर खाली बसेको अवस्थालाई बेरोजगारी भनिन्छ । तर अर्थशास्त्रमा बेरोजगारी भन्नाले कुनै पनि मानिस चलनचल्तीको ज्याला दरमा कार्य गर्न इच्छुक र सक्षम हुँदा हुँदै पनि निजले काम नपाएको अवस्था बुझिन्छ । तर कामका लागि सक्षम हुँदाहुँदै पनि चलनचल्तीको ज्याला दरमा काम गर्न इच्छुक नभई वा अस्वीकार गरी कामको सट्टा आराम गरिरहेको अवस्था वास्तविक बेरोजगारी नभई स्वेच्छिक बेरोजगारी हो ।

बेरोजगारी विश्वका प्रायःजसो मुलुकहरूको ठुलो सामाजिक तथा आर्थिक समस्या हो । यसले समाजमा अनेक प्रकारका विकृति तथा समस्याहरू जस्तैः गरिबी, असमानता, चोरी, डकैती, वेश्यावृत्ति, महिला बेचबिखन, अपराध, राजनीतिक अस्थिरता र आन्दोलन आदि सिर्जना गर्छ । साथै यसले प्रतिभा पलायन वा देशको श्रमशक्ति विदेशिने समस्या पनि सिर्जना गर्छ । त्यसैले बेरोजगारीको समस्या समाधान गर्नु अति आवश्यक छ । नेपालमा करिब २ प्रतिशत जनसङ्ख्या पूर्ण रूपमा बेरोजगार र ३० प्रतिशत जनसङ्ख्या अर्धबेरोजगार रहेको अवस्था विद्यमान छ ।

### १०.३.२ बेरोजगारीका प्रकारहरू

देशको आर्थिक अवस्थाअनुसार बेरोजगारीका रूप र प्रकृति फरक फरक प्रकारका हुन्छन् । गरिब देश र धनी देशमा देखा पर्ने बेरोजगारीका प्रकृतिहरू फरक फरक छन् । धनी देशमा बेरोजगारी औद्योगिकीकरणमा आधारित, प्राविधिक तथा अस्थायी खालको हुन्छ भने गरिब देशहरूमा देखापर्ने बेरोजगारीको प्रकृति कृषिमा आधारित अदृश्य र स्थायी खालको हुन्छ । नेपाललगायतका अल्प विकसित देशहरूले बेरोजगारीको ठुलो समस्या भोग्नु परिरहेको छ । यसले गर्दा गरिबी बढिरहेको छ र देशको श्रमशक्ति विदेशिन बाध्य छ ।

बेरोजगारीका महत्त्वपूर्ण प्रकारहरू निम्नानुसार छन् :

(क) **खुला बेरोजगारी** : काम गर्न इच्छुक हुँदा हुँदै पनि कुनै पनि काम नपाई खाली बसिरहेको अवस्थालाई खुला बेरोजगारी भनिन्छ । यो कुनै पनि मानिस पूर्ण रूपमा बेरोजगार रहेको अवस्था हो । यस प्रकारको बेरोजगारी सहर बजारमा पाइन्छ । सहर बजार रोजगारीको केन्द्रबिन्दु भएको हुनाले प्रायः शिक्षित व्यक्तिहरू कामको खोजीमा सहर बजारमा भौतारिरहेका हुन्छन् । तर काम वा रोजगारी पाइरहेका हुँदैनन । यस प्रकारको बेरोजगारी विकसित मुलुकहरू जापान, अमेरिका, बेलायत, क्यानडा आदि जस्ता देशहरूमा व्याप्त रहेको छ ।

(ख) **लुकेको बेरोजगारी** : लुकेको बेरोजगारीलाई अदृश्य बेरोजगारी पनि भनिन्छ । यस प्रकारको बेरोजगारी अल्पविकसित र कृषि प्रधान मुलुकहरूमा पाइन्छ । अझ भन्नुपर्दा यी मुलुकहरूका कृषि क्षेत्रमा लागेका समुदायहरूमा यस प्रकारको बेरोजगारी व्याप्त छ । बाहिरबाट हेर्दा परिवारका सबै सदस्यहरू रोजगाररत रहे जस्तो देखिए पनि वर्षभरि पुग्ने गरी काम पाएका हुँदैनन् । ग्रामीण क्षेत्रहरूमा कृषिबाहेकका अन्य वैकल्पिक रोजगारीका स्रोत नभएकाले खेतीपातीको काम परिवारका सम्पूर्ण सदस्यहरूले मिलेर गर्छन् । यदि केही कामदारहरूको सङ्ख्या घटाइयो भने पनि उत्पादनमा कमि आउँदैन । त्यसैले यसलाई लुकेको बेरोजगारी भनिएको हो ।

(ग) **अर्धबेरोजगारी** : कुनै पनि व्यक्तिले आफ्नो क्षमता, योग्यता, शिक्षा र तालिमभन्दा कमसल खालको काम गरिरहेको छ वा पूर्ण कार्य गर्न नपाएको अवस्था छ भने यसलाई अर्धबेरोजगारी भनिन्छ, उदाहरणका लागि स्नाकोत्तर तह (एम. ए.) पास गरेको मानिस क्याम्पस पढाउनका निमित्त योग्य हुन्छ तर उसले क्याम्पस पढाउने जागिर पाउनुको सट्टा विद्यालयको प्राथमिक स्तरको जागिर गरिरहेको छ भने यो अर्धबेरोजगारी हो । साथै कुनै एउटा मजदुरले हप्तामा एक दुई दिन वा दिनमा दुई तिन घण्टा मात्र काम पाएको अवस्था छ भने यो पनि अर्धबेरोजगारी हो ।

(घ) **मौसमी बेरोजगारी** : मौसममा परिवर्तन भएका कारणले सिर्जना हुने बेरोजगारीलाई मौसमी बेरोजगारी भनिन्छ । नेपाल जस्ता कृषि प्रधान देशमा मौसमी बेरोजगारीको ठुलो समस्या रहेको छ । खास गरेर कृषि मजदुरहरूले खेतीपाती लगाउने र भित्र्याउने समयमा मात्र

रोजगारी प्राप्त गर्छन् । अन्य समयमा कामविहीन वा बेरोजगार भएर बस्नुपर्ने हुन्छ । यस प्रकारको बेरोजगारी अन्य व्यावसायमा पनि पाइन्छ, जस्तै : बरफ बेच्ने मानिस र बरफ उद्योगमा काम गर्ने मजदुरहरू जाडो समयमा बेरोजगार हुन्छन् । अतः प्रतिकुल मौसमका कारणले पनि बेरोजगारी समस्या उत्पन्न हुन्छ ।

(ङ) **शिक्षित बेरोजगारी** : उच्च शिक्षा प्राप्त गरेका वा पढे लेखेका व्यक्तिहरू कामविहीन वा बेरोजगार रहेको अवस्थालाई शिक्षित बेरोजगारी भनिन्छ । अल्पविकसित मुलुकहरूमा औद्योगिक क्षेत्रको विकासको कमीका कारणले पढे लेखेका वा शिक्षित मानिसहरू ठुलो सङ्ख्यामा बेरोजगार रहेका छन् । उनीहरू कृषि तथा पशुपालन जस्ता कामहरू गर्न रुचाउँदैनन् । सरकारी क्षेत्रको रोजगारी सबै शिक्षितहरूका लागि पर्याप्त हुँदैन । यस प्रकारको बेरोजगारी औद्योगिक क्षेत्रको बृहत् विकासबिना अन्त्य गर्न सकिँदैन ।

### १०.३.३ बेरोजगारीका कारणहरू

नेपालमा कुल जनसङ्ख्यामध्ये करिब ६६ प्रतिशत जनसङ्ख्या कृषि पेसामा संलग्न छ । उनीहरूको प्रमुख आयस्रोत कृषि नै हो । नेपालको कुल गार्हस्थ उत्पादनमा कृषि क्षेत्रको योगदान करिब ३१ प्रतिशत रहेको । औद्योगिक विकासको गति अत्यन्तै सुस्त रहेकाले कृषि नै बहुसङ्ख्यक जनताका रोजगारीको स्रोत हुन पुगेको छ । वास्तवमा औद्योगिक क्षेत्रले देशभित्रै रोजगारीका अवसरहरू सिर्जना गर्न नसकेको हुनाले ठुलो सङ्ख्यामा नेपाली युवा युवतीहरू वैदेशिक रोजगारीमा जान बाध्य छन् । यसले नेपालको बेरोजगारीको वास्तविकतालाई झल्काउँछ । नेपाल जस्ता अति कम विकसित देशहरूमा बेरोजगारीका कारणहरूलाई निम्नानुसार व्याख्या गर्न सकिन्छ :

(क) **उच्च जनसङ्ख्या वृद्धिदर** : नेपाल जस्ता धेरै विकासोन्मुख मुलुकहरूमा जनसङ्ख्या वृद्धिदर उच्च रहेको छ । राष्ट्रिय जनगणना २०५८ अनुसार नेपालको जनसङ्ख्या वृद्धिदर २.२५ रहेको थियो भने २०६८ को जनगणनामा जनसङ्ख्या वृद्धिदर घटेर १.३५ हुन पुग्यो । यसबाट के प्रस्ट हुन्छ भने नेपालको श्रम बजारमा वार्षिक करिब चार लाख श्रम शक्ति थपिन्छ तर वार्षिक रूपमा १ लाख श्रम शक्तिको लागि नयाँ रोजगारी पनि सिर्जना हुँदैन । यसले गर्दा जनसङ्ख्याको ठुलो हिस्सा बेरोजगारीको अवस्थामा रहन बाध्य छ ।

(ख) **निर्वाहमुखी कृषि प्रणाली** : नेपालको कृषि प्रणाली निर्वाहमुखी चरित्रको छ । कृषिलाई व्यवसायको रूपमा भन्दा पनि जीवन निर्वाहको पेसाका रूपमा लिने गरिन्छ । त्यसैले नेपालका कृषकहरूले विभिन्न बालीनाली लगाउने, वर्षभरि खेती गर्ने, नयाँ प्रविधि प्रयोग गर्ने आदि गर्दैनन् । यसले गर्दा कृषकहरू मुस्किलले ६ महिना मात्र रोजगाररत रहने र बाँकी समय बेरोजगार रहने गरेको देखिन्छ । फलस्वरूपः नेपाल जस्ता धेरै कृषि प्रधान मुलुकहरूमा लुकेको बेरोजगारी र मौसमी बेरोजगारी व्याप्त छन् ।

(ग) **औद्योगिक विकासमा कमी** : नेपालमा औद्योगिक विकासको थालनी राणाकालदेखि

भए तापनि यसको विकासको गति अत्यन्तै न्यून छ । विगतमा स्थापना भएका सरकारी स्वामित्वका धेरै उद्योगहरू असक्षमताका कारण बन्द भएका छन् । नयाँ उद्योग खोल्ने वातावरणको अभाव छ । यसले गर्दा देशभित्र रोजगारीका अवसरहरू वृद्धि हुन सकेका छैनन् । त्यसैले नेपालमा ठुलो बेरोजगारीको अवस्था विद्यमान छ ।

(घ) **ग्रामीण विकासमा कमी** : नेपाल गाउँ नै गाउँले भरिएको देश हो । यहाँ कुल जनसङ्ख्याको करिब ७० प्रतिशतभन्दा बढी जनसङ्ख्या ग्रामीण क्षेत्रमा नै बसोबास गर्छ । तर यति धेरै जनसङ्ख्या बसोवास गरिरहेको क्षेत्र विकासको दृष्टिकोणले निकै पिछडिएको छ । यहाँ विकासका पूर्वाधारहरू, जस्तै : यातायात, विद्युत्, टेलिफोन, बैङ्क, विद्यालय, क्याम्पस, अस्पताल आदिको विकास अझै राम्रोसगँ हुन सकेको छैन । साथै साना, ठुला र मझौला कुनै पनि प्रकारका उद्योगहरू स्थापना हुन सकेको देखिदैन । यसैले गाउँमा कुनै पनि किसिमका रोजगारीका अवसरहरू नहुँदा गाउँमा बसोबास गर्ने मानिसहरू पूर्ण बेरोजगारी, अर्धबेरोजगारी र लुकेको बेरोजगारीको अवस्थामा रहन बाध्य छन् ।

(ङ) **अव्यावहारिक तथा दोषपूर्ण शिक्षा प्रणाली** : नेपालको शिक्षा प्रणाली अव्यावहारिक तथा दोषपूर्ण छ । विद्यार्थीहरूलाई जीवनमुखी, व्यावहारिक र समय सुहाउँदो शिक्षा दिनुका सट्टा सैद्धान्तिक र परम्परागत ज्ञान सिकाइन्छ, जुन वास्तविक जीवनमा काम लाग्दैन । अर्कातर्फ पढे लेखेको मानिसले श्रम गर्नु हुँदैन भन्ने गलत मान्यता हाम्रो शिक्षा प्रणालीले स्थापित गरेको छ । यसले गर्दा नेपालमा शिक्षित बेरोजगारी वृद्धि भएको छ ।

(च) **उपयुक्त आर्थिक नीतिको अभाव** : उपयुक्त आर्थिक नीतिले रोजगारी सिर्जना गर्नमा ठुलो भूमिका खेल्छ । उपयुक्त आर्थिक नीति भएको खण्डमा लगानी वृद्धि हुने, औद्योगिक विकासले गति लिने, विकास संरचनाहरू निर्माण हुने आदि हुन्छन् । यसले देशमा रोजगारी बढाउन ठुलो सहयोग गर्छ । तर नेपालमा यस प्रकारका आर्थिक नीतिको अभाव देखिन्छ ।

(छ) **द्वन्द्व र राजनीतिक अस्थिरता** : नेपालमा विगतको एक दशक लामो द्वन्द्व र त्यसपछि सिर्जना भएको राजनीतिक अस्थिरताले बेरोजगारीको समस्यालाई थप जटिल बनाएको छ । यस अवधिमा देशको आर्थिक वृद्धिदर घट्नुका साथै औद्योगिक क्षेत्र ओरालो लाग्न पुग्यो । राज्यको ध्यान लगानी, पुँजी निर्माण तथा उत्पादन वृद्धिभन्दा पनि संविधान निर्माणमा केन्द्रित रहन पुग्यो । विकास खर्चमा व्यापक गिरावट आयो । यी सम्पूर्ण कारणहरूले गर्दा रोजगारीका नयाँ अवसरहरू वृद्धि हुन सकेनन् । यसले गर्दा बेरोजगारी वृद्धि भयो ।

### १०.३.४ रोजगार प्रवर्धनका कार्यक्रमहरू

देशमा उपलब्ध जनशक्तिलाई नयाँ प्रविधि र बजार सुहाउँदो शिक्षा, तालिम र सिप प्रदान गरेर मात्रै बेरोजगारीको समस्या समाधान गर्न सकिन्छ । नेपालमा प्रत्येक नागरिकलाई रोजगारीको प्रत्याभूति गर्ने अवस्था संविधानमा गरिएको छ । नेपालको चौधौँ योजना (२०७३/०७४-

२०७५/०७६) को आधार पत्रअनुसार नेपालमा कुल जनसङ्ख्याको करिब २ प्रतिशत जनसङ्ख्या पूर्ण बेरोजगार र ३० प्रतिशत अर्ध बेरोजगार रहेको छ । देशमा पर्याप्त रोजगारीका अवसरहरू नभएका हुनाले ठुलो सङ्ख्यामा युवाहरू रोजगारीका लागि विदेशिनु परिरहेको छ । देशभित्र रहेको बेरोजगारीको यस्तो विकराल समस्यालाई सम्बोधन गर्न चौधौँ योजना (२०७३/७४ - २०७५/७६) ले विभिन्न कार्यक्रमहरू बनाएको छ । तीमध्ये केही प्रमुख कार्यक्रमहरू यस प्रकार छन् :

(क) लगानी मैत्री वातावरण सिर्जना गरी स्वदेशमै रोजगारी एवम् स्वरोजगारीका अवसरहरू सिर्जना गर्ने

(ख) सिप तथा व्यावसायिक तालिमका अवसरको विकास र बिस्तार गर्दै अन्तर्राष्ट्रिय क्षेत्रमा प्रतिस्पर्धा गर्न सक्ने श्रमशक्तिको उत्पादन गर्ने

(ग) वैदेशिक रोजगारीलाई सुरक्षित, मर्यादित, भरपर्दो र प्रतिफलयुक्त बनाउने

(घ) वैदेशिक रोजगारीबाट प्राप्त विप्रेषण आयलाई उत्पादनमूलक क्षेत्रमा परिचालन गर्ने

(ङ) श्रमिकको हक अधिकारको संरक्षण तथा असल श्रम सम्बन्ध स्थापित गर्ने

(च) श्रमप्रधान उत्पादन क्षेत्रको बिस्तारबाट रोजगारी बढाउने

(छ) प्रत्येक प्रदेशमा सिप विकास तालिम केन्द्र स्थापना गरिने

(ज) रोजगारीमा महिलाहरूको सुरक्षा सुनिश्चित हुने प्रणालीको व्यावस्था गर्ने

(झ) श्रमको सम्मान र श्रमिकलाई न्योचित व्यवहार गर्ने गरी मापदण्ड लागु गर्ने

(ञ) श्रम तथा रोजगार व्यवस्थापन प्रणालीको विकास गर्ने ।

## १०.४. वैदेशिक रोजगारी

### १०.४.१ परिचय

कुनै एक देशका नागरिक आयआर्जनका उद्देश्यले अर्को देशमा गएर काम गर्छन् भने यसलाई वैदेशिक रोजगारी भनिन्छ । वर्तमान समयमा नेपाल जस्ता धेरै अल्प विकसित देशका युवाहरू स्वदेशी रोजगारको अभावमा विदेशिन बाध्य छन् । नेपाल सरकारको निर्णयअनुसार हालसम्म वैदेशिक रोजगारीका निमित्त ११० देशहरू खुला गरिएका छन् । तीमध्ये प्रमुख गन्तव्य मुलुकहरू मलेसिया, साउदी अरब, युएई, कुबेत, दक्षिण कोरिया आदि हुन् । आर्थिक वर्ष २०७२/०७३ सम्ममा रोजगारीका निमित्त विदेशिने नेपालीहरूको सङ्ख्या चालिस लाख नाघेको छ । यो क्रम रोकिएको छैन, दिन प्रतिदिन बढिरहेको छ ।

एक देशका नागरिकले अर्को देशमा काम गरी आफ्नो देशमा पठाएको रकमलाई विप्रेषण भनिन्छ । वैदेशिक रोजगारीमा जाने नेपाली नागरिकहरूको सङ्ख्या बढेअनुसार विप्रेषण पनि तीव्र गतिमा बढिरहेको छ । आर्थिक वर्ष २०७१/०७२ मा नेपालले करिब रु. ६१७ अरब विप्रेषण प्राप्त गरेको थियो, जुन कुल गार्हस्थ उत्पादनको करिब २९ प्रतिशत थियो ।

## १०.४.२ वैदेशिक रोजगारीको महत्त्व

नेपाल जस्ता कम विकसित वा विकासोन्मुख देशहरूका लागि वैदेशिक रोजगारी र यसबाट प्राप्त विप्रेषणको ठुलो महत्त्व छ। नेपालको अर्थतन्त्र विप्रेषणमा आधारित भएकाले यसलाई विप्रेशण अर्थतन्त्र पनि भनिन्छ। नेपाल जस्ता अल्प विकसित देशहरूका निम्ति वैदेशिक रोजगारीको महत्त्वलाई निम्नानुसार उल्लेख गर्न सकिन्छ :

(क) **बेरोजगारी समस्याको समाधान** : नेपालमा बेरोजगारीको गम्भीर समस्या छ। जनसङ्ख्याको ठुलो हिस्सा अर्ध बेरोजगारी र लुकेको बेरोजगारीको चपेटामा परेको छ। वैदेशिक रोजगारीले यस प्रकारको बेरोजगारी समस्या समाधान गर्न ठुलो भूमिका निर्वाह गरेको छ।

(ख) **विप्रेषण आय** : वैदेशिक रोजगारीबाट विप्रेषण आय प्राप्त हुन्छ। वैदेशिक रोजगारमा जाने नेपालीहरूको सङ्ख्या वृद्धि भएअनुसार विप्रेषण आय पनि वृद्धि भइरहेको छ। यसरी प्राप्त भएको विप्रेषण आयको महत्त्व दिन प्रतिदिन बढ्दै आएको छ किनकि यो नै वैदेशिक मुद्राको प्रमुख स्रोत हो। यसको मद्दतबाट नेपालको ठुलो व्यापार घाटा पूरा भइरहको छ।

(ग) **गरिबी न्यूनीकरण** : वैदेशिक रोजगारबाट प्राप्त आय सम्बन्धित कामदारको घरपरिवारमा भित्रिन्छ। यसबाट परिवारको आय वृद्धि हुन गई उपभोगमा पनि वृद्धि हुन्छ। यसले गर्दा जीवनस्तरमा सुधार हुन्छ जसले गरिबी घटाउन मदत गर्छ। नेपालमा हाल घटेको गरिबीको प्रमुख कारक तत्त्व विप्रेषण नै हो।

(घ) **सिपयुक्त र तालिम प्राप्त जनशक्ति** : वैदेशिक रोजगारमा गएका मानिसहरू उच्च र नयाँ प्रविधिसँग परिचित हुन्छन्। साथै उनीहरूले काम गर्दै जाँदा दक्षता पनि प्राप्त गर्छन्। उनीहरू स्वदेश फर्केपछि विदेशमा सिकेको सिप, ज्ञान, अनुभव आदिलाई प्रयोग गर्न सकिन्छ।

(ङ) **राष्ट्रिय आयमा वृद्धि** : वैदेशिक रोजगारीबाट प्राप्त विप्रेषणले राष्ट्रिय आयको वृद्धिमा ठुलो भूमिका खेल्छ। यसबाट बचत वृद्धि भई पुँजी निर्माणमा सहयोग पुग्छ यसबाट उत्पादन वृद्धि हुन गई राष्ट्रिय आय पनि वृद्धि हुन्छ।

## १०.४.३ वैदेशिक रोजगारीका बेफाइदाहरू

नेपालमा वैदेशिक रोजगारीको ठूलो महत्त्व भए तापनि यसका बेफाइदाहरू पनि छन्। वैदेशिक रोजगारीका बेफाइदाहरूलाई निम्नानुसार उल्लेख गर्न सकिन्छ :

(क) **परनिर्भतामा वृद्धि** : वैदेशिक रोजगारी अल्पकालमा लाभदायक भए तापनि दीर्घकालमा निकै हानिकारक छ। यसले परनिर्भतामा बढाउँछ। मानिसहरूमा आफ्नो देशमा केही गरौँ भन्ने भावना विकास हुनुको सट्टा विदेशमै काम गर्ने र विदेशी सामानहरू प्रयोग गर्ने आदत बढाइदिन्छ।

(ख) **प्रतिभा पलायन** : वैदेशिक रोजगारीले गर्दा देशमा रहेका दक्ष, तालिम प्राप्त, शिक्षित र स्वस्थ जनशक्ति आकर्षक पारिश्रमिकका निमित्त विदेश पलायन हुन्छ । यसले गर्दा देशभित्र दक्ष जनशक्तिको अभाव सिर्जना हुन्छ । यो समस्या हाल नेपालले भोगिरहेको छ ।

(ग) **आर्थिक विकासमा कठिनाइ** : देशको दक्ष र सिपयुक्त जनशक्ति वैदेशिक रोजगारीमा आकर्षित हुँदा देशमा चाहिने जनशक्तिको अभाव हुन्छ । यसले गर्दा देशको आर्थिक विकासमा ठुलो कठिनाइ उत्पन्न हुन्छ ।

(घ) **परिवारिक समस्या** : लामो समय वैदेशिक रोजगारीमा रहेका व्यक्तिको परिवारमा धेरै समस्या आएको देखिन्छ । वैदेशिक रोजगारीबाट प्राप्त आयको दुरूपयोग हुने, छोराछोरीहरू कुलतमा फस्ने, अभिवावकको अभावमा छोराछोरीहरू विद्यालय छाड्ने, आदि समस्याहरू सिर्जना भएका छन् । साथै श्रीमान् श्रीमतीबिचको सम्बन्ध बिग्रिने र सम्बन्ध बिच्छेद हुने गरेका धेरै घटनाहरू पाइन्छन् ।

(ङ) **मानव लागत** : वैदेशिक रोजगारीबाट प्राप्त हुने आय वा विप्रेषणको ठुलो मानव लागत वा त्याग छ । परिवारसँग टाढा बस्नु, अर्काका देशमा कठिन र जोखिमपूर्ण काम गर्नु आदि वैदेशिक रोजगारीबाट प्राप्त विप्रेषणका लागतहरू हुन् । साथै वैदेशिक रोजगारीको क्रममा विदेशी भूमिमा धेरै नेपालीले ज्यान गुमाउन पुगेका छन् ।

## १०.४.५ वैदेशिक रोजगारीका समस्या र समाधानका उपायहरू

(क) **समस्याहरू** : नेपालबाट वैदेशिक रोजगारीमा जाने अधिकांश नेपाली श्रमिकहरू अदक्ष हुन्छन् । साथै उनीहरूलाई विदेशी भाषा, नियम, कानुन, गर्नुपर्ने कामका लागि चाहिने सिप र ज्ञान आदिका बारेमा जानकारी हुँदैन । त्यसैले उनीहरूले वैदेशिक रोजगारीका क्रममा धेरै समस्याहरू भोग्नुपर्छ । वैदेशिक रोजगारीका प्रमुख समस्या निम्नानुसार छन् :

१. **अदक्ष कामदार** : वैदेशीक रोजगारीमा जाने प्रायः नेपालीहरू अदक्ष हुन्छन् । त्यसैले उनीहरूले अन्य मुलुकका कामदारका तुलनामा कम पारिश्रमिक पाउँछन् ।

२. **जोखिमपूर्ण काम** : वैदेशिक रोजगारमा जाने अधिकांश नेपालीहरू सिपविहीन हुने हुनाले उनीहरूले कठिनपूर्ण र जोखिमपूर्ण कामहरू गर्नुपर्छ । यसो हुँदा रोजगाररत स्थानहरूमा मृत्यु हुने, घाइते हुने, अङ्गभङ्ग हुने आदि देखिन्छ तर यस सम्बन्धी अभिलेखको अभाव छ ।

३. **संरक्षणको अभाव** : नेपालको राजदूतावास नै नभएका देशहरूमा नेपालीहरू काम गर्न जाने हुनाले उनीहरूको संरक्षण र निगरानी हुन सकेको छैन । राजदूतावास भएका मुलुकहरूमा गएकाहरूलाई पनि दुतावासका कर्मचारीहरूले वास्ता नगर्ने भएकाले समस्या पर्दा उनीहरू असहाय हुने गर्छन् ।

४. **अवैधानिक बाटोको प्रयोग** : धेरै नेपालीहरू गोप्य रूपमा भारतको बाटो

गरी द्वन्द्वग्रस्त मुलुकहरू, जस्तै : अफगानिस्तान, इराक आदिमा जाने गरेको देखिन्छ। यसरी अवैधानिक बाटो प्रयोग गरेर वैदेशिक रोजगारीमा जानेहरूले सबैभन्दा बढी समस्या भोग्नु परिरहेको छ। अवैधानिक बाटो प्रयोग गरी वैदेशिक रोजगारीमा जाने महिलाहरूलाई शारीरिक शोषण गर्ने तथा जबरजस्ती वेश्यावृत्तिमा लगाउने गरेका गुनासाहरू पनि आउने गरेका छन्।

५. **खर्चिलो** : वैदेशिक रोजगारीमा जानको निम्ति देशका कुना कुनाबाट काठमाडौँमा आएर लामो समय कुर्नुपर्ने वैदेशिक रोजगार कम्पनीहरूले चर्को शुल्क असुल गर्ने आदि कारणले गर्दा वैदेशिक रोजगारी निकै खर्चिलो रहेको छ।

### १०.४.६ समाधानका उपायहरू

माथि उल्लेख गरिएका वैदेशिक रोजगारीका समस्याहरू समाधानका लागि निम्न लिखित सुझावहरू दिन सकिन्छ :

(क) वैदेशिक रोजगारीमा जान चाहने युवाहरूलाई सिप विकास वा तालिम प्राप्त गरेर मात्रै वैदेशिक रोजगारीमा जान उत्सहित गर्नुपर्छ। यसबाट उनीहरूले सजिलो काम पाउनुका साथै तलब वा ज्याला पनि बढी प्राप्त गर्न सक्षम हुन्छन्।

(ख) नेपालबाट वैदेशिक रोजगारीमा जानेहरूलाई बिमा गर्नुपर्ने बाध्यकारी नियम बनाउन सकेमा उनीहरू दुर्घटनामा परी मृत्यु वा अङ्गभङ्ग भए पनि निजका परिवारलाई केही आर्थिक राहत हुन जान्छ।

(ग) नेपालीहरू काम गर्न जाने देशहरूमा राजदुतावास खोल्ने र श्रम सहचारीको व्यवस्था गर्नुपर्छ। यसो गर्न सकेमा वैदेशिक रोजगारीमा गएका नेपालीहरूको संरक्षण र श्रम बजारको विकास तथा बिस्तार गर्न सहयोग पुग्छ।

(घ) धेरै नेपालीहरू भारतको अवैधानिक बाटो प्रयोग गरी द्वन्द्वग्रस्त र वैदेशिक रोजगारीका निम्ति अनुमति नभएका मुलुकहरूमा जाँदा धेरै समस्याहरू सिर्जना भएकाले यसलाई पूर्ण रूपमा निरुत्साहित गर्नुपर्छ। यसका लागि भारतलगायतका अन्य दक्षिण एसियाली मुलुकहरूसँग सहकार्य गर्नु आवश्यक छ।

(ङ) वैदेशिक रोजगारीका निमित्त काठमाडौँ धाउनुपर्ने अवस्था अन्त्य गर्न स्थानीय प्रशासनबाट सबै प्रक्रिया पूरा हुने व्यावस्था गर्नुपर्छ।

(च) वैदेशिक रोजगार कम्पनीहरू स्थानीय स्तरमा स्थापना गर्न उत्साहित गर्नुपर्छ। यसो गर्न सकेमा वैदेशिक रोजगारीमा जाँदा लाग्ने खर्चलाई धेरै कमगर्न सकिन्छ।

## १०.६ आर्थिक असमानता

### १०.६.१ परिचय

हाम्रो समाजमा केही मानिस धनी छन् भने धेरै मानिस गरिब छन्। धनीसँग आयआर्जन गर्ने सम्पत्तिहरू जस्तै घर, जमिन, उद्योग, व्यापार आदि धेरै छन्। अर्कोतर्फ गरिबसँग यी

आयआर्जन गर्ने सम्पत्तिहरू छैनन् वा भए पनि अति थोरै छन् । अर्को शब्दमा भन्नुपर्दा देशका नागरिकहरूका बिचमा आम्दानी र सम्पत्तिको वितरण असमान छ । केही मानिस धनी छन् तर धेरै मानिस गरिब छन् । यसरी कुनै पनि देशका नागरिकहरूका बिचमा भएको आम्दानी र सम्पत्तिको असमान वितरणलाई आर्थिक असमानता भनिन्छ । आर्थिक असमानता संसारका प्रायः सबै मुलुकहरूको समस्याको रूपमा रहेको छ ।

आर्थिक असमानता भएका मुलुकहरूका केही मुट्ठीभर वा सानो सङ्ख्यामा रहेका व्यक्तिहरूले राष्ट्रिय आम्दानीको ठुलो अंश प्राप्त गर्छन् भने ठुलो सङ्ख्यामा रहेका बहुसङ्ख्यक गरिबहरूले राष्ट्रिय आम्दानीको सानो अंश मात्रै प्राप्त गर्छन् । राष्ट्रिय आम्दानीको असमान वितरण वा आर्थिक असमानताले सामाजिक द्वन्द्व, क्रान्ति, राजनीतिक अस्थिरता, बेरोजगारी, गरिबी आदि सिर्जना गर्छ । त्यसैले यसलाई राजनीतिक, आर्थिक तथा सामाजिक दृष्टिकोणले अवान्छनीय र अन्यायपूर्ण मानिन्छ ।

### १०.६.२ आर्थिक असमानताका कारणहरू

आर्थिक असमानताका विभिन्न कारणहरू छन् । यी कारणहरू देशको आर्थिक, सामाजिक, राजनीतिक, सांस्कृतिक, धार्मिक आदि कुराहरूले प्रभावित हुन्छन् । आर्थिक असमानताका प्रमुख कारणहरू निम्नानुसार उल्लेख गर्न सकिन्छ :

(क) **पैतृक सम्पत्तिको हक** : नेपालमा बाबुको सम्पत्ति छोराले पाउने हुनाले धनी बाबुको छोरा धनी हुने र गरिबको छोरा गरिब हुने अवस्था सिर्जना भएको छ । अतः विगतको आर्थिक असमानता आज र आजको आर्थिक असमानता भोलि पनि कायम हुन्छ ।

(ख) **बेरोजगारी** : नेपालमा बेरोजगारी र लुकेको बेरोजगारीको ठुलो समस्या विद्यमान छ । बेरोजगार व्यक्तिले आयआर्जन गर्न सक्दैन । त्यसैले बेरोजगार मानिस गरिब रहिरहने अवस्था हुन्छ भने रोजगार प्राप्त मानिसहरूले आयआर्जन गर्ने हुनाले उनीहरूको आर्थिक अवस्था राम्रो हुन्छ । यसर्थ बेरोजगारी पनि आर्थिक असमानताको एउटा कारक तत्त्व हो ।

(ग) **उच्च जनसङ्ख्या वृद्धि** : उच्च जनसङ्ख्या वृद्धि पनि आर्थिक असमानताको एउटा कारण हो । गरिबले धेरै बच्चाहरू जन्माउने हुनाले उनीहरूको परिवारको सङ्ख्या ठुलो हुन्छ । जब उनीहरूको परिवार छुटिन्छ, उनीहरूसँग रहेको थोरै सम्पत्ति पनि टुक्रिएर अझ थोरै हुन पुग्छ । अर्कोतर्फ धनीले थोरै बच्चा बच्ची जन्माउने हुनाले उनीहरूमा यो समस्या आउँदैन । फलस्वरूप देशमा आर्थिक असमानता सिर्जना हुन्छ ।

(घ) **सम्पत्तिको असमान वितरण** : नेपाल जस्ता अति कम विकसित र कृषि प्रधान देशहरूमा आयआर्जनका प्रमुख स्रोतहरू भूमि, पशु, घर आदि हुन् । आयका यी स्रोतहरू थोरै मानिससँग धेरै छन् भने धेरै मानिसहरूसँग थोरै छन् । धनीले यी स्रोतहरूबाट धेरै आय प्राप्त गर्छन् भने गरिबले कम आय प्राप्त गर्छन् । अतः सम्पत्तिको असमान वितरणले आर्थिक असमानता सिर्जना गर्छ ।

(ङ) **जन्मजात क्षमतामा भिन्नता** : मानिसका जन्मजात क्षमताहरू फरक हुन्छन् । एउटै बाबु आमाबाट जन्मेका र एकै किसिमको शिक्षा प्राप्त गरेका दाजु भाइहरूबिचको क्षमता फरक भएको भेटिन्छ । जुन व्यक्ति जन्मजात रूपमै क्षमतावान् हुन्छ, उसले धेरै सम्पत्ति र आय आर्जन गर्छ भने जुन व्यक्ति जन्मजात रूपमै कमजोर हुन्छ, उसले कम सम्पत्ति र आय आर्जन गर्छ । यसर्थ जन्मजात क्षमतामा भएको भिन्नताले गर्दा आर्थिक असमानता सिर्जना हुन्छ ।

(**च**) **शिक्षा, तालिम र अवसरमा भिन्नता** : सबै मानिसहरूले समान अवसर प्राप्त गर्न सक्दैनन् । राम्रो शिक्षा, तालिम र अवसर प्राप्त गरेका मानिसहरूले धेरै तलब वा आम्दानी प्राप्त गर्छन् भने राम्रो शिक्षा, तालिम र अवसर प्राप्त नगरेका मानिसहरूले कम तलब वा आम्दानी प्राप्त गर्छन् । यसर्थ शिक्षा, तालिम र अवसरमा भिन्नता हुँदा आर्थिक असमानता सिर्जना हुन्छ ।

## १०.६.३ आर्थिक असमानताको मापन

आर्थिक असमानतालाई मापन गर्ने विभिन्न विधिहरू छन् । ती विभिन्न विधिहरूमध्ये गिनी गुणाङ्क सबैभन्दा लोकप्रिय विधि हो । यसले आम्दानी र सम्पत्तिको वितरणमा कति असमानता छ भन्ने कुरा तथ्याङ्कीय विधिबाट मापन गर्छ । यसको मान शून्यदेखि एकसम्म हुन्छ । शून्य मानले पूर्ण समानता देखाउँछ भने एक मानले पूर्ण असमानता देखाउँछ । यदि गिनी गुणाङ्क शून्यको नजिक छ भने आर्थिक असमानता कम छ भन्ने बुझिन्छ । यसको विपरीत गिनी गुणाङ्क एकको नजिक छ भने यसले आर्थिक असमानता धेरै छ भन्ने कुरा देखाउँछ ।

## १०.६.४ असमानता न्यूनीकरणका उपायहरू

नेपाललगायत विश्वका धेरै देशहरूमा आर्थिक असमानताको ठुलो समस्या रहेको छ । त्यसैले असमानतालाई कम गर्नु अति आवश्यक छ । नेपालमा असमानतालाई घटाउन निम्न लिखित उपायहरू अपनाउनुपर्छ :

(क) प्रगतिशील कर प्रणाली लागु गरेर देशमा रहेको आर्थिक असमानतालाई कम गर्न सकिन्छ । प्रगतिशील कर प्रणालीमा उच्च आय भएका मानिसहरूलाई करको दर धेरै हुन्छ भने न्यून आय भएका मानिसहरूलाई करको दर न्यून हुन्छ ।

(ख) बेरोजगार अवस्थामा रहेका जनशक्तिलाई रोजगारी उपलब्ध गराउन सकेमा आर्थिक असमानता घटाउन मदत मिल्छ ।

(ग) उच्च जनसङ्ख्या वृद्धि आर्थिक असमानताको एउटा महत्त्वपूर्ण कारण भएकाले यसलाई नियन्त्रण गरेर आर्थिक असमानता कम गर्न सकिन्छ ।

(घ) नेपालमा औपचारिक तथा अनौपचारिक क्षेत्रमा काम गर्ने कामदारहरूको तलब तथा ज्याला वृद्धि गरेर आर्थिक असमानता कम गर्न सकिन्छ ।

(ङ) न्यून आय भएका परिवारहरूलाई निःशुल्क शिक्षा, सिप विकास र तालिमका अवसरहरू प्रदान गरेर आर्थिक असमानता घटाउन सकिन्छ ।

(च) असक्त, रोगी, अपाङ्ग, एकल महिला, वृद्ध आदिलाई भत्ता तथा पेन्सनको व्यवस्था गरेर आर्थिक असमानता घटाउन सकिन्छ ।

(छ) पैतृक सम्पत्तिको हक पनि आर्थिक असमानताको एउटा कारक तत्त्व हो । त्यसैले पैतृक सम्पत्तिमा छोराको हक रहेको कानुनी अधिकारको अन्त्य गरी बाबु आमाको इच्छाअनुसार सम्पत्ति दिन पाउने कानुनी व्यवस्था हुनुपर्छ । यसबाट आर्थिक असमानता घटाउनलाई सहयोग पुग्छ ।

## १०.७ निजीकरण, आर्थिक उदारीकरण र विश्वव्यापीकरण

### १०.७.१ निजीकरण

(**क**) **अवधारणा** : सरकारी स्वामित्वमा रहेका सम्पत्ति, उद्योग, व्यावसाय आदि निजीक्षेत्रको स्वामित्वमा हस्तान्तरण गर्ने प्रक्रियालाई निजीकरण भनिन्छ । अर्को शब्दमा भन्नुपर्दा सरकारी स्वामित्वमा रहेका उद्योग, व्यावसाय वा सरकारी संस्थानहरूलाई निजीक्षेत्रमा आंशिक वा पूर्ण रूपले हस्तान्तरण गर्नु वा यस्ता संस्थानहरूको व्यवस्थापनमा निजी क्षेत्रलाई सहभागी गराउनु निजीकरण हो । यसको प्रमुख उद्देश्य सरकारको भूमिकालाई कम गर्नु र निजी क्षेत्रलाई बलियो बनाई उत्पादनशील व्यवसायमा सहभागी गराउनु हो ।

सरकारले स्थापना गरेका उद्योगलाई सार्वजनिक संस्थान भनिन्छ । नेपालमा वि. स. २००७ साल अघि नेपाल बैङ्क लिमिटेड र रघुपति जुट मिल नामका दुई ओटा सार्वजनिक संस्थानहरूको स्थापना भएको थियो । वि. स. २०१३ मा पहिलो पञ्चवर्षीय योजना लागु भएपछि सार्वजनिक संस्थानहरूको स्थापना र विकासले गति लिएको पाइन्छ । सातौँ पञ्च वर्षीय योजना (२०४२-२०४७) सम्ममा ७५ ओटा सार्वजनिक संस्थानहरू स्थापना भएका थिए ।

तीमध्ये केही प्रमुख सार्वजनिक संस्थानहरू भृकुटी कागज कारखाना, बाँसवारी छाला जुत्ता कारखाना, नेपाल दूरसञ्चार संस्थान, नेपाल आयल निगम, वीरगञ्ज चिनी कारखाना, लुम्बिनी चिनी कारखाना, नेपाल यातायात संस्थान आदि हुन् । तर वि. स. २०४६ सालको राजनीतिक परिवर्तनपश्चात् तत्कालीन सरकारले सार्वजनिक संस्थानहरूलाई निजीकरण गर्ने नीति बनायो । नेपालमा हाल सम्ममा ३० ओटा सार्वजनिक संस्थानहरूलाई निजीकरण गरिएको छ ।

(**ख**) **निजीकरणका सबल पक्षहरू** : निजीकरण एउटा महत्त्वपूर्ण आर्थिक नीति हो । यसले देशमा उपलब्ध साधन र स्रोतको समुचित र अधिकतम प्रयोग गरी अर्थतन्त्रको विस्तार र विकासमा महत्त्वपूर्ण भूमिका खेल्छ । निजीकरणका प्रमुख सबल पक्ष वा फाइदा वा महत्त्वलाई निम्नानुसार उल्लेख गर्न सकिन्छ :

१. **प्रतिस्पर्धामा वृद्धि** : सार्वजनिक संस्थानहरूले सरकारी अनुदान प्राप्त गर्छन् साथै यिनीहरू एकाधिकारीअन्तर्गत सञ्चालन हुन्छन् । त्यसैले यिनीहरूमा प्रतिस्पर्धात्मक क्षमता हुँदैन । तर निजीकरणपछि यस्ता उद्योग वा व्यवसायले अन्य उद्योग वा व्यवसायसँग प्रतिस्पर्धा गर्नुपर्छ । यसले गर्दा उनीहरू आधुनिक प्रविधि र प्रभावकारी सङ्गठनमार्फत उत्पादन क्षमता वृद्धि गर्न बाध्य हुन्छन् । फलस्वरूप प्रतिस्पर्धात्मक क्षमता वृद्धि हुन गई राम्रो र सस्तो वस्तु उत्पादन गर्न सक्षम हुन्छन् ।

२. **सरकारी हस्तक्षेपमा कमी** : सार्वजनिक संस्थानहरू सरकारको नियन्त्रणमा हुन्छन् । यसैले यिनीहरूको सञ्चालनमा सरकारको अनावश्यक हस्तक्षेप हुन्छ । सरकारी हस्तक्षेपले गर्दा यिनीहरूको कार्य कुशलतामा नकरात्मक प्रभाव पर्छ । यसर्थ सरकारको अनावश्यक हस्तक्षेप हटाउन निजीकरण अति महत्त्वपूर्ण छ ।

३. **राजस्व वृद्धि** : सरकारी स्वामित्वमा रहेका उद्योग धन्दाहरूलाई निजी क्षेत्रमा बिक्री गरिसकेपछि उनीहरूले आर्जन गर्ने आम्दानी र नाफामा सरकारले विभिन्न किसिमका करहरू लगाउँछ । यसबाट सरकारी आय वा राजस्व वृद्धि हुन्छ ।

४. **रोजगारीका अवसरहरू सिर्जना** : निजीकरणपश्चात् सरकारी हस्तक्षेपको अन्त्य हुने हुनाले उद्योग तथा व्यावसायहरू दक्षतापूर्वक सञ्चालन हुन्छन् । साथै यी उद्योगहरू बिस्तार हुनाका साथै अन्य अद्योगहरूको सङ्ख्या पनि वृद्धि हुन्छ । यसबाट रोजगारीका नयाँ अवसरहरू सिर्जना हुन्छन् ।

५. उपभोक्ताको सन्तुष्टिमा वृद्धि : सार्वजनिक संस्थानहरूले उपभोक्ताको चाहना, रुची, स्वाद, छनोट आदिलाई बेवास्ता गर्छन । तर निजी उद्योग तथा व्यावसायीहरूले जहिले पनि उपभोक्ताको चाहाना, रुचि, स्वाद, छनोट आदि अनुसार वस्तु तथा सेवा उत्पादन गर्ने हुनाले उपभोक्ताको सन्तुष्टिमा वृद्धि हुन्छ ।

(ग) **निजीकरणका दुर्बल पक्षहरू** : निजीकरणका दुर्बल पक्षहरू वा बेफाइदाहरू यस प्रकार छन् :

१. **जनहितको बेवास्ता** : निजी क्षेत्रको प्रमुख उद्देश्य नाफा कमाउनु हो । त्यसैले यसले नाफा धेरै हुने वस्तु तथा सेवाहरू मात्रै उत्पादन गर्छ । यसले नाफा कम हुने तर जनतालाई नभई नहुने शिक्षा, स्वास्थ्य, सार्वजनिक यातायात, खोनेपानी, विद्युत्, आदि जस्ता कुराहरूको उत्पादनमा चासो दिँदैन ।

२. **बेरोजगारी** : निजी क्षेत्रले जहिले पनि लागत न्यूनतम गर्ने र अधिकतम नाफा कमाउने उद्देश्य राखेको हुन्छ । यसका निम्ति उसले आधुनिक प्रविधि प्रयोग गर्छ जसबाट श्रमिकहरू विस्थापित भई बेरोजगारीको समस्या सिर्जना हुन सक्छ ।

३. **श्रम शोषण** : निजी क्षेत्रले श्रमिकहरूलाई कम तलब वा ज्याला दिएर बढीभन्दा बढी समय काम गराउँछ । त्यसैले निजीकरणमा श्रमको व्यापक शोषण हुन्छ ।

४. **आर्थिक असमानतामा वृद्धि** : सरकारको स्वामित्वमा रहेका उद्योगहरू वा देशको सम्पत्ति निजीकरण गर्दा केही सम्पन्न व्यक्तिहरूले मात्रै खरिद गर्छन । उनीहरू मालिक हुन्छन भने गरिब समुदायका मानिसहरू कामदार हुन्छन् । मालिक वर्गको आम्दानी वृद्धि भई पहिलाभन्दा धेरै सम्पन्न हुने तर श्रमिक वर्ग गरिब नै रहने हुनाले देशमा आर्थिक असमानता वृद्धि हुन्छ ।

५. **दुर्गम क्षेत्रको बेवास्ता** : निजी क्षेत्रको प्रमुख उद्देश्य अधिकतम नाफा आर्जन गर्ने भएको हुनाले यसले सुविधा र बजारको सम्भावना कम भएका दुर्गम क्षेत्रमा व्यवसाय गर्न चाहँदैन । यसले गर्दा दुर्गम क्षेत्रहरूको विकासमा बाधा पुग्छ ।

६. **साधन र स्रोतको दुरूपयोग** : निजी क्षेत्रले अति आवश्यकताका वस्तुहरू उत्पादन गर्नुको साटो नाफा कमाउने उद्देश्यले फेसनेवल, आरामदायी र सुविधायुक्त वस्तु तथा सेवाहरू उत्पादन गर्नमा प्राथमिकता दिन्छ । यसले बहुसङ्ख्यक जनता र राष्ट्रको आवश्यकता तथा हितलाई ध्यान दिँदैन । अतः निजीकरणमा आवश्यक वस्तु तथा सेवाहरू भन्दा पनि अनावश्यक वस्तु तथा सेवाहरू उत्पादन गरी साधन र स्रोतको दुरूपयोग गरिन्छ ।

## १०.८ आर्थिक उदारीकरण

(क) **अवधारणा** : देशको अर्थतन्त्रलाई सरकारी नियन्त्रणबाट वा हस्तक्षेपबाट मुक्त गरी निजी क्षेत्रलाई आर्थिक क्रियाकलापहरूमा प्रोत्साहित गर्ने प्रक्रियालाई आर्थिक उदारीकरण भनिन्छ । अर्को शब्दमा भन्नुपर्दा कुन वस्तु उत्पादन गर्ने, कति मूल्य राख्ने, कहाँ बेच्ने, कस्तो गुणस्तरको वस्तु उत्पादन गर्ने, आदि जस्ता कुराहरू निर्णय गर्ने अधिकार स्वयम् उत्पादन गर्ने व्यक्ति वा उद्यमीलाई दिने आर्थिक नीतिलाई उदारीकरण भनिन्छ । यस्तो आर्थिक नीतिमा सरकारले निजी क्षेत्रलाई अनावश्यक हस्तक्षेप गर्दैन । त्यसैले उद्यमीहरूले स्वतन्त्र रूपले काम गर्न पाउँछन् । यसले गर्दा साधन र स्रोतको उचित परिचालन तथा प्रयोग हुन गई उपभोक्ताले सस्तोमा राम्रो गुणस्तरका वस्तुहरू प्राप्त गर्न सक्छन् ।

नेपालमा आर्थिक वर्ष २०४१/०४२ देखि आर्थिक उदारीकरण सुरुआत भएको हो । आर्थिक उदारीकरण पश्चात् नेपालमा निजी बैङ्कहरू, निजी विश्वविद्यालय, निजी अस्पताल आदि सञ्चालनमा आएका छन् । साथै नेपाल सरकारले उदारीकरण नीति अवलम्बन गरिसकेपछि सार्वजनिक संस्थानहरू निजीकरण गर्ने प्रक्रिया सुरु गरेको हो । नेपालमा हालसम्ममा ३० ओटा सार्वजनिक सस्थानहरू निजीकरण भइसकेका छन् ।

(ख) **आर्थिक उदारीकरणका सबल पक्षहरू** : आर्थिक उदारीकरणका धेरै सबल पक्ष छन् । ती यस प्रकार छन् :

१. **उच्च आर्थिक वृद्धि** : आर्थिक उदारीकरणले गर्दा निजी क्षेत्र प्रोत्साहित हुन गई लगानी वृद्धि हुन्छ । साथै यसबाट प्रत्यक्ष वैदेशिक लगानी पनि आर्कषित हुन्छ ।

लगानी वृद्धि हुँदा राष्ट्रिय उत्पादन वृद्धि भई देशको आर्थिक वृद्धिदर उच्च हुन पुग्छ । उदाहरणका लागि, नेपाल सरकारले वि. सं. २०५० मा लागु गरेको आर्थिक उदारीकरणबाट उच्च आर्थिक वृद्धिदर प्राप्त भएको थियो । यद्यपि पछि आन्तरिक द्वन्द्व र राजनीतिक अस्थिरताले गर्दा नेपालको आर्थिक वृद्धिदर ओरालो लाग्न पुग्यो ।

२. **औद्योगिक विकास** : आर्थिक उदारीकरणअन्तर्गत निजी क्षेत्रले स्वतन्त्र रूपले लगानी गर्न पाउँदा यसबाट वैदेशिक लगानी भित्र्याउन पनि मदत पुग्ने भएकाले देशको औद्योगिक विकासमा सहयोग मिल्छ ।

३. **रोजगारीमा वृद्धि** : आर्थिक उदारीकरणले गर्दा लगानी वृद्धि हुने र औद्योगीकरणमा तीव्रता आउने हुनाले रोजगारीका नयाँ अवसरहरू सिर्जना हुन्छन् । यसबाट देशको बेरोजगारीको समस्या समाधानमा मदत पुग्छ ।

४. **उपभोक्तालाई फाइदा** : आर्थिक उदारीकरणमा उत्पादकहरू बिचको प्रतिस्पर्धाले गर्दा कम मूल्यमा गुणस्तरीय वस्तु उत्पादन हुन्छ । साथै उपभोक्ताहरूलाई आफूले चाहेअनुसारको वस्तु उपभोग गर्ने स्वतन्त्रता हुन्छ । त्यसैले आर्थिक उदारीकरणमा उपभोक्तालाई फाइदा हुन्छ ।

५. **व्यापार घाटा घटाउन** : आर्थिक उदारीकरणले वैदेशिक व्यापारको वृद्धिमा ठुलो भूमिका खेल्छ । आर्थिक उदारीकरणमा आयात तथा निर्यातमा अवरोध हुँदैन । त्यसैले स्वदेशी उद्योगहरूले तुलनात्मक लागतका आधारमा वस्तुहरू उत्पादन गर्ने भएकाले निर्यात वृद्धि हुन्छ र देशको व्यापार घाटामा कमी आउँछ ।

(ग) **आर्थिक उदारीकरणका दुर्बल पक्षहरू** : आर्थिक उदारीकरणका धेरै सबल पक्षहरू भएता पनि यसका केही दुर्बल पक्ष वा बेफाइदाहरू पनि छन् । ती निम्नानुसार छन् :

१. **परम्परागत प्रविधि, सिप र ज्ञानको अन्त्य** : आर्थिक उदारीकरणले उत्पादकहरूबिच कडा प्रतिस्पर्धा सिर्जना गर्ने हुनाले उनीहरू आधुनिक प्रविधि, सिप र ज्ञान प्रयोग गरी सस्तोमा गुणस्तरीय वस्तु उत्पादन गर्न बाध्य हुन्छन् । यसले गर्दा परम्परागत प्रविधि, सिप र ज्ञानको अन्त्य हुन्छ ।

२. **अस्वस्थ प्रतिस्पर्धा** : आर्थिक उदारीकरणमा कुनै पनि उद्यमी वा उत्पादकलाई अस्तित्वमा रहनका निमित्त उसले जसरी पनि कम लागतमा गुणस्तरीय वस्तु उत्पादन गर्नुपर्छ । यसले गर्दा उद्यमी वा उत्पादकबिच अस्वस्थ प्रतिस्पर्धा सिर्जना हुन जान्छ ।

३. **बेरोजगारी वृद्धि** : आर्थिक उदारीकरणमा प्रतिस्पर्धामा टिक्नका निमित्त अत्याधुनिक प्रविधि प्रयोग गर्नुपर्छ । यसले श्रमिकलाई विस्थापित गर्छ । जसले गर्दा देशमा बेरोजगारी वृद्धि हुन्छ ।

४. **प्रदूषण र अन्य वातावरण समस्याहरू** : आर्थिक उदारीकरणले गर्दा धनी वा सम्पन्न देशका ठुला उद्योगहरू सस्तो श्रमका लोभमा विकासोन्मुख मुलुकहरूमा स्थापना हुन्छन् । यी ठुला उद्योगहरूबाट निस्कने धुँवा, धुलो, फोहोर पदार्थ, आवाज आदिले प्रदूषणका साथै अन्य वातावरणीय समस्याहरू पनि सिर्जना हुन्छन् ।

५. **आर्थिक असमानतामा वृद्धि** : आर्थिक उदारीकरणले आर्थिक असमानता वृद्धि गरेको छ । हाल विश्वमा धनी अझै धनी र गरिब अझै गरिब भइरहेको अवस्था देखापरेको छ । यसको एउटा कारण आर्थिक उदारीकरण पनि हो ।

## १०.१० विश्वव्यापीकरण

(**क**) **अवधारणा** : एउटा देशमा उत्पादन भएको वस्तु वा एउटा देशको श्रमिक अवरोधबिना विश्वका कुनै पनि देशमा प्रवेश गर्न पाउने प्रक्रियालाई विश्वव्यापीकरण भनिन्छ । अर्को शब्दमा, वास्तवमा विश्वव्यापीकरण भनेको विश्व बजारसँग कुनै एउटा राष्ट्रिय अर्थतन्त्रको एकीकरण हो । आजको युगमा सम्पूर्ण विश्व एक भइसकेको छ । विश्वका सम्पूर्ण मुलुकहरू आर्थिक, राजनीतिक, सामाजिक, सांस्कृतिक, प्राविधिक आदि दृष्टिकोणले एक आपसमा जोडिएका छन् । एउटा मुलुकको मानिस अर्को मुलुकमा गएर रोजगारी, व्यापार आदि गरिरहेको छ । एउटा मुलुकमा उत्पादन भएको वस्तु अर्को मुलुकमा कुनै अवरोधविना बेचबिखन भइरहेको छ ।

आजको युगमा भएको तीव्र विश्वव्यापीकरणको प्रमुख कारक तत्त्वहरू प्राविधिक उन्नति, आर्थिक उदारीकरण, यातायातका क्षेत्रमा भएको विकास, सञ्चारका क्षेत्रमा भएको उन्नति, विश्व बैङ्क, विश्व व्यापार सङ्गठन, अन्तर्राष्ट्रिय मुद्राकोष, क्षेत्रीय आर्थिक सङ्गठनहरू आदि हुन् ।

नेपालमा वि. सं. २०४० को दशकबाट निजीकरण र उदारीकरणको सुरुआत भएसगैं नेपाल विश्वव्यापीकरणमा प्रवेश गरेको हो । तर नेपालले यसबाट पर्याप्त फाइदा लिन सकेको अवस्था छैन । नेपालले यसबाट पर्याप्त फाइदा लिन आफ्नो प्रतिस्पर्धी क्षमता वृद्धि गर्न जरुरी देखिन्छ ।

(**क**) **विश्वव्यापीकरणका सबल पक्षहरू** : विश्वव्यापीकरणका सबल पक्षहरू धेरै छन् । तीमध्ये मुख्य सबल पक्षहरू यस प्रकार छन् :

१. **बजार विस्तार** : विश्वव्यापीकरणले अन्तर्राष्ट्रिय बजार उपलब्ध गराई वस्तु तथा सेवाको बजारलाई निकै बिस्तार गरेको छ । देशमा उत्पादन भएका वस्तुहरूलाई अन्तर्राष्ट्रिय बजारमा निकासी गरी ठुलो मात्रामा वैदेशिक मुद्रा आर्जन गर्न सकिन्छ । यसबाट देशमा उत्पादन, रोजगारी र आम्दानी वृद्धि गरी जनताको जीवनस्तर उकास्न सकिन्छ ।

२. **वैदेशिक रोजगारी तथा विप्रेषण आय** : नेपाल जस्ता अति कम विकसित

मुलुकहरूमा बेरोजगारीको समस्यालाई समाधान गर्न विश्वव्यापीकरणले ठुलो भूमिका खेलेको छ । हालसम्म नेपालका चालिस लाखभन्दा धेरै युवाहरूले वैदेशिक रोजगारी प्राप्त गरेका छन् । यसबाट ठुलो मात्रामा विप्रेषण आय प्राप्त हुने गरेको छ । हाल नेपालले प्राप्त गर्ने विप्रेषण आय कुल गार्हस्थ उत्पादनको करिब २९ प्रतिशत हुन आउँछ ।

३. **गरिबी न्यूनीकरण** : विश्वव्यापीकरणले नेपाल जस्ता धेरै विकासोन्मुख देशहरूको गरिबी न्यूनीकरणमा ठुलो भूमिका खेलेको छ । नेपालमा आर्थिक वर्ष २०५१/०५२ मा ४२ प्रतिशत जनसङ्ख्या गरिबीको रेखामुनि रहेको थियो । आर्थिक वर्ष २०७२/०७३ गरिबीको रेखामुनि रहेको जनसङ्ख्या घटेर २१.६ प्रतिशत हुन पुगेको छ । यसको प्रमुख कारण विश्वव्यापीकरणपछि नेपालले वैदेशिक रोजगारीको अवसर प्राप्त गर्नु र त्यसबाट पर्याप्त मात्रामा विप्रेषण आय नेपालमा भित्रिनु हो ।

४. **प्रविधिको प्राप्ति** : नेपाल जस्ता विकासोन्मुख देशहरू प्राविधिक विकासका दृष्टिकोणले निकै पछाडि रहेका भए तापनि विश्वव्यापीकरणले गर्दा नयाँ र उच्चस्तरको प्रविधि प्राप्त गरेका छन् । उदाहरणका लागि मोबाइल, कम्प्युटर, यातायातका साधन आदि अन्य मुलुकबाट नै आयात गरिएका छन् । यदि विश्वव्यापीकरण नभई दिएको भए यी सामानहरू प्रयोग गर्न सम्भव हुने थिएन ।

५. **अन्तर्राष्ट्रिय उपभोक्तालाई फाइदा** : विश्वव्यापीकरणले अन्तर्राष्ट्रिय उत्पादकबिच प्रतिस्पर्धा बढेको छ । उनीहरूलाई कम लागतमा उच्च गुणस्तरीय वस्तुहरू उत्पादन गर्नुपर्ने बाध्यता छ । यसले गर्दा फाइदा अन्तर्राष्ट्रिय बजारका उपभोक्ताले सस्तोमा गुणस्तरीय वस्तुहरू प्राप्त गरेका छन् ।

(ग) **विश्वव्यापीकरणका दुर्बल पक्षहरू** :विश्वव्यापीकरणका सबल पक्ष वा फाइदाहरू मात्रै नभएर दुर्बल पक्षहरू वा बेफाइदाहरू पनि रहेका छन् । ती यस प्रकार छन् :

१. **विकासोन्मुख देशहरूलाई प्रतिकुल असर** : नेपाल जस्ता विकासोन्मुख देशहरू प्रविधि, सिप, ज्ञान आदि दृष्टिकोणले पछाडि परेका छन् । यी देशका उद्योगले विकसित देशका साथै अन्य औद्योगिक देशका उद्योगसँग प्रतिस्पर्धा र्गन सक्दैनन् । त्यसैले विकासोन्मुख देशका उद्योगहरू प्रतिस्पर्धा गर्न नसक्दा बन्द हुने अवस्था सिर्जना भएको छ । यसबाट स्वदेशी रोजगारी गुम्न सक्ने सम्भावना देखिन्छ ।

२. **प्रतिभा पलायन** : कुनै पनि देशको शिक्षित, दक्ष र तालिम प्राप्त नागरिक राम्रो अवसरको खोजीमा अर्को देशमा बसाइसराइँ गर्नुलाई प्रतिभा पलायन भनिन्छ । विश्वव्यापीकरणले गर्दा विकासोन्मुख देशबाट ठुलो सङ्ख्यामा शिक्षित, सिपयुक्त, तालिम प्राप्त र दक्ष जनशक्ति राम्रो अवसरको खोजीमा विकसित मुलुकहरू, जस्तै : संयुक्त राज्य अमेरिका, क्यानडा, अस्ट्रेलिया, बेलायत आदिमा बसाँइसराइ गर्ने क्रम तीव्र छ । यो राष्ट्रको निमित्त ठुलो क्षति हो ।

३. **वातावरणीय ह्रास** : विश्वव्यापीकरणले गर्दा बजार विस्तार हुन गई वस्तुहरूको माग निकै बढेको छ । यसरी विस्तार भएको मागलाई पूरा गर्न ठुलो परिमाणमा वस्तुहरू उत्पादन गर्दा उत्पन्न हुने धुवाँ, धुलो, फोहोर आदिले वातावरणीय ह्रास सिर्जना गरेको छ ।

४. **बचत र लगानीमा कमी** : विश्वव्यापीकरणले गर्दा नेपाल जस्ता गरिब देशहरूमा महँगा र विलासिताका वस्तुहरू आयात गरिएका छन् । यसले गर्दा राष्ट्रिय बचत घट्छ । राष्ट्रिय बचत घट्दा राष्ट्रिय लगानी पनि घट्छ । लगानीको अभावमा गरिब देशहरू गरिब रहिरहने अवस्था सिर्जना हुन सक्छ । त्यसैले गरिब देश अझै गरिब बन्ने अवस्था सिर्जना भएको छ ।

५. **आर्थिक निरर्भता** : विश्वव्यापीकरणले गर्दा कुनै पनि देशलाई सम्पूर्ण वस्तु आफैँ उत्पादन गर्नुपर्ने बाध्यता छैन । हरेक देशले आफूलाई जुन वस्तु उत्पादन गर्दा फाइदा हुन्छ वा अरूले भन्दा सस्तोमा उत्पादन गर्न सक्छन्, उक्त वस्तु मात्रै उत्पादन गर्छन् भने अन्य वस्तुहरू आयात गर्छन् । यसले गर्दा विश्वका हरेक मुलुकहरूका बिचमा आर्थिक निरर्भता वृद्धि भएको छ ।

## अभ्यास

१. **निम्न लिखित प्रश्नहरूको अति छोटो उत्तर दिनुहोस् :**

(क) गरिबीको परिभाषा दिनुहोस् ।

(ख) गरिबीको रेखा भनेको के हो ?

(ग) नेपालमा गरिबीका कुनै चार कारणहरू लेख्नुहोस् ।

(घ) नेपालमा गरिबी न्यूनीकरणका कुनै एउटा उपायका बारेमा व्याख्या गर्नुहोस् ।

(ङ) बेरोजगारीको परिभाषा दिनुहोस् ।

(च) बेरोजगारीका प्रकारहरूको सूची तयार गर्नुहोस् ।

(छ) वैदेशिक रोजगारी भनेको के हो ?

(ज) नेपालमा वैदेशिक रोजगारीका समस्याहरू बुँदागत रूपमा लेख्नुहोस् ।

(झ) आर्थिक असमानता भनेको के हो ?

(ञ) नेपालमा आर्थिक असमानता न्यूनीकरणका उपायहरूको सूची तयार पार्नुहोस् ।

(ट) निजीकरण भनेको के हो ?

(ठ) आर्थिक उदारीकरणको परिभाषा दिनुहोस् ।

(ड) विश्वव्यापीकरण भन्नाले के बुझिन्छ ?

२. **निम्न लिखित प्रश्नहरूको छोटो उत्तर दिनुहोस् :**

(क) निरपेक्ष र सापेक्ष गरिबीबिच फरक छुट्याउनुहोस् ।

(ख) नेपालमा गरिबीका कारणहरू के के हुन्, सङ्क्षिप्त व्याख्या गर्नुहोस् ।

(ग) गरिबी न्यूनीकरणका उपायहरू उल्लेख गर्नुहोस् ।

(घ) बेरोजगारीका विभिन्न प्रकारहरू लेख्नुहोस् ।

(ङ) नेपालमा वैदेशिक रोजगारीको महत्त्व व्याख्या गर्नुहोस् ।

(च) नेपालमा आर्थिक असमानताका कारणहरू सङ्क्षिप्त रूपमा व्याख्या गर्नुहोस् ।

(छ) आर्थिक उदारीकरणका सबल र दुर्बल पक्षहरू उल्लेख गर्नुहोस् ।

(ज) विश्वव्यापीकरण र निजीकरणका सबल र दुर्बल पक्षहरू उल्लेख गर्नुहोस् ।

३. **निम्न लिखित प्रश्नहरूको लामो उत्तर दिनुहोस् :**

(क) गरिबी भनेको के हो ? नेपालमा गरिबीका कारणहरू के के हुन् ? व्याख्या गर्नुहोस् ।

(ख) बेरोजगारीका कारणहरू के के हुन् ? नेपालमा बेरोजगारी प्रवर्धनका लागि चालिएका कार्यक्रमहरू उल्लेख गर्नुहोस् ।

(ग) नेपालको वैदेशिक रोजगारीका समस्या र समाधानका उपायहरू उल्लेख गर्नुहोस् ।

(घ) नेपालमा आर्थिक असमानताका कारणहरू के के हुन् ? असमानता न्यूनीकरणका उपायहरू लेख्नुहोस् ।

(ङ) निजीकरण भनेको के हो ? यसका सबल र दुर्बल पक्षहरू चर्चा गर्नुहोस् ।

(च) आर्थिक उदारीकरण भनेको के हो ? यसका सबल र दुर्बल पक्षहरू व्याख्या गर्नुहोस् ।

(छ) विश्वव्यापीकरणको परिभाषा दिनुहोस् । यसका सबल र दुर्बल पक्षहरू व्याख्या गर्नुहोस् ।